# शिक्षक

www.teacher.org.np

मूल्य रु.५०/-

माघ २०६८

गिजुभाईको रोचक बाल बयान

पाठशालाहरु किन शिक्षा दिँदैनन्

निबन्ध लेख्नुस्, ल्यापटप जित्नुस्



## भूकम्प त आउँछ !
## बच्न पनि सकिन्छ


Dabur
Chyawanprash
"घरमै दुई चम्चाको तयारी
राख्छ टाढा बिमारी"
Proven to give
3 TIMES
more immunity!
अब Mango र
Orange flavour मा पनि
New
Dabur
Chyawanprash
(Mango)
New
Dabur
Chyawanprash
(Orange)
जाडो महिनाको आगमनसँगै आएको छ - रुघा खोकीको समस्या पनि । जति-जति चिसो बढ्दै जान्छ, त्यती नै हाम्रो रोग प्रतिरोधात्मक शक्ति पनि घट्दै जान्छ र प्रदुषण अनि किटाणुले हामीलाई बिरामी बनाउने पूरा तयारी गर्छ । त्यसकारण ४७ आयुर्वेदिक तत्व युक्त डाबर च्यवनप्राश दैनिक २ चम्चा सेवन गरी ३ गुणा रोग प्रतिरोधात्मक शक्ति बृद्धि गर्नुहोस् र यी सबै समस्याहरुबाट सजिलै बच्नुहोस् ।
डाबर च्यवनप्राश - घरमै दुई चम्चाको तयारी, राख्छ टाढा बिमारी ।
Ad Media/DCP/07-11

# शिक्षक
मासिक

वर्ष ४ पूर्णाङ्क ४६

माघ २०६८
Jan–Feb 2012



ज्ञान-विज्ञान शैक्षिक सहकारी संस्था लिमिटेडका लागि अध्यक्ष **दीपक थापा** द्वारा प्रकाशित

**सम्पादक**
राजेन्द्र दाहाल

**सल्लाहकार सम्पादक**
केदार शर्मा

**सहायक सम्पादक**
सुदर्शन घिमिरे

**वरिष्ठ संवाददाता**
बाबुराम विश्वकर्मा

**संवाददाता**
प्रमोद आयाम

**ले-आउट**
विपेन्द्र घिमिरे
खड्गबहादुर मगर

**प्रमुख कार्यकारी अधिकृत**
पीताम्बर कट्टेल

**विज्ञापन**
रामचन्द्र घिमिरे

**लेखा**
बन्दना श्रेष्ठ

**बिक्री वितरण/ग्राहक सेवा**
हरि ढकाल, तारानिधि रेग्मी

**कार्यालय**
**ज्ञान-विज्ञान शैक्षिक सहकारी संस्था लिमिटेड**
*(शिक्षक मासिक)*
मचागाः (मच्छिन्द्रमार्ग), जावलाखेल, ललितपुर,
**पो.ब.नं. ३९१, ललितपुर**
फोनः सम्पादकीय- ५५४३२५२
व्यापार/विज्ञापन- ५५४८१४२
ग्राहक गुनासो (उपत्यका मात्र)- ४२६५६८६,
फ्याक्सः ५५४११९६
इमेलः mail@teacher.org.np,
वेबः www.teacher.org.np,
मुद्रणः जगदम्बा प्रेस, हात्तीवन, ललितपुर

जिप्रका लपु द.नं ५३/०६५/०६६


## भूकम्प आउँछ नै !
# बच्न पनि सकिन्छ



- भूकम्प शिक्षाः स्कूलमा पुग्नै बाँकी
- शिक्षक–विद्यार्थीको भूकम्प भोगाइ
- तराईमा भूकम्पः धरनी डगमग डोले !
- स्थलगतः १ असोजको भूकम्पको असर
- संस्मरणः 'रूख नाचे, हामी हाँस्यौं'

पृष्ठ १८-३५

## बाल वयान

पृष्ठ ४४-४५



## समाचार १५-१७

- 'विशेष पाठ्यक्रम'ले मान्यता पाएन !
- लगाउनै नपर्ने पोशाकलाई ६२ करोड !
- दैलेख परियोजनाको समीक्षा
- काजैकाजमा जागिर

## अन्य सामग्री


पाठशालाहरू किन शिक्षा प्रदान गर्दैनन् ?
*जोन टेलर गाट्टो, ४८*

गान्धी, मिठाई र सरसफाइ
*भरत अधिकारी, ५१*

अनुभवः सबै समझदार
*धनञ्जय शर्मा अधिकारी, ५२*

कम्प्युटरः उत्सुकता र उत्साह
*दीपक अर्याल, ५४*

जुम्रा, उडुस र उपियाँका कुरा
*डा. तीर्थबहादुर श्रेष्ठ, ५६*


**बहस** शिक्षा र शिक्षकका समस्या

पृष्ठ ३८-४२

- लीलाधर जोशी
- तीर्थबहादुर नेउपाने

## स्तम्भ


विषय-सन्दर्भ २, हेराइ र बुझाइ ३, प्रतिक्रिया र सुझाव ४, हामी विद्यार्थी १०, मनका कुरा १२, तेस्रो पक्ष ४४, शिक्षाको दुनियाँ ५३, जिज्ञासा र जवाफ ६४, फुर्सद ६७, आलोपालो ७२



**ग्राहक तथा बिक्रेताहरूले समयमै पत्रिका प्राप्त नभएमा फोन नं. ९७२१५८००४८ मा तत्काल जानकारी गराउनुहोला । यो नम्बरमा जानकारी गराउँदा पनि पत्रिका प्राप्त नभएमा फोन नं. ९८५११३६३४५ मा प्रमुख कार्यकारी अधिकृतलाई खबर गरिदिनुहोला ।**

■ केदार शर्मा

# ‘चेतनाको भुईंचालो’ ल्याऊँ

**पाँच** महिनाअघि; २०६८ असोज १ गते नेपालमा ठूलो भुईंचालो गयो, धेरै मानिस आत्तिए। कति बालबालिकाको मानसिकता त त्रासका कारण लामो समयसम्म बिथोलियो पनि।

तर भुईंचालो जाँदा नआत्तिने बालबालिका र अन्य मानिस पनि धेरै नै थिए। भुईंचालो कुनै पनि दिन वा क्षणमा आउन सक्ने कुरा हो, हडबडाउँदा समस्या बढ्न सक्छ भन्ने बुझेका र भुईंचालो जाँदै गर्दा के गर्नुपर्छ भन्ने जानेकाहरू खासै आत्तिएनन्।

भूकम्पका बारेमा बेलैमा सचेत भएर भूकम्पले नबिगार्ने खालका घर बनाएर बसेका व्यक्तिहरू त झनै ढुक्क थिए।

अर्थात्; चेतना, जानकारी र सावधानीले धेरै बचाउने रहेछ। यो कुरालाई केही तथ्यहरूका आधारमा हेरौं।

२७ फरवरी, २०१० मा दक्षिण अमेरिकी राष्ट्र चिलीमा ८.८ रेक्टरको भूकम्प गयो। हराएका समेत जोड्दा त्यहाँ मानवीय क्षति ५५० को हाराहारीमा रह्यो। त्यसभन्दा केही साताअघि, १२ जनवरी २०१० मा अमेरिकाको छिमेकी मुलुक हैटीमा ७ रेक्टरको भूकम्प गएको थियो, जसबाट ५० हजार देखि ९२ हजारको सङ्ख्यामा मानिसको मृत्यु भएको अन्तर्राष्ट्रिय निकायहरूको हिसाब छ। हैटी सरकारले त त्यस भूकम्पबाट मर्नेहरूको सङ्ख्या तीन लाखभन्दा बढी बतायो।



११ मार्च, २०११ मा जापानमा गएको भूकम्प निकै शक्तिशाली; ९.० रेक्टरको थियो। समुद्रभित्र गएको त्यस भूकम्पबाट एकदमै ठूलो समुद्रकम्प (सुनामी) पैदा भयो। भूकम्प र समुद्रकम्पबाट गरेर मर्ने र हराउने मानिसको सङ्ख्या २० हजार जति आँकिएको छ। मानिसको सम्बन्धमा २० हजार मृत्यु अत्यन्त ठूलो सङ्ख्या हो। तर जान्नेहरू भन्छन्, समुद्रकम्प नआएको भए त्यत्रो विनाशकारी भूकम्पबाट मर्नेहरूको सङ्ख्या एकदमै कम हुनेथियो।

अर्थात्, भूकम्पको खतराका बारेमा सचेत, सावधान र सम्पन्न देशहरूमा क्षति कम हुने गरेको पाइन्छ भने गरिबी र त्यससित जोडिएर आउने समस्याहरूले भूकम्पको क्षति पनि बढाउने गरेको भेटिन्छ।

हामी नेपालीहरू प्रायः गरिबकै श्रेणीमा पर्छौं। गरिबी भनेको विकल्पहरूको अभाव पनि हो। गाउँघरमा अधिकांश घरहरू भूकम्पमा नटिक्ने ढङ्गले बनिरहेका छन्। त्यहाँ इन्जिनियरसित सरसल्लाह गरेर मात्र घर बनाउनुपर्छ भन्ने मिल्ने स्थिति नै छैन। गाउँमा न पर्याप्त इन्जिनियर छन्; न त मानिसहरू इन्जिनियरको सेवा लिने हैसियतमा छन्। यसरी कतिपय घरहरू नजानेर वा नसकेर नै भूकम्पको धक्का सहन नसक्ने किसिमले बनिरहेका छन्। तर शहर-बजारको सन्दर्भमा चाहिँ जानेर पनि बेवास्ता या भ्रष्टाचारका कारण कमसल स्तरका घरहरू बनिरहेका छन्। ठूलो भूकम्प आउँदा त्यस्ता संरचना स्वाभाविक रूपमै झन् ठूलो दुर्घटनाका कारक बन्न पुग्छन्। गएको १ असोजको भूकम्पको केन्द्रबिन्दु (इपिसेन्टर) मानव बसोबासभन्दा निकै भित्र, कञ्चनजङ्घा हिमालमा भएर मात्र हामीकहाँ जनधनको कम क्षति भएको हो। हैटीमा जत्रै भुईंचालो काठमाडौंका आसपासमा जाने हो भने कल्पना गर्न पनि गाह्रो परिस्थितिको सृजना हुन्छ।

भूकम्प जहिले पनि जान सक्छ र सबैभन्दा सुरक्षित घर बनाएर बसेका व्यक्ति पनि बाहिर निस्केका बेला भूकम्पको मारमा पर्न सक्छन्। यसपटक सुदूरपूर्वी पहाडका स्कूलहरू भत्किएको देख्दा स्कूल कलेज जाने हाम्रा बालबालिकाहरू सबैभन्दा ठूलो जोखिममा देखिन्छन्। पूरै समाजमा भूकम्प चेतना अभिवृद्धि नगरी र निर्माणमा मापदण्डहरूलाई स्तरीय नबनाई हामी यो सामूहिक जोखिमबाट जोगिन सक्दैनौं।

तपाईं शिक्षक र हामी पत्रकारका आफ्नै सीमा छन्। हामी राष्ट्र निर्माणका सबै मापदण्डहरूलाई स्तरीय बनाउन सक्दैनौं। तर खुसीको कुरा, हामी मुलुकका सबैभन्दा बोली बिक्ने व्यक्तिहरू चाहिँ हौं। शिक्षक मासिकले प्रति महिना एक लाखभन्दा बढी सचेत, जिम्मेवार र निर्णय क्षमता भएका नागरिक, अर्थात् शिक्षकहरूसित सम्वाद गर्छ र तपाईं शिक्षकहरू दिनहुँ पचासौं लाख युवा नागरिकहरूसित बोल्नुहुन्छ। चाह्यौं र लागिपर्‍यौं भने हामी यस मुलुकमा भूकम्पीय सुरक्षा जस्ता विषयको चेतनाको स्वर एकै हप्तामा घर-घरमा पुऱ्याउन सक्छौं। हामी अचेतनालाई भत्काउन र चेतनाको भुईंचालो ल्याउन सक्छौं।

धेरै केही गर्नु पर्दैन, भूकम्पको पूर्वाभ्यास (अर्थक्वेक ड्रिल) बाट थालौं, जसबाट बालबालिकाले भुईंचालो आउन सक्ने कुरा हो भन्ने बुझून्। त्यति भयो भने उनीहरू भुईंचालो जाँदा आत्तिंदैनन्। शिक्षक मासिकको यस अङ्कमा इच्छुक विद्यालयहरूलाई एनसेटले भूकम्पसित सम्बन्धित सामग्री उपलब्ध गराउँछ भन्ने सूचना पनि छ, पढौं, मगाऔं; सिकौं र क्षति घटाऔं।

भूकम्पबाट जोगिने अभ्यास गर्नु भनेको मोटरसाइकल चलाउँदा हेल्मेट लगाउनु जस्तै हो। हामी कोही पनि दुर्घटना होस् भनेर हिँडेका हुँदैनौं, तर दुर्घटना परिहाल्यो भने जोगाउँछ भनेर हेल्मेटको भारी बोकेका हुन्छौं। कति मानिस जीवनभर हेल्मेट लगाएर पनि एकै पटक दुर्घटनामा पर्दैनन्। तर उनीहरू ‘केही नहुने रहेछ, बेकारमा हेल्मेट लगाइएछ’ भनेर पछुताउँदैनन्। हाम्रो जीवनकालभरि महाभूकम्प नआउला रे, तर हामीले सुरक्षाको उपाय गर्नै पर्छ। हामीले नै गर्नुपर्छ, किनभने हामीले गरेनौं भने हाम्रो र हाम्रा प्रियजनहरूको ज्यान जोगाइदिन अर्को कोही आउँदैन।

# आमाबाबुको कर्तव्य

दुई वर्षअघि हैटीमा महाविनासकारी भुईंचालो गयो। त्यसमा धेरै मानिसले ज्यान गुमाए। भुईंचालो गएको चौथो दिन एकजना युवक उद्धारकर्ताहरू समक्ष आए र आफ्नो श्रीमती र बच्चाको खोजी गरिदिन आग्रह गरे।

उद्धारकर्ता उनको घर खोज्दै एउटा पूरै विनास भएको वस्तीमा पुगे। ढुङ्गा, माटो, काठ र अरू निर्माण सामग्रीको राश पल्टाइयो। चाँडै नै उनकी श्रीमती देखा परिन्। उनी जमिनमा घुँडा र कुहिना टेकेर टुक्रुक्क परेकी थिइन्। उनको टाउको र ढाडमा नराम्रोसँग चोट लागेको थियो। उनी बाँचेको कुनै सङ्केत थिएन।

नभन्दै, उनी बाँचेकी थिइनन् पनि। सबैतिर मृत्यु नै मृत्यु भएका ठाउँमा मान्छेको आँसु सुकिसकेको थियो। युवकले धैर्यधारण गरेको देखियो। एकछिन पछि बच्चा फेला पऱ्यो। ती आमाले आफ्नो शिशुलाई पेटमुनि टाँडजस्तो ठाउँ बनाएर जोगाएकी रहिछन्। बच्चो बेहोस् भइसकेको थियो तर जीवितै!

आफ्नो शिशुलाई जीवित देखेपछि चाहिँ युवकले आफूलाई थाम्न सकेनन्, एकदमै नराम्रोसित रुन थाले। नातेदारहरूले सम्झाउने कोशिश गरे; बच्चो मात्र बाँच्नु पनि भाग्यको कुरा भएकाले खुसी हुन उपदेश दिए। तर उनी थामिएनन्।

> “म जस्तो पछुताएर बाँच्न मन छैन भने घर बनाउँदा होस पुऱ्याऊँ!”

पछि ती युवक (स्टेभेन्सन कियारा) भूकम्प उद्धारकै काममा लागे। उनले भने, “मेरो मूर्खताले घर ढल्यो, र मेरी श्रीमतीको त्यागले हाम्रो बच्चा बाँच्यो। मलाई ठूलो घरको रहर थियो तर घर बलियो बनाउनुपर्छ भन्ने कुरालाई महत्त्व दिन सकिनँ। श्रीमतीले त्यही घरबाट छोरालाई जोगाउन प्राणको आहुति दिइन्।”

हिजोआज स्टेभेन्सन कियारा पुरुषहरूको भेला गर्छन् र भूकम्प सहन सक्ने निर्माणका कुरा सिकाउँछन्। उनी भन्छन्, “म जस्तो पछुताएर बाँच्न मन छैन भने घर बनाउँदा होस पुऱ्याऊँ!”



# प्रतिक्रिया र सुझाव




## मन पर्‍यो

नन्दलाल आचार्यको *(शिक्षक,* पुस २०६८) 'एक पिताको पत्र शिक्षकलाई' सर्वोत्कृष्ट लाग्यो। एक शिक्षक हुनुको नाताले यस सामग्रीले थप मार्गनिर्देशन प्रदान गर्दै ज्ञानको भोक मेटाएको महसुस भयो।

हामी शिक्षकहरू किन मौलिक बन्न सकिरहेका छैनौँ ? किन सिर्जनशील बन्न सकिरहका छैनौँ ? किन थोत्रा सिद्धान्त, पुरातन शोच र आदेशका भरमा शैक्षिक सत्तामा निहित भएका छौँ? किन पुरातनवादी शोच, संस्कार र शैक्षिक दृष्टिकोणलाई तिलाञ्जली दिँदै नयाँ मौलिक र युगसापेक्ष शोच/संस्कारको विकास गर्न सकेनौँ? हामीले किन सिकाइको विकास गर्न सकेनौँ? अहिलेको यक्ष प्रश्न यही हो।

यदि शिक्षकहरूले आफूलाई समयानुकूल परिवर्तन नगर्ने हो भने *शिक्षक* मा प्रकाशित जस्तै हजारौं पिताका पत्रहरूको सामना गर्नुपर्ने मात्र होइन कि हामीले शैक्षिक प्रतिगमनकारीको गम्भीर आरोप समेत खेप्नुपर्ने हुन सक्छ। यसैले आजैदेखि प्रण गरौं। कर्तव्य र दायित्वको बोध गरौं। हाम्रा भोलिका दिनहरू तीता नहोऊन्। आरोपको आँधीले कुनै पनि शिक्षक विचलित हुनु नपरोस्। हामीले आफ्नो दिशा बदलौं, दशा स्वत: बदलिन्छ। अस्तु।

**लेखराज ढुङ्गाना 'ध्रुव'**
**श्री समाज विकास प्रावि**
**बतासे-९, सिन्धुपाल्चोक**

## खुशी लाग्यो

*शिक्षक* मासिकले मङ्सिर (२०६८) अङ्कदेखि केही पृष्ठ थपेर नयाँ शैक्षिक सामग्री पाठकसामु प्रस्तुत गरेको पाउँदा धेरै खुशी लाग्यो। युवा तथा विद्यार्थीको लागि नयाँ पृष्ठ छुट्याएको पाउँदा अब तिनका अनुभव र अनुभूतिले पनि ठाउँ पाउने देखिन्छ।

यसका अतिरिक्त, शिक्षण पेशामा आबद्ध हुन चाहने व्यक्तिका लागि अत्यावश्यक पर्ने सामान्यज्ञान, नयाँ-नयाँ शैक्षिक अवधारणा, शिक्षासँग सम्बन्धित विभिन्न सूचना तथा तथ्याङ्कहरू भइदिए अझै राम्रो हुनेथियो। मूल्य थपिए पनि यस्ता नयाँ-नयाँ शैक्षिक जानकारीले भरिभराउ *शिक्षक* को प्रतीक्षामा सदैव बसिराख्ने छौं।

**करन सिंह सुतार 'विवश'**
**सुदूर पश्चिमाञ्चल क्याम्पस**
**धनगढी, कैलाली**

## जिशिकाको दोष !

शिक्षा नियमावली, २०५९ अनुसार विद्यालयको अनुमति दिनुपूर्व भवन, फर्निचर, खेलकुद सामग्री, खानेपानी, शौचालय, विद्यालयको प्रस्तावित वार्षिक आम्दानी र आम्दानी स्रोतको सुनिश्चितता हुनुपर्छ। तर सप्तरी जिल्लाको एउटा गाविसमा खोलिएका ८ विद्यालयलाई *(शिक्षक,* असोज २०६८) कुनै पूर्वाधार विनै जिशिकाले अनुमति दिएको पाइयो। यसमा जिशिकाको स्पष्ट दोष देखिन्छ।

**पल्लवराज जोशी**
**रिठाचौपाता-८, मैखोली, दार्चुला**

## शिक्षाको पथप्रदर्शक !

*शिक्षक* जेठ २०६८ ले स्थानीय पाठ्यक्रम, टीपीडी, ग्रेड टिचर, अमेरिकी शिक्षकको काम र तलब, दरबन्दी मिलानको नयाँ मापदण्ड, एसएसआरपीको चुनौती लगायतका विषयवस्तु पस्केर शिक्षा क्षेत्रका लागि पथप्रदर्शन गर्ने कार्य गरेको छ। यो पत्रिकाले गरेको यस खालको कार्य निकै प्रशंसनीय छ। पाठ्यक्रम विकास केन्द्र र शिक्षा मन्त्रालयले गर्न नसकेको प्रबोधीकरणको कार्यलाई *शिक्षक* मासिकले गरेर समग्र शिक्षासम्बद्ध निकायलाई ठूलो गुन लगाएको छ। स्थानीय पाठ्यक्रमको सान्दर्भिकता, असिर उरावको लगनशीलता र विदेशिने जनशक्तिलाई नेपालकै माटोमा सुन फल्न सक्छ भन्ने विषय सन्दर्भ वर्तमान परिवेशमा निकै सान्दर्भिक र उपयोगी छ। *शिक्षक* मासिकले यी र यस्तै विषयवस्तु समावेश गरिरहोस्, शुभकामना।

**दीनानाथ गौतम**
**उपनिर्देशक, पाठ्यक्रम विकास केन्द्र**
**सानोठिमी, भक्तपुर**

## उतिबेलाका बुर्जुवा, अहिलेका जनवादी ?

माओवादीका नेता एवं शिक्षामन्त्री दीनानाथ शर्माले भन्नुभएछ, "जनवाद भनेको जनताका लागि हो। अधिकांश जनताका छोराछोरी अहिले सरकारी र निजी स्कूलमा पढ्छन्। त्यसकारण अहिलेका लागि सरकारी र निजी स्कूल नै जनवादी स्कूल हुन्।" *(शिक्षक* मासिक, पुस २०६८)। यदि कुरा त्यसै हो भने आफू र आफ्नो पार्टी खुल्ला राजनीतिमा आउनुअघि किन बुर्जुवा शिक्षा लिनुपर्दैन, परीक्षा पनि दिनुपर्दैन, निजी स्कूल त चल्नै दिनुहुँदैन भन्दै आफ्नो विद्यार्थी सङ्गठनलाई निजी स्कूल बन्द गर्न लगाउनुभएको ? निजी स्कूल र त्यसका प्रिन्सिपललाई आगो लगाउन किन लगाउनुभएको, मन्त्री महोदय ? के जनयुद्धकालमा जनताका छोराछोरी सरकारी र निजी स्कूलमा नपढी अन्यत्रै पढिरहेका थिए ? कि त्यतिबेला चाहिँ अर्को छुट्टै मूर्त जनवादी स्कूल थियो जुन अहिले काम नलाग्ने भएर बन्द भयो? मन्त्रीज्यू आफूले चाहिँ कुन जनवादी स्कूलमा पढ्नु र पढाउनुभएको थियो? तपाईंहरूको कुरामा लागेर कतिले पढ्न छोडे त कतिले शिक्षकको जागिर छोडे! त्यसको मूल्य अब उनीहरूले कहाँबाट चुक्ता गर्छन्? नेता र

## म्याद थप्नु उचित भएन

*शिक्षक,* साउन २०६८ मा 'शिक्षा र शिक्षकका शत्रु चिनौं' शीर्षकमा बहसका लागि विचार/दृष्टिकोण माग गरी उत्कृष्ट लेख छनोट गरी २०६८ मङ्सिर अङ्कमै पुरस्कृत गर्नुपर्नेमा सो नभई म्याद थप्ने र पुरस्कारको रकम वृद्धि गर्ने काम उचित लागेन। एउटै शीर्षकमा म्याद थप्नुभन्दा अर्को कुनै नयाँ विषयवस्तु वा शीर्षकको विचार वा लेखलाई प्राथमिकता दिनुभएको भए आकर्षण बढ्थ्यो। एउटै शीर्षकमा आधा वर्ष बहस गरेर बस्ने हो भने शिक्षाका कैयौं अन्य जल्दाबल्दा समस्याहरूको बहस गर्न धेरै समय लाग्ने देखिन्छ। एउटा शीर्षकमा जुन समयसीमा *शिक्षक* मासिकले तोकेको छ त्यही

नेताका कार्यकर्ताले चाहिँ जे गरे पनि र जे भने पनि हुने ? अन्य पार्टीकाले त गरे गरे, भने भने आमूल क्रान्तिकारी परिवर्तनको दुहाइ दिने माओवादी मन्त्रीलाई पनि त्यसमा कुनै सङ्कोच लाग्नुको सट्टा गर्व हुने ? सरकारी विद्यालयमा अहिले रोजगारमूलक जनवादी पाठ्यक्रम र शिक्षण विधि आइसक्यो ? निजी स्कूलमा अहिले कुनै शोषण छैन ? सरकारी स्कूलको शैक्षिक गुणस्तरमा नि ? अहिले प्रवेशिका परीक्षाको नतिजामा दिगोसँग टिक्ने सुधार आइसक्यो ? उतिबेला निजी स्कूल बन्द गर्दा सबै विद्यार्थीलाई धान्न सक्ने सरकारी विद्यालय शर्माज्यू मन्त्री भएपछि चाहिँ धान्न नसक्ने भए ?

खिला शर्मा पोखरेल
श्री भैरवाश्रम उमावि, फुजेल ५, गोरखा
neltakhila@yahoo.com

## अपराधी हुन् र समाप्त पार्ने ?

पीसीएफ शिक्षकलाई पन्छाउन बुल्डोजर लगाउने वा पेट्रोल छर्केर आगो लगाउने भन्ने शिक्षा मन्त्रीको भनाइ *(शिक्षक,* पुस २०६८) पढ्दा अचम्म लाग्यो। के पीसीएफमा कार्यरत शिक्षक अपराधी हुन् र, जसलाई आगो लगाएर समाप्त गर्नुपर्ने? विद्यालयमा पढाउनेले शिक्षकको दर्जा नपाई फोहोरको संज्ञा पाउँदा




के होला यो देशको भविष्य ?

हरिप्रसाद भट्टराई
शान्ति प्रावि, गुलरिया न.पा.-२, बर्दिया

❖ ❖

पीसीएफ शिक्षकहरूलाई ठूलै बुल्डोजर लगाई वा पेट्रोल छर्केर आगो लगाउने शिक्षा मन्त्री दीनानाथ शर्माको गैरजिम्मेवार अभिव्यक्तिप्रति हामी देशभरिका पीसीएफ शिक्षकहरू दुःखी भएका छौं। साथै जिम्मेवार पदमा बसी गैरजिम्मेवार अभिव्यक्तिप्रति सचेत हुन आह्वान गर्दछौं। सम्पूर्ण पीसीएफ शिक्षकहरूलाई दरबन्दीमा कायम गर्न जोडदार माग गर्दछौं। यो सच्याइँदैन भने हामी पीसीएफ शिक्षकहरू देशभरि नै आन्दोलन गर्न बाध्य हुनेछौं।

अरुणकुमार सिंह
केन्द्रीय अध्यक्ष, नेपाल पीसीएफ शिक्षक सङ्घर्ष समिति

❖ ❖

शिक्षा मन्त्री दीनानाथ शर्माको पीसीएफ शिक्षकको विषयमा छापिएको अन्तर्वार्ता पढ्दा हामी अत्यन्त दुःखी र स्तब्ध भयौं। विद्यालयमा विद्यार्थी, बालबालिकाहरूको दिनानुदिन सङ्ख्या बढ्दैछ तर शिक्षा मन्त्री शर्मा भने पीसीएफ शिक्षक हटाउने, बुल्डोजर लगाउने कुरा गर्दैछन्। यो समुदाय र देशको मागको विपरित कुरा हो।

सबै राहत र पीसीएफ शिक्षकहरूलाई दरबन्दीमा कायम गरी नियमानुसार स्थायी गर्न हामी जोडदार माग गर्दछौं।

देवेन्द्र गिरी (अध्यक्ष)/रामलखन प्रसाद प्रजापति (सचिव), नेपाल शिक्षक युनियन, बारा

समयसीमाभित्र लेखहरूको छनोट गरी पुरस्कृत गर्नु सान्दर्भिक र समयको सही सदुपयोग हुन्छ। साथै, लेख/रचनाको लागि कम्तीमा कति शब्द हुनुपर्ने हो वा लेख्नुपर्ने हो सो पनि पहिल्यै स्पष्ट हुन पाए सुनमाथि सुगन्ध भनेझैं हुन्थ्यो कि !

रामसिं घिसिङ
भुमेस्थान उमावि, बिर्ता, देउराली, काभ्रे

## यस्तो विज्ञापन किन ?

*शिक्षक* मासिक विशिष्ट उद्देश्य बोकेको पत्रिका हो। यसले शिक्षा र शिक्षण जगतमा नवीनताको खोजी गर्दै शिक्षकलाई सृजनशील बनाउँछ। विगतका केही अङ्कदेखि *शिक्षक* को 'फुर्सद' स्तम्भ अन्तर्गतका पानाहरूमा 'नेपालको नं. १ फ्रुट जुस' भनी Real को विज्ञापन छापिँदै आएको छ। जुन उपभोक्ता हित संरक्षण मञ्च र विभिन्न परीक्षणले अखाद्य लेदो मिसिएको रियल जुस 'स्वास्थ्यका लागि हानिकारक छ' भनिसकेको अवस्थामा भविष्यका कर्णधार विद्यार्थी र उनका निर्माता शिक्षक र सम्पूर्ण बौद्धिक जगतलाई चुनौती दिएर आर्थिक प्रलोभनमा परी विज्ञापन गर्नुले पत्रिकाको विशिष्टताको परिचय यही नै त होइन भन्ने प्रश्न सिर्जना हुन गएको छ।

ऋगबहादुर क्षेत्री
तिलाचन निमावि, निसी-८, बाग्लुङ

## उपचार खर्चको विभेद किन र कहिलेसम्म ?

शिक्षा ऐनको परिच्छेद २० को दफा नं. १२२ मा भएको व्यवस्थाअनुसार मावि तहका स्थायी शिक्षकलाई १२ महिना बराबर, निमावि तहकालाई १८ महिना बराबर र प्रावि तहको शिक्षकलाई २१ महिनाको तलब बराबरको रकम उपचार खर्च राज्यकोषबाट दिने व्यवस्था छ। यस अनुसार मावि तहको १२ महिनाको तलब रु.१८,७९०x१२= रु.२,२५,४८०; निमावि तहको १८ महिना बराबरको रु.१४,४८० x१८= रु.२,६०,६४० र प्रावि तहको २१ महिना बराबरको रु.१३,६५०x२१= रु.२,८६,६५० हुन आउँछ।

यस अनुसार मावि तहको शिक्षकले प्रावि तहको भन्दा रु.६१,१७० कम र निमावि तहको शिक्षकले प्रावि तहको भन्दा रु.२६,०१० कम पाउने देखिन्छ। उपचार खर्चमा देखिएको यो अन्तरले गर्दा बढुवा भएका शिक्षकलाई बढुवाको पत्र बुझ्ने विषयमा द्विविधामा परेको देखिन्छ। यसलाई परिवर्तन गरी समान गराउनेतर्फ सरकारको कार्यक्रम छ ?

पूर्णचन्द्र घिमिरे
प्रअ, सरस्वती मावि, गाँडकोट-४, पाल्पा

## अझै व्यावहारिक होस् !

शिक्षणमा कला र विज्ञान दुवै हुन्छ। प्रमाणित व्यवहारको सिर्जनशील प्रस्तुतिकरण नै साँचो अर्थमा शिक्षण हो। यस्तो वैज्ञानिक र सिर्जनशील पेशामा आवद्ध हामी शिक्षकहरूको पत्रिका *शिक्षक* पनि निर्विवाद रूपमा व्यावहारिक र सिर्जनशील हुनु आवश्यक छ।

यस पत्रिकाले समय, सहोदर र संस्कृतिलाई बिर्सनुहुँदैन। पाठकहरू यसका सहोदर हुन्। तिनको इच्छा र आवश्यकता यस पत्रिकाका माया र सम्पत्ति हुन्। सत्यतथ्यमा आधारित घटना र वस्तुको कलात्मक प्रकाशन यस पत्रिकाको मूल

# प्रतिक्रिया र सुझाव

संस्कृति (बाटो) हो।

वास्तवमा; नेपालको समग्र शिक्षा प्रणालीभित्रका राम्रा-नराम्रा गतिविधि समाजमा जानकारी गराई आइपरेका चुनौती एवं समस्या हल गर्ने उपायहरूको खोजीमा सहयोग पुऱ्याउने सामग्रीको प्रकाशनलाई परम कर्तव्य सम्झी प्राथमिकताका साथ शैक्षिक गतिविधिमा पृष्ठपोषण दिनु, सक्षम र सभ्य समाज निर्माण गर्नु, सिर्जनशील जनशक्ति र समुन्नत राष्ट्र निर्माण गर्नु आफ्नो दायित्व ग्रहण गरेकोमा समग्र शिक्षक समुदाय यस पत्रिका र सम्पादकप्रति ऋणी छ।

आगामी अङ्कदेखि सामान्य-ज्ञान मञ्च सञ्चालन गर्दा विकल्परहित १०० ओटा वस्तुगत प्रश्न समावेश गरियोस् साथै विधागत सामग्रीहरूलाई पनि समावेश गर्दा पत्रिकाको व्यावहारिक महत्त्व बढ्ने र शिक्षा र शैक्षिक गतिविधि कथा, कविता, संवाद, नाटक, चिट्ठी, आत्म कहानी, मनोवाद, छोटा अनुच्छेदका लेख, चित्रसहितका सामग्रीका स्वरुपमा प्रकाशन गर्ने कुरामा ध्यान दिइयोस्। यसले पत्रिकामा सुगन्ध थप्नेछ।

युवराज दाहाल
लक्ष्मीपुर उमावि, पोर्टाहा, त्रि.न.पा.-७, मिलनचोक, उदयपुर

## जे गर्नुहोस्, तपाईंकै हातमा छ !

एउटा गाउँमा नयाँ योगीको आगमन भएछ। ती योगी साँच्चिकै त्रिकाल (वर्त, भूत र भविष्य) दर्शी नै रहेछन्। गाउँलेहरू आफ्नो विगत, वर्तमान र भविष्यको बारेमा जानकारी लिन बाबाको कोठामा घुइँचो लाग्न थाले। हरेकको व्यक्तिगत वा सामाजिक जीवन विगतमा कसरी बित्यो, कसरी बितिरहेको छ र कसरी बित्नेछ भन्ने बारेमा छर्लङ्ग बताइदिँदा बाबासँग सबै सन्तुष्ट भएछन्। तर गाउँको एकजना ठिटो चाहिँ कसरी बाबाको वाणीलाई असत्य तुल्याउन सकिन्छ भन्नेतिर मात्र लागिपरेको रहेछ।

एकदिन उक्त ठिटो कोटको गोजीमा भँगेराका बचेरा राखेर बाबाको आश्रममा पुग्यो। उसले बाबासँग प्रश्न गऱ्यो, "बाबा मेरो कोटको गोजीमा के छ?" बाबाले उत्तर दिए, "भँगेराका बचेरा छन् बाबू!" ठिटोले पुनः प्रश्न गऱ्यो, "बाबा, यी बचेरा मरेका छन् कि ज्यूँदै छन्?" बाबाले पुनः उत्तर दिए, "बाबु; तपाईंको कोटको गोजीमा रहेका बचेरा मरेका छन् भनौं भने तपाईंले हिकहिक गर्दै गरेका जिउँदा बचेरा देखाउनुहुनेछ, जिउँदा छन् भनौं भने तपाईंको हातले गोजीमा रहेका बचेरालाई कचक्क किचेर मृत अवस्थामा देखाउनुहुनेछ। त्यसैले यी बचेराको अवस्था (जिन्दगी) जे गर्नुहोस्– बचाउनुहोस्, मृत घोषणा गर्नुहोस्, तपाईंको हातमा छ।"

नेपालका विद्यार्थीहरूको भविष्य; विद्यालयको प्रगति, उन्नति, अवन्नति जुन दिशातिर लम्काउने हो, विद्यार्थीहरूलाई के बनाउने हो, कस्तो बनाउने हो, सबै कुरा तपाईं हामी शिक्षकको हातमा छ।

तिलक पाण्डे, नेपाल शान्ति मावि, बेलहानी, नवलपरासी

## ७६औं जिल्ला !

अग्रज शिक्षकहरूले धनुषालाई देशको ७६औं जिल्ला भन्ने गरेको कुरा धेरै वर्षदेखि सुन्दै आएको भए पनि त्यसको कारण र रहस्य भने भर्खरै मात्र बुझ्न थालेको छु:

- अन्य सबै जिल्लामा शिक्षकहरूको चौमासिक तलबभत्ता निकासा भइसकेको एक महिनापछि मात्र यस जिल्लाका शिक्षहरूको तलबभत्ता निकासा हुने गर्दो रहेछ।
- निकासा हुँदा पनि रकमको अभाव देखाएर १-२ महिनाको घटी तलबभत्ता निकासा गरिँदो रहेछ।
- अन्य जिल्लाको तुलनामा राहत शिक्षकहरूको बढ तलबभत्ता दुई महिना ढिलो निकासा हुने, त्यो पनि आन्दोलन गरेपछि मात्र।
- बढुवा सम्बन्धी फाइल शिक्षक सेवा आयोगमा नपठाएका कारण शिक्षकहरू जिशिका धनुषामा तालाबन्दी गर्न बाध्य।
- दशैं जस्तो महान् चाडपर्वमा पनि बालविकास केन्द्रका सहयोगी कार्यकर्ताले तलबभत्ता नपाउने।
- जिल्ला शिक्षा अधिकारी कहिल्यै कार्यालयमा नबस्ने।
- प्रावि, निमावि र मावि तहसम्मका एउटै लेखापाल।
- शिक्षामा सबैभन्दा बढी भ्रष्टाचार हुने जिल्ला।
- वि.व्य.स. गठन प्रक्रियामा सबभन्दा बढी विवाद हुने जिल्ला।
- प्रअको नियुक्ति प्रक्रियामा सबभन्दा बढी विवाद हुने जिल्ला।
- सबभन्दा बढी बन्द, हड्ताल हुने जिल्ला।

रवीन्द्रकुमार दास (मा.शि.राहत)
जनता मावि, देवपुरा, धनुषा


विश्वविद्यालयका प्राध्यापकहरूबाट अध्यापन गराइने यस काठमाडौं शिक्षा क्याम्पसमा
एम.एड. (अङ्ग्रेजी, नेपाली, स्वास्थ्य, शैक्षिक योजना तथा व्यवस्थापन र पाठ्यक्रम)
बी.एड. एकवर्षे र तीनवर्षे (अङ्ग्रेजी, नेपाली, स्वास्थ्य, गणित, जनसंख्या, सामाजिक, शैक्षिक प्रशासन र सुपरिवेक्षण)
+२ (शिक्षा, मानविकी, व्यवस्थापन र कम्प्युटर विज्ञानका कक्षा सञ्चालन भइरहेको छ। तीनथाना, काठमाडौं, फोन: ४३११८४३)
नेपालको पहिलो सामुदायिक शिक्षा क्याम्पस
काठमाडौं शिक्षा क्याम्पस
पद्मोदय उमाविको भवन,रामशाहपथ, काठमाडौं,
फोन: ०१-४२३०२४०, ९८४१३२५९००, ९८४१२६५५४४,
नोटिस बोर्ड नं.: क्याम्पस सूचना-१६१८०१४२२०२४०, विद्यार्थी सूचना-१६१८०७०७३०२४१
उक्त नं. हरूमा नेपालभरिका लोकल फोनबाट सम्पर्क गर्न सकिनेछ।
E-mail: kscram@ksc.edu.np, URL: www.ksc.edu.np

KSC Notice

✓ विभिन्न विषयका विशेषज्ञहरूद्वारा छुट्टै स्रोत कक्षाको व्यवस्था गरिएको।
✓ वेबसाइट नोटिस बोर्ड तथा फेसबुकमार्फत सूचना प्रदान र आधुनिक प्रविधिबाट अध्यापन।
✓ एम.एड.,तथा बि.एड.को अभ्यास शिक्षण २०६८को वाह्य परीक्षा पौष पहिलो हप्ताबाट सुरु।
✓ प्रयोगात्मक परीक्षाको तयारीकालागि सम्बन्धित शिक्षकहरूसँग सम्पर्क राख्न सुचित गरिन्छ।

एक वर्षे तथा तीन वर्षे बि.एड. प्रथम वर्षमा छात्रवृत्ति सहित भर्ना खुल्यो।

# ‘उनको दिमाग खाली छैन’



(*शिक्षक* मासिकको *तेस्रो पक्ष* स्तम्भ अन्तर्गत २०६८ पुस अङ्कमा छापिएको नन्दलाल आचार्यको *एक पिताको पत्र शिक्षकलाई* शीर्षकमा प्रकाशित लेखको प्रत्युत्तर)

■ हेमलता उप्रेती

**अभिभावकज्यू,**

म विगत तीन वर्षदेखि तपाईंकी छोरी गरिमालाई पढाउने काम गरिरहेकी छु। उनी सानै छिन् र जिन्दगीको ज्ञानमञ्चमा भर्खर पाइला टेक्दैछिन्। यो तीन वर्षको अवधिमा मैले उनका हरेक क्रियाकलाप र व्यवहारहरूको अध्ययन, अवलोकन र विश्लेषण गरेकी छु। हामीले औपचारिक वा अनौपचारिक रूपमा सिकाएका धेरै कुरा उनको दिमागमा ज्ञानका रूपमा सञ्चित भइसकेका छन्। विद्यालय आउनु अगाडि नै उनी मातृभाषा बोल्न र सुनेर बुझ्न सिपालु भइसकेकी थिइन्। दोस्रो भाषाको रूपमा उनी यहाँ अङ्ग्रेजी सिक्दैछिन्। उनीभित्र अनुमान गर्नेदेखि लिएर स्वास्थ्य, अनुशासन, खेल, घरेलु कामकाज, साथी समूह निर्माण, सामाजिक क्रियाकलाप आदि विविध क्षेत्रका ज्ञानहरूको समेत विकास हुन थालिसकेको छ।

तपाईंले पत्रमा ‘उसको दिमाग खाली छ’ भनेर लेख्नुभएको रहेछ, तर मलाई त्यस्तो लाग्दैन। मलाई त लाग्छ, कसैको दिमाग चाहेर पनि खाली राख्न सकिँदैन; चाहे त्यो बच्चाको नै किन नहोस्। औपचारिक सिकाइ विद्यालय, घर वा समाजको कुनै ठाउँविशेषमा हुनसक्छ। तर हरेक व्यक्तिको सिक्ने क्रम हरपल, हरठाउँ निरन्तर भइरहन्छ। अरूले सिकाएर मात्र होइन, आफैँले पनि थाहै नपाई व्यक्तिले अनगिन्ती कुराहरू सिकिरहेका हुन्छन्। तर यही कुरा नबुझेर, हामी अक्सर ‘बालबालिकाको दिमाग खाली छ’ भन्ने गलत निष्कर्ष निकाल्न र तिनलाई ‘शून्यबाट सिकाउन’ शुरु गर्दा रहेछौं। हाम्रो शिक्षण सार्थक नहुने एउटा कारण यो रहेछ। यदि हामीले उनीहरूले जानिसकेका कुराको पहिचान गरेर तिनको उपयोग गर्दै थप कुरा सिकाउने वा गलत बुझाइ सच्याउने प्रयत्न गर्ने हो भने हाम्रो शिक्षण कार्य सहज मात्र नभई त्यसको गुणस्तर वृद्धि गर्न समेत सकिन्छ भन्ने कुरामा म विश्वस्त छु।

तपाईंले पत्रमा गरिमालाई श्रद्धा गर्न, सम्मान गर्न र अनुशासित बन्न नसिकाइ दिनुहोस् पनि भन्नुभएको रहेछ। म तपाईंको विचारको सम्मान गर्छु। तर आदर, सम्मान, श्रद्धा, अनुशासन र



**तपाईंले पत्रमा ‘उसको दिमाग खाली छ’ भनेर लेख्नुभएको रहेछ, तर मलाई त्यस्तो लाग्दैन। मलाई त लाग्छ, कसैको दिमाग चाहेर पनि खाली राख्न सकिँदैन; चाहे त्यो बच्चाको नै किन नहोस्।**

●●●

नैतिकता जस्ता सामाजिकीकरणका लागि अपरिहार्य गुणहरूप्रति गरिमामा यति सानो उमेरमै वितृष्णा जगाउने प्रयत्न गर्नु बुद्धिमानी होला र? हो; मन नपरेको कुरालाई जबरजस्ती श्रद्धा, सम्मान वा आदर गर्न उनलाई बाध्य पारिनुहुँदैन।

महाशय, गरिमाले आत्म सम्मान, आत्म पहिचान एवम् आत्म अनुभूति गर्न सिक्नुपर्दछ। त्यसपछि उनले अरूको ज्ञान, महान् विचार, राम्रो प्रवृत्ति, असल चरित्र, सशक्त पक्ष, सामाजिक भावना एवम् निस्वार्थ सेवा जस्ता कुरालाई सम्मान र आदर गर्न जान्नुपर्दछ। सिद्धान्त पढाएर मात्र यस्ता कुरा सिकाउन कठिन हुन्छ। यसको लागि घरमा तपाईंहरू र स्कूलमा हामी नमुना बन्नुपर्दछ। हामीले त्यस्ता आदर्शलाई सम्मान र आदर गर्न सिकायौं भने उनी विनम्र हुन्छिन् र कुनै कुरलाई श्रद्धा समेत गर्न थाल्न सक्छिन्। उनमा गुणग्राहिताको गुण हुर्किन्छ र उनको मनमा अहङ्कार, आडम्बर, महत्त्वाकाङ्क्षा, हीनताबोध र स्वार्थी भावनाले घर बनाउने छैनन्। उनमा शोषण नगर्ने र शोषण नसहने गुणको विकास हुनेछ। तपाईंले सोचेजस्तो उनी मेसिन होइन मान्छे बन्नेछिन्। उनमा प्रेम रसाउन थाल्नेछ, चेतना जाग्नेछ। उनमा आफू हिँड्ने बाटो आफैँ खन्ने सामर्थ्य विकास हुनेछ। तपाईंले चाहे जस्तै उनी होससहितकी जोशिली बन्नेछिन्। उनले जीवनको अपार आनन्द भोग गर्न पाउँनेछिन्। मन नपरेको कुराप्रति ऊर्जाशील विद्रोह गर्न सक्नेछिन्। बेकाम र बेहोसीलाई पाप र होसलाई धर्म ठान्नेछिन्। आफूभित्र एउटी सरल केटीदेखि लिएर यो युग हाँक्न सक्ने व्यक्तित्व भएको अनुभूति गर्नेछिन्। उनी ‘म हैन हामी’ भन्ने भावनाको पक्षपाती बन्नेछिन्। उनी स्रष्टा र द्रष्टा दुवै बन्नेछिन्।

तथापि; गरिमालाई यी सबै गुणले भरिपूर्ण गराउन तपाईंले मेरो मात्र बाटो हेर्नुहुँदैन, भर पर्नुहुँदैन। म त आफ्नो तर्फबाट सक्दो प्रयत्न गर्ने नै छु। अपितु यसमा तपाईंको साथ, सहयोग र सक्रिय भूमिकाको खाँचो जरुर पर्नेछ। तपाईं र मैले उनमा स्थापित गर्न चाहेको आदर्शमा विरोधाभास हुनुहुँदैन। आपसमा सल्लाह र सञ्चार गरेर कार्य गर्नु हामी सफल हुनुको सूचक हो। यो पहिलो पाइलो हो। शुभ सङ्केत हो।

महाशय, तपाईं ढुक्क हुनुहोस्। म गरिमालाई माया र सम्मान

गर्दछु । उनी तार्किक विचार राख्न सक्छिन्, मिलनसार र सिर्जनशील छिन्। यसलाई मलजल गर्न सकियो भने उनमा राम्रो नेतृत्व क्षमताको विकास हुन्छ । वास्तवमा उनीबाट म पनि कैयन कुराहरू सिकिरहेकी छु। उनलाई नजिकबाट चिन्ने प्रयत्नमा उनीभित्र धेरै-धेरै सम्भावना र क्षमताहरू भएको आभास पाएकी छु। र उनलाई यो युगले खोजे जस्तो अनि तपाईं हामीले सोचे जस्तो विशेष व्यक्तित्व बनाउन प्रयत्न गर्ने प्रण गरेकी छु । म फेरि भन्छु, त्यसमा तपाईंको रचनात्मक सहयोग र जिम्मेवारपूर्ण भूमिका भने चाहिन्छ नै !

महाशय, मलाई पनि अतीत घोकाउने, सूचनाको पोको फुकाउने, वर्तमान चिन्नबाट बञ्चित गराउने र जीवनको अथाह गहिराइ बुझ्न प्रेरित नगर्ने शिक्षा प्रणालीप्रति कुनै लगाव छैन । तर अफशोच, हाम्रा पाठ्यक्रम भने त्यस्तै छन्। अधिकांश विद्यार्थीलाई वर्तमान चिन्न होइन अतीतलाई घोकेर भविष्य बनाउन स्कूल पठाइन्छ । यसै भएर पनि होला, आजकाल मलाई आफैंले गरेको शिक्षण कार्य पनि निरस, निस्सार र बकम्फुसे लाग्न थालेको छ। त्यसैले यो सिड्डो शिक्षा प्रणालीप्रति नै म विद्रोह गर्न थालेकी छु। मेरो विद्रोहले वर्तमान शिक्षा प्रणालीमा आमूल परिवर्तन गर्न सक्दैन तर गरिमा जस्ता मेरा प्रत्येक विद्यार्थीलाई समय चिन्ने र युगले खोज्ने विशिष्ट व्यक्तित्वका रूपमा हुर्काउन प्रयास मात्र गर्न सके म आफूलाई सफल ठान्नेछु। तपाईंका विचारले मलाई थप ऊर्जा प्रदान गरेका छन्।

नबिर्सनुहोला; गरिमाले ज्ञान आर्जन गर्ने ठाउँ तपाईंको घर र यो विद्यालय मात्र नभएर सिड्डो समाज पनि हो । सिड्डो समाज निस्वार्थ, शिक्षित, सचेत र सुसंस्कृत भयो भने तपाईंकी छोरीलाई तपाईंले चाहे जस्ती बनाउन सजिलो हुन्छ । विद्यालय व्यवस्थापन समितिको एक सदस्य भएको नाताले विद्यालयका सम्पूर्ण शिक्षक एवम् विद्यार्थी र तिनको शैक्षिक क्रियाकलापका लागि मैत्रीपूर्ण भौतिक एवम् मानसिक वातावरणको व्यवस्थापन गर्ने कर्तव्य तपाईंको पनि हो । कर्तव्यनिष्ठ शिक्षकलाई पुरस्कृत गर्ने तथा कामचोर र गैरजिम्मेवारपूर्ण शिक्षकलाई दण्ड, जरिवाना र कार्वाही गर्ने/गराउने साहस पनि तपाईंले नै गर्नुपर्छ। साथै यो देशको एउटा सचेत नागरिक भएको नाताले तपाईंले शैक्षिक नीति तर्जुमा, शिक्षा प्रणालीको विकास र शैक्षिक व्यवस्थापनको लागि त्यस्ता व्यक्तिलाई चुनावमा जिताएर पठाउनुपर्दछ, जसले युगसापेक्ष नयाँ र प्रगतिशील शैक्षिक प्रणालीको व्यवस्था गरी कार्यान्वयन गराउन सकोस्।

मुलुकको शिक्षा क्षेत्रको पहिलो सरोकारवाला तपाईं हो। प्रचलित शैक्षिक प्रणालीमा परिवर्तन गरी अपेक्षित प्रगतिशील शैक्षिक वातावरणको निर्माण गर्न/गराउन सशक्त भूमिका खेल्न सक्ने व्यक्ति पनि तपाईं नै हो। आफ्नी गरिमा मात्र होइन, यो समाजका सबै गरिमाहरूलाई तपाईंले सोचे जस्ता बनाउनु छ भने तपाईं यी सबै जिम्मेवारी र भूमिकाहरू सतर्कताका साथ पूरा गर्नुहोस्। अनि मात्र तपाईंको सपना साकार हुनेछ।

धन्यवाद।

*आदर्श उच्च मा.वि., इलाम*




# लोकतन्त्र र शान्ति–प्रक्रिया सम्बोधनार्थ मिडिया नीति

नेपाल सरकार, सूचना तथा सञ्चारमन्त्रालयले जापान अन्तर्राष्ट्रिय सहयोग संस्था (जाइका नेपाल)को मिडिया फर पिस प्रोजेक्ट (Mep Project) को सहयोगमा सञ्चारसम्बन्धी नीति, ऐन तथा नियमहरूमा पुनरावलोकन गरिरहेकोले सञ्चारसम्बन्धी नीतिको मस्यौदामा आफ्ना अमूल्य सल्लाह तथा सुझावहरू पठाएर नीति निर्माणको प्रक्रियामा सहभागी हुनुहोस्।

**पृष्ठभूमि**

जाइका नेपालको मिडिया फर पिस प्रोजेक्ट नेपालको सूचना तथा सञ्चार मन्त्रालय र रेडियो नेपाललाई सहयोग गर्न सञ्चालित छ। यो परियोजनाको मुख्य उद्देश्य जनतामा सही, तटस्थ तथा निष्पक्ष सूचनाको प्रवाहद्वारा शान्ति तथा लोकतन्त्रको प्रवर्द्धन गर्नु रहेको छ। जाइकाद्वारा सञ्चालित यो परियोजना नेपालमा लोकतन्त्रको लागि सहयोग कार्यक्रम अन्तर्गत सञ्चालित रहेको छ। यो परियोजनाको मुख्य उद्देश्य सञ्चारक्षेत्रसँग सम्बन्धित नीतिको पुनरावलोकन तथा सञ्चारमाध्यमको क्षमता अभिवृद्धि गरेर लोकतन्त्रको प्रवर्द्धनका लागि सही, तटस्थ तथा निष्पक्ष सञ्चारमाध्यमको विकास गर्नु रहेको छ। यो परियोजनाले सम्बन्धित सरोकारवाला/साझेदार तथा आमनागरिकहरूको सहभागितामा मिडिया क्षेत्रसँग सम्बन्धित विद्यमान ऐन तथा विनियमहरू तथा पब्लिक सर्भिस ब्रोडकास्टिङसँग सम्बन्धित मुद्दाहरू समेत पुनरावलोकनको लागि नेपाल सरकारलाई सहयोग गर्दैछ।

**नीतिका मुख्य उद्देश्यहरू**

१. स्वच्छता, तटस्थता तथा निष्पक्षताको नीतिलाई बढावा दिने।
२. लोकतन्त्र तथा सीमान्तकृत वर्गको समावेशीकरणका बारेमा रहेको चेतनालाई अभिवृद्धि गर्नुका साथै अभिव्यक्ति स्वतन्त्रता सुनिश्चित गरेर विभिन्न संस्कृति तथा समुदायको बीचमा एकता ल्याउने।
३. सम्पूर्ण सञ्चारमा कार्यगत स्वतन्त्रताको सुनिश्चितता गरेर स्वच्छ लोकतन्त्रको प्रवर्द्धन गर्ने।
४. आमसञ्चारमाध्यमको पारदर्शिता सुनिश्चित गरेर स्वच्छ पत्रकारिताको अभ्यासलाई बढावा दिने।
५. महिला, दलित, आदिवासी, जनजाति, मधेशी लगायत पछाडि पारिएका र अल्पसङ्ख्यक समुदायमा चेतना जगाउनुका साथै उनीहरूलाई राष्ट्रिय विकासको मूल प्रवाहमा ल्याउने।

**मस्यौदाका नीतिका केही उल्लेख्य पक्षहरू**

- समाजमा स्वस्थ पत्रकारिताको विकासको लागि सञ्चारमाध्यम र पत्रकारहरूलाई उनीहरूको जिम्मेवारी र दायित्वको बारेमा पूर्ण रूपमा सचेत गराउन प्रोत्साहन गर्ने।
- सञ्चार मन्त्रालय मातहत रहेका विद्यमान आमसञ्चार, सूचना तथा दूरसञ्चारसँग सम्बन्धित नीतिको पुनरावलोकन गर्ने।
- आम सञ्चार माध्यमलाई लोकतन्त्र र शान्तिको प्रर्वद्धनमा सहयोगीको रूपमा विकास गर्ने।
- मिडिया क्षेत्रमा सीमित बाह्य लगानीसहित स्वस्थ लगानीको लागि प्रोत्साहन गर्ने।
- मिडियालाई सरकारी तथा गैरसरकारी संस्था तथा सर्वसाधारण व्यक्तिहरूले सूचनाको अधिकार प्रयोग गर्न फोरमको रूपमा विकास गर्ने र यसलाई सबै प्रकारका शोषण, भेदभाव तथा अन्यायबाट बचाउने माध्यमको रूपमा विकास गर्ने।
- उचित नमुनाको आधारमा पब्लिक सर्भिस ब्रोडकास्टरको स्थापना गर्ने।
- राष्ट्रिय समाचार समितिलाई प्रभावकारी समाचार समितिको रूपमा विकास गर्न राष्ट्रिय समाचार समितिको क्षमता अभिवृद्धि गर्ने तथा यसको लागि आवश्यक ऐन संशोधन गर्ने।
- आमसञ्चारमाध्यमको अनुगमन र नियमको लागि एक स्वतन्त्र उच्चस्तरीय मिडिया आयोगको स्थापना गर्ने।
- उच्चस्तरीय मिडिया आयोगद्वारा आचारसंहिता, सम्पादकीय मापदण्ड तथा अन्य आवश्यक निर्देशिकाको लागि आवश्यक निर्देशिका तयार गर्ने।
- आमसञ्चारमाध्यमको आर्थिक पारदर्शिता सुनिश्चितता गर्नको लागि आवश्यक संयन्त्रको विकास गर्ने।
- मिडियासम्बन्धी अनुसन्धान, पाठ्यक्रम विकास, समन्वय, अनुगमनको लागि एक स्वतन्त्र राष्ट्रिय मिडिया शिक्षा तथा तालिम परिषद्को स्थापना गर्ने। यो परिषद् स्थापनाको लागि कोष जम्मा गर्नको लागि सञ्चारकर्मीहरूलाई प्रोत्साहन गर्ने।

**प्रतिक्रिया पठाउनुहोस्**

पुनरावलोकन भएका सञ्चारसम्बन्धी नीतिको मस्यौदालाई आम रूपमा जनतामाझ पुऱ्याई प्रतिक्रिया लिनको लागि शान्तिका लागि सञ्चार परियोजनाले पोखरा, विराटनगर र काठमाडौंमा कार्यालय गोष्ठीको आयोजना गर्दैछ। यस्ता कार्यशाला गोष्ठीमा मिडियासम्बन्धी मस्यौदा नीतिहरूको बारेमा सहभागिताहरूलाई जानकारी गराउनुका साथै उनीहरूबाट यी मस्यौदाहरूको बारेमा प्रतिक्रिया सङ्कलन गरिने छ। यदि तपाईंहरू यस्ता कार्यशाला गोष्ठीहरूमा सहभागी हुन सक्नुहुन्न भने सञ्चारसम्बन्धी नीतिहरूको बारेमा जानकारी हासिल गर्न चाहनुहुन्छ भने नेपाल सरकार सूचना तथा सञ्चार मन्त्रालयको वेबसाइट www.moic.gov.np मा गई मन्त्रालयको यस वेबसाइटमार्फत वा इमेल ठेगाना eanepal@equalaccess.org मा इमेल पठाएर वा ७१७१ नम्बरमा क:क गरेर वा नि:शुल्क फोन टोल फ्री नम्बर १६६००१००४५६ मा फोन गरेर समेत व्यक्त गर्न सक्नुहुनेछ। कृपया सुझाव पठाउँदा छोटो र विषयवस्तुसँग सम्बन्धित सुझावहरू मात्र पठाउनुहोला। शान्तिका लागि सञ्चार परियोजनाले सञ्चारसम्बन्धी नीतिको मस्यौदालाई अन्तिम रूप दिने क्रममा यी सुझावहरूलाई समेट्नेछ। कृपया आफ्नो सुझाव/प्रतिक्रिया यथाशीघ्र पठाउनुहोला। यो मस्यौदा नीति व्यवस्थापिका संसद्मा छलफलको लागि प्रस्तुत गर्नुपूर्व यी सुझावहरू समेटेर मस्यौदालाई अन्तिम रूप दिइनेछ।

Media for Peace Project

छेतेन तामाङ



# शिक्षकबाट पाएँ नयाँ जीवन

**शिक्षकहरूले आफ्नो कर्तव्य र दायित्वबोध गरिदिँदा म जस्तै गरीब, निमुखा र गाउँघरका बालबालिकाहरूको भविष्यमा आकाश–जमिनको फरक पर्दो रहेछ। बालबालिकाको भविष्य त शिक्षकहरूको हातमा पो रहेछ! त्यसैले, सरकारी स्कूलका आदरणीय शिक्षकहरूलाई मेरो विनम्र बिन्ती छ, शिक्षकको रूपमा आफ्नो कर्तव्य र जिम्मेवारी राम्रोसित निर्वाह गरिदिनुहोस्।**

काठमाडौँको सुन्दरीजलबाट रुण्डै एक दिनको बाटो उत्तर हिँडेपछि पुगिने सिन्धुपाल्चोकको चिप्पिङ्ग गाउँ छ, जहाँ अठार वर्ष पहिले एउटा तामाङ परिवारको कान्छी छोरीको रूपमा मेरो जन्म भयो।

पाँच वर्षको आसपासमा अरू साथीहरूसितै खेल्दै म घरबाट एक घण्टाको ओरालो हिँडेर पुगिने गाउँको सरकारी स्कूल जान थालेँ। तर स्कूल गएको पहिलो दिन मलाई याद छैन। हाम्रो घर लेकमा र स्कूल बेँसीमा थियो। स्कूल पुग्न घरबाट करीब एक घण्टा ओरालो हिँड्नुपर्थ्यो। घर फर्कंदा उकालो त रुन् डेढ घण्टा जति नै हिँड्नुपर्दथ्यो।

जाडो महिनामा चउरमा घाम तापेर पढ्ने गरिन्थ्यो। बस्ने बेन्च नभएकाले हामी घरबाटै चकटी लिएर स्कूल जाने गर्दथ्यौँ। दिनभरि नै एक जना शिक्षकले पढाउनुहुन्थ्यो। स्कूल भरिमा हामी पचास जना जति विद्यार्थी थियौँ। चार कक्षासम्म मैले त्यो स्कूलमा पढेँ, तर सिक्न चाहिँ के सिकेँ, मलाई थाहा छैन। कक्षामा सरले कथा भनेको, गीत गाएको, नचाएको, नाटक खेलेको एउटा पनि घटना मेरो स्मृतिमा छैन। खेल्ने कुरा केही थिएन। न त सरले कुनै खेल खेल्न सिकाउनुभयो। वनमाराको चुङ्गी बनाएर खेल्थ्यौँ।

गाउँमा बेलाबखतमा विदेशी आउँथे। हाम्रो स्कूलको हालत देखेपछि उनीहरूले आफ्नो देश फर्केपछि हामी विद्यार्थीका लागि उपयोगी केही न केही सामग्री पठाइदिँदा रहेछन्। एक पटक एक विदेशीले सबै विद्यार्थीलाई किताब, कापी र कलम बाँड्नु भनेर शिक्षकलाई पठाइदिएका थिए। तर सरले चाहिँ जान्ने विद्यार्थीलाई पुरस्कार दिएको जस्तो गरी सबै कापी, कलम आफैँ राख्नुभयो। त्यसरी प्राप्त सामानहरू आफ्नो घरमा लगेर छोराछोरीलाई दिनुभयो कि बजारमा बेच्नुभयो, थाहा छैन।

ज्यामी काम गर्न वर्षमा एकाध पटक काठमाडौँ जाने मेरा बाले भर्खर बिहे गरेर ल्याइएकी कान्छी श्रीमतीसहित काठमाडौँमै काम गरेर बस्ने निधो गर्नुभयो। सानो दाइको हात समात्दै बा र कान्छी आमाको पछि लागेर म २०५८ सालको अन्त्यतिर काठमाडौँमा आइपुगेँ। जोरपाटीस्थित एउटा घरको छिँडीमा बाको डेरा थियो। हामी (दुई जना दाइ र म) त्यहीँ बस्न थाल्यौँ।

हरेक मानिसले काठमाडौँको वर्णन गर्ने भएकाले गाउँमा छँदा यो कति सुन्दर र रमाइलो होला भनेर कल्पनामा डुबिन्थ्यो। काठमाडौँ कहिले जान पाइएला भन्ने कौतुहलता रहिरहन्थ्यो। तर जब काठमाडौँ आइयो, सोचिए जस्तो सुन्दर पाइनँ। चारैतिर धुवाँ, धुलो, होहल्ला र अस्तव्यस्तताले यो शहरप्रतिको मोह ह्वात्तै घटाइदियो।

बा काम गर्न गएका बखत कान्छी आमा एक्लै पर्छिन् भनेर उनको साथीको रूपमा मलाई यहाँ ल्याइएको थियो। तर म पढ्नका लागि स्कूल भर्ना गरिने भएँ। नजिकको र सस्तो स्कूल खोज्दै जाँदा कान्छी आमाले समता स्कूल फेला पार्नुभएछ। मलाई भर्ना गर्न भनेर स्कूल लगियो। मैले न कखरा लेख्न सकेँ, न त एबीसीडी नै। गाउँको सरकारी स्कूलमा चार कक्षासम्म पढेर आएको मेरो दयनीय स्थितिको बारेमा मलाई पहिलो पल्ट बोध भयो। सानो दाइले चाहिँ

एबीसीडी सम्म लेख्नुभएको थियो। तैपनि हामी दुवै एउटै कक्षामा भर्ना गरियौँ। त्यो थियो, कक्षा १।

दाइ र म कक्षा १ का सबभन्दा ठूला विद्यार्थीमा पर्दथ्यौँ। तामाङ बस्तीमै हुर्किएकाले होला, मलाई नेपाली पनि राम्रोसित बोल्न आउँदैनथ्यो। जति बोलिन्थ्यो, सबैमा तामाङ लवज आउँथ्यो। पढ्न पनि नजान्ने, बोल्न पनि नजान्ने भएकाले होला, म बोल्दा कक्षाका धेरैजसो विद्यार्थी गलल्ल हाँस्थे। उनीहरूले मेरो असफलतामा खिसी गरेको देख्दा मलाई ज्यादै नरमाइलो लाग्यो। त्यसपछि नजानेको कुरा सोध्न वा मनमा लागेको कुरा बोल्न क्रमश: कम गर्दै लैजान बाध्य भइयो। दुई तीन महिना त स्कूलमा बोल्दा पनि बोलिएन।

विस्तारै मिहिनेत गर्न थालेपछि चार वर्षसम्म अत्तोपत्तो नै नभएका कखरा र एबीसीडी यो स्कूलमा आएको केही महिनामै जानियो। अरू पनि सिक्दै गएँ। प्रयास गर्दै जाँदा ६ महिना जति पछि त पढ्न सकिन्छ भन्ने आत्मविश्वास बढ्दै पो गयो !

कक्षा १ मा पढाइमा राम्रै प्रगति भएपछि मलाई एकैपटक कक्षा ३ मा लगियो। उमेर धेरै गइसकेको र माथिल्लो कक्षामा पढ्न सक्ने भएको भन्ने शिक्षकहरूको सिफारिसमा कक्षा दुई नपढाइ कक्षा चढाइयो। कक्षा पाँचसम्म मलाई कुनै ठूलो कठिनाई अनुभव भएन। राम्रैसित पढ्दै गएँ। तर जब कक्षा ६ नपढी सातमा भर्ना गरियो, मलाई साँच्चै गाह्रो भयो। त्यस्तो कठिनाई सबैभन्दा बढी गणितले गरायो। कक्षा ६ मा सिक्नुपर्ने गणितीय अवधारणाहरू नसिकी सातमा पढ्न थालेकाले मलाई त्यति गाह्रो भएको रहेछ। नजानेका कुरा साथी र शिक्षकसित फुर्सदमा सिक्दै ७ को गणित पार लगाउन पनि सक्षम भएँ। म सिक्न सक्छु भन्ने विश्वास, नजानेका कुरा तुरुन्तै सिक्ने (साथी या शिक्षकसित) प्रवृत्ति, जिज्ञासुपना, नियमित गृहकार्य गर्ने बानी, घोकेर भन्दा बुझेर पढ्ने गरेकीले हरेक कक्षामा राम्रो हुँदै गयो र अन्तत: गत वर्षको एसएलसी परीक्षामा विशिष्ट श्रेणी (८० प्रतिशत) मा उत्तीर्ण हुन सफल भएँ।

अहिले म समता शिक्षा निकेतनमै कक्षा ११ मा व्यवस्थापन विषय पढिरहेकी छु। पढाइ राम्रैसित चलिरहेको छ। गरीबका छोराछोरी पढ्न खोलिएको स्कूल भएकाले यहाँ शुल्क पनि थोरै (रु.१००) छ। त्यसैले होला, यो स्कूलमा अतिरिक्त क्रियाकलापहरू तुलनात्मक रूपमा कमै हुन्छन्। पुस्तकालय उपयोगी पुस्तकहरूले भरिभराउ हुनसकेको छैन। तर मलाई ठूलो लक्ष्य लिन सक्ने बनाएको, स्वतन्त्र तरिकाले सोच्न सक्ने बनाएको चाहिँ यही समता स्कूलले नै हो। यहाँका प्रतिबद्ध र बुझाएर पढाउने कौशलयुक्त शिक्षकहरुको निरन्तर र अथक् मिहिनेतको प्रतिफल हुँ म। यदि समतामा मैले भर्ना पाउँदिनथेँ भने म गाउँका मेरा दौँतरीहरू झैँ अहिले पनि निरक्षर नै रहन्थेँ होला।

बल्ल भेउ पाउँदैछु, पाठ्यपुस्तकमा मात्र आफूलाई सीमित राख्नु हुँदो रहेनछ। हामीले त पाएसम्मका नयाँ नयाँ पुस्तक पढ्नुपर्ने रहेछ, जसले हाम्रो ज्ञान र सूचनाको दायरालाई फराकिलो पार्ने रहेछ। गृहकार्य, पढाइ, जाँच र नम्बरको चक्करमा परेर हामीले पाठ्यपुस्तक भन्दा बाहिर निस्कने मौका नै पाउँदा रहेनछौँ। तर हामीले कोर्सको किताब सँगसँगै विश्वभरका ताजा घटनाहरू थाहा पाउन, अन्य किताब र पत्रपत्रिका पढ्ने बानीको विकास गर्नुपर्ने रहेछ। विद्यार्थीमा यस्तो चेत भरिदिने र पढ्ने बानीको विकास गरिदिने काममा स्कूल र शिक्षकहरूको भूमिका पनि महत्त्वपूर्ण हुन्छ जस्तो लागेको छ।

म भविष्यमा के बन्छु, त्यो अझै निश्चित छैन। तर गाउँघरका गरीब, निमुखा र अन्यायमा परेका मानिसहरूका लागि केही गर्न चाहन्छु। मेरो गाउँका करीब १५ जना केटीहरू अहिले पनि भारतका विभिन्न वेश्यालयहरूमा नारकीय जीवन बिताउन बाध्य छन्। तिनलाई फुक्याएर बेच्ने  अपराधीहरू अहिले पनि न्यायको कठघरमा उभ्याइएका छैनन्। त्यस्तो अन्याय र अत्याचार अझै जारी रहेको देख्दा लाग्छ, तिनलाई ठेगान लगाउन र न्याय दिलाउन मैले प्रहरी बन्नुपर्छ। तर त्यसनिम्ति पनि मैले कम्तीमा स्नातक त गर्नै पर्छ।

गाउँका मेरा अधिकांश दौँतरीहरू बिहे गरेर छोराछोरीकी आमा भइसके तर म बिहे अघि आत्मनिर्भर र स्वावलम्बी हुन चाहन्छु। स्वावलम्बी नभई बिहे गर्ने हो भने हामी महिलाहरू घरमै खुम्चिन पुग्ने र समाजमा काम गर्ने अवसरबाट वञ्चित हुने खतरा रहन्छ। स्वावलम्बी भई बिहे गर्दा श्रीमान्मा आश्रित हुनुपर्दैन, जसले श्रीमान् श्रीमती बराबरी हुन् भन्ने कुरालाई व्यावहारिक रूपमै स्थापित गर्दछ। म त्यस्तो काममा सहभागी हुन चाहन्छु जसले "हामी महिलाहरू पनि आफ्नै खुट्टामा उभिन सक्छौँ, देश विकासमा योगदान गर्न सक्छौँ, अन्याय र असमानताको विरुद्धमा सार्थक काम गर्न सक्छौँ" भन्ने सन्देश दिन सकोस्। यो मेरो हृदयदेखिको विचार हो, म आफूलाई त्यस्तै काममा समर्पित गर्न चाहन्छु। म देख्छु, मेरो पिँढीका धेरै नौजवानहरू अरूको पछि लागेका छन्। तर मेरो विचारमा त्यो त्यति राम्रो होइन। अवश्य पनि अरूबाट, अगाडिको पिँढीबाट हामीले सिक्नुपर्छ, तर लक्ष्य आफ्नै हुनुपर्दछ। सोच आफ्नै हुनुपर्दछ। यसले नै हामीलाई आफ्नो पहिचान बनाउन मद्दत गर्दछ। जीवनलाई सार्थक बनाउनेछ।

अन्त्यमा, स्कूल र शिक्षकहरूले पढाइ छाड्ने अवस्थामा पुगेको एउटा गरीब परिवारको बच्चाको जीवनमा कति ठूलो परिवर्तन ल्याउन सक्छन् भन्ने कुराको उदाहरण म आफैँ पनि हुँ। सिन्धुपाल्चोकको मेरो गाउँको स्कूलमै बसिरहेको भए मेरो जीवन त्यहींका मेरा दौँतरीको झैँ घाँस, दाउरा, पानी र परिवारको भरणपोषणमै मात्र बित्ने थियो। तर शिक्षकहरूले आफ्नो कर्तब्य र दायित्वबोध गरिदिँदा म जस्तै गरीब, निमुखा र गाउँघरका बालबालिकाहरुको भविष्यमा आकाश-जमिनको फरक पर्दोरहेछ। बालबालिकाको भविष्य त शिक्षकहरूको हातमा पो रहेछ ! त्यसैले, सरकारी स्कूलका आदरणीय शिक्षकहरूलाई  मेरो विनम्र बिन्ती छ, शिक्षकको रूपमा स्कूलमा आफ्नो कर्तव्य र जिम्मेवारी राम्रोसित निर्वाह गरिदिनुहोस् र हरेक बालबालिकालाई शिक्षाको उज्यालो दिनुहोस्, जसले उनीहरूको जीवनबाट दु:ख, अन्धकार र अज्ञानता नष्ट गरेर एक स्वावलम्बी मानिसमा रुपान्तरण गर्नेछ। 📖

*(तामाङ काठमाडौँ, जोरपाटीस्थित समता शिक्षा निकेतनमा कक्षा ११ मा अध्ययनरत् छिन्।)*

# दाइँ गर्न गोरु नै चाहिन्छ है !

**अयोग्य शिक्षकहरूको भीडलाई समयमै व्यवस्थापन गर्न सकिएन भने सामुदायिक विद्यालयको पतनलाई कसैले रोक्न सक्दैन। सरकारले समयमै बुझ्नुपर्छ, "मृगहरूको वथानले बाघको सिकार गर्न सक्दैन।" अरु भनौं, "दाइँ गर्न गोरु नै चाहिन्छ, बोकाले हुँदैन।"**

■ दीनानाथ श्रेष्ठ

सामुदायिक विद्यालय तीन ओटा खम्बामा अडिएको हुन्छ: शिक्षक, समुदाय र सरकार। यी तीनै पक्षको सहकार्य, समन्वय र अन्तरसम्बन्धले सामुदायिक विद्यालय र त्यहाँका विद्यार्थीको भविष्य निर्धारण गर्दछ। एस.एल.सी.को रिजल्टले बर्सेनि देखाउने गरेको छ- निजी विद्यालयका विद्यार्थी ८० प्रतिशत भन्दा बढी र सामुदायिक विद्यालयका विद्यार्थी ४० प्रतिशत भन्दा कम उत्तीर्ण हुने गर्छन्। हुनेखानेले निजी विद्यालयमा र हुँदा खानेले सामुदायिक विद्यालयमा पढाउने प्रवृत्ति परम्पराको रूपमा विकास भएको छ। दिन प्रतिदिन सामुदायिक विद्यालय थाङ्ने-माङ्नेहरूको विद्यालयको रूपमा परिणत हुने क्रम डरलाग्दो रूपमा विकसित हुँदै गएको छ।

## सामुदायिक विद्यालयमा अध्यापनको स्तर कमजोर हुनाका केही कारण

**अयोग्य शिक्षकको भीड**

अङ्ग्रेजी माध्यममा पढाउने अभिभावकको चाहनामा तीव्र वृद्धि हुँदै गएको छ। आफ्ना छोराछोरीलाई निजी विद्यालयमा पठाउनुको प्रमुख कारण अङ्ग्रेजी माध्यम हो। सामुदायिक विद्यालयले अङ्ग्रेजी माध्यममा अध्यापन गर्ने व्यवस्था गर्न नसक्नुको प्रमुख कारण त्यहाँका अयोग्य शिक्षक हुन्। सामुदायिक विद्यालयमा खासगरी प्राथमिक तहका अधिकांश शिक्षकले अङ्ग्रेजी माध्यममा अध्यापन गर्ने त परको कुरा; आफ्नै नाम समेत अङ्ग्रेजीमा लेख्न सक्दैनन्। अयोग्य शिक्षकहरूको भीडलाई समयमै व्यवस्थापन गर्न सकिएन भने सामुदायिक विद्यालयको पतनलाई कसैले रोक्न सक्दैन। सरकारले समयमै बुझ्नुपर्छ, "मृगहरूको वथानले बाघको सिकार गर्न सक्दैन।" अरु भनौं, "दाइँ गर्न गोरु नै चाहिन्छ, बोकाले हुँदैन।"

**जागिरे मनोवृत्ति**

धेरैजसो शिक्षक जागिर खान शिक्षक भएका हुन्, पढाउन होइन। उनीहरूको ध्यान कतिबेला ४ बज्छ र कहिले के निहुँमा बिदा होला भन्ने मात्र हुन्छ। शिक्षकको लापरबाहीले विद्यार्थीको भविष्य मात्र होइन देशकै भविष्य एक पुस्ता पछाडि धकेलिन्छ भन्ने चेतना शिक्षकमा नभएसम्म सामुदायिक विद्यालयको भविष्य उज्ज्वल हुन सक्दैन।

**अनुशासनको कमी**

सामुदायिक विद्यालयका शिक्षक विद्यालय नै जाँदैनन्, गए पनि कक्षामा जाँदैनन्, कक्षामा गए पनि पढाउँदैनन्, पढाए पनि मन लगाएर पढाउँदैनन्।

जब शिक्षकमा अनुशासन हुँदैन, विद्यार्थीमा अनुशासन हुँदैन। जब विद्यार्थीमा अनुशासन हुँदैन, समाजमा अनुशासन हुँदैन। जब समाजमा अनुशासन हुँदैन, देशमा अनुशासन हुँदैन।

**शिक्षक राजनीतिक दलका कार्यकर्ता बन्नु**

धेरै शिक्षक यस्ता छन् जसको अधिकांश समय विद्यालयमा होइन, पार्टी कार्यालयमा बित्छ। जसको झोलामा विद्यालयमा अध्यापन गराउन आवश्यक पुस्तक तथा शैक्षिक सामग्री होइन, दलका घोषणापत्र तथा दस्तावेजहरू हुन्छन्। सबै राजनीतिक दलको लागि शिक्षक भोट छाप्ने मेशिन भएको छ। राजनीतिक दलले कार्यकर्ता परिचालन गर्ने भनेको एक हिसाबले शिक्षक परिचालन गर्ने हो।

**लट्ठी टेक्ने उमेरसम्म जागिर खाने प्रवृत्ति**

शिक्षकले अनिवार्य अवकाश पाउने उमेर ६० वर्ष हो। शिक्षा प्राविधिक विषय हो। यो पेशाको लागि जुझारु, सृजनशील, लगनशील र आफ्नो कार्यक्षमता निरन्तर अद्यावधिक गर्न सक्ने युवा पुस्ता आवश्यक छ, जोतिन नसक्ने बुढोगोरु होइन। सामुदायिक विद्यालयको गुणस्तर वृद्धि गर्ने हो भने ३० वर्ष नाघेकालाई शिक्षकमा नियुक्त गर्नुहुँदैन र ५० वर्ष नाघेकालाई अनिवार्य अवकाशको व्यवस्था हुनुपर्दछ।

**शिक्षकलाई राजनीतिक दलको आश्रय**

शिक्षकलाई 'जागिर'मा कुनै समस्या परेमा ऊ जाने ठाउँ शिक्षा कार्यालय होइन, पार्टी कार्यालय हो। पुरस्कार, सरुवा, बढुवा जिल्ला शिक्षा कार्यालय वा शिक्षा विभाग वा शिक्षा मन्त्रालयले होइन, पार्टीले गर्छ। अनि शिक्षक कोहीप्रति उत्तरदायी किन बन्नु पर्‍यो जब राजनीतिक दल नै शिक्षकका लागि 'त्वमेव माताश्च, पिता त्वमेव' हुन्छ भने। यहाँसम्म कि एस.एल.सी.को सुपरीवेक्षक नियुक्त गर्न मात्र होइन, जनगणनाको लागि गणक नियुक्त गर्न समेत पार्टीहरूले भागबण्डाको आधारमा गर्छन्।

**अधिकारविहीन प्रअ र जिशिअ**

प्रधानाध्यापक विद्यालयको प्रमुख हो भने जिल्ला शिक्षा अधिकारी जिल्लाभरिका शिक्षक र विद्यालयहरूको प्रमुख। प्रमुखलाई पुरस्कार दिने र दण्ड दिने अधिकार हुनुपर्छ। तर हालको व्यवस्था अनुसार प्रधानाध्यापकको अधिकार भनेको शिक्षकलाई तलब खुवाउने चेक र तलबी भर्पाइमा सही गर्ने र बढिमा हाजिरकापीमा अनुपस्थित शिक्षकको बिदा लेख्ने हो। जिल्ला शिक्षा अधिकारीको अधिकार भनेको राजनीतिक दल र तिनका भ्रातृ सङ्गठनले गरिदिएको निर्णयमा सही गर्नु हो।

शिक्षकले जतिसुकै बद्‌मासी गरोस्, जिल्ला शिक्षा अधिकारीले अरू त अरू त्यस्ता शिक्षकलाई एक कि.मी. परको अर्को विद्यालयमा सरुवा गर्ने हैसियत समेत राख्दैनन्। बरु एउटा प्राथमिक तहको शिक्षकले जिल्ला शिक्षा अधिकारीलाई नै सरुवा गरिदिने धम्की दिने 'हैसियत' राख्दछन्।

**पुरस्कार तथा दण्डको व्यवस्था नहुनु**

शिक्षक विद्यालय गए पनि हुन्छ, नगए पनि हुन्छ। कक्षा कोठामा गए पनि हुन्छ, नगए पनि हुन्छ। पढाए पनि हुन्छ, नपढाए पनि हुन्छ। न शिक्षकले साह्रै लापरबाही गर्दा गाली गर्ने कोही छ, न साह्रै मिहिनेत गर्दा स्याबासी दिने कोही छ। पुरस्कारको व्यवस्था छैन भनौं, प्रत्येक वर्ष शिक्षा पुरस्कार बाँडिन्छ, बढुवाको व्यवस्था पनि छ। तर त्यो व्यवस्था इमानदार र मिहिनेती शिक्षकको लागि होइन, दलका कार्यकर्ता र शिक्षक संघ-सङ्‌गठनका नेताको लागि हो।

**वेतन दिने सरकार, बुझाउने निजी विद्यालयलाई**

सरकारले दिएको तलब अधिकांश सरकारी कर्मचारीले निजी विद्यालयमा बुझाउँछन्। सरकारी कर्मचारीले त गरे-गरे, सरकारी शिक्षकले समेत सामुदायिक विद्यालयमा बुझेको तलब निजी विद्यालयमा बुझाउँछन्। अनि सामुदायिक विद्यालयमा पढाउने शिक्षक कोप्रति जिम्मेवार रहन आवश्यक रह्‌यो र? सरकारी लाभको पदमा बस्ने हरेक व्यक्तिले आफ्ना छोराछोरी अनिवार्य रूपमा सामुदायिक विद्यालयमा पढाउनुपर्ने व्यवस्था गर्न सकिएमा मात्र पनि सामुदायिक विद्यालयको आमूल परिवर्तन सम्भव छ।

**सरकार र अभिभावकको अनुगमन नहुनु**

सरकार चलाउनेका छोराछोरी, जागिरेका छोराछोरी, कर्मचारीका छोराछोरी, नेताका छोराछोरी, व्यापारीका छोराछोरी, शिक्षकका छोराछोरी निजी विद्यालयमा पढ्छन्। कतै केही हैसियत नभएकाका छोराछोरी मात्र सामुदायिक विद्यालयमा पढ्छन्। त्यसता अभिभावकहरूले विद्यालय र शिक्षकले जतिसुकै लापरबाही गरे पनि विद्यालय वा जिल्ला शिक्षा कार्यालयमा गुनासो गर्ने हैसियत राख्दैनन्, गुनासो गरे पनि तिनका गुनासोले केही अर्थ राख्दैन।

**गुणस्तरहीन पाठ्यपुस्तक**

सरकारले सामुदायिक विद्यालयमा पढ्ने विद्यार्थीलाई नि:शुल्क पाठ्यपुस्तकको व्यवस्था गरेको छ। पाठ्यपुस्तकमा प्रयोग भएको कागजको गुणस्तर त यस्तै त्यस्तै हो, पाठ्यवस्तु समेत निजी विद्यालयमा प्रयोग हुने पाठ्यपुस्तकको तुलनामा न गुणस्तरीय छ न आकर्षक नै। खासगरी साना विद्यार्थीले प्रयोग गर्ने पाठ्यपुस्तक रङ्गीन चित्रले भरिएको र पाठ्यवस्तु आकर्षक ढङ्गले प्रस्तुत गरिनु आवश्यक छ जसले साना विद्यार्थीलाई आकर्षित गर्नुका साथै पढाइमा रुचि जगाउँछ। तर सामुदायिक विद्यालयमा साना विद्यार्थीले प्रयोग गरिने पाठ्यपुस्तक वास्तवमै 'दानमा प्राप्त गरेको थारो गाई' जस्तो छ।

**सक्षम व्यक्ति शिक्षण पेशाप्रति आकर्षित नहुनु**

शिक्षण पेशालाई अन्यत्र नपाएपछि जागिर खाने ठाउँको रूपमा बुझिन्छ। वास्तवमा शिक्षण पेशामा सबैभन्दा दक्ष व्यक्तिहरू हुनुपर्ने हो। भनिन्छ, "एक अयोग्य शिक्षकले एउटा पुस्तालाई नै पछाडि धकेल्छ।" यस्तो संवेदनशील पक्षमा दक्ष जनशक्ति आकर्षण गर्न सरकारको ध्यान पटक्कै गएको देखिँदैन बरु सामुदायिक विद्यालयलाई अस्थायी शिक्षक भर्तीकेन्द्र बनाइएको छ।

माथि उल्लेख गरिएका बुँदाहरूमध्ये आधाभन्दा बढी बुँदाहरूमा शिक्षकको कमजोरी देखिन्छ तर यसमा शिक्षक मात्र दोषी भन्न पटक्कै सकिँदैन। शिक्षक पनि एक सामाजिक प्राणी हो। जबसम्म कर्तव्यच्युतलाई सजाय र इमानदारलाई पुरस्कारको संस्थागत रूपमा विकास गर्न सकिँदैन यसको वा उसको दोष भनेर कुनै पनि पक्ष पन्छिएर पानीमाथि ओभानो बन्न खोज्नु देशलाई अरु एक पुस्ता पछाडि धकेल्नु र बर्बाद बनाउनु हो। एउटा प्रचलित, सान्दर्भिक, मार्मिक भनाइ छ, "एक वर्षको लागि धान रोप, दश वर्षको लागि रूख रोप, सय वर्षको लागि शिक्षामा लगानी गर।"

शिक्षक, समुदाय र सरकारलाई चेतना भया।

*वाल्मीकि निमावि, बागेश्वरी-८, भक्तपुर*

## *शिक्षक* मासिकको सूचना !

यहाँहरूलाई उपलब्ध भैरहेको *शिक्षक* मासिकको भुक्तानीको लागि राष्ट्रिय बाणिज्य बैंक पुल्चोक शाखा अन्तर्गत ज्ञान विज्ञान शैक्षिक सहकारी संस्था लिमिटेड/शिक्षक मासिकको नाममा रहेको चल्ती खाता नं. १६१३ मा रकम जम्मा गरिदिनुहुन अनुरोध छ। रकम जम्मा गरेको रसिद सुरक्षित राख्नुहोला। जम्मा गरेपछि *शिक्षक* को कार्यालयमा खबर गर्नुहोला।

शिक्षक मासिक

**ज्ञान-विज्ञान शैक्षिक सहकारी संस्था लिमिटेड**
मचागाः (मच्छिन्द्रमार्ग), जावलाखेल, ललितपुर,
**पो.ब.नं. ३९१, ललितपुर,** फोनः ५५४३२५२, ५५४८१४२, फ्याक्सः ५५४११९६
इमेलः mail@teacher.org.np, वेबः www.teacher.org.np

मनका कुरा

# निजीस्रोतका शिक्षकको पीडा

■ मदन अधिकारी

विद्यार्थी गिलो माटो हो, त्यो माटोलाई शिक्षकले के को आकार दिने हो सो को निर्क्योल गर्न सक्नुपर्दछ। जसरी एउटा सही चालकले गाडीलाई सही गति दिई यात्रुलाई गन्तव्य तर्फ डोऱ्याउँछ त्यसरी नै एउटा योग्य र सफल शिक्षकले समाजलाई सही गति दिई गन्तव्यतर्फ डोऱ्याउँछ। देश निर्माणका लागि चाहिने उत्कृष्ट र सक्षम व्यक्तिको उत्पादन गर्ने उत्पादक नै शिक्षक हो।

तर हाम्रो मुलुकमा यस्तो महत्त्व भएको व्यक्ति अर्थात् शिक्षकलाई सम्मानजनक व्यवहार गरिएको पाइँदैन। अर्कोतर्फ शिक्षकलाई स्थायी, अस्थायी, लियन, राहत, पीसीएफ, निजी स्रोत लगायत विभिन्न वर्गमा वर्गीकृत गरिएको छ। एकै विद्यालयमा शिक्षण गर्ने शिक्षकलाई यसरी विभिन्न वर्गमा वर्गीकरण गर्दा कुनै शिक्षकमा अहमताको वृद्धि भई आफू मात्र विद्यालयको सर्वेसर्वा हुने र आफूभन्दा तल्लो वर्गको शिक्षकलाई शिक्षकको रूपमा नै नगन्ने परिस्थितिको समेत सिर्जना भइरहेको छ। उता तल्लो वर्गको शिक्षकलाई जति नै मिहिनेत गरे पनि परिश्रमको सम्मान र मूल्याङ्कन नभएको देख्दा शिक्षण पेशाप्रति नै वैमनस्यता र वितृष्णा पैदा हुँदै गइरहेको तीतो यथार्थ हामीमाझ छर्लङ्ग छ।

विद्यालय परिवारले गर्ने हरेक निर्णयमा स्थायी, अस्थायी र सरकारी तलब खाने शिक्षकहरू मात्र असल सल्लाहकार र सुझावदाता बन्ने गरेका छन्। निजी स्रोतका शिक्षकको मनसाय के छ भन्ने बुझ्ने प्रयास नै गरिँदैन।

यसरी शिक्षकलाई यस्तो बिल्ला भिराएर विद्यालय पठाउँदा अपेक्षित शिक्षण उपलब्धि नभएको सरकारले अझै बुझ्न सकिरहेको छैन। शिक्षकलाई यसरी विभिन्न वर्गमा विभाजित गर्दा सेवा र सुविधाबाट बञ्चित भई मारमा पर्ने सबैभन्दा बढी निजी स्रोतका शिक्षक रहेका छन्। यी शिक्षकले नियमित र इमानदारीपूर्वक विद्यालय र विद्यार्थीको हक-हितमा पसिना बगाउँदै ज्ञान बाँडे पनि अन्य शिक्षकको तुलनामा अत्यन्तै न्यून पारिश्रमिक पाउँदै आएका छन्। विद्यालय व्यवस्थापन समितिले जति तलब सुविधा तोक्दछ त्यसैलाई सहर्ष स्वीकार्न निजीस्रोतका शिक्षकहरू बाध्य छन्। उता तलब सुविधा वृद्धि गर भन्दै स्थायी, अस्थायी लगायतका शिक्षकहरू आन्दोलनमा उत्रन्छन् सरकारलाई दबाब दिनको लागि। तर निजीस्रोतका शिक्षक तलब वृद्धिको लागि आन्दोलन गर्न कता जाओस्, के गरोस्। ऊ त विवश छ विव्यसको निर्णयसामु।

हरेक चौमासिकमा तलब थाप्दा उसको मन नमीठोसँग कुँडिन्छ आफ्नो उही जिम्मेवारी बोकेर कार्य गरिरहेको सहकर्मी शिक्षकसँग रहेको तलबको अनमेल खाडल देखेर। हो यस्तो विवशतामा बाँधिएर निजी स्रोतका शिक्षकहरू शिक्षण गरिरहेका छन्। तलब वृद्धिको माग गर्न अरू शिक्षकको जस्तो उनीहरू विद्यालय छोडेर सडकमा जान सक्दैनन् किनकि सो को जिम्मेवारी सरकारले लिएको छैन। उता व्यवस्थापन समिति समक्ष माग गर्दा 'विद्यालयको स्रोत छैन' जस्तो जवाफ प्राप्त भएपछि अरू के नै पो गर्न सक्छन्, टुलु-टुलु हेरेर बस्नुको सट्टा। एकै विद्यालयमा शिक्षण गर्ने एक शिक्षकको मासिक तलब रु.१४-१५ हजार तर उति नै परिश्रम गरेर शिक्षण गर्ने अर्को एक शिक्षकको तलब मात्र रु.४-५ हजार हुँदा कतिसम्मको श्रमको शोषण भएको छ भन्ने कुरा स्वतः प्रमाणित हुन्छ। हुन त यदाकदा कुनै कुनै विद्यालयले निजी स्रोतका शिक्षकलाई समेत अरू शिक्षकको बराबरको तलब सुविधा उपलब्ध गराएको होला तर देशका सामुदायिक विद्यालयका अधिकांश निजीस्रोतका शिक्षकहरूको यस्तो दयनीय स्थिति रहेको छ। लगातार ६ घण्टीसम्मको शिक्षणबाट थाकेको शिक्षक आफ्नो पारिश्रमिक सम्झिएर रुन् थाक्न पुग्दछ।

निजी स्रोतका शिक्षकहरू अन्य विविध कुरामा समेत पछिपरेका छन्। विद्यालय परिवारले गर्ने हरेक निर्णयमा उनै स्थायी, अस्थायी र सरकारी तलब खाने शिक्षकहरू मात्र असल सल्लाहकार र सुझावदाता बन्ने गरेका छन्। निजी स्रोतका शिक्षकको मनसाय के छ भन्ने बुझ्ने प्रयास नै गरिँदैन।

एक त अति कम पारिश्रमिक अनि सहकर्मी शिक्षकबाटै पाउने हेयपूर्ण व्यवहारबाट निजी स्रोतका शिक्षकहरू मारमा परेका छन्।

आज देशमा यति विघ्न किसिमका शिक्षकहरू रहनुको प्रमुख कारक सरकार हो। सरकारको गैरजिम्मेवारीपनले गर्दा नै देशमा विभिन्न उपमा पाएका शिक्षकहरूको जमघट रहेको छ। देशभरि खाली भएका २३ हजार दरबन्दीका लागि चाँडो शिक्षक सेवा आयोगले विज्ञापन गरे निजी स्रोतका शिक्षक पनि सरकारी स्रोतका शिक्षक बन्न पाउने थिए। साथै विद्यालयको आर्थिक भार पनि कम भई विद्यालयले विद्यालयको विविध पक्षको सुधार गर्न सहज हुनेथियो। तसर्थ आजको आवश्यकता भनेको नै शिक्षक सेवा आयोगबाट विज्ञापन आह्वान गरी रिक्त दरबन्दीमा पदपूर्ति गर्नु हो।

*श्री कन्चनजंघा निमावि, मेनपा-१३, सालघारी (झापा)*



# 'विशेष पाठ्यक्रम'ले मान्यता पाएन !

**सिन्धुली,** रानीवासस्थित जनज्योति प्राविका शिक्षक शम्भु परियारले गत वर्ष उच्चमाध्यमिक शिक्षा परिषद्को 'विशेष पाठ्यक्रम'बाट कक्षा १२ उत्तीर्ण गरे। यस अनुसार, निम्नमाध्यमिक तहको शिक्षणका लागि उनको योग्यता पूरा हुनुपर्थ्यो ।

तर, शिक्षक सेवा सेवा आयोगले परियारको शैक्षिक योग्यता र प्रमाणपत्र नै अस्पष्ट रहेको भन्दै निम्नमाध्यमिक तहको शिक्षण लाइसेन्सका आवेदन बुझ्न अस्वीकार गरिदिएको छ । परियारले भने, "उतिबेला योग्यता बढाउने अवसर भनेर परीक्षा दिन लगाइयो । तर, अहिले निमाविमै लाइसेन्सको फारम भर्न नपाएपछि त्यसको के अर्थ रह्यो र ?" परियारसँगै 'विशेष पाठ्यक्रम'बाट कक्षा १२ उत्तीर्ण भएका ४ हजार ७१० जना शिक्षकहरू शिक्षण लाइसेन्सको आवेदन भर्ने अवसरबाट बञ्चित भएका छन् ।

विद्यालय क्षेत्र सुधार योजनाले आधार भूत तह (कक्षा १-८) शिक्षणका लागि प्रमाणपत्र तह सरहको योग्यता अनिवार्य गरेपछि एसएलसी उत्तीर्ण गरी १० महिने तालिम पाएका प्राथमिक शिक्षकलाई 'विशेष पाठ्यक्रम' मार्फत कक्षा १२ को परीक्षा लिइएको थियो। शैक्षिक जनशक्ति विकास केन्द्रले दिएको १० महिने तालिमलाई ४०० पूर्णाङ्कसरह मान्यता दिएर कक्षा १२ मा ६०० पूर्णाङ्कको पाठ्यक्रम बनाइएको थियो । केन्द्र र उच्चमाध्यमिक शिक्षा परिषद्बीचको सम्झौता अनुसार, ल्याइएको यो कार्यक्रमलाई शिक्षा मन्त्री अध्यक्ष रहने राष्ट्रिय पाठ्यक्रम तथा मूल्याङ्कन परिषद्ले पनि स्वीकृत गरेको थियो ।

उमाशि परिषद्ले 'विशेष पाठ्यक्रम' उत्तीर्ण शिक्षकलाई मार्कशिट मात्रै दिएको छ, ट्रान्सक्रिप्ट चाहिँ छैन। जसमा 'विशेष पाठ्यक्रम उत्तीर्ण' गरेको भन्ने लेखिएको छ। शिक्षक सेवा आयोगले मुख्य प्रश्न यसैमा उठाएको हो। आयोगका अध्यक्ष उदयराज सोतीले भने, "परिषद्ले दिएको मार्कशिटमा न १२ कक्षा उत्तीर्ण लेखिएको छ, न त प्राप्ताङ्क प्रतिशत र श्रेणी नै खुलाइएको छ। यस्तो प्रमाणपत्रलाई आधार मानेर लाइसेन्सको आवेदन बुझ्न सकिँदैन ।"

परिषद् भने 'विशेष पाठ्यक्रम' को कोर्स उमावि सरह भए तापनि कक्षा १२ उत्तीर्ण भनेर लेख्न नमिल्ने र ट्रान्सक्रिप्ट पनि दिन नमिल्ने अडानमा छ। परिषद्का प्रवक्ता नारायण कोइराला भन्छन्, "यो कक्षा ११ र १२ को जस्तो नियमित कोर्स होइन । त्यसैले कक्षा १२ लेख्न मिल्दैन । हामीले कक्षा १२ को ६०० पूर्णाङ्कको परीक्षा मात्रै लिएका हौं। त्यसैले ट्रान्सक्रिप्ट दिनै सकिँदैन।"

आयोगले गत पुसमा स्थायी शिक्षण लाइसेन्सको आवेदन मागेको थियो। यो म्याद २४ पुसमा सकिएको छ । तर, 'विशेष पाठ्यक्रम' उत्तीर्ण शिक्षकले त्यसमा आवेदन दिन नपाएपछि यो कार्यक्रमको औचित्यमाथि नै प्रश्न उठेको छ। यो अन्योल देखिनुमा 'विशेष पाठ्यक्रम' लागू गर्नुपूर्व नै शैक्षिक जनशक्ति विकास केन्द्र र उमाशि परिषद्बीच पर्याप्त तयारी नपुगेको देखिन्छ।

उक्त कोर्स पूरा गरेका शिक्षकलाई त्रिविवि, शिक्षाशास्त्र सङ्कायले पनि बी.एड. तहमा भर्ना लिन अस्वीकार गर्दै आएको छ। त्रिविवि प्राज्ञिक परिषद्बाट 'विशेष पाठ्यक्रम'को कोर्स प्रमाणपत्र तह सरह भएको प्रमाणित नभएसम्म बी.एडमा भर्ना लिन नसक्ने अडान लिँदै आएको छ। यता, शैक्षिक जनशक्ति विकास केन्द्रले भने यो अन्योल हटाउन उमाशि परिषद् र त्रिविसँग छलफल गरिने जनाएको छ । केन्द्रका कार्यकारी निर्देशक सूर्यप्रसाद गौतमले भने, "मार्कशिटमा देखिएको अस्पष्टता हटाउन उमाशि परिषद् र बी.एड.मा भर्ना लिनका लागि समकक्षता दिन त्रिविलाई छलफल गर्ने तयारीमा छौं ।"

# लगाउनै नपर्ने पोशाकलाई ६२ करोड !

**निजामती** कर्मचारीसँगै शिक्षकहरूले पनि रु.७ हजार ५०० का दरले पोशाक भत्ता बुझे। ८३ हजार १०० भन्दा बढी स्थायी शिक्षकको पोशाक भत्ताका निम्ति सरकारको ढुकुटीबाट रु.६२ करोड ३६ लाख खर्च भयो। तर पोशाक चाहिँ बिरलै शिक्षकले लगाए।

शिक्षा विभागले गत वर्ष स्थायी शिक्षकलाई भत्ता पठाउनुअघि पोशाकको रङ निर्धारण गर्नका निम्ति शिक्षक नेताहरूसँग छलफल गरेको थियो । तर, नेताहरूले अस्थायी लगायतका सबै शिक्षकलाई भत्ता दिने निर्णय नभएसम्म पोशाकको रङ नतोक्ने अडान राखेपछि विभागले रङै नतोकी रकम निकासा गरेको थियो । सिद्धिमङ्गल मावि, ललितपुरका शिक्षक नवराज राउतले भने, "एक त पोशाकको रङ पनि तोकिएन। फेरि सबैले नपाएसम्म स्थायीले मात्रै नलगाउने भन्ने सुनियो । अनि मैले पनि पोशाक भत्ता घर खर्चमा चलाइदिएँ।"

शिक्षकका संघ/सङ्गठनले भने सबैलाई भत्ता नदिएसम्म पोशाक नलगाउने अडान दोहोऱ्याइरहेका छन्। शिक्षक युनियनकी उपाध्यक्ष पूर्णा जोशी भन्छिन्, "पोशाक तोकिसकेपछि कसैले लाउने र कसैले नलाउने भन्ने सवालै हुँदैन । सबैले नपाएसम्म स्थायी शिक्षकले पनि लगाउने छैनन् । बरु स्थायीलाई पनि नदिए हुन्छ।"

शिक्षा मन्त्रालयका सहसचिव जनार्दन नेपाल भन्छन्, "स्थायी शिक्षकलाई दिइएकै हो। तर, लगाउन मानेनन् । सबै शिक्षकलाई पोशाक भत्ता पुऱ्याउन त गाह्रो छ।"

शिक्षा विभागले स्थायी शिक्षकका निम्ति आव २०६८/६९ मा पनि पोशाक भत्ता छुट्याएको छ। पोशाकको विवाद यस वर्ष पनि निरुपण नहुने हो भने फेरि रु.६२ करोडभन्दा बढी रकम शिक्षककै घरायसी प्रयोजनमै खर्च हुनेछ।

# दैलेख परियोजनाको समीक्षा

**दैलेख** जिल्लाका विद्यालयको पठनपाठनको स्तरमा सुधार गर्ने उद्देश्यले दुई वर्षअघि शुरु भएको 'दैलेख स्कूल सुधार परियोजना'को बारेमा सदरमुकाम दैलेख बजारमा समीक्षा बैठक सम्पन्न भएको छ। ललितपुरको रातो बङ्गला फाउण्डेसन र जिल्ला शिक्षा कार्यालयद्वारा २२ पुसमा आयोजित वार्षिक समीक्षा बैठकमा जिल्लाका केही विद्यालयका प्रअ तथा शिक्षक, राजनीतिक दलका स्थानीय नेता, गैरसरकारी संस्थाका प्रतिनिधि, जिल्लास्थित सरकारी कार्यालयका प्रमुख लगायतको सहभागिता थियो।

परियोजनाका संयोजक मीनबहादुर शाहीले वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै ६० प्रतिशत विद्यालयमा न्यूनतम सुधार आएको दाबी गरे। हालै मात्र जिशिअ बनेर दैलेख आइपुगेका हेमराज पुजाराले दूरदराजका सार्वजनिक स्कूलको सुधारमा केन्द्रित उक्त कार्यक्रमलाई आफ्नो कार्यकालमा सफल पार्न कुनै कसर बाँकी नराख्ने प्रतिबद्धता जनाए।

समूहगत छलफलबाट सहभागीहरूले परियोजनाको सबल पक्ष पहिचान गरेका थिए, जो यस्ता थिए: शिक्षकलाई व्यावहारिक तालिम पाइएको, स्कूलमा बालकेन्द्रित शिक्षण विधिको प्रयोग हुन थालेको, परियोजना कार्यमार्फत सिकाउन थालिएको, निरन्तर मूल्याङ्कन पद्धतिको प्रयोग शुरु भएको, स्थानीय शैक्षिक सामग्रीमा वृद्धि भएको, बालबालिकामा आत्मविश्वास, नेतृत्व क्षमता र



समीक्षा बैठक बाहिरको शैक्षिक प्रदर्शनी

# काजै काजको जागिर

**एउटा** शिक्षक वा कर्मचारीले एक वर्षमा कति दिन बिदा पाउला? अनि महिनामा कतिपटक काज लिन पाउला? यसको जवाफ सहज रूपमै आउँछ, एक वर्षमा १२ दिन र अत्यावश्यक काम परेमा महिनामा एकदेखि दुई पटकसम्म। तर, ओखलढुङ्गा जिल्लाको पाल्ले- ४ स्थित जनता प्राथमिक विद्यालय दोराखर्कका प्रअ रामदेव चौधरीले दिन बिराएर काज लिने गरेको तथ्य फेला परेको छ। उनी काज लिएर सदरमुकाम ओखलढुङ्गा जाने र महिनामा २२ दिनसम्म विद्यालयमा अनुपस्थित रहने गरेको भेटिएको छ।

चौधरी काजमा सदरमुकाम आउजाउ गरेका कारण विद्यालयको पठनपाठन प्रभावित हुने गरेको विद्यालय व्यवस्थापन समितिका सदस्य दोर्जी शेर्पाले बताए। कक्षा पाँचसम्म सञ्चालनमा रहेको उक्त विद्यालयमा तीन जना स्थायी दरबन्दी र एक जना राहत शिक्षक छन् भने एक जना स्कूल कर्मचारी छन्। प्रत्येक कक्षाका लागि एक जना शिक्षकको व्यवस्था भए पनि अहिले विद्यालयमा दुई जनाले मात्र अध्यापन गराइरहेका छन्। प्रअ चौधरी सदरमुकाम गइरहने, शिक्षक गोपीकृष्ण कोइराला र शिक्षक भगवती बास्कोटा काजमा अरू स्कूलमा पढाउने गरेका कारण विद्यालय सञ्चालनमा समस्या परेको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष गेल्बु शेर्पा बताउँछन्।

प्रअ र शिक्षक काजमा जाँदा पढाइ हुन छाडेपछि विद्यार्थीहरू स्कूल छाडेर घरतिर लाग्न थालेको अध्यक्ष शेर्पा बताउँछन्। प्रधानाध्यापक चौधरी एक शैक्षिक सत्रमा तीन महिनाभन्दा बढी समय विद्यालयमा अनुपस्थित रहने गरेको र रजिष्टर आफ्नै कोठामा लगेर हाजिरी गर्ने गरेको अभिभावकहरूको गुनासो छ।

२५ मङ्सिर, २०६८ मा ओखलढुङ्गाका जिल्ला शिक्षा अधिकारी शुकदेव

सृजनशीलताको विकासको लागि बाल क्लबको प्रयोग हुन थालेको, विद्यालयले गरेका राम्रो काममा प्रोत्साहन र सहयोग मिल्न थालेको। त्यस्तै, उनीहरूले परियोजनालाई सफल पारी स्कूलमा सुधार ल्याउन शिक्षकलाई छोटो अवधिका थप नयाँ तालिम दिनुपर्ने, अभिभावकको सक्रियता बढाउनुपर्ने, पुस्तकालयमा नवीन र उपयोगी किताब बर्सेनि थपिनुपर्ने र यसलाई विद्यार्थीको उपयोगमा आउने बनाउन सुझाव दिएका थिए। उनीहरूले विद्यालयका निरीक्षणलाई प्रभावकारी बनाउन र राम्रो गर्ने विद्यालयलाई प्रोत्साहन कार्यक्रम ल्याउन आवश्यक भएको कुरामा जोड दिएका थिए।

स्थानीय विकास अधिकारी रामप्रसाद पाण्डेको कथन थियो, "रातो बङ्गलाले आफ्ना विद्यार्थीका लागि मात्र नभएर देशका कुनाकाप्चाका बालबालिकाका लागि पनि राम्रो शिक्षा दिने शोचका साथ आएकोले यसलाई सफल पार्न सबै दैलेखवासी लागिपर्नु पर्छ। जिल्लाभरमा कक्षा १० को टेष्ट परीक्षामा ८८.७२ प्रतिशत विद्यार्थी पास गरिन्छन्। तर एसएलसीमा करीब ३० प्रतिशतको हाराहारीमा मात्र उत्तीर्ण हुन्छन्। यसको अर्थ के हो?" त्यस्तै प्रमुख जिल्ला अधिकारी मणिराज पोखरेलले निवेदन लेख्न नजान्ने मानिसले शिक्षक अध्यापन अनुमति पाएको दृष्टान्त दिँदै योग्य व्यक्तिलाई मात्र शिक्षण पेशामा भित्र्याउन र न्यूनतम क्षमता पनि नभएकालाई पेशाबाट बिदा गर्न नसकेसम्म दैलेखको शिक्षामा चाहे जस्तो सुधार आउन नसक्ने जिकिर गरे।

केही विद्यालयको स्थलगत अवलोकन पछि कार्यक्रममा सहभागी हुनपुगेकी मध्यपश्चिमाञ्चल क्षेत्रीय शिक्षा निर्देशक नीरा शाक्यले शिक्षकहरूले केही रचनात्मक प्रयास गरेको बताइन्। तर उनको जिकिर थियो, "दुई-चारवटा स्कूल राम्रो भयो भन्दैमा जिल्लाका सबै स्कूलमा सुधार आयो भनेर अर्थ लगाउन मिल्दैन। माथिबाट ठूलो व्यक्ति आयो, उसलाई सपारेको देखाउने कोणबाट होइन, सधैँ राम्रो गर्ने शोचबाट शिक्षकहरूले काम गर्नुपर्छ।" स्कूलमा सुधार ल्याउन आफूहरू, सरकार, अभिभावक, राजनीतिक दल सबैको भूमिका महत्त्वपूर्ण रहे पनि सबैभन्दा महत्त्वपूर्ण भूमिका चाहिँ आफ्नो भएको कुरा मनन् गर्न शिक्षक समुदायसित अनुरोध गरिन्।

रातो बङ्गला स्कूलकी निर्देशक डा. शान्ता दीक्षितले दैलेखका विद्यालयहरूमा विगतको तुलनामा सुधार आएको चर्चा गर्दै त्यो पर्याप्त भने नभएको स्वीकार गरिन्। "कक्षाकोठाको परिवर्तन नेपालमा मात्र होइन, संसारभर नै कठिन विषय बनेको छ", उनले भनिन्, "शिक्षामा रातारात परिवर्तन आउन सक्दैन। निरन्तरको प्रयास र अथक् परिश्रम गरेपछि स्कूलमा विस्तारै परिवर्तन आउँछ। त्यसैले हामीले धैर्य राखेर काम गर्नुपर्छ।" स्कूलमा भएको साधन स्रोतको उच्चतम उपयोग नगरी बस्ने बानीमा सुधार ल्याउन सके मात्र स्कूलमा छिटो सुधार हुने उनको निष्कर्ष थियो।

ललितपुर, मकवानपुर, म्याग्दी, धादिङ र दैलेख जिल्लाका दश दशवटा सामुदायिक विद्यालयको पठनपाठनमा सुधार ल्याउने अभिप्रायले रातो बङ्गलाले २०६० सालदेखि सार्वजनिक-निजी साझेदारी कार्यक्रम सञ्चालन गर्दै आएको छ। हाल जारी पाँच वर्षे (२०६६-७०) परियोजना त्यसैको विस्तारित रुप हो, जुन दुई वर्षदेखि सञ्चालन हुँदै आएको छ। यस अन्तर्गत रातो बङ्गलाले शिक्षकहरूलाई लामो तथा छोटो अवधिको तालिम दिने गरेको छ भने विद्यालयका अगुवाहरूको लागि नेतृत्व विकास तालिम दिँदै आएको छ। यस परियोजना अन्तर्गत दैलेखका १२ वटै स्रोत केन्द्र अन्तर्गत फिल्ड अफिसरको रूपमा पूर्णकालीन सहयोगी कार्यकर्ताहरू राखिएका छन्। संयोजक शाहीका अनुसार, यस परियोजनामा हालसम्म करीब रु.६ करोड खर्च भइसकेको छ।

सापकोटाले उक्त स्कूल अनुगमन गर्दा प्रअ चौधरी विद्यालयमा अनियमित रहेको भेटिएको अनुगमन टोलीका सदस्य स्रोतव्यक्ति गोपीकृष्ण गौतमले बताए। "चौधरीले अभिभावकलाई झुक्याएर धेरै काजमा बस्ने गरेकाले उनलाई एक हप्ताभित्र स्पष्टीकरणसहित जिल्ला शिक्षा कार्यालयमा उपस्थित हुन निर्देशन दिएका छौँ", जिल्ला शिक्षा अधिकारी शुकदेव सापकोटाले भने। नियम विपरित बिदा लिने प्रअ चौधरीको गैरकानुनी क्रियाकलापको छानबिन गरी कारबाही प्रक्रिया अगाडि बढाउन व्यवस्थापन समितिलाई पनि निर्देशन दिइएको जिशिअ सापकोटाले बताए।

**शिवप्रसाद ढुङ्गाना**, ओखलढुङ्गा

**गरिबी, अन्याय, अत्याचार, भ्रष्टाचार अशिक्षा, जातीय भेदभाव हाम्रा शत्रु हुन्। यसका विरूद्ध सबै सचेत, सजग र क्रियाशील रहनु पर्दछ।**

**नेपाल सरकार**
**सूचना तथा सञ्चार मन्त्रालय**
**सूचना विभाग**

बाबुराम विश्वकर्मा

# भूकम्प त आउँछ नै ! बच्न पनि सकिन्छ

विद्यालय भवनहरू समाजका साझा सम्पत्ति मात्र होइनन्, आधारशिला पनि हुन्। १ असोज २०६८ को भूकम्पबाट पूर्वाञ्चलमा घरेलु भवनभन्दा निकै ठूलो अनुपातमा विद्यालय भवनहरू लडे–भत्केको देख्दा हामीलाई आफ्नै आधारभूमिमा चिरा परेको अनुभव भयो। सामान्य नागरिकले प्राविधिक सहायता विना बनाएका घरको तुलनामा सरकारी वा गैरसरकारी सहयोग र इन्जिनियर–ओभरसियरहरूको प्राविधिक रेखदेखमा बनेका स्कूल भवनहरू किन बढी भत्किए ? विद्यालय भवन कमजोर हुनु भनेको समाजका लागि कति ठूलो चुनौती हो ? भूकम्पीय दृष्टिले उच्च जोखिममा रहेको हाम्रो जस्तो मुलुकमा भूकम्प प्रतिरोधी शैक्षिक पूर्वाधार र उपयुक्त भूकम्प शिक्षाको जति खाँचो छ, ती कुराहरू त्यही मात्रामा उपलब्ध भइरहेका छन् त ?

वि.सं. १९९० को भूकम्प गएको मिति २ माघलाई भूकम्प दिवसका रूपमा मनाउने गरिएको छ। कुनै पनि दुर्घटना वा प्रकोप सम्बन्धी दिवस मनाउनु भनेको त्यसलाई सम्झेर भविष्यका लागि सचेत हुनु हो। ९० सालको महाभूकम्पलाई सम्झेर भूकम्पीय जोखिमलाई घटाउने प्रयत्न गर्ने यस मौकालाई सदुपयोग गर्न हामीलाई १ असोजको ताप्लेजुङ भूकम्पका परिणामहरूले पनि प्रेरित गरे। *शिक्षक* मासिकको यो अङ्क विद्यालय भवनको सुरक्षा र भूकम्प शिक्षा सम्बन्धी रिपोर्ट तथा अहिले र उहिलेका शिक्षाप्रद भोगाइ र अनुभवहरूमा केन्द्रित छ।



**नेपालमा सार्वजनिक विद्यालय भवन नभएको नगरपालिका र गाविस भेट्न मुश्किल पर्छ, अर्थात् गाउँ–शहर सबै ठाउँमा सार्वजनिक भवनको रूपमा विद्यालय भवनहरू फैलिएका छन्। तर, हाम्रा स्कूल भवनले आँधी, भूकम्प, बाढी–पहिरो जस्ता प्राकृतिक विपत्ति थेग्न सक्छन्/सक्दैनन् भन्ने बारे विरलै चासो र चिन्तन गरिएको पाइन्छ। स्कूल भवनको सार्वजनिक महत्त्व निजी भवनभन्दा धेरै गुणा बढी हुने कुरा स्वतः स्पष्ट छ। किनभने भूकम्पबाट एउटा घर भत्किँदा ५–१० जनाको ज्यान जोखिममा पर्छ भने एउटा स्कूल भवन ध्वस्त हुँदा सयौँ ज्यान जोखिममा पर्छन्। एउटा घर एउटा परिवारको आश्रय स्थल हो भने स्कूल हरेक घरका बालबालिकाको पढ्ने/सिक्ने मात्र होइन हुर्किने ठाउँ पनि हो। कलिलो उमेर समूहका बालबालिकाको ठूलो हिस्सा अधिकांश समय विद्यालयमा हुने भएकाले स्कूल सुरक्षा बढी संवेदनशील मानिन्छ।**

**सार्वजनिक विद्यालय भवन भूकम्पीय दृष्टिले सुरक्षित र 'नमुना' बन्न सके शिक्षक–अभिभावकले पनि आफ्ना घर सुरक्षित पार्ने प्रेरणा पाउँछन्। भूकम्पले निजी भवन ध्वस्त हुँदा समुदायले सामूहिक रूपमा शरण लिने अस्थायी सेल्टरका निम्ति स्कूल भवन भन्दा उपयुक्त स्थल अरू हुन सक्दैन। भूकम्पपछि अस्थायी बसोबास, स्वास्थ्य सेवा सञ्चालन, सम्पर्क स्थान र उद्धार कार्य स्कूलबाट सञ्चालन गर्न सकिने भएकाले विपतका बेला समुदायको घरको रूपमा प्रयोग हुँदै आएको छ स्कूल। विपत्तिपछि पठनपाठन सुचारु गर्न, बालबालिकाको मनोवैज्ञानिक पीडा कम गर्न र समाजलाई सामान्य अवस्थामा फर्काउनका निम्ति पनि स्कूल भवन भूकम्प प्रतिरोधक हुनु जरुरी हुन्छ। नेपालका सार्वजनिक स्कूलका करिब ६० हजार भवनमध्ये ७५ प्रतिशत भवन भूकम्पीय दृष्टिले उच्च जोखिममा रहेको विश्वास गरिन्छ। स्कूल समयमा ७ रेक्टर स्केलभन्दा बढी क्षमताको भूकम्प गएमा एक लाखभन्दा बढीको ज्यान जाने अनुमान गरिएको छ।**

भक्तपुरको बागेश्वरी ७ का विदुर लामिछाने (३३) का दुई छोरा अहिले सोही गाविस ८ स्थित वाल्मीकि निमाविमा पढ्छन्। पढाइ राम्रो भए पनि वाल्मीकिको भवन देखेर विदुर दिक्दार थिए। किनभने स्कूल समयमा काठमाडौँमा ८ इन्टेनसिटी (करिब ७ रेक्टर स्केल) को भूकम्प आएमा वाल्मीकिको भवन ध्वस्त हुने हालतमा थियो। भूकम्पको त्रासमै पठनपाठन गर्न बाध्य थिए वाल्मीकिका शिक्षक र छात्रछात्रा।

तर, अहिले वाल्मीकि निमाविको भौतिक अवस्था कायापलट भएको छ। *एसियाली विकास बैंक (एडीबी)* को आर्थिक र *भूकम्प प्रविधि राष्ट्रिय समाज–नेपाल (एनसेट)* को प्राविधिक सहयोगमा वाल्मीकि निमाविको पक्की भवन भूकम्प प्रतिरोधात्मक (रेट्रोफिटिङ) तुल्याइएको छ। अब स्कूल समयमा ८ इन्टेनसिटीको भूकम्प आएमा वाल्मीकि निमाविका १३ जना शिक्षक–कर्मचारी र १४५ छात्रछात्रा त जोगिन्छन् नै, स्कूल गएका छोराछोरी भूकम्पबाट पुरिएलान् भन्ने चिन्ताबाट अभिभावक पनि मुक्त भएका छन्। "स्कूल समयमा भूकम्प आयो भने मेरा छोराहरू सुरक्षित हुन्छन् किनभने रेट्रोफिटिङका कारण मेरो घरभन्दा हाम्रो स्कूल सुरक्षित भएको छ", अभिभावक विदुर लामिछानेले *शिक्षक* सँग भने।

२०३० सालमा स्थापना भएको उक्त स्कूल भवन बलियो थिएन। तर, वाल्मीकि निमाविका प्रअ दीनानाथ श्रेष्ठले पहिला बनेको विद्यालय भवन पनि थोरै खर्चमै भूकम्प प्रतिरोधात्मक हुन सक्छन् भन्ने थाहा पाएपछि आफ्नो स्कूललाई भूकम्पबाट जोगाउने अभियान चलाए। लामो दौडधुपपछि उनले सफलता हात पारे। ११ साउन २०६८ बाट भूकम्पीय प्रविधिबाट सबलीकरण गर्न थालिएको काम पाँच महिनामा पूरा भयो।

शिक्षा विभागको १२ लाख ८० हजार लगानीमा भूकम्पीय प्रविधिबाट सबलीकरण गरिएको वाल्मीकि निमावि १२ पुस २०६८ मा व्यवस्थापन समितिलाई हस्तान्तरण गरिएको छ। प्रअ श्रेष्ठ थप्छन्, "यदि हाम्रा नानीहरूलाई स्कूल समयमा आउने भूकम्पबाट बचाउने हो भने नेपालका सबै स्कूल प्रबलीकरण (रेट्रोफिटिङ) गर्नुपर्छ। किनकि बालबालिकाको ज्यानभन्दा बहुमूल्य अरू केही छैन।" भूकम्पबाट स्कूल जोगाउन शिक्षा विभागले दाताहरूको सहयोगमा गएको वर्षदेखि स्कूल भूकम्प सुरक्षा कार्यक्रम *(स्कूल अर्थक्वेक सेफ्टी प्रोगाम, एसइएसपी)* शुरु गरेको छ। शिक्षा विभागका भौतिक शाखाका प्रमुख सिनियर डिभिजनल इन्जिनियर रूपरसिंह विश्वकर्माका अनुसार *एसइएसपी* अन्तर्गत भूकम्पको उच्च जोखिममा रहेका स्कूल भवनको पहिचान र सबलीकरण, भूकम्प बारे शिक्षक, छात्रछात्रा र अभिभावकबीच चेतना अभिवृद्धि, भूकम्पको समयमा आपतकालीन उद्धार योजना र स्कूलमा पूर्वाभ्यास कार्यक्रम शुरु भइसकेको छ। ती कार्यक्रमलाई सबै स्कूलमा पुर्‍याउन भने चुनौती रहेको विश्वकर्मा बताउँछन्।

*एसइएसपी* अन्तर्गत विभागले गएको वर्ष काठमाडौँ, भक्तपुर र ललितपुरका ५/५ गरी जम्मा १५ वटा सरकारी विद्यालय भवन भूकम्प प्रतिरोधक तुल्याएको छ। यसरी भूकम्प प्रतिरोधक बनाएका काठमाडौँका विद्यालयहरूमा गोकर्ण मावि कीर्तिपुर, चुनदेवी मावि थानकोट, मङ्गलोदय उमावि थानकोट, गणेश मावि चपली र कङ्काली मावि चपली छन्। ललितपुरका चाहिँ नारायण निमावि, टीकाथली, सरस्वती उमावि थैब, बालकुमारी प्रावि सैंबु, जनउदय निमावि सैंबु र त्रिपद्म उमावि चपलीलाई भूकम्प प्रतिरोधक बनाइएको छ। त्यसैगरी भक्तपुरका भूकम्प प्रतिरोधात्मक बनाइएका स्कूलहरूमा वाल्मीकि निमाविका अतिरिक्त जनप्रेमी



**प्रतिरोधात्मक भवनः भूकम्पीय प्रविधिबाट सबलीकरण गरिएको भक्तपुरको वाल्मीकि निमावि। उक्त भवनलाई शिक्षा विभागले पहिलो नमुना भवन मानेको छ।**

# रिपोर्ट भूकम्प र स्कूल भवन



राजेन्द्र श्रेष्ठ (आवरण तस्विर पनि)



निमावि कौशलटार, आदर्श उमावि ठिमी, गणेश निमावि नगदेश तथा कन्या उमावि रहेका छन् । उपत्यकाका १५ वटा स्कूल भवन सबलीकरण गर्न गत वर्ष रु.२ करोड १० लाख ७० हजार खर्च भइसकेको छ भने भूकम्प सम्बन्धी चेतना अभिवृद्धिमा रु.४४ लाख १० हजार खर्च भएको छ ।

चालु आर्थिक वर्षमा शिक्षा विभागले काठमाडौंका २०, ललितपुरका २० र भक्तपुरका १० गरी उपत्यकाका कुल ५० वटा विद्यालय भवन भूकम्प प्रतिरोधात्मक बनाउने भएको छ । यसनिम्ति रु.६ करोड ५३ लाख ५ हजार रकम विनियोजन गरिएको छ । भूकम्प शिक्षा तथा चेतना अभिवृद्धिका लागि रु.४२ लाख बजेट छुट्याइएको छ। शिक्षा मन्त्रालयले सन् २०१४ सम्ममा काठमाडौं उपत्यकाका २६० विद्यालय भवन भूकम्प प्रविधिबाट प्रबलीकरण गर्ने लक्ष्य लिएको छ । जसका लागि विभागलाई विश्व बैंकले रु.९ करोड ८६ लाख ४ हजार अनुदान दिने भएको छ भने एडीबी र अष्ट्रेलियन एडले रु.६१ करोड २० लाख दिने भएका छन् ।

### जोखिममा काठमाडौं

शिक्षा विभागका अनुसार काठमाडौं उपत्यकाका १ हजार ४ सय स्कूलमध्ये ९८० स्कूल भवन भूकम्पका दृष्टिले उच्च जोखिममा छन् भने ७०० विद्यालय भवनलाई भूकम्प प्रतिरोधात्मक बनाउनु आवश्यक छ। बाँकी २८० लाई चाहिँ भत्काएर पुनर्निर्माण गरिनुपर्छ। काठमाडौं उपत्यकाका ७०० स्कूल रेट्रोफिटिङ गर्न करिब ५ देखि ६ वर्ष समय र रु.२ अर्ब ३० करोड ४० लाख लाग्ने अनुमान गरिएको छ ।

उपत्यकाका विद्यालयलाई सरकारी खर्चमा भूकम्प निरोधक बनाउन थालिए पनि नेपालका सबै विद्यालय भवनले यस्तो अवसर पाएका छैनन् । भूकम्प *प्रविधि राष्ट्रिय समाज-नेपाल (एनसेट)* ले सन् १९९७ मा काठमाडौं र सन् २००९ मा लमजुङका विद्यालयहरू भूकम्पीय दृष्टिले कति सुरक्षित छन् भन्ने बारेमा विस्तृत अध्ययन गरेको थियो । उक्त अध्ययनले नेपालका मौजुदा विद्यालय भवनमध्ये करिब ७५ प्रतिशत ९ इन्टेनसिटीको भूकम्प आउँदा ध्वस्त हुने हालतमा रहेको देखाउँछ। अध्ययनमा संलग्न एनसेटका निर्देशक रमेश गुरागाईं भन्छन्, “नेपालका ७५ प्रतिशत विद्यालय भवन ठूलो भूकम्पबाट ध्वस्त हुने अवस्थामा छन्। तिनलाई भूकम्प प्रतिरोधात्मक बनाउने वा भत्काउने विकल्प मात्र बाँकी छ। असुरक्षित स्कूल भवनभित्र नानीहरू राख्नु ठूलो जोखिम मोल्नु हो किनभने महाभूकम्प जुनसुकै बेला आउन सक्छ।”

एनसेटको अध्ययन अनुसार भौगोलिक आधारमा भूकम्पको प्रभाव फरक फरक हुन्छ । काठमाडौंमा ९ इन्टेनसिटीको भूकम्प आउँदा ६६ प्रतिशत स्कूल भवन पूर्णत: ध्वस्त हुने देखिएको छ भने २३ प्रतिशत भवन पुनर्निर्माण गर्न सकिने अवस्था रहन्छन्। त्यस्तै त्यस्तो भूकम्पले उपत्यकाका ११ प्रतिशत विद्यालय भवन भूकम्पपछि प्रयोग गर्न नसकिने गरी भत्किने छन् । सोही अनुपातको भूकम्प आउँदा लमजुङमा चाहिँ ५० प्रतिशत स्कूल ध्वस्त हुने, ४० प्रतिशत आंशिक भत्किने र ९ प्रतिशत फेरि प्रयोग गर्न तथा पुनर्निर्माण गर्न नसकिने गरी भत्किने देखिएको छ। ९ इन्टेनसिटीको भूकम्पबाट नवलपरासीका २३ प्रतिशत स्कूल पूरै ध्वस्त हुने, ३६ प्रतिशत प्रयोग गर्न नसकिने गरी भत्किने, २९ प्रतिशत आंशिक भत्किने तथा ७ प्रतिशत थोरै भत्किने देखिएको छ । “इन्टेनसिटी ९ वा त्योभन्दा बढीको भूकम्पले सबैभन्दा बढी काठमाडौं उपत्यका त्यसपछि पहाड र हिमाल अनि सबैभन्दा कम क्षति तराईका स्कूलमा पुग्ने एनसेटको अध्ययनको निचोड छ। भूकम्पबाट हुने क्षति सबैभन्दा



**भूकम्पपछिको कक्षा: १ असोजको भूकम्पले भत्किएको लक्ष्मी निमावि, नाङखोल्याङ, ताप्लेजुङको भवन (बायाँ) र पालमुनि पढ्दै छात्रछात्रा।**

बढी काठमाडौँमा, त्यसपछि लमजुङमा र सबैभन्दा कम नवलपरासीमा हुने देखियो। त्यसैले भौगोलिक आधारमा पनि भूकम्पको असर कम/बढी हुन्छ", गुरागाईंले भने।

धेरैजसो विद्यालय भवनहरू इन्जिनियरिङ प्रविधि नअपनाई थोरै खर्चमा अनौपचारिक बनेका, कमसल निर्माण सामग्री प्रयोग गरिएका, अदक्ष वा अर्धदक्ष कालिगडद्वारा बनाइएका कारण ठूलो स्केलको भूकम्पको सामना गर्न सक्ने अवस्थामा छैनन्। गारोका जोनीहरू कमजोर, बालुवा-सिमेन्टको असन्तुलित प्रयोग, ठूला ग्यालढोका, गह्रुङ्गा छाना तथा छत, गारो तथा पिलर नजोडिएका र तन्कन सक्ने स्थिति नरहेका कारण ८ इन्टेनसिटीको भूकम्पले धेरै स्कूल भत्किने स्थितिमा छन्। भूकम्पका दृष्टिले वर्गाकार भवनहरू सुरक्षित मानिन्छन्। तर, अधिकांश स्कूलहरू अङ्ग्रेजीका *एल, टी र सी* अक्षरका आकारमा निर्माण गरिएकाले ८ इन्टेनसिटीको भूकम्पको प्रतिरक्षा गर्न नसक्ने एनसेटको अध्ययनले देखाउँछ। मौजुदा स्कूल भवनहरू तलमाथि हल्लिने भूकम्पका लागि उपयुक्त भए पनि दायाँबायाँ हल्लिने भूकम्प थेग्ने खालका छैनन्।

यो तथ्यलाई शिक्षा मन्त्रालयले पनि स्वीकार गरेको छ। शिक्षा सचिव किशोर थापाले १३ पुस २०६८ मा शिक्षा विभागले राजधानीमा आयोजना गरेको *स्कूल भूकम्प सुरक्षा* सम्बन्धी राष्ट्रिय कार्यशालामा भने, "कुनै पनि प्रकारको प्रकोपमा समुदायले शरण लिने ठाउँ स्कूल नै हो। तर, हाम्रा अधिकांश विद्यालय भवन सारै कमसल छन्। तिनलाई सबलीकरण नगरी सुखै छैन। ढिलोचाँडो विद्यालय भवनलाई भूकम्प सामना गर्न सक्ने अवस्थामा पुऱ्याउने सरकारको योजना छ।"

भूकम्पबाट विद्यालय भवन असुरक्षित रहेको तथ्यलाई १ असोज २०६८ मा आएको भूकम्पले पुष्टि गरेको छ। किनभने १ असोजको भूकम्पले पूर्वाञ्चलका करिब १००० भन्दा बढी भवन भत्काएको अनौपचारिक आँकडा छ। सरकारले चाहिँ ७०० स्कूल भवन ध्वस्त रूपमा भत्किएको भन्दै ती भवनको पुनर्निर्माणका निम्ति रु.७८ करोड ४६ लाख ५० हजार लाग्ने अनुमानसहित पुनर्निर्माण योजना तयार गरेको छ।

विद्यालय समयमा ८ इन्टेनसिटी वा त्योभन्दा बढीको भूकम्प आएमा विद्यालयमा मात्रै १ लाख ११ हजार ८० ९ जनाको ज्यान जाने देखिएको छ भने ८७ हजार ३६१ गम्भीर घाइते हुनेछन्। यस्तो भूकम्पमा १ लाख ९७ हजार ५३० जना गम्भीर घाइते हुने पनि देखिन्छ। ८ इन्टेनसिटीको भूकम्पबाट स्कूलको भौतिक क्षति रु.७० करोडभन्दा बढी हुने अनुमान गरिएको छ।

## रक्षाकवच सुरक्षित भवन

शिक्षा विभागले दाताको सहयोगमा केही स्कूल रेट्रोफिटिङ गर्न शुरु गरे पनि देशभरिका सबै स्कूललाई भूकम्प प्रतिरोधात्मक बनाउने दिशामा कोही पनि अग्रसर भएको देखिँदैन। भूकम्पका बारेमा विद्यालय व्यवस्थापन समिति, प्रअ-शिक्षक, छात्रछात्रा र स्कूलका अरू सरोकारवालाको चासो र तयारी हेर्दा नेपालमा कहिल्यै पनि महाभूकम्प नै नआउने जस्तो भान हुन्छ।

नयाँ भवनलाई भूकम्प प्रतिरोधात्मक बनाउँदा धेरै खर्च हुँदैन। नयाँ भवनको लागतमा २ देखि ५ प्रतिशत खर्च थप्दा सबै भवन भूकम्प प्रतिरोधात्मक हुन्छन्। पुराना भवनलाई भूकम्पीय प्रविधिबाट सुदृढ तुल्याउँदा चाहिँ भवन बनाउँदाको लागतको २०-२५ प्रतिशत थप खर्च लाग्छ। पुराना भवन रेट्रोफिटिङ गर्दा निर्माण लागतको २५ प्रतिशत बढी खर्च हुन्छ। रेट्रोफिटिङ खर्च २५ प्रतिशतभन्दा बढी हुन्छ भने त्यस्ता भवन भत्काएर नयाँ बनाउनु उपयुक्त हुने इन्जिनियर समेत रहेका एनसेटका निर्देशक रमेश गुरागाईं बताउँछन्। उनका अनुसार ६ कोठाको पुरानो भवन रेट्रोफिटिङ गर्न करिब रु.१३ लाख खर्च हुन्छ। गुरागाईं भन्छन्, "पैसालाई कारण देखाएर छात्रछात्राको जीवनमाथि खेलबाड गर्न पाइँदैन। त्यसैले खर्चका दृष्टिले नयाँ विद्यालय भवन भूकम्प प्रतिरोधात्मक बनाउन र पुराना भवन रेट्रोफिटिङ गर्न सम्भव छ।"

शिक्षा विभागको आँकडा अनुसार देशभरिमा अहिले करिब ६० हजार स्कूल भवन छन्। यसमध्ये २५ प्रतिशत भवन मात्र ८ इन्टेनसिटीको भूकम्प थेग्ने हालतमा छन् भने बाँकी ६० प्रतिशत भवन रेट्रोफिटिङ गर्नुपर्ने अवस्थाका छन्। बाँकीलाई १५ प्रतिशत भवन भत्काएर पुनर्निर्माण गरिनुपर्ने हालतमा छन्।

भूकम्पबाट बच्नका निम्ति अरू जे जति जुक्ति निकाले पनि ८० प्रतिशत सुरक्षा चाहिँ भवनमै निर्भर हुन्छ। त्यसैले सुरक्षित भवन नै भूकम्पबाट बच्ने सबैभन्दा बलियो उपाय हो।

त्यसैले अब बन्ने सबै भवन भूकम्प प्रतिरोधात्मक बनाउन, पुराना भवन भूकम्प प्रतिरोधात्मक तुल्याउन र त्यसो गर्न नमिल्ने पुराना भवन भत्काएर नयाँ बनाउनुको विकल्प छैन। बजेट नभएकाले बनिसकेका स्कूल भवन रेट्रोफिटिङ गर्न र नयाँ भवन भूकम्प प्रतिरोधात्मक बनाउन सकिँदैन भनेर लाखौँ बालबालिका र शिक्षकको ज्यान जोखिममा पार्ने छुट कसैलाई छैन।

रिपोर्ट **भूकम्प शिक्षा**

प्रमोद आयाम

# स्कूलमा पुग्नै बाँकी

**भूकम्पीय दृष्टिले नेपाल उच्च जोखिममा पर्छ। तर अझैसम्म नेपालका अधिकांश स्कूलमा भूकम्पीय सुरक्षाको बारेमा जानकारी समेत पुग्न सकेको छैन।**

*मिति: १८ पुस, २०६८*
*समय: दिउँसो १ बजे*
*स्थान: जनउदय मावि, भैंसेपाटी, ललितपुर*

विद्यालय सहयोगी विमला श्रेष्ठ एकोहोरो घण्टी बजाउँछिन्। सबै विद्यार्थी डराउँदै, तर नआत्तिइकन डेस्कमुनि लुक्छन्। घण्टी बजुन्जेल उनीहरू चुपचाप डेस्कमुनि नै बस्छन्। करिब दुई मिनेटमा घण्टीको आवाज रोकिन्छ विद्यार्थीहरू टाउकोमाथि झोला र किताब राखेर विस्तारै विद्यालय प्राङ्गणमा भेला हुन्छन्।

विमलाले बजाएको घण्टीको आवाजलाई भूकम्पको सङ्केत मानेर विद्यार्थीहरू भूकम्पबाट बच्नका निम्ति डेस्कमुनि लुकेका थिए। त्यो दिन यथार्थमा भूकम्प गएको थिएन। विद्यालय समयमा भूकम्प आउँदा कसरी बच्ने भन्ने सिकाउन विद्यालयले गराएको पूर्वअभ्यासको एउटा नमुना मात्र थियो त्यो। जनउदय माविमा दुई वर्षयता पाँच पटक भूकम्पीय सुरक्षाको पूर्वअभ्यास भइसकेको छ। यसबाट विद्यार्थीले भूकम्प शिक्षा बारे आधारभूत जानकारी मात्र पाएका छैनन्, भूकम्पबाट कसरी जोगिने भन्ने व्यावहारिक सीप समेत हासिल गरेका छन्।

जनउदयको कक्षा एकका छात्र रजित विश्वकर्माले भूकम्प आउँदा के गर्ने भनी स्कूलमा सिकेको सीप १ असोजको भूकम्पको बेलामा आफैं प्रयोग गरे। त्यस दिन उनी भैंसेपाटीस्थित दिदीको होटलमा थिए। भूकम्प गएको हल्लाखल्ला चलेपछि रजितकी दिदी र आमा सडकतिर दौडिए भने उनी खाटमुनि पसे। रजित भन्छन्, "घरमा बसेको बेला भूकम्प आयो भने खाटमुनि लुक्नुपर्छ भनेर सरहरूले सिकाउनुभएको थियो, त्यसैले म सडकतिर दौडिनुको सट्टा खाटमुनि छिरेँ।"

जनउदय माविकी कक्षा ८ की छात्रा पार्वती लामालाई घरभित्र हुँदा भूकम्प गए टेबुल वा खाटमुनि लुक्नुपर्छ र घर बाहिर हुँदा रूखको फेद तथा बिजुलीको खम्बाको छेउमा बस्नुहुँदैन भन्ने राम्रो ज्ञान छ। उनी



**यसो गरौं है!** भूकम्पीय सुरक्षाको पूर्वाभ्यास (ड्रिल) गर्दै जनउदय मावि, ललितपुरका छात्रछात्रा।

भन्छिन्, "गत असोजमा भूकम्प आउँदा घरमा म, दिदी र ममी थियौँ। भूकम्पपछि हामी तीनै जना खाटमुनि लुक्यौँ।" विद्यालयमा पाएको भूकम्पीय सुरक्षा 'तालिम' बाटै आफूले लाभ पाएको पार्वतीको भनाइ छ।

काठमाडौँ, महाराजगञ्जस्थित शिवपुरी उमाविमा तीन जना शिक्षकले भूकम्प तयारी तालिम लिए। त्यसपछि उनीहरूले बाँकी शिक्षकलाई अभिमुखीकरण गरे। अन्ततः सबै कक्षा शिक्षकहरूले आ-आफ्ना कक्षाका विद्यार्थीलाई भूकम्प सुरक्षाको जानकारी र पूर्वाभ्यास गराए। प्रअ दिवाकर पाण्डे भन्छन्, "पूर्वअभ्यासमा विद्यार्थीले देखाएको अभिरुचिबाट हामी पनि उत्साही छौँ। जाडो बिदापछि यसलाई निरन्तरता दिनेछौँ।"

शिक्षा विभागका अनुसार, विद्यालय भूकम्प सुरक्षा कार्यक्रम अन्तर्गत यस वर्ष काठमाडौँ उपत्यकाका तीन जिल्लाका ३६० विद्यालयका ७२० जना शिक्षकलाई भूकम्प सुरक्षा सम्बन्धी तीनदिने तालिम दिइएको छ। त्यसमा काठमाडौँ जिल्लाका १४ स्रोतकेन्द्रका २१० विद्यालयका ४२० शिक्षकहरू सहभागी थिए। भूकम्प प्रविधि राष्ट्रिय समाज-नेपाल (एनसेट) र युनिसेफको सहयोगमा यस्तो तालिम दिइएको हो। तालिममा भूकम्पको परिचय, यसबाट जोगिने तयारी र भूकम्प आएपछि अपनाउनुपर्ने सुरक्षात्मक उपायका बारेमा बताइएको थियो।

त्यसरी तालिमप्राप्त शिक्षकमार्फत विभिन्न विद्यालयका करिब चार हजार शिक्षक र ५० हजार विद्यार्थीले भूकम्प सम्बन्धी व्यावहारिक शिक्षा पाएको शिक्षा विभागको दाबी छ। जिशिका, काठमाडौँका विनि ढुण्डीराज अर्याल भन्छन्, "मैले ७-८ वटा विद्यालयका पूर्वअभ्यासको अवलोकन गरेको थिएँ। त्यसमा बालबालिकाको उत्साहजनक सहभागिता देखियो।" एनसेटका अनुसार, काठमाडौँ उपत्यका, लमजुङ र नवलपरासी जिल्लाका करिब दुई हजार विद्यालयमा भूकम्पीय सुरक्षा सचेतना कार्यक्रम सञ्चालन भएका छन्।

## पूर्वअभ्यास किन ?

नेपालमा ठूलो भूकम्प जुनसुकै बेला आउने भएकाले त्यसबाट जोगिने उपायका बारेमा शिक्षक तथा छात्रछात्रालाई व्यावहारिक सीप सिकाउनु आवश्यक छ। यसले सम्भावित जोखिमलाई धेरै हदसम्म कम

## '१ असोजले आँखा खोल्यो'



**समय पोखरेल,** प्रिन्सिपल
भेनस स्कूल, जोरपाटी, काठमाडौँ

१ असोजको साँझ म १२ जना विद्यार्थीसँगै होस्टलको पाँचौँ तलामा थिएँ। 'हल्लियो...हल्लियो' भन्दै बालबालिका कराउन थाले। केही चाहिँ 'भूकम्प आयो' भन्दै थिए। त्यतिञ्जेल धेरैजसो बच्चाहरू छतमा पुगिसकेका थिए।

त्यो भूकम्पको भोगाइपछि विद्यार्थीलाई भूकम्पीय सुरक्षा बारे सिकाउने चेत खुल्यो। अनि इन्टरनेटमा भूकम्प शिक्षाका सामग्री खोज्दै जाँदा एनसेटको वेबसाइट (www.nset.org.np) मा भूकम्प सम्बन्धी सडक नाटक र दोहोरीका भिडियो फेला परे। ती सबै 'डाउनलोड' गरेँ। स्रोतव्यक्ति यदुनाथ शर्मासँग उहाँले तालिममा पाउनुभएका सामग्रीहरू पनि मागेँ।

तिनै सामग्रीका आधारमा अहिले म भूकम्पीय सुरक्षासम्बन्धी सामग्रीहरू तयार गर्दैछु। एउटा नाटकको 'स्क्रिप्ट' पनि लेख्दैछु। विद्यार्थीलाई त्यो नाटक पनि खेलाउनेछु। म कम्तीमा आफ्नो विद्यालयमा भूकम्पीय सुरक्षा कार्यक्रम चलाउँछु नै। स्रोत केन्द्रभित्रका अरू विद्यालयमा पनि यसलाई पुऱ्याउने सोचाइ छ। यसैका लागि मैले श्रव्य-दृश्य सामग्री देखाउने 'प्रोजेक्टर' पनि किनिसकेको छु।



प्रमोद आयाम



# रिपोर्ट भूकम्प शिक्षा



सी अधिकारी

**विपत्पछिको प्रयासः** १ असोजको भूकम्पपछि बौद्ध प्रावि, नामसालिङ, इलाममा विद्यार्थीलाई भूकम्पबारे सिकाउँदै मानवअधिकार सञ्जाल तथा शान्ति कार्य समूह (प्याग)का कर्मचारी अम्बर देवान।

गर्ने 'एनसेट'का निर्देशक रमेश गुरागाइँ बताउँछन्। उनी भन्छन्, "भूकम्प आउँदा टेबुल र खाटमुनि वा यस्तै सुरक्षित ठाउँमा लुक्ने जस्ता व्यक्तिगत सुरक्षाका उपायहरू महत्त्वपूर्ण मानिन्छन्। यसबाट १५-२० प्रतिशत मानवीय क्षति कम गर्न सकिन्छ।"

भूकम्पबाट जोगिन स्कूलमा 'ड्रिल' गर्ने चलन अरू देशमा पनि हुन्छ। भूकम्प गएको सङ्केत दिएर विद्यार्थीलाई डेस्क, टेबुल वा अन्य सुरक्षित स्थानमा लुक्न लगाएर जति बढी पूर्वअभ्यास गराउन सकियो, उति नै उनीहरू त्यसप्रति अभ्यस्त हुन्छन् र व्यावहारिक प्रयोगका निम्ति सक्षम हुन्छन्। एनसेटको 'विद्यालय भूकम्प सुरक्षा कार्यक्रम'का संयोजक सूर्यप्रसाद आचार्यको भनाइमा बारम्बारको पूर्वअभ्यासले विद्यार्थीमा भूकम्प आउँदा कसरी जोगिने भन्ने सीपको विकास गराउँछ। आचार्य भन्छन्, "विद्यालयमा यस्तो पूर्वअभ्यास हरेक महिना गर्न सके धेरै राम्रो। सकिँदैन भने तीन-तीन महिनामा त गर्नै पर्छ।"

स्कूलमा आक्कलझुक्कल मात्र गरिने पूर्वअभ्यासको प्रभाव भने गतिलो देखिँदैन। काठमाडौं, सिफलस्थित बाल व्यवसायी माविका शिक्षकले भूकम्प सुरक्षा सम्बन्धी तालिम लिएपछि २०६८ असोज १ गतेका दिन सबै विद्यार्थीलाई राखेर पूर्वअभ्यास पनि गराए। नभन्दै त्यही साँझ ६:२५ बजे भूकम्पै आयो। भोलिपल्ट विद्यालयमा पूर्वअभ्यास र भूकम्प अनुभवबारे चर्चा हुँदा थाहा भयो, अधिकांश विद्यार्थीले त भूकम्प आउँदा पूर्वअभ्यासको ज्ञानलाई प्रयोगै गरेनछन्। भूकम्प आउँदा आत्तिनु र डराउनुहुँदैन भनेर सिकाइए पनि विद्यार्थीहरू चाहिँ भागाभाग गरेको उक्त स्कूलका शिक्षकहरूको अनुभव छ। प्रअ रामहरि पुडासैनी भन्छन्, "विद्यार्थीलाई पर्याप्त पूर्वअभ्यास गराउन नसकेका कारण त्यस्तो हुन गएको हो। अब हरेक महिना अभ्यास गराउने तयारीमा छौं।"

**तथ्यांकमा ९० साल**

**मितिः** १९९० माघ २

**समयः** अपरान्ह २:२४ बजे

**भूकम्पीय नापः** ८.४ रेक्टर स्केल

**इपीसेन्टर (केन्द्र)ः** चैनपुर, संखुवासभा

**मृत्युः** ८,५१९ जना

**भत्किएका भवनः** २,०७,७४०

स्रोतः एनसेट

जापानका विद्यालयमा भूकम्प शिक्षालाई नियमित शैक्षिक क्रियाकलापसँग जोडिएको छ। हालसालै जापानका विद्यालयको अवलोकन गरेर फर्केका पाठ्यक्रम विकास केन्द्रका पाठ्यक्रम अधिकृत रामप्रसाद सुवेदी भन्छन्, "जापानमा भूकम्प शिक्षालाई विद्यालय शिक्षाको अभिन्न अङ्ग बनाइएको छ। साना बच्चाले पनि भूकम्प आउँदा के गर्नुपर्छ भनेर स्कूलमै जानिसकेका हुने रहेछन्।"

## कमजोर पक्ष

नेपालका बहुसङ्ख्यक विद्यालयहरू भूकम्पीय सुरक्षा सम्बन्धी सचेतना कार्यक्रमबाट अझै वञ्चित नै छन्। काठमाडौंकै कतिपय स्कूल समेत भूकम्पीय सुरक्षाको तालिम र अभ्यासप्रति बेखबर देखिन्छन्। जोरपाटीस्थित चामुण्डा उमाविमा अघिल्लो साँझको भूकम्पको विषयमा २ असोजमा शिक्षक-विद्यार्थीमाझ निकै चर्चा चल्यो। तर, यस्तो चर्चा त्यहाँ भूकम्प आउनुअघि चलेको थिएन। भूकम्पपछि पनि त्यो दिनबाहेक भूकम्पका बारेमा फेरि बहस भएको छैन। शिक्षक गुणराम आचार्य यसलाई 'बिर्सिएको संवेदनशील कुरा' ठान्छन्।

काठमाडौंकै सहयोगी उमावि, गोकर्ण र ओखेनी मावि, सुन्दरीजलको अवस्था पनि चामुण्डाकोभन्दा खासै भिन्न छैन। यी तीन वटै स्कूल गोकर्ण स्रोत केन्द्र अन्तर्गत पर्छन्। स्रोतव्यक्ति यदुनाथ शर्माले यसै वर्ष भूकम्पीय सुरक्षाको तालिम लिए। तर उनले तालिमको सीपलाई आफ्नो मातहतका विद्यालयमा पुऱ्याउन भने सकेका छैनन्। "हरेक विद्यालयमा पूर्वअभ्यास गराउने विषयमा प्रअ बैठकमा छलफल भयो। तर काम चाहिँ भएको छैन", शर्मा भन्छन्। विद्यालयमा भूकम्पबाट जोगिने जुक्ति बारे व्यावहारिक अभ्यास गराउन प्रअ तथा शिक्षकहरू अग्रसर नभएको देखिन्छ। स्रोत केन्द्रमा हुने प्रअ बैठकमा पनि यो विषयले प्राथमिकता पाएको देखिँदैन। शिक्षा विभागका अनुसार, चालु

## भूकम्पबाट सुरक्षा

**भूकम्पअघि**

- प्राथमिक उपचार विधिको जानकारी राख्ने
- कोठामा फर्निचर तथा गह्रौँ सामान नढल्ने र नखस्ने गरी बलियोसँग राख्ने
- गह्रौँ सामानहरू दराजको तल्लो खण्डमा राख्ने
- भूकम्पका बेला आफूलाई सुरक्षित राख्ने उपायको बारम्बार पूर्वअभ्यास गर्ने/गराउने
- भूकम्प आएको खण्डमा गर्नुपर्ने कार्यको पूर्वयोजना बनाउने
- नयाँ घर बनाउँदा भूकम्पीय सुरक्षाका उपायहरू अपनाउने
- आपतकालीन अवस्थामा आवश्यक पर्ने सामग्रीको जोहो गरिराख्ने

**भूकम्पका बेलाः नआत्तिने**

**घरभित्र भए;**

- ढोकामा उभिने वा टेबुल, डेस्क वा खाटमुनि पस्ने
- भत्कन सक्ने झयाल नजिक नबस्ने
- भुईंतलाको ढोकाछेउमा भए नआत्तिकन तुरुन्त बाहिर निस्कने
- कहिल्यै पनि झयाल र कौसीबाट हाम नफाल्ने, भऱ्याङमा तलमाथि नगर्ने

**घरबाहिर भए;**

- सकेसम्म छिटो नजिकैको खुला ठाउँमा जाने
- अग्ला घर/भवनको छेउमा नबस्ने
- बिजुलीको खम्बा र रूखको फेदभन्दा पर खुला ठाउँमा बस्ने
- पुलको मुनि र आकाशेपुलको तल नबस्ने
- बाटो साँघुरो छ र दायाँ-बायाँ अग्ला असुरक्षित घरहरू छन् भने नजिकैको ढोकामा उभिने
- सवारी साधन चलाइरहनुभएको छ भने सुरक्षित स्थानमा लगेर रोक्ने

**भूकम्पपछि**

- भूकम्पको कम्पन रोकिएपछि सुरक्षा अवस्था हेरेर घरबाट निस्कने
- ठूला भूकम्पपछि साना धक्काहरू आइरहने हुँदा भूकम्प लगत्तै घरभित्र नपस्ने
- आवश्यक परेकालाई तुरुन्त प्राथमिक उपचार गर्ने
- आगो निभाउने, ग्याँस र बिजुलीको 'मेन स्वीच' बन्द गर्ने
- रेडियो खोल्ने र भूकम्पको खबर र सूचनाहरू सुन्ने
- घर वा विद्यालय सुरक्षित छ भन्ने सुनिश्चितता नभएसम्म भित्र नपस्ने
- संकटकालीन सेवामा बाधा पर्ने गरी टेलिफोन प्रयोग नगर्ने
- खुला ठाउँमा भेला हुने

*स्रोतः एनसेट*

आवमा दैवी प्रकोप तथा आपतकालीन शिक्षाका निम्ति उपत्यकासहित २४ वटा जिल्ला शिक्षा कार्यालयमा रु.५० हजारका दरले रकम छुट्टयाइएको छ। विभागका उपनिर्देशक जयाप्रसाद आचार्य भन्छन्, "यो रकम पर्याप्त त होइन। तर, सुरुआत चाहिँ हो।"

### पाठ्यक्रममा के छ ?

स्कूल पाठ्यक्रम र पाठ्यपुस्तकमा पनि भूकम्प शिक्षाका विषयवस्तु पर्याप्त छैनन्। कक्षा ८ को विज्ञानमा भूकम्पको सैद्धान्तिक पक्ष र कक्षा १० को सामाजिक अध्ययनमा भूकम्पको परिचय, असर र सुरक्षाका उपायबारे केही उल्लेख गरिएको छ। तल्ला कक्षाका पाठ्यक्रममा भने भूकम्पीय विषयवस्तु समेटिएको पाइँदैन।

कक्षा ६-१० का विज्ञान, सामाजिक र जनसङ्ख्या/स्वास्थ्य विषयका पाठ्यक्रमको समीक्षा गरेको 'एनसेट'ले नयाँ बन्ने पाठ्यक्रममा भूकम्पसहितका प्राकृतिक प्रकोपको परिचय, कारण, सुरक्षात्मक उपायका विषयवस्तुलाई समेट्न सुझाव दिएको छ। पाठ्यक्रम विकास केन्द्रले निम्नमाध्यमिक तह (कक्षा ६-८)को विज्ञान र सामाजिक अध्ययनको पाठ्यक्रममा भूकम्पसँगै बाढी/पहिरो, भू-क्षय, आगलागी जस्ता प्रकोप र त्यसबाट बच्ने उपाय समेटेको छ। यो पाठ्यक्रम परीक्षणको क्रममा छ।

### स्कूल र भूकम्प शिक्षा

भूकम्पीय दृष्टिकोणले नेपाल विश्वकै उच्च जोखिम क्षेत्रमा पर्छ। भूकम्प आफैंमा विनाशकारी हुँदैन। मानव निर्मित भौतिक संरचना भूकम्पबाट ध्वस्त हुँदा मात्र ठूलो मानवीय क्षति हुने हो। शिक्षक-विद्यार्थीलाई भूकम्पीय शिक्षा दिँदा यस्तो क्षति केही कम गर्न सकिन्छ।

शिक्षक-विद्यार्थीलाई भूकम्पीय शिक्षा दिइनुको उपलब्धि विद्यालयमा मात्रै सीमित हुँदैन। विद्यालयमा सिकेको ज्ञान/सीपलाई विद्यार्थीले आफ्ना अभिभावकसम्म पुऱ्याउन सक्छन्। भूकम्पबाट बच्न बालबालिकाले विद्यालयमा गरेको 'ड्रिल'को अनुभव अभिभावकलाई सुनाउन र अभ्यास गरेर देखाउन सक्छन्। त्यसले अन्ततः समाजलाई पनि लाभ दिन्छ। तर भूकम्प शिक्षालाई स्कूलमा महत्त्वका साथ पुऱ्याउन अझै धेरै काम गर्न बाँकी छ। यसतर्फ शिक्षा मन्त्रालय र अन्य सरोकारवाला पक्षले ध्यान दिनुपर्ने देखिन्छ।



राजेन्द्र श्रेष्ठ



सलिना कार्की।
१ असोज २०६८ को भूकम्पले घाइते भई उपचार क्रममा (बायाँ)।

# 'स्कूलमा भूकम्प पढेको भए यस्तो हुन्थेन'

**जनता** मावि हाङदेवा, ताप्लेजुङकी कक्षा १० की छात्रा सलिना कार्की (१६), १ असोज २०६८ को साँझ खाना बनाउने सुरसार गर्दै थिइन्। उनकी फुपू 'भुईंचालो आयो' भन्दै आँगनमा निस्किन्। सलिना पनि आत्तिँदै आँगनमा आएर फुपूलाई समाउन पुगिन्। केही समयपछि फुपू त चुप लागिन्, तर, सलिना अत्तालिई नै रहिन्; फुपूलाई समाउन पनि छोडिनन्। त्यसपछि बेहोस भएकी सलिनाको २४ घण्टासम्म होस खुलेन।

जिल्ला अस्पताल ताप्लेजुङमा उपचार हुन नसकेपछि उनलाई विराटनगरस्थित न्यूरो अस्पतालमा करिब एक महिना उपचार गरियो। चिकित्सकहरूले भूकम्पले सलिनामा गम्भीर मानसिक आघात पारेको भन्दै ठूलो अस्पतालमा लैजान सल्लाह दिएपछि सलिनालाई भारतको सिलाङ पुऱ्याइएको छ।

भूकम्प के हो, कसरी र किन आउँछ भन्ने बारेमा सलिनालाई त्यसअघिसम्म केही पनि थाहा थिएन। त्यसबारेमा उनलाई कसैले पनि बताएको थिएन। न त, स्कूलमै उनले भूकम्प शिक्षा लिने अवसर पाएकी थिइन्। भारतबाट टेलिफोनमा सलिनाले भनिन्, "स्कूलमा भूकम्प बारे पढेको भए म यो हालतमा पुग्ने थिइनँ होला।" भूकम्प गएको चार महिना बित्दा पनि सलिनामा वान्ता हुने, टोलाउने, रुने जस्ता समस्या रहेको उनकी दिदी सम्झनाले बताइन्।

१ असोजको भूकम्पका कारण मानसिक आघात पुगेका अर्का बालक हुन् तेह्रथुमको सरस्वती प्रावि ओयाक्जुङेको कक्षा १ का किरण नेपाली। भूकम्पको त्रासले गर्दा नेपालीमा डराउने, काँप्ने र भूकम्पलाई गाली गरेर बोलिरहने समस्या देखिएको छ। "भुईंचालो मान्छेभन्दा ठूलो रहेछ। घर पनि भत्काउन सक्दो रहेछ। मान्छेलाई कुल्चेर लडाउँदो रहेछ भन्दै कराउँछ। भूकम्पअघि यस्तो थिएन, भूकम्पले यस्तो हालतमा पुऱ्यायो", किरणकी आमा सुमित्रा भन्छिन्।

भूकम्पका कारण किरणको जस्तै समस्या भोग्दैछन् प्रवोद मावि माबु इलामको कक्षा २ मा अध्ययनरत अखिल गुरुङ। भुईंचालोले विद्यालयको भवन भत्काएको देखेका अखिल धेरै दिन विद्यालय जान मानेनन्। जुनै बेला पनि 'भुईंचालो' भन्दै आत्तिने, आकाश गर्जिदा पनि 'भुईंचालो' भनेर रुने समस्याबाट उनी ग्रसित छन्।

**भूकम्प गएको चार महिना बित्दा पनि सलिनामा वान्ता हुने, टोलाउने, रुने जस्ता समस्या रहेको उनकी दिदी सम्झनाले बताइन्।**

भूकम्पपछि केही छात्रछात्रा स्कूल नै नआएको प्रवोद माविकी शिक्षक हेमकुमारी गुरुङ बताउँछिन्। "आफैंलाई पनि डर लागिरहेको थियो, उनीहरूलाई कसरी सम्झाउने? अभिभावक र विद्यार्थी धेरै डराएकाले हामीले घरघरै गएर सम्झायौँ" उनले भनिन्।

इलामका पूर्ण रूपमा भत्किएका विद्यालयहरूले त्रिपाल टाँगेर पढाइ सञ्चालन गरे। पर्खाल चर्केका स्कूलले चाहिँ पुरानै कोठाबाट काम चलाउने प्रयास गरे। यसले विद्यार्थीमा अर्को मनोवैज्ञानिक त्रास थपिदियो। चर्किएका भित्ता हेर्दै उनीहरूले चर्कने क्रम बढेको बताउन थाले। विद्यार्थीको त्रास मेटाउन कतिपय शिक्षकहरूले चर्केको भाग केही दिन नियमित नाप्न लगाउँदै दैनिक रेकर्ड राख्न पनि लगाए। "त्यसो गर्दा पनि विद्यार्थी डराउन छोडेनन्; पर्खाल भत्किन लाग्यो अब किच्छ भन्दै कोठाबाट भाग्ने

गरेका छन्" पाँचथरका शिक्षक बालकृष्ण गौतम भन्छन् ।

अखिल गुरुङको जस्तो समस्या इलामका धेरै विद्यार्थीमा परेको छ । राष्ट्रिय निमावि जमुनामा पढ्ने दिदीबहिनी गंगा र उमा दियालीको घर र विद्यालय एकैचोटि भत्कियो १ असोजको भूकम्पले। विद्यालय आउँदा पनि दियाली दिदीबहिनी डराउने गरेका छन् । "हाम्रो घर र स्कूल फेरि बनाए पनि फेरि भुईंचालोले भत्काइहाल्छ भनेर उनीहरू डराउँछन्", शिक्षक कुमार गुरुङ भन्छन् । उनका अनुसार विद्यालयका चारवटा भवनमध्ये १ असोजको भूकम्पबाट एउटा मात्र बचेको छ ।

## सचेतना कक्षाले केही राहत

भूकम्पको त्रासले छात्रछात्रा डराएको र मानसिक आघात परेको जानकारी आएपछि जिशिका इलामले स्थानीय मानवअधिकार सञ्जाल तथा शान्ति कार्य समूह (प्याग) सँग समन्वय गरेर भूकम्पको वैज्ञानिक कारण, भूकम्प सम्बन्धी गलत धारणा हटाउने तरिका र भूकम्पबाट बच्ने उपाय बारे सचेतना कक्षा सञ्चालन गऱ्यो । जिशिअ महेन्द्रप्रसाद पौडेलका अनुसार कार्यलयको सिफारिसमा भूकम्पबाट बढी क्षति भएका जिल्लाका १० वटा विद्यालयमा यस्ता कक्षाहरू सञ्चालन गरिए । यसले भूकम्प पीडित शिक्षक तथा छात्रछात्रालाई केही राहत पुऱ्याएको पौडेलको कथन छ। उनले थपे, "यस्ता कक्षा स्कूल तहमा बेलाबेलामा चलाउन पाए भूकम्पको त्रासदीबाट नानीहरूलाई मुक्त राख्न सकिन्थ्यो ।"

त्यसो त, १ असोजको भूकम्पपछि शिक्षकहरूले पनि कक्षाकोठामा भूकम्प चर्चा बढाएका छन् । इलामको आदर्श निमावि सिद्धिथुम्काका प्रअ सीताराम रिसालका अनुसार विद्यार्थीको डर हटाउन शिक्षकहरूले पनि कक्षाकोठामा छलफल चलाउने गरेका छन्। उनको कथन छ, "भूकम्पका कारण, बच्ने उपाय र भूकम्प गइसकेपछिको सावधानी बारे प्रयोगात्मक छलफल गर्दा छात्रछात्रामा सकारात्मक धारणा विकास भएको छ। हामीले कक्षामा अब भूकम्प सम्बन्धी छलफललाई घनीभूत तुल्याउनुपर्छ। अन्यथा जुनसुकै बेला आउने भूकम्पले हामीलाई बर्बाद पार्छ ।" 📖

**सी अधिकारी**, इलाम

सइन्द्र राई



भुईंचालोले भत्काएको भवन अगाडि तस्बिर खिचाउँदै रत्नराज्य लक्ष्मी मावि, कुभिन्डेको कक्षा-१ का छात्रछात्रा ।

# खाँचो भूकम्पबाट बच्ने सीपको

"**धन्न** साँझका बेला भुईंचालो गयो", पाँच वर्षीय इशारा राईकी आमा बबिता भन्छिन्, "छोरी स्कूलमा हुँदा गएको भए... !"

खोटाङ कुभिण्डे-३ की बबिताले भूकम्प गएको १ असोज साँझको घटना सुनाइन्, "भुईंचालोको होहल्ला चल्न थाल्यो अत्तालिएर छोरीलाई अँगाल्न पुगेँ। त्यसबेला त विस्तारै डर लाग्यो। तर भोलिपल्ट छोरी पढ्ने स्कूलको कक्षाकोठा भत्किएको देखेपछि भने झन् बढी डर लाग्यो ।" कुभिण्डेस्थित रत्नराज्य लक्ष्मी माविको कक्षा-१ को कोठा भत्किएर डेक्सबेञ्च भाँचिएको दृश्यले बबिताको मनमा गहिरो त्रास रोप्यो ।

भुईंचालो कुनै पनि बेला जान सक्छ। तर यस भेकका विद्यालय भवन भत्केको देख्नेहरू 'धन्न भुईंचालो बेलुका गयो' भनेर चित्त बुझाउने गर्छन् । भुईंचालो बारे राम्रोसित बुझाउने र त्यसबाट जोगिन सिकाउने कार्यक्रम यो क्षेत्रका कुनै पनि विद्यालयमा छैन। रत्नराज्य लक्ष्मी माविका अधिकांश छात्रछात्राले भुईंचालोबारे नबुझेको जनाए । विद्यालयका प्रधानाध्यापक चिरञ्जीवी निरौला विद्यार्थीलाई यसबारे सिकाउने पाठ्यक्रम नभएको भनेर पन्छिए । त्यस दिनको अशुभ टरेको बुझेपछि स्थानीय अभिभावक लेखराज श्रेष्ठलाई भुईंचालोबाट बच्ने सीप स्कूलले दिनुपर्ने अनुभूति भएको छ। उक्त विद्यालयको कक्षा ३, ९ र १० का कोठा पूरै भत्किएका छन् । ती कक्षामा क्रमश: ४८, ८५ र ६८ जना विद्यार्थी छन् ।

१ असोजमा ताप्लेजुङ र भारतको सिक्किम सिमानालाई केन्द्र बिन्दु बनाएर गएको ६.८ रेक्टर स्केलको भूकम्पले खोटाङमा २१ वटा विद्यालय भत्किए । ८० भन्दा बढी विद्यालय चर्किएको शिक्षा कार्यालय दिक्तेलमा निवेदन परेको छ ।

२०४५ सालको भुईंचालोले सय बढी बिद्यालय पूर्ण ध्वस्त हुँदा भूकम्प पुनर्स्थापना कोषबाट भूकम्प प्रतिरोधात्मक विद्यालय बनाइए पनि त्यसलाई बेवास्ता गरी भवन निर्माण भइरहेको सरस्वती मावि दिक्तेलका शिक्षक मेघनाथ घिमिरे बताउँछन् ।

विद्यार्थीलाई भुईंचालोबाट बच्ने सीप सिकाउने सवाल जिल्लामै नउठेको दिक्तेल स्रोत केन्द्रका स्रोतव्यक्ति झनक थापा बताउँछन् । भूकम्प सम्बन्धी कुनै कार्यक्रम नभएकाले विद्यार्थीलाई त्यसबारे सीप सिकाउन नसकिएको शिक्षा कार्यालयको कथन छ। ताप्लेजुङ र पाँचथरपछि खोटाङमा भुईंचालोले बढी क्षति गरेको छ । 📖

**सइन्द्र राई**, खोटाङ



राजेन्द्र श्रेष्ठ

# भूकम्पपछि चौरमै पढाइ

**खुला चौरमा पढ्दै त्रिवेणी प्रावि, नाङखोल्याङका विद्यार्थी।**

**ताप्लेजुङको** नाङखोल्याङ-५ स्थित त्रिवेणी प्राथमिक विद्यालयका विद्यार्थी खुला चौरमा पढ्छन्। २०६८ असोज १ को ६.८ रेक्टर स्केलको भूकम्पले विद्यालयका चार वटा कोठा भत्काएपछि बालबालिकाको शिरबाट स्कूलको छानो हटेको हो। शिक्षक गायत्रा न्यौपानेका अनुसार घाम लागेको बेलामा बाहिर राखेर पढाउने र पानी पर्दा बिदा दिने गरिएको छ। शिक्षकहरू गायत्रा न्यौपाने, ज्ञानमाया खिम्दिङ र विनिता कँडेलले विद्यालय बनाउन तथा मर्मत गर्न अहिलेसम्म कसैले पनि चासो नदिएका कारण समस्या भएको गुनासो गरे।

फावाखोला गाविसको सिम्बुक माविका कोठा भूकम्पले भत्काए पछि एउटा कोठामा दुई वटा कक्षालाई दुई तिर फर्काएर अध्ययन गराइने गरेको छ। प्रधानाध्यापक तुलसी बिष्ट कतैबाट पनि सहयोग र राहत पाउन नसकेको गुनासो गर्छन्, "जिल्ला शिक्षा कार्यालयमा निवेदन दिएका छौँ तर रकम कहिले आउँछ केही थाहा छैन।"

नाङखोल्याङकै लक्ष्मी निमावि रेडक्रसको सहयोगमा बनाइएको टहरामा सञ्चालन भइरहेको छ। कक्षा ७ मा पाँच जना विद्यार्थीलाई मात्र अङ्ग्रेजी पढाइरहेका शिक्षक बीरलाल विश्वकर्मा भूकम्पपछि विद्यार्थीको विद्यालय उपस्थिति घटेको बताउँछन्। नाङखोल्याङकै कालिका उमाविमा अस्थायी टहरामा बसेर अध्ययन गरिरहेका कक्षा ८ का छात्र नविन रेग्मीले टहरामा धेरै चिसो हुने, होहल्ला पनि बढी हुने र पढाइ समेत राम्रो नहुने दुखेसो गरे। सोही उमाविका शिक्षक घनेन्द्र आचार्यले निराशा व्यक्त गरे "काठमाडौँका विद्यालय लडेका भए अस्ति नै बनिसक्थे, दूरदराजका विद्यालयमा कसको ध्यान जान्छ र?"

जिल्ला शिक्षा अधिकारी राजकुमार विश्वकर्माले ताप्लेजुङका २२४ विद्यालयका ३४८ कक्षाकोठा ध्वस्त भएका र ५४७ आंशिक क्षति भएको जानकारी दिए। उनका अनुसार विद्यालयहरूमा रु.६ करोड २७ लाख ३८ हजार बराबरको क्षति भएकाले उक्त रकम शिक्षा विभागमा माग गरिएको छ। समयमा रकम निकासा भएन भने यीमध्येका अधिकांश विद्यालयमा बर्खायाममा पढाइ हुने कुनै सम्भावना देखिँदैन।

नाङखोल्याङका लक्ष्मी निमावि र कालिका मावि, नाल्बुको पान्दोलुङ मावि सबैतिर विद्यार्थीको सङ्ख्या लगभग आधा भएको छ। पान्दोलुङ माविको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष कर्णकुमार तुम्वाहाम्फे गाउँमा गएर अभिभावकहरूलाई छोराछोरीलाई स्कूल पठाउँ भनेर कर गर्न पनि नमिल्ने अवस्था भएको बताउँछन्।

## प्रतिरोधात्मक ब्लक पनि लडे

२०४५ सालको भूकम्पपछि ताप्लेजुङमा 'भूकम्प प्रतिरोधात्मक' बनाइएको भनिएका नाल्बु निमावि नाल्बु, कालिका मावि नाङखोल्याङ, त्रिवेणी प्रावि नाङखोल्याङ, सुन्दरमाल प्रावि नाङखोल्याङ, सिनाम उच्च मावि सिनाम, पञ्चकन्या प्रावि आखोप, आदर्श प्रावि खेजेनिम, ज्ञानोदय प्रावि सिनाम, जनता निमावि थुम्वेदिन, कार्तिके प्रावि चाक्सीबोटे, श्रीजङ्गा प्रावि लिङतेप, नाल्बु खुर्पाताक प्रावि थुकिमा लगायतका स्कूलका ब्लक पनि लडेका छन्। जिल्ला कार्यालयका इन्जिनियर अजय यादवले दुईकोठे एउटा ब्लक निर्माण गर्नका लागि रु.६ लाख ५० हजार खर्च हुने बताए। उनी भन्छन्, "भवन बनाउँदा निर्माणमा मापदण्डहरू पूरा गरिएका छन् कि छैनन् भन्ने कुरामा शिक्षक, व्यवस्थापन समितिका सदस्य तथा सबै अभिभावकहरूले ध्यान पुऱ्याउन आवश्यक छ।"

**राजेन्द्र श्रेष्ठ,** ताप्लेजुङ

निबन्ध लेखन प्रतियोगिता

NSET

# 'मेरो सपनाको घर'

**भूकम्प प्रविधि राष्ट्रिय समाज–नेपाल** (NSET) **ले आयोजना गरेको 'मेरो सपनाको घर' शीर्षक निबन्ध प्रतियोगितामा सहभागी हुनुहोस् ।**

**शिक्षक साथीहरू, आफ्ना विद्यार्थीलाई यस प्रतियोगितामा सहभागी हुन प्रेरित गर्नुहोस् ।**

- निबन्धको लम्बाइ १००० शब्दको हाराहारी हुनुपर्नेछ ।
- निबन्ध विद्यार्थीहरूको सपना, कल्पना, भोगाइ, अनुभव वा विचारमा आधारित हुनुपर्नेछ ।
- निबन्ध सफा अक्षरमा कागजको एकापट्टी मात्र, मार्जिन छाडेर लेखेको वा टाइप गरेर पठाएको हुनुपर्नेछ ।

**यस प्रतियोगितामा कक्षा १२ सम्मका विद्यार्थीले भाग लिन पाउने छन् ।**

**पुरस्कार:**

- प्रथम हुने एक जनालाई ल्यापटप
- दोस्रो हुने एक जनालाई डिजिटल क्यामेरा
- तेस्रो हुने एक जनालाई ठूलो भूकम्प आएका बेला तीन दिनसम्म गुजारा गर्न पुग्ने 'झटपट झोला'
- सान्त्वना पुरस्कारस्वरूप तीन जनालाई साइन्टिफिक क्यालकुलेटर

**निबन्धहरू वैशाख १५ गतेसम्ममा तलको ठेगानामा प्राप्त हुनुपर्नेछः**

भूकम्प प्रविधि राष्ट्रिय समाज - नेपाल (NSET)
सैंबु गाविस वडा नं ४, भैंसेपाटी, ललितपुर
फोन नंः ५५९१००० फ्याक्स नंः ५५९२६९२
पत्राचारका लागिः पो ब नं १३७७५, काठमाडौं, नेपाल
इमेल ठेगानाः info@nset.org.np
वेबसाइटः www.nset.org.np

- माघदेखि वैशाखसम्मको लामो समय विद्यार्थीलाई भूकम्पका बारेमा बुझ्ने र अध्ययन गर्ने मौका प्राप्त होस् भनेर दिइएको हो । रचना म्याद सकिनु अगावै पठाउनु होला ।
- अध्ययन वा सन्देशलाई प्रत्यक्ष प्रस्तुत गर्नु आवश्यक छैन । लेखाइ तथ्यपरक वा भावप्रधान दुवै हुनसक्छ । प्राविधिक त्रुटिमुक्त, कलात्मक र मनछुने लेखाइ हुनुपर्छ ।

*भूकम्प प्रविधि राष्ट्रिय समाज–नेपाल (NSET)ले तयार गरेका भूकम्पसम्बन्धी पाठ्य-दृश्य सामग्रीहरू प्राप्त गर्न इच्छुक विद्यालयहरूले NSET को माथिको ठेगानामा सम्पर्क राख्नुहोला । SMS बाट सामग्री मगाउनका लागि nadd टाइप गरी एउटा स्पेस छाडेर स्कूलको नाम र पूरा ठेगाना टाइप गर्नुहोला र उक्त SMS 5006 मा पठाउनुहोला ।*

# भूकम्प भोगाइ इलाम, झापा र ताप्लेजुङ

**१ असोज २०६८ साँझ गएको ६.८ रेक्टर स्केलको भूकम्पको इपीसेन्टर (केन्द्रबिन्दु) सिक्किम परेकाले देशका अरू क्षेत्रमा भन्दा बढी भौतिक क्षति पूर्वाञ्चलमा भयो। उक्त भूकम्पका कारण पूर्वाञ्चलका धेरै स्कूल भवन कामै नलाग्ने गरी भत्किए। भूकम्पले विद्यालय भवन भत्किएका कारण अहिले पनि ताप्लेजुङका धेरै विद्यालयले पाल टाँगेर पठनपाठन सञ्चालन गर्दै आएका छन्। १ असोजको भूकम्पको त्रासदीले धेरै बालबालिकामा मनोवैज्ञानिक असर समेत देखापरेको छ। भूकम्प आउँदा कसरी जोगिने भन्ने उपाय नसिकाइएका कारण कतिपय विद्यार्थी बिजुलीको खम्बा समाउन पुगे। उक्त भूकम्प भोग्ने शिक्षक-विद्यार्थीको भोगाइ अरूका निम्ति उपयोगी हुने ठानेर यहाँ प्रस्तुत गरिएको छः**

राजेन्द्र श्रेष्ठ



**भूकम्पबाट भत्किएको फले प्रावि, फले, ताप्लेजुङको भवन।**



## बाजा बजाएर आउँदैन भूकम्प

**दीपक न्यौपाने**
प्रअ, झिलझिले मावि, सतासीधाम, झापा

प्राकृतिक विपत्तिका बेला जोगिने उपायहरू स्कूल पाठ्यक्रममा राखिएको भए शायद धैरै आत्तिनु पर्थेन होला।

**१ असोज** २०६८ को साँझ घरमै थिएँ। पूर्वबाट धक्का दिए जस्तो गरी घर हल्लिएको महसुस भयो। काठको घर मानिस हिँड्दा पनि अलिअलि हल्लिने भएकाले त्यस्तै हल्लाइ होला भनेर शुरुमा खासै वास्ता गरिनँ। तर, घर फेरि जोडले हल्लियो। त्यसपछि मात्र भुईंचालो गयो भन्ने थाहा भयो। आफूले भूकम्पबाट बच्ने उपायहरू पढेको र पढाएको हुनाले परिवारका सदस्यलाई ढोका मुनिपट्टि भेला पारेँ। त्यति गरी सक्दा घरै भत्केला जसरी हल्लियो। अब घरले थिचेर मरिन्छ भन्ने त्रास छायो। मैले जेठोबाठोका नाताले 'काठको घरले किचे पनि मरिँदैन, यो पक्का घर जस्तो ढल्दैन, नडराउनु भने। एकैछिनमा भूकम्प दाहोरियो, फेरि घर हल्लियो। त्यसपछि मात्र भूकम्प रोकियो।"

भूकम्प रोकिएपछि सबैभन्दा पहिला टाढा रहेकी छोरीको सम्झना आयो, अनि साथीभाइको। त्यसपछि छोरीलाई फोन गर्न खोज्दा फोन लागेन। भूकम्पको विपदपछि मनमा अनेक कल्पना आउँदा रहेछन्। भूकम्पले विद्यालय के भयो होला भन्ने चिन्ता पनि लाग्न थाल्यो।

भूकम्प पूर्ण रूपमा रोकिएपछि घरभित्र पसेर हेर्दा बत्ती बलेन, बिजुली काटिएछ। टर्चलाइट जस्ता साधारण सामान टुङ्गोमा नराखिएका कारण उज्यालो खोज्न समय लाग्यो। टर्च बालेर कोठामा हेर्दा दराज र टेबुल माथिका सबै सामान भुईंमा खसेका रहेछन्, कति त फुटेछन्। भूकम्पबाट क्षति हुन घर भत्किनु पर्दैन, सावधानीपूर्वक सामान राखिएको छैन भने धेरै नोक्सान हुन्छ। मैले भूकम्प बारे जे पढेको थिएँ र स्कूलमा छात्रछात्रालाई जे पढाएको थिएँ, त्यो १ असोजको भूकम्पमा सही सावित भयो। छत र कौसीमा गमला राखेर घर सजाउन खोज्नेहरूले बेलैमा बुद्धि पुऱ्याउन पछिल्लो भूकम्पले सुझाव दिएको छ।

प्राकृतिक विपत्तिका बेला जोगिने उपायहरू स्कूल पाठ्यक्रममा राखिएको भए शायद धैरै आत्तिनु पर्थेन होला। घर बनाउने निर्णय लिन नसके पनि विद्यार्थीले सरसामान त ठीक ठाउँमा राख्न सक्छन्, भूकम्प आएका बेला कस्तो ठाउँमा सुरक्षित रहन सकिन्छ जस्ता कुरा तिनलाई सिकाउन सकियो भने छात्रछात्राका परिवार र सिङ्गो समाजलाई नै लाभ पुग्छ।

भूकम्प बाजा बजाएर वा अग्रिम सूचना दिएर आउँदैन। विपत्ति आइसकेपछि जोखिम न्यूनीकरणका कुरा गर्नु व्यावहारिक हुँदैन। त्यसैले मैले चाहिँ पाठ्यक्रम नपर्खिइकन विभिन्न स्रोतबाट सामग्री भेला पारेर स्कूलमा छात्रछात्रालाई प्राकृतिक विपत्ति सामना गर्ने सीप सिकाउने निर्णय गरेको छु।

# टहरामा कक्षा हुन्छ

**हेममाया गुरूङ**
शिक्षक, प्रवोद मावि, मावु ५, इलाम

आमाछोरी खाटमुनि पस्यौं। भऱ्याङबाट तलामुनि झर्न सम्भव थिएन। घरका मालसामान खस्दै थिए। घर पूरै हल्लिएको थियो। करिब ४५ सेकेण्डको खाटमुनिको बसाइ घण्टौं जस्तो लाग्यो।

**१ असोजको** दिन दिनभरि पानी परिरहेको थियो। स्कूलबाट घर फर्केर भर्खरै अक्षर चिन्न खोज्दै गरेकी छोरीलाई सहयोग गर्ने मेरो दैनिकी चल्दै थियो। अकस्मात् क्याक कुरुक, गररररर आवाज आयो। भूकम्प! हरे। आमाछोरी खाटमुनि पस्यौं। भऱ्याङबाट तलामुनि झर्न सम्भव थिएन। घरका मालसामान धमाधम खस्दै थिए। घर पूरै हल्लिएको थियो। करिब ४५ सेकेण्डको खाटमुनिको बसाइ घण्टौं जस्तो लाग्यो। घरका मानिस सबै बाहिर निस्किसकेका थिए। खाटमुनि बस्दा मनमा अनेक तर्कना आए। दिउँसो कक्षामा पढाइरहेका बेला यस्तो भएको भए के हुन्थ्यो होला? आज बाँचिएला कि मरिएला? रातभर भूकम्प आइरहे के गर्ने होला? यस्ता तर्कना मनमा आए ।

भूकम्प रोकिएपछि हामी बाहिर निस्क्यौं। मुटु ढुकढुक भइरहेको थियो। पाँच वर्षकी छोरी 'घर किन हल्लिएको? भूकम्प कसरी आउँछ? भूकम्प के हो?' जस्ता प्रश्नहरू सोध्दै थिई। उसलाई भरपर्दो जवाफ दिने साहस ममा थिएन। म हडबडाइरहेकी थिएँ। अब के हुन्छ भनेर त्रसित आँखाले मैतिर हेर्दै छोरी रुँदै थिई। सम्झें मेरी छोरीकै उमेरका बालबालिका अहिले के गर्दै होलान्? तिनीहरूका अभिभावकले उनीहरूलाई कसरी सुरक्षित राखे होलान्? उनीहरूलाई केही त भएन? सम्भव भएसम्म टेलिफोन गरेर धेरैलाई बुझें। मानवीय क्षति भएको खबर कहींबाट पाइएन। सम्पर्क गर्दागर्दै मोबाइलको टावर गयो। त्यसपछि त कुराकानी नै सम्भव भएन।

रात निकै लामो लाग्यो। बिहान उज्यालो भएपछि गाउँतिर घुम्न निस्कें। धेरै घरहरू भत्किएका थिए। स्कूलको दर्दनाक दृश्य थियो। कक्षा १ देखि ४ सम्म पढाइ हुने भवन लडेको रहेछ। दिउँसो त्यो किसिमको भूकम्प आएको भए ठूलो मानवीय क्षति हुने अड्कल जो कोहीले गर्न सक्छ।

२ असोजमा विद्यालय बन्द गर्ने निर्णय गरियो। तत्कालका लागि स्रोत केन्द्र र नजिकै रहेको अर्को भवनमा पठनपाठन गराउने निर्णय गरियो। सोही अनुरुप कक्षा सञ्चालन भइरहेको छ। अहिले युनिसेफको सहयोगमा दुईकोठे अस्थायी टहरो निर्माण भइरहेको छ। स्कूल बन्द भएपछि हामी शिक्षकहरू विद्यार्थीका घरहरू निरीक्षण गर्न गाउँतिर पस्यौं। घरहरू भत्किएर सयौं मान्छेहरू विस्थापित भएको दृश्य देखियो। जमिनमा ठूलाठूला धाँजा फाटेका थिए, ती धाँजाबाट भेल पसेर पहिरो जाला कि भनेर सबै गाउँलेहरूमा भय थियो। मावु गाविसमा मात्रै ८३ घर क्षतिग्रस्त भएका रहेछन्। जसको घर र विद्यालय दुवै भत्किएको छ ती विद्यार्थीहरू बढी त्रसित र चिन्तित भएका छन्। भूकम्पको चार महिना बित्दा पनि विद्यार्थीहरूमा बढी डराउने, टोलाउने, स्कूल जान मन नगर्ने जस्ता समस्याहरू देखिइरहेका छन्। अहिले पनि विद्यार्थीहरू ठूलो आवाज आउँदा डराउने, चिच्याउने, आकास गर्जिंदा पनि सुरक्षित स्थानतिर भाग्न खोज्ने, अभिभावकहरू छोराछोरीलाई विद्यालय पठाउन आनाकानी गर्ने जस्ता समस्या छन्। भूकम्पका सानासाना धक्काहरू महसुस भएका बेला यस्तो व्यवहार अरु तीव्र हुन्छ। भूकम्पको त्रास र जोखिमलाई कम गर्न विद्यालयको तर्फबाट विद्यार्थीहरूलाई निरन्तर कक्षामा सजग गराइरहेकै छौं। यद्यपि अरु प्रभावकारी रूपले गाउँस्तरमा सरकारी वा गैरसरकारी संस्था मार्फत परामर्श र सचेतना कार्यक्रम चलाउन पाए कलिला नानीहरूमा रहेको भूकम्पप्रतिको हाउगुजी हट्न सक्थ्यो।



# डरले काँप्न थालें

**केशव राजभण्डारी**
कक्षा ९, कञ्चन एकेडेमी ताप्लेजुङ

**म घरको** कोठामा बसेर होमवर्क गरिरहेको थिएँ। अचानक टेबुल हल्लियो। मेरा हात हल्लिन थाले। एकछिन पछि त झन् बेस्सरी हल्लिन थाल्यो। त्यसपछि म ढोकातर्फ गएँ, हतारमा ढोकाको चुकुलै खुलेन। अत्तालिएर ढोकै तानेर आँगनमा हाम्फालें। घरको गाह्रो भत्किएर लडिरहेको थियो। एकछिनपछि भूकम्प रोकियो। अनि म काम्न थालें। अरू मानिस पनि कराउँदै आँगनमा आए। भूकम्प आउँदा खाटमुनि लुक्नुपर्छ भन्ने कुरा रेडियोमा सुनेको थिएँ। तर अत्यासमा सम्झन सकिनँ। लडिरहेको घरको टेबुलमुनि नबसेकै ठीक भयो।

# भूकम्प भोगाइ इलाम, झापा र ताप्लेजुङ



## रातभरि रोएर खेतमा बिताएँ

**सुनिता श्रेष्ठ**
कक्षा ७, लक्ष्मी निमावि, नाङखोल्याङ

सचेतना भए भूकम्पको प्रहार छल्न सकिँदो रहेछ

**भूकम्प** गएको दिन म ट्युसन पढ्न घर जाँदै थिएँ। बाटोमा जमिन र रूखहरू हल्लिएका देखें। अनि चिच्याउन थालें। अत्तालिँदै रुँदै घरतिर दौडिएँ। अलिपर पुगेपछि म डरले थरर कामें। रुँदै घरमा पुगें, घरका सबैजना खुला खेतमा पुगेछन्। म पनि परिवारसँगै रातभरि खेतमा रुँदै बसें। फेरि पनि भूकम्प आउने हो कि भन्ने भयले खेतको चिसोमा रातभरि बसें।

मेरा हजुरबाले भूकम्प आउँदा खुला ठाउँमा बस्नुपर्छ भनेर सम्झाउने गरेकाले हामी खेतमा गएका थियौं। मैले भोगेको पहिलो भूकम्प यही हो। भूकम्प गएपछि के के गर्नुपर्छ भनेर सरहरूले बताउनुभएकाले हामी सतर्क थियौं। अलिकता सचेतना भए भूकम्पको प्रहार छल्न सकिँदो रहेछ। अब चाहिँ आफू जोगिएर अरूलाई पनि जोगाउन सकिन्छ जस्तो लाग्छ।



## म खाटमुनि, सर टेबुलमुनि

**खेमराज निरौला**
शिक्षक, घुन्सा निमावि, ताप्लेजुङ

बरन्डाबाट अरूलाई बच्चा समाउन दिएर आफू चाहि माथिबाटै हाम फालें। तल झरे पछि अरू डर लाग्यो।

**म घुन्साको** चुमे शेर्पाको घरको माथिल्लो तलामा थिएँ। कोही भऱ्याङबाट तलामाथि चढे जस्तो लाग्यो। त्यसपछि पूजाकोठाका मूर्ति लड्न थाले। घरको सानो बालक रुन थाल्यो। मैले सानो नानीलाई खाटमुनि हालें र आफू पनि खाटमुनि छिरें। त्यसपछि म अत्तालिएर बाहिर निस्कन लागें। खाटमुनि रोइरहेको बच्चालाई पनि निकालेर ढोकाबाट बाहिर निस्कें। भऱ्याङबाट तल झर्दा झन् डर लाग्यो।

बरन्डाबाट अरूलाई बच्चा समाउन दिएर आफू चाहिँ माथिबाटै हाम फालें। तल झरेपछि अरू डर लाग्यो। वरिपरि पहाडै पहाड भएको कारण यताउता हेरें, पहाडहरू भत्किँदै थिए। आगोका ज्वाला निस्किरहेको देखेपछि झन् डर लाग्यो। घुन्सा गाउँका स्थानीयवासीहरू चिच्याउँदै, कराउँदै, रुँदै थिए।

मेरा शिक्षक मित्र विद्यानन्द सिंह खाना पकाउँदै थिए। मेरो ध्यान विद्यालयतर्फ गयो। भूकम्पले सरलाई किच्यो होला भन्ने चिन्ताले छोप्यो। त्यसपछि म अत्तालिँदै विद्यालयतर्फ दौडिएँ। विद्यालय पुग्दा सर टेबुलमुनि लुकेर बस्नुभएको देखें। सरलाई बाँचेको देखेपछि ढुक्क भएँ। त्यसपछि गाउँलेलाई खुला चौरमा भेला हुन आयो भन्दै हामी दुवै जना चौरतिर लाग्यौं। यसबेलासम्म भूकम्पको भय हटिसकेको थियो तर मन डराइरहेको थियो।



## खम्बा समाउनै सकिनँ

**यशोदा पतङ्वा**
कक्षा १०, भानु उमावि, फुङलिङ

हतारहतार माथिल्लो कोठामा रहेको खम्बा समाउन कुदें।

**म भूकम्प** आउँदा घरमा तरकारी पकाउँदै थिएँ। म अत्तालिएँ। भूकम्प आउँदा खम्बा समाउनुपर्छ भन्ने आमाबाबाले भनेको सम्झिएर हतारहतार माथिल्लो कोठामा रहेको खम्बा समाउन कुदें। खम्बा समाउन खोजें। तर खम्बा आफैं हल्लिइरहेको थियो। समाउनै सकिनँ। म झन् आत्तिएँ। यसो हेर्छु त भित्ताका ढुङ्गाहरू लडिरहेका थिए। छिमेकीहरू बाहिर निस्क भनेर कराइरहेका थिए। तर बाहिर पुग्न सकिनँ। भूकम्प सकिएपछि फेरि आउँछ कि सकियो भन्ने यकिन गर्न साथीभाइ र गाउँमा रहेका आफ्ना परिवारलाई फोन गरें तर सम्पर्क हुन सकेन। म झन् आत्तिएँ। भूकम्प आउँदा बाँचिँदैन सबै जमिन फुट्छ भनेको सुनेकी थिएँ। मरिने रहेछ भन्दै रातभरि डरले काम्दै बसें।

सत्यमोहन जोशी (९२)



# रूख नाचे, हामी हाँस्यौं

हाम्रो घर पाटनमा भए पनि पिताजी चाहिँ काठमाडौंको महाराजगञ्जमा डेरा लिएर बस्नुहुन्थ्यो । म पनि बेलाबेलामा पिताजीसँगै बस्न जान्थेँ। त्यहाँ रुलकराम भन्ने मेरो एउटा साथी थियो। भुईंचालो आएको दिउँसो हामी पिताजीको डेराकै पेटीमा बसेर खेल्दै थियौं। अघिल्तिर बकाइनोका तीन-चार वटा रूख थिए। त्यत्तिकैमा ती रूख त तल-माथि गर्दै नाच्न थाले। चरा पनि यताउता उडे। त्यसरी रूख नाचेको कहिल्यै नदेखेका हामीलाई त्यो दृश्य त्यसै-त्यसै रमाइलो लाग्यो। दुई भाइ पेट मिचीमिची हास्न थाल्यौं।

यति नै बेला पिताजीका घरबेटी कराए, "भुईंचालो आइरहेछ, तिमीहरू के हाँसेर बस्छौ ? यो हाँस्ने बेला हो र ?" नभन्दै वरपर बाक्लो धुलो उड्न थाल्यो । जताततै रुवाबासी र हाहाकारको आवाज आउन थाल्यो । घरबेटीले भनेपछि पो भूकम्पबारे चाल पाइयो। नत्र त्यसअघि भूकम्प के हो, कस्तो हुन्छ भन्ने थाहै थिएन।

यता घरमा आमा सुत्केरी हुनुहुन्थ्यो । घर र आमाको पीर मान्दै पिताजी र म महाराजगञ्जबाट पाटनतिर हान्नियौं। बाटोमा धेरै घर भत्किएका भेटिए। कतै जमिन पनि फाटेको देखिन्थ्यो। घर पुग्दा अत्यासै लागेर आयो। तीनतले घरको भुईंतला मात्रै बाँकी रहेछ। धन्न आमा र नवजात बहिनीलाई चाहिँ केही भएको रहेनछ। अहिले पो सञ्चारमाध्यमबाट भूकम्पबाट जोगिन ढोकाको चौकोस, टेबुलमुनि बस्नुपर्छ भन्ने जस्ता अनेकौं उपायहरू सुनिन्छन्। त्यतिबेला न सञ्चारमाध्यम थिए, न त कसैले त्यस्ता उपाय र ज्ञानको चर्चा नै गर्थे।

९० सालको महाभूकम्पमा म १३ वर्षको थिएँ। दरबार हाईस्कूलमा कक्षा ४ मा पढ्दै थिएँ। दरबार स्कूलको माथिल्लो तला भत्कियो। घण्टाघर तीन टुक्रा भयो। तर, त्रिचन्द्र कलेज र वीर पुस्तकालयको भवन भने भत्किएन। घण्टाघरको चारैतिर खुला बरण्डा थियो। त्यहीं बीच-बीचमा खाडी-कपडाको पर्दाले छेकेर दरबार स्कूलका कक्षा-कोठा बनाइएको थियो। विद्यालय भवन मर्मत नहुन्जेल हामीले त्यहीं पढ्यौं। यताको पाटन हाईस्कूलको पनि माथिल्लो तला भत्कियो। लगनखेलको पोखरी नजिकै टहरा बनाएर पाटन स्कूलको पढाइ सुचारु गरिएको थियो। यी दुई वटा बाहेक अरू विद्यालय उतिबेला थिएनन्।

खासगरी निदाल र दलिनमा चुकुल कसेर बलियो पारिएका घरहरू जोगिए। चुकुल ठोकिएकै भएर मेरो घरको पहिलो तलाले भूकम्पलाई थेग्यो। तर, त्यसरी चुकुल नकसिकन माटोको गारोबाट बनेका कच्ची घरहरू चाहिँ भत्किए। भूकम्पले धेरै देवालयमा क्षति पुग्यो। प्यागोडा शैलीका ४-५ तले मन्दिर पनि भत्किए। तर आश्चर्य ! पाटनको कृष्ण मन्दिर भने एकइन्च पनि चर्किएन।

काठमाडौंको टुँडिखेल भूकम्प पीडितले भरिएको थियो। पीडितको उद्धार र आश्रयस्थलका अहिलेको जस्तो ठूला पाल तिनताका पाइन्थेनन्। कपडाले बारबेर गरेर शिविर बनाइएका थिए, त्यसमा पराल पनि राखिएको हुन्थ्यो। विपद्का बेलामा उद्धार गर्ने रेडक्रस र परोपकार जस्ता संस्था पनि त्यतिबेला थिएनन्। बचेकाहरू प्रायः 'भाग्यले बाँचियो' भन्थे। भूकम्पको केही दिनपछि तत्कालीन प्रधानमन्त्री जुद्ध शमशेरले 'भूकम्प पीडित उद्धार संघ' खडा गरे। महाङ्काल मन्दिर परिसरको टहरोमा उद्धार संघको कार्यालय राखिएको थियो।

सिद्धिचरण श्रेष्ठ लगायत त्यसबेलाका नाम चलेका लेखकहरू त्यो उद्धार संघमा थिए। त्यो संघले काठमाडौं, भक्तपुर र पाटनका निम्ति छुट्टाछुट्टै टोलीहरू खटाएर भूकम्पीय क्षतिको लगत लियो। क्षति हेरेर टोलीले ऋण पनि बाँडेको थियो। त्यो ऋण पछि प्रधानमन्त्री जुद्धले मिनाहा गरिदिए।

भूकम्पको विनाशपछि मानिसहरूमा बलियो घर बनाउनुपर्छ भन्ने चेतना पलाउन थाल्यो। उतिबेला सिमेन्ट थिएन। गारो त माटाकै लगाउनुपर्दथ्यो। तराईबाट झिकाइएका डकर्मीले धेरै बेरसम्म मुछेर गारो लगाउने माटोलाई लेसाइलो बनाउँथे। त्यो माटो ईंटको गारोमा सिमेन्ट लगाए जस्तै लपक्क टाँसिन्थ्यो। तराईका मानिसहरूको काठमाडौं आउने क्रम त्यसैबेलादेखि शुरु भएको हो। गारो माटाकै भए पनि मानिसहरू छानो चाहिँ जस्ताकै हाल्नुपर्छ भन्न थाले। त्यसबेला भारतमा पनि नपाइएर बेल्जियमदेखि जस्ता झिकाइएको सम्झना छ, मलाई। त्यसपछि त जस्ताले घर छाउने लहरै चल्न थाल्यो।

भूकम्प आउनुको वैज्ञानिक कारणबारे त्यतिबेला कसैलाई थाहा थिएन। मानिसहरू भूकम्पलाई दैवी शक्तिले निम्त्याउने परिणामको रूपमा अर्थ्याउँथे। वंशावली अनुसार, १९९० सालभन्दा सय वर्षअघि त्यस्तै ठूलो भूकम्प आएको थियो। त्यसैले ९० सालको भूकम्पसम्म आइपुग्दा ठूलो भूकम्पको अनुभव बोकेकाहरू शायद कोही थिएनन् पनि होला। हामीले पनि आफ्ना अग्रजहरूबाट भूकम्पका कथा र अनुभव सुन्ने मौका पाएनौं।

त्यो भूकम्पको विनाशले मानिसहरूमा सोचाइ र व्यवहारमा धेरै किसिमका परिवर्तन ल्याइदियो। मुख्य कुरा त भूकम्पको बारेमा चेतना जाग्यो। फेरि यस्तै भूकम्प आयो भने के गर्ने, कसो गर्ने भन्ने विषयमा चर्चा हुन थाले। विपद् आइपर्दा घरबाट बाहिरिनका लागि सजिलो होस् भनेर घरका ढोकाहरू पनि अलि अग्ला र चौडा बनाइन थाले। त्यसअघि निहुरिएर पस्नुपर्ने ढोका हुन्थे। सडक चौडा पार्ने क्रम शुरु भयो। काठमाडौंको 'न्यूरोड' भूकम्पपछि नै बनाइएको हो। टुँडिखेलदेखि बसन्तपुर र भोटाहिटीदेखि इन्द्रचोकसम्मका घरहरू त्यतिबेलाकै उपज हुन्।

अहिले काठमाडौंमा भवन निर्माण र जनसङ्ख्या दुवै तीव्र रूपमा बढ्दो छ। ९० सालमा पीडितको उद्धारका लागि टुँडिखेल र अरू खाली ठाउँहरू धेरै थिए। तर अब त्यत्रै भूकम्प गइहाल्यो भने पाल टाँगेर पीडितलाई राख्ने ठाउँ पनि छैन। यस्ता विषयमा समय छँदै सोच्नुपर्छ, उपाय पहिल्याउनेतिर लाग्नुपर्छ।

*(वार्तामा आधारित)*



**टिप्पणी तराई र भूकम्प**

चन्द्रकिशोर

# धरनी डगमग डोले !

**२०४६ सालपछि तराईका गाउँमा खर र खपडाले छाएका घरहरू बदलिएर पक्की बन्न थालेका छन्। खर र खपडाले छाएका घरहरू भूकम्प आउँदा हल्लिन्थे, भासिन्थे, तर खतरनाक हुँदैनथे। दुई दशकयता यहाँ ईंटको पर्खाल भएका घरहरूको थुप्रो लागेको छ। यी घरहरू भूकम्पका दृष्टिकोणले जोखिमयुक्त छन्।**

गाउँघरका पुराना मानिसहरू आफ्नो उमेर बताउनु पर्दा वि.सं. १९९० को भूकम्पलाई सम्झने गर्छन्। उक्त महाभूकम्पलाई आधार मानेर आफ्नो उमेर निर्क्योल गर्ने पुस्ताका मानिस पातलिँदै गए पनि अझै पनि भेटिन्छन्। धेरैले भन्ने गर्छन्, "भूकम्प जाँदा म यति वर्षको/वर्षकी थिएँ; अहिले कति भएँ आफैँ थाहा पाउनुस्!"

महाभूकम्पलाई सम्झाउने स्थानीय भाषामा लेखिएका तुकबन्दी र काव्य पनि प्रशस्त पाइन्छन्; जो लोक शिक्षाका महत्त्वपूर्ण आधार भएका छन्। महाभूकम्पका बारेमा मैथिली भाषामा दुइटा पुस्तक छापिएका छन्। त्यसमध्ये कविवर सीताराम झा रचित *'भूकम्प वर्णन'* नेपालको मध्य र पूर्वी तराई भेकमा निकै लोकप्रिय रहेको छ। महाभूकम्पको केही वर्षपछि लेखिएको त्यस पुस्तकले तात्तातै जानकारी प्रवाह गरेर लोकलाई शिक्षित तुल्याउने काम गरेको थियो। त्यसपछि साहित्यकार कृष्णनन्दन सिंहले *'कम्पकारिका'* अर्थात् भूकम्पचरित्र लेखे। २०२९ सालतिर प्रकाशित भएको यो पुस्तकले पनि भूकम्पबारे सर्वसाधारणलाई शिक्षित र सूचित तुल्याउन महत्त्वपूर्ण योगदान पुऱ्याएको छ। सीमावर्ती भारतीय मिथिला क्षेत्रमा प्रकाशित यी दुई पुस्तकले भूकम्पका असरहरूका बारेमा मार्मिक चित्रण गरेका छन्।

*कम्पकारिका* मा महाभूकम्पको सजीव चित्र यसरी प्रस्तुत गरिएको छ:

***"तीन मिनट के छल भूकम्प,***
***राजा रंक सभक हडकम्प***
***पहिल मिनट उड्ल हतास,***
***दोसर क्रम भ्रम- भू-भ्वास***
***तेसर मिनट अनुभव की कहूँ,***
***नास्तिक तक चिकडय हरि पद गहूँ।"***

**नेपाली अनुवाद**

तीन मिनट भूकम्प आयो,
राजा रङ्कमा भागदौड मच्चियो।
पहिलो मिनटमै होस हवास उड्यो,
दोस्रो मिनेटमा पृथ्वी नै फुटेको भ्रम हुन गयो
तेस्रो मिनेटको अनुभव के भनौं-
नास्तिक समेत हरिभजन गाउने भए।

यो कविताले तीन मिनेट गएको भूकम्पका कारण ठूला-साना, राजा-रङ्क, धनी-गरिब सबै सबै आत्तिएको जनाउ दिन्छ। यति हुँदाहुँदै पनि भूकम्पको सकारात्मक योगदानलाई कविले बढी महत्त्व दिएका छन्- नास्तिकहरू पनि हरिभजन गाउन थाले!

भूकम्पप्रति मानिसहरूको प्रतिक्रियाको वर्णन यस्तो छ– जो जहाँ थिए, त्यहीं ओत लागे। कोही चेपिए। कोही उम्किए। कपडा सिउने काम गरिराखेको दर्जी चाहिँ मेसिनसहित घरमै पुरियो। कवितामा भनियो- "दरजी दबल मसिनसहित कपडा के सिवितहि"।

मैथिली साहित्यका समीक्षक डा. रामानन्द झा 'रमण' भन्छन्, "उसबेलाका कविहरूले ९० को महाभूकम्पलाई इतिहासको विध्वंसका रूपमा चिनाए। भीषण विनाशलीला देखेका कविहरूले आफ्नो अभिव्यक्ति पनि त्यसै गरी दिए। त्यसैले कविताहरू कारुणिक, मार्मिक र जानकारीमूलक हुन गए।"

महाभूकम्प भएको चार दशकपछि कृष्णनन्दन सिंहले *'कम्पकारिका'* लेखे। महाभूकम्पको छाप उनमा कति तीव्र र सघन परेको रहेछ भन्ने कुरा उनको कविताका यी हरफले स्पष्ट पार्छन्:

***"घरमे एकसरि हमही लाल,***
***भेल विवाहो पुरल न साल***
***जीवन यौवन पसरल थाल,***
***बाचल निश्चय कालक गाल"***

(घरको एकमात्र पुत्र थिएँ। विवाह भएको एक वर्ष पनि पुगेको थिएन। जीवन र यौवन उत्कर्षमा थिए। धन्न मृत्युको ग्रासबाट बाँचियो।)

२०४५ भदौ ५ गते आएको भूकम्पलाई पूर्वी तराईमा ९० पछिको ठूलो भूकम्पको रूपमा सम्झिने गरिन्छ। त्यस भूकम्पलाई सम्झिँदै डा. मुरलीधर झाले लगत्तै *'मैथिली भूकम्प काव्य'* सङ्ग्रह प्रकाशित गरे। यसमा नेपालका अन्य मैथिल कविका कविता पनि समावेश गरिएका छन्। यस सङ्ग्रहमा दुवै महाभूकम्पको विभीषिकाको वर्णन छ। कवि चन्द्रभानु सिंहले लेखेका छन्-

***"की करैत छी की फुरैत अछि,***
***भूगर्भक रानी,***
***बकसि दिऔं जन निसहायके,***
***ज्वालामुखी भवानी"***

(हे भूगर्भकी रानी! के गर्दै छ्यौ, किन कम्पित छ्यौ। हे ज्वालामुखी भवानी! हामी निसहाय मानिसलाई क्षमा गरिदेऊ।)

यसरी मैथिली काव्यहरूमार्फत भूकम्पबारे जनजनलाई शिक्षा दिएका रहेछन्, अघिल्ला पुस्ताका मानिसहरूले। विपत्तिको

बेलाको मानिसको मनोविज्ञानलाई कविहरूले केलाएका रहेछन्। डा. धीरेश्वर झा धीरेन्द्रले लेखेका छन्, ***"सोचैत अछि ओ, अरे ! ई भूकम्प घुरा आनलक/की मनुजता केर बोध ?"*** (म सोच्दछु, अहो ! भूकम्प आएको बेला मानिसमा मानवताको बोध हुँदो रहेछ। यस्तो कसरी हुन्छ ?)

भोजपुरीका साहित्यकार उमाशङ्कर द्विवेदीले पनि बाल्यकालमा ९० को महाभूकम्प बेहोरे। उनले पनि तुकबन्दीहरू रचना गरे– ***"केतना साल मे धरति डोलल, केतना साल मे खसल आकाश"***। (कुन सालमा भूकम्प आयो, कुन सालमा आकाश खस्यो ?)। यो तुकबन्दी सामान्य ज्ञान जाँच्नका लागि आज पनि ग्रामीण समाजमा प्रयोग गरिन्छ।

नेपाल भूकम्पको जोखिम भएको भूगोलमा बसेको छ भन्ने वैज्ञानिक ज्ञान भर्खरै मात्र फैलिँदैछ। नेपालको तराई क्षेत्र पहिलेदेखि नै सघन जनसङ्ख्या भएको क्षेत्र हो। अहिले त देशको आधा भन्दा बढी जनसङ्ख्या तराईमा बसोबास गर्छ। नेपालका प्रमुख व्यापारिक शहर र औद्योगिक क्षेत्रहरू यहीं छन्। तराईमा तीव्र रूपमा शहरीकरण भइरहेको छ। तर यहाँ भूकम्पबाट हुनसक्ने क्षतिलाई ध्यानमा राखेर भौतिक संरचनाहरू बन्ने गरेका छैनन्। स्कूल, कलेज, सिनेमा घर, सभागृह तथा पुल आदि सार्वजनिक महत्त्वका संरचना बनाउँदा भूकम्पलाई राम्ररी ख्यालमा राख्ने गरिएको छैन। भूकम्प प्रतिरोधी भौतिक संरचना बनाउँदा भूकम्पबाट हुने मृत्यु र क्षति न्यून हुन्छ भन्ने तथ्यलाई नीति र व्यवहारको अभिन्न अङ्ग बनाउन बाँकी नै छ। विशेषज्ञहरू भन्छन्, "भूकम्प आफैँले मानिसलाई क्षति गर्दैन। मानिसले बनाएका घर लगायत कमजोर भौतिक संरचना भत्किँदा नै भूकम्प भयावह हुने हो। भूकम्पबाट त्यहीं बढी क्षति हुन्छ जहाँका वस्ती असुरक्षित छन्।"

२०४६ सालपछि तराईका गाउँमा खर र खपडाले छाएका घरहरू बदलिएर पक्की बन्न थालेका छन्। खर र खपडाले छाएका घरहरू भूकम्प आउँदा हल्लिन्थे, भासिन्थे, तर खतरनाक हुँदैनथे। दुई दशकयता यहाँ ईंटको पर्खाल भएका घरहरूको थुप्रो लागेको छ। यी घरहरू भूकम्पका दृष्टिकोणले जोखिमयुक्त छन्।

नेपालको आर्थिक धमनी पनि भनिने पूर्व–पश्चिम राजमार्गका अधिकांश पूलहरू भूकम्प प्रतिरोधी प्रविधिबाट बनेका छैनन्। त्यसमाथि नियमित मर्मतसम्भार र रेखदेख नहुँदा तिनको जोखिम अरू बढेको छ।

भूकम्प प्राकृतिक प्रक्रिया हो। तर यसले सामाजिक क्षेत्रमा हिरो प्रभाव पार्दछ। यस सन्दर्भमा तराई केन्द्रित भएर खासै अध्ययन भएका छैनन्। यहाँ वस्ती बढेर शहर बनेका छन्। गुरुयोजना बनेर शहर विकास गर्ने प्रक्रिया चलेको छैन।

यता आएर तराईका शहरहरूमा पनि अग्ला-अग्ला भवन बनाउने होडबाजी चलेको छ। वीरगंज र विराटनगर जस्ता उपमहानगरपालिका क्षेत्रमा समेत जथाभावी घर बनेका छन्। कतिपय टोलमा एम्बुलेन्स र बारुणयन्त्र छिर्न सक्दैनन्। यस्ता शहर-वस्तीमा भूकम्प आउँदा सुरक्षित रहनु त परैको कुरा, शव सङ्ग्रह गर्न पनि गाह्रो पर्दछ। बाँचेका र घाइतेहरूलाई आश्रय दिने खुल्ला ठाउँ कहीं कतै छैन। ग्रामीण क्षेत्रका विद्यालय, गाविस भवन र अस्पताल भवनहरू जराजीर्ण छन्। यहाँ पुस्तौं पुस्तादेखिका जीर्ण घरहरूमा मानिसहरू बसोबास गरिरहेका छन्।



तराईका आम मानिसहरूमा भूकम्पले पहाडी क्षेत्रमा मात्र बढी क्षति पुऱ्याउँछ भन्ने भ्रम छ। तर यथार्थ त्यो होइन। नेपालको पहाडसँगै तराई पनि भूकम्पीय जोखिमका दृष्टिले तातो तावा नै हो। ९० को महाभूकम्पले गङ्गा नदीले बनाएको मैदानी क्षेत्रमै ताण्डव मच्चाएको थियो। तराईवासीले जति छिटो यस भ्रमबाट मुक्ति पाउँछन्, त्यही गतिमा यहाँ भूकम्प सचेतता बढेर आउन सक्छ।

भूकम्पबाट हुनसक्ने राष्ट्रिय विपत्तिलाई व्यवस्थापन गर्न तराईको भूभाग अत्यन्त उपयोगी हुन सक्छ। भूकम्पको जोखिमलाई ध्यानमा राखेर तराईका विभिन्न भागमा *राष्ट्रिय खाद्यान्न केन्द्र* स्थापना गर्न सकिन्छ। यहाँ सुरक्षित राखिएका खाद्यान्नलाई विपत्तिका बेला मुलुकभर वितरण गर्न सकिन्छ।

देशभरि नै प्राकृतिक प्रकोप व्यवस्थापनको जिम्मा प्रमुख जिल्ला अधिकारीको काँधमा राखिएको छ। उनीहरू भूकम्प आएमा तत्काल राहत कसरी पुऱ्याउने भन्ने काममा अल्मलिन्छन्। तर उद्धार गर्ने, काम चलाउ समन्वय गर्ने, चेपिएकाहरूलाई निकाल्ने काम त खतरामा परिसकेपछिका काम हुन्। तर दुर्भाग्य, नेपालमा भूकम्पको खतराबाट बच्ने उपायका लागि आवश्यक पर्ने कामहरू हुनसकेका छैनन्।

मैथिलीमा लोकोक्ति नै चलेको छ, 'धरनी डगमग डोले' (डगमग काम्छिन् धरती)। प्रकृतिको नियमलाई रोक्न सकिँदैन। भूकम्प आएपछि धरती काम्छिन्। त्यसबाट जोगिन सकिन्छ। थोरै सतर्कता मात्र अपनाउन सके सर्वनाशबाट बच्न सकिन्छ।

# कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) सम्बन्धी विधेयक २०६६

कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहारसम्बन्धी कानुन सामान्यतया तीन प्रकारका अवधारणामा आधारित पाइन्छन्। एउटा कानुनी अवधारणाले यौनजन्य दुर्व्यवहारलाई लिङ्गमा आधारित भेदभावका रूपमा लिन्छ, अर्कोले वैयक्तिक सम्मानमाथिको आक्रमण (an offense against dignity) का रूपमा लिन्छ र तेस्रो अवधारणाले यसलाई कार्यस्थलमा स्वास्थ्य तथा सुरक्षासँग जोडिएको सवालका रूपमा हेर्दछ।

नेपालको सन्दर्भमा कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार नियन्त्रणका लागि अहिलेसम्म कुनै विशिष्ट कानुन छैन। नेपालको अन्तरिम संविधान २०६३, मुलुकी ऐन २०२०, गाली र बेइज्जती ऐन २०१६, केही सार्वजनिक (अपराध र सजाय) ऐन, २०२७, घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६ जस्ता राष्ट्रिय कानुनले महिलामाथिको भेदभाव र हिंसाका विरुद्ध र व्यक्तिको पेशागत स्वतन्त्रताको पक्षमा विविध व्यवस्थाहरू गरेका छन्।

२०६० सालमा सर्वोच्च अदालतले एक रिट निवेदनमा "यौनजन्य दुर्व्यवहार सम्बन्धमा यसका सबै पक्षलाई समेट्ने गरी जो जस्तो आवश्यक पर्ने हुन्छ अध्ययन गरी गराई उपयुक्त कानुन निर्माणको लागि आवश्यक व्यवस्था एवं पहल गर्नु भनी विपक्षीका नाउँमा निर्देशनात्मक आदेश जारी हुने ठहर्छ" भनी त्यस्तो आदेश दिएको थियो। त्यस्तै, श्रम अदालतले आफ्नो एक निर्णयमा यौनजन्य दुर्व्यवहारलाई खराब आचरण ठहर गरेको पाइन्छ। यिनै अदालती आदेश र निर्णयहरूको आधारमा कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार सम्बन्धी विधेयक २०६६ सालमा व्यवस्थापिका संसद्मा प्रस्तुत गरिएको थियो।

कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) विधेयक, २०६६ अहिले व्यवस्थापिका संसद्को विधायन समितिमा विचाराधीन छ।

**नाम र प्रारम्भः** मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ र घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६ जस्ता महिलामाथि हुने हिंसा सम्बन्धी अन्य ऐनहरूको भाषा र मर्मसँग एकरुपता हुने गरी ऐनको नाम राख्नु उपयुक्त हुन्छ। त्यसैगरी; ऐनको प्रारम्भ प्रमाणीकरण भएको मितिबाट ९१औं दिनदेखि भनेर लम्ब्याउनुको कुनै औचित्य देखिँदैन।

**परिभाषाः** विधेयकको दफा २ को खण्ड (क) मा दिइएको 'कार्यस्थल' सम्बन्धी परिभाषाभन्दा बृहत्तर क्षेत्रलाई ओगट्ने गरी संशोधन प्रस्तावमा आएको निम्न परिभाषा उपयुक्त छ, तर यो पनि पर्याप्त छैन। यसलाई अझै स्पष्ट बनाउनका लागि 'कार्यस्थल'लाई वर्गीकरण गरी थप व्याख्या गर्नु जरुरी छ। त्यसैगरी खण्ड (ग) मा थप गरिएका शब्दावली तथा थपिएका खण्ड (च) र (छ) पनि आवश्यक छन्; किनकि *यूएन विमेन* को एउटा विशेष दस्तावेज (DEVELOPING LEGISLATION ON VIOLENCE AGAINST WOMEN AND GIRLS) ले 'कार्यस्थल'मा उपस्थित जोसुकैमाथिको यौनजन्य दुर्व्यवहारलाई सम्बोधन गर्नुपर्ने र कामका क्षेत्रहरूमा यस्ता घटनाको छानबिन गर्न विशेष छानबिन समिति बनाइनुपर्ने कुरालाई कानुनतः व्यवस्थित गर्न जोड दिएको छ। यसलाई अझै स्पष्ट गर्नका लागि 'कार्यक्षेत्र'लाई वर्गीकरण गरी

१. सरकारी निकाय, सङ्गठन वा उद्योग, स्थानीय निकाय वा सहकारी वा त्यस्तै प्रकृतिका अन्य संस्था
२. निजी सङ्गठन, ट्रष्ट, गैरसरकारी संस्था, पेशागत वा शैक्षिक वा मनोरञ्जनको क्षेत्र आदि
३. व्यक्तिगत घर वा निवास
४. कुनै पनि यातायातका साधन
५. खेती, उद्योग, व्यापार, व्यवसाय जस्ता कुनै पनि असङ्गठित क्षेत्रहरू आदि भनेर तिनको बृहत् व्याख्या समेत गरी छुट्याइनु आवश्यक छ। सम्पूर्ण व्याख्या ऐनमा नै समेट्न धेरै भद्दा हुने भएमा त्यसलाई ऐनको पूरक परिशिष्टमा पनि राख्न सकिन्छ।

(**खण्ड ग को व्यवस्थाः** 'व्यवस्थापक' भन्नाले कुनै कार्यस्थलको प्रशासनिक वा व्यावसायिक काम कारबाहीको सम्बन्धमा अन्तिम निर्णय गर्न अधिकार प्राप्त व्यक्ति वा सो प्रयोजनको लागि प्रत्यायोजित अधिकार प्रयोग गर्ने अधिकारी सम्झनुपर्छ र सो शब्दले त्यस्तो कार्यस्थलको अन्यत्र शाखा तथा इकाई रहेको भए त्यस्तो शाखा वा इकाईको प्रमुख वा काम लगाउने व्यक्तिलाई समेत जनाउँछ।)

**यौनजन्य दुर्व्यवहार गरेको मानिनेः** उपदफा १ का खण्ड बाहेक उपदफा (१) मा रहेको व्होराको सट्टा देहाय बमोजिम राख्दा बढी प्रस्ट हुन्छ। यसबाट कसले, कसलाई र कहाँ दुर्व्यवहार गरेको अवस्थालाई 'यौनजन्य दुर्व्यवहार' मान्ने भन्ने प्रस्ट पार्छ। तलका पुनर्लिखित हरफहरूमध्ये धेरै संशोधन प्रस्तावमा पनि आइसकेका छन्। उपदफा १ को खण्ड (च) बाट 'पटक-पटक' भन्ने शब्द हटाउनुपर्छ; किनकि एकपटक मात्रै यौनजन्य आशयले हेरे पनि दुर्व्यवहार मानिन्छ। संशोधन प्रस्तावमा आइसकेको खण्ड (च) पछि खण्ड (छ) र (ज) थप्नु उपयुक्त हुन्छ। यसले आधुनिक प्रविधिको दुरुपयोगमार्फत हुनसक्ने यौनजन्य दुर्व्यवहारलाई नियन्त्रण गर्न सक्ने आधार दिन्छ।

**सुझावः** "(१) व्यवस्थापक वा कामदार कर्मचारी वा सेवाग्राही वा तेस्रो पक्षले आफ्नो पद, शक्ति वा अधिकारको दुरुपयोग गरी, कुनै किसिमको दवाव, प्रभाव वा प्रलोभनमा पारी वा हतोत्साहित गरी अर्को कामदार कर्मचारी वा सेवाग्राही वा तेस्रो पक्षलाई कार्यस्थलमा वा आवतजावतको क्रममा वा कार्यप्रयोजनको लागि खटिएको स्थानमा वा अन्य कुनै स्थानमा देहायको कुनै कार्य गरे वा गराएमा यौनजन्य दुर्व्यवहार मानिनेछः- (च) यौनजन्य आशयले हेरेमा।

**खण्ड (च) पछि देहाय बमोजिमका खण्ड (छ) र (ज) थप्नु पर्नेः–** (छ) वेभसाइट, इन्टरनेट, ई-मेल, लगायत सूचना प्रविधि मार्फत् अश्लील तथा यौनजन्य सामग्री हेर्ने, डाउनलोड गर्ने, ई-मेल पठाउने आदि क्रियाकलाप गरेमा, (ज) टेलिफोन, फ्याक्स र एस.एम.एस. लगायत दूरसञ्चारका माध्यममार्फत् यौनजन्य समाचार, सन्देश पठाएमा वा दिएमा।

**सुझावः खण्ड (ग) पछि देहाय बमोजिमका खण्ड (घ), (ङ), (च) र (छ) थप्नुपर्नेः–**

(घ) सुरक्षित, सुव्यवस्थित, फराकिलो र उज्यालो कार्यस्थलको व्यवस्था गर्ने,
(ङ) महिला, पुरुष र तेस्रो लिङ्गीका लागि अलग-अलग सुरक्षित तथा सुव्यवस्थित शौचालयको व्यवस्था गर्ने।
(च) यौनजन्य दुर्व्यवहार गर्नेउपर उजुरी लिने, त्यस्तो उजुरीउपर

उपयुक्त छानविन तथा सुनुवाइ हुने तथा त्यस्तो विवादको निष्पक्ष ढङ्गबाट समाधान गर्न आवश्यक व्यवस्था तत्काल गर्ने।

(छ) व्यवस्थापकले पीडितलाई यस ऐन बमोजिम उपयुक्त क्षतिपूर्ति तथा आवश्यकता अनुसारको मनोवैज्ञानिक परामर्श सेवा दिनुपर्ने।

**सुझाव**: (२) यौनजन्य दुर्व्यवहारविरुद्ध उजुरी गर्ने अवधि, कार्यविधि, राहतको व्यवस्था तथा उजुरी सुन्ने अधिकारीको सम्बन्धमा पीडितलाई स्पष्ट जानकारी गराउनु पर्नेछ।

**गुनासो सुनुवाई सम्बन्धी व्यवस्था**: यो दफा र पुरै विधेयकभरी 'गुनासो'को सट्टा 'उजुरी' गर्ने शब्द प्रयोग गर्नु उपयुक्त हुन्छ। त्यसैले 'गुनासो सुनुवाई' शब्दहरूलाई 'उजुरी सुनुवाई' शब्दद्वारा प्रतिस्थापित गर्नु जरुरी छ। प्रस्तावित विधेयकको दफा नं. ६ को उजुरी सुनुवाई सम्बन्धी व्यवस्थाका दफा र उपदफाहरू धेरै पक्षमा अधुरो र अस्पष्ट छन्। त्यसैले यस दफाको पुनर्लेखन गरी यसमा निम्न पक्षहरू उपयुक्त तवरले समाहित गर्नुपर्ने देखिन्छ। 'मेलमिलाप गराइदिन' भन्ने शब्दलाई 'मध्यस्थता गर्न' भन्ने शब्दद्वारा प्रतिस्थापित गर्नु बढी तर्कपूर्ण हुन्छ।

**सुझाव; दफा ६. उजुरी सुनुवाई सम्बन्धी व्यवस्था**: यस दफामा समेटिनुपर्ने विषयहरू:-

क) निजी वा प्रतिष्ठानस्तरभन्दा सानोस्तरको कार्यस्थल भएमा यौनजन्य दुर्व्यवहारमा पर्ने पीडितले त्यसको पहिलो उजुरी सम्बन्धित व्यवस्थापकसमक्ष दिनेछ।

ख) व्यवस्थापक आफैं आरोपित भएको स्थितिमा यस्तो उजुरी पीडितले सिधै उजुरी सुन्ने अधिकारी समक्ष गर्नेछ।

ग) प्रतिष्ठानस्तरको कुनै कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहारका सम्बन्धमा परेको उजुरीमाथि छानविन तथा सुनुवाइ गरी कारवाही तथा किनारा गर्न प्रतिष्ठानले कम्तीमा दुईजना महिला सदस्य सहितको एउटा तीन सदस्यीय उजुरी समिति गठन गर्नेछ।

(यस्तो उजुरी समितिको व्यवस्थाले व्यवस्थापकको उत्तरदायित्वलाई बढी बोध गराउँछ। उजुरी समितिका सन्दर्भमा सभासद् सपना प्रधान मल्लले संशोधन प्रस्तावमा प्रस्तावित गर्नुभएको यसको कार्यविधि, छानविन, ध्यान दिनुपर्ने विषय, वार्षिक प्रतिवेदन तयारी, कार्यक्षेत्र, मध्यस्थता, अन्तरिम आदेश जारी गर्नसक्ने आदि व्यवस्था महत्वपूर्ण र उपयुक्त छन्। तिनलाई विधेयकमा समावेश गर्नुपर्दछ।)

घ) यस्तो उजुरी मौखिक वा लिखितरूपमा यौनजन्य दुर्व्यवहार गरेको वा गर्ने प्रयत्न गरेको मितिले तीस दिनभित्र दर्ता गराइसक्नुपर्नेछ। उजुरी मौखिकरूपमा दिएमा त्यसलाई लेखबद्ध गरी पीडितलाई पढी-वाची सुनाई निजको सहीछाप गराई दर्ता गराउनुपर्नेछ। (प्रस्तावित सात दिन अत्यन्त कम समय भयो) (२) उपदफा (१) बमोजिम कुनै उजुरी परेमा व्यवस्थापक वा उजुरी समिति वा उजुरी सुन्ने अधिकारीले सो सम्बन्धमा तुरुन्त छानविन गर्नुपर्नेछ।

**सुझाव**: (३) उपदफा (२) बमोजिम छानविन गर्दा आरोपित व्यक्तिले उजुरी गर्ने व्यक्तिलाई कार्यस्थलमा यौनजन्य दुर्व्यवहार गरेको देखिएमा व्यवस्थापक वा उजुरी समिति वा उजुरी सुन्ने अधिकारीले दुवै पक्ष मञ्जुर भएमा पीडित र आरोपित व्यक्तिबीच मध्यस्थता गराइदिन वा अवस्थाअनुसार त्यस्तो आरोपित व्यक्तिलाई पीडितसँग माफी मगाउन वा निजलाई सचेत गराउन वा पीडितलाई मनासिब क्षतिपूर्ति दिलाइदिन र दण्डसजाय गर्न सक्नेछ। तर पीडित पक्षलाई अनुचित प्रभावमा पारी मध्यस्थता गर्न खोजिएकोमा पीडित पक्षले जुनसुकै अवस्थामा पनि त्यस्तो मध्यस्थता भङ्ग गर्न सक्नेछ।

(४) व्यवस्थापक वा उजुरी समिति वा उजुरी सुन्ने अधिकारीले यस दफा बमोजिम उजुरीको टुङ्गो उजुरी परेको मितिले तीस दिनभित्र लगाउनुपर्नेछ। व्यवस्थापक वा उजुरी समितिले गरेको निर्णयउपर चित्त नबुझ्ने पक्षले निर्णय भएको मितिले ३० दिनभित्र उजुरी सुन्ने अधिकारी समक्ष पुन: छानविनका लागि लिखित उजुरी दिन सक्नेछ। व्यवस्थापकको हकमा पहिलो पटक नै उजुरी सुन्ने अधिकारी समक्ष उजुरी गरेको र त्यसको निर्णय चित्त नबुझेको अवस्थामा चित्त नबुझ्ने पक्षले निर्णय भएको ३० दिनभित्र सम्बन्धित अदालतमा पुनरावेदन गर्न सक्नेछ।

संशोधन प्रस्ताव अनुसार थप गर्न उपयुक्त देखिएका (६) कसूर बमोजिम पीडकलाई सेवाबाट व्यवस्थापक वा उजुरी समिति वा उजुरी सुन्ने अधिकारीले बर्खास्त, सरुवा वा घटुवा गर्न सक्नेछ।

**अन्तरिम आदेश जारी गर्न सक्ने**: पीडित पक्ष वा साक्षीको सुरक्षा सुनिश्चित हुनुपर्दछ। व्यवस्थापक वा उजुरी समिति वा उजुरी सुन्ने अधिकारीले पीडित पक्ष वा साक्षीको अनुरोधमा पीडित वा साक्षीको सुरक्षाका लागि फैसला नगरुञ्जेलसम्मको लागि संरक्षित अनुभूति हुने ठाउँमा सरुवा गर्न, सिफ्ट परिवर्तन गर्न, बिदा उपलब्ध गराउन वा अन्य किसिमको अन्तरिम आदेश जारी गर्न सक्नेछ। संशोधन प्रस्ताव अनुसार समेत थप गर्न उपयुक्त देखिएको

**प्रमाणको भार**: प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम परेको उजुरी अनुसार आरोपित व्यक्तिले आफू निर्दोष भएको कुराको प्रमाणको भार आफैंले पुऱ्याउनुपर्नेछ। उजुरवालाले सोको खण्डनको लागि मात्र आवश्यक प्रमाण पुऱ्याउनुपर्नेछ। (महिलाविरुद्ध हिंसासम्बन्धी अन्य कानुन र अन्तर्राष्ट्रिय मान्यता अनुसार संशोधन प्रस्तावमा पनि परिसकेको)

**उजुरी सम्बन्धी व्यवस्था**: दफा ६ लाई उजुरी सुनुवाईसम्बन्धी व्यवस्था भनेर संशोधन गरिएको हुँदा यस दफाको शीर्षकलाई पनि परिमार्जन गर्नुपर्ने। उपदफा १ को संशोधन प्रस्ताव अनुसार पुनर्लेखन गर्दा बढी प्रष्ट हुने देखिन्छ।

**सुझाव**: **दफा ७: उजुरी सुन्ने अधिकारी समक्ष लिखित उजुरीसम्बन्धी व्यवस्था**: (१) दफा ६ मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यवस्थापक, कर्मचारी, कामदार वा अन्य कुनै तेस्रो पक्षले कसैउपर कार्यस्थलमा यौनजन्य दुर्व्यवहार गरेमा वा गर्ने प्रयत्न गरेमा उजुरीवालाले त्यस्तो व्यक्तिउपर यौनजन्य दुर्व्यवहार भए गरेको मितिले नब्बे दिनभित्र उजुरी सुन्ने अधिकारीसमक्ष लिखित उजुरी दिन सक्नेछ।

(२) कुनै व्यवस्थापक वा उजुरी समितिले दफा ६ बमोजिम परेको उजुरी निर्धारित म्यादभित्र टुङ्गो नलगाएमा त्यस्तो म्याद समाप्त भएको मितिले र सो दफाबमोजिम व्यवस्थापक वा उजुरी समितिले गरेको निर्णयउपर कुनै पक्षले चित्त नबुझाएमा त्यस्तो निर्णय भएको मितिले तीस दिनभित्र सम्बन्धित व्यक्तिले उजुरी सुन्ने अधिकारीसमक्ष लिखित पुन:उजुरी दिन सक्नेछ।

विभिन्न अन्तर्राष्ट्रिय मान्यताहरू, अन्य देशहरूको सम्बन्धित कानुन र सभासद्हरूको संशोधन प्रस्ताव समेतको आधारमा हेर्दा विचाराधीन अवस्थामा रहेको कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहारलाई निवारण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमा केही परिमार्जन र संशोधन गर्नुपर्ने देखिन्छ।

यस विधेयकको प्रस्तावनामा अन्तर्राष्ट्रिय रूपमै मान्यता दिइएको व्यक्तिको आत्मसम्मानको संरक्षण र कार्यस्थललाई यौनजन्य दुर्व्यवहाररहित बनाउनुपर्ने रोजगारदाताको दायित्वको उद्देश्य छुट्न गएको छ। त्यसलाई समेत समाहित हुनेगरी प्रस्तावनामा उल्लेख गर्नु जरुरी छ।

*मञ्जु थापाद्वारा नेपाल कन्स्टिट्युसन फाउण्डेसनका लागि तयार गरिएको यो अनुसन्धान तथा सुझावपत्रलाई महिला, जनजाति, मधेसी, युवा तथा अन्य क्षेत्रका दवाव समूहहरूको इनपुटका आधारमा अन्तिम रूप दिइएको छ। यस सम्बन्धमा यो फाउण्डेसन सञ्जीव लामा, सानुमाया महर्जन, संजिता तिम्सिना, बिनु गौतम, गोकर्ण केसी, निरुपमा यादव, प्रकाश पाण्डेय, मधुर पाठक, गोपी विश्वकर्मा, जोनी निरौला, डिना श्रेष्ठ लगायत फुर्पा तामाङ, अभिषेक अधिकारी तथा डा. विपिन अधिकारी समेतप्रति आभार व्यक्त गर्दछ।

*यो अध्ययन एसिया फाउन्डेसन को सहयोगमा गरिएको हो तर यसमा व्यक्त विचारहरू सम्बद्ध लेखकका हुन्। तिनले फाउन्डेसनको विचार र दृष्टिकोणलाई प्रतिनिधित्व गर्दैनन्।*

# कोही छैनौं दोषमुक्त !

**अहिले कक्षा १-१० सम्म विद्यालयमा भर्ना भइसकेपछि कोही पनि फेल हुँदैनन्। तर मेरो विचारमा शिक्षाको जग बलियो पार्न कक्षा १ मा विद्यार्थीलाई कम्तीमा दुई-तीन वर्ष रोकेर राम्ररी किताब पढ्न, लेख्न र गणित सम्बन्धी साधारण हिसाब गर्न सिपालु एवम् दक्ष भएपछि मात्र कक्षा २ मा चढाउने गरिनुपर्छ।**

■ **लीलाधर जोशी**

नेपालको सार्वजनिक शिक्षा र त्यसका प्रमुख पात्र शिक्षकका मूल समस्या भनेको शिक्षामा स्पष्ट नीति, सिद्धान्त र ऐन-नियम लागू हुन नसक्नु वा नपाउनु हो। विद्यालयमा अहिले स्थायी, अस्थायी, करार, राहत, परियोजना, पीसीएफ, निजी गरेर धेरै प्रकारका शिक्षक नियुक्त छन्। स्थायी शिक्षक बाहेक अरूको नोकरीको ग्यारेन्टी छैन। अहिले व्यापारिक दृष्टिकोण बोकेर शिक्षकहरू विद्यालयमा प्रवेश गर्छन्। तिनलाई कुनै आशा-भरोसा छैन। शिक्षा नियमावलीमा प्रत्येक वर्ष ६/६ महिनामा विज्ञापन प्रकाशित गर्ने भन्ने कुरा स्पष्ट लेखिएको छ। तर २०५२ सालमा खोलिएको विज्ञापनको रिजल्ट २०६० सालमा निकालियो। २०५२ सालभन्दा अगाडि नियुक्त शिक्षकहरू स्थायी हुने आशामा विद्यालयमा पढाउने काम गरिरहे। तर आठ वर्षपछि परिणाम प्रकाशित हुँदा तीमध्ये कैयौं असफल भए। अन्य सरकारी नोकरीको लागि उनीहरूको उमेर ढल्किसकेको थियो। २०६२ सालको ५० प्रतिशत आन्तरिक परीक्षामा पनि १० देखि २५ वर्ष काम गरेका शिक्षकहरू असफल भएका छन्। २०५२ सालको आयोगबाट विस्थापित जो १० देखि १२ वर्षसम्म कार्यरत थिए २०६२ सालको आयोगमा पनि असफल भएका छन्। यति लामो समयसम्म काम गरेका शिक्षकहरूलाई सरकारले अपाङ्ग बनाइदिएको छ। शिक्षकहरूको दु:ख पीडालाई कसले बुझ्ने ? यस्ता शिक्षकले के गर्ने ? आफ्नो जहान परिवारलाई पालन-पोषण एवम् शिक्षा स्वास्थ्यको कसरी व्यवस्था गर्ने ? यो एकदम अन्याय हो, अत्याचार हो तथा भ्रष्ट नीतिको परिणाम हो। यसैकारण शिक्षकहरू निराश छन्।

## शिक्षामा राजनीति

अहिले 'जसको दल उसको बल' भन्ने उखान हाम्रो शिक्षामा लागू भएको देखिन्छ। शिक्षकहरू विभिन्न संघ तथा सङ्गठनहरूमा आबद्ध भएर खुला राजनीतिमा लागेका छन्। त्यसरी राजनीतिमा लागेका शिक्षकहरू प्राय: स्थायी पनि भइसकेका छन्। कुनै पनि राजनीतिक धारसँग आबद्ध नभएका; विद्यालयमा नियमित उपस्थित भई पढाउने योग्य शिक्षकहरू मात्र अस्थायीका अस्थायी छन्। हाम्रो शिक्षाको स्तर न्यून हुने प्रमुख कारण नै राजनीति हो। शिक्षक भर्ना गर्दा राजनीति, स्थायी गर्दा राजनीति, पुरस्कार दिँदा राजनीति, बढुवामा राजनीति, विद्यालयहरूको अनुमति दिँदा राजनीति, दरबन्दी निकासा गर्दा राजनीति, विद्यालयहरूमा शैक्षिक तथा भौतिक सुविधा उपलब्ध गराउँदा राजनीति तथा विभिन्न शैक्षिक आन्दोलनहरूमा समेत राजनीति चलेको हुन्छ। केन्द्रीय स्तरका नेताहरूसँग राम्रो सम्बन्ध भएका शिक्षकहरू अध्ययन बिदा मिलाएर विभिन्न ठेक्कापट्टाका काममा लागेका छन्। काज मिलाएर सुगम ठाउँमा बसेका छन्। व्यापारमा लागेका छन्। कुनै ठाउँमा विद्यालयमा कहिलेकाहीं उपस्थित भएर हाजिर गर्ने काम मात्र भएको छ। यदि शिक्षामा यस्तै राजनीति चलाइरहने हो भने शिक्षाको गुणस्तरमा कहिल्यै पनि सुधार ल्याउन सकिँदैन।

## शिक्षक स्वयम् दोषी

विश्वमा सबभन्दा सम्मानित पद शिक्षक हो। हाम्रो नीतिशास्त्रले त असल बाटोमा हिँड्न सिकाउने तथा ज्ञानी बनाउने शिक्षकलाई भगवानतुल्य नै बनाएको छ:

*गुरु ब्रह्मा, गुरु विष्णु, गुरुदेवो महेश्वर:*
*गुरु साक्षात् परम् ब्रह्मा, तस्मै श्रीगुरुभ्यो नम: ।*

यस्तो पवित्र एवम् सम्मानित पेशा अहिले शिक्षकहरूकै विभिन्न अनैतिक कर्मले गर्दा अपहेलित हुन पुगेको छ। शिक्षक पदलाई हेलाको दृष्टिले हेरिनुमा शिक्षक स्वयम् दोषी छ। शिक्षकहरू विभिन्न राजनीतिक दलहरूमा आबद्ध छन्। शिक्षकहरू स्वयम् मदिरापान, धुम्रपान सेवन गर्ने, बलात्कार गर्ने, चोरी गर्ने, तास खेल्ने, गाली गर्ने, विद्यालय समयमा पनि मदिरा सेवन गरेर आउने, विद्यालयमा उपस्थित नहुने, घुस दिने, घुस खाने, पक्षपात गर्ने, परीक्षामा विद्यार्थीलाई नक्कल गराउने, विद्यालयमा नपढाएर म तिमीहरूलाई परीक्षामा पास गरिदिन्छु भन्ने, विद्यालयमा एकथरीका शिक्षकले अर्कोथरीका शिक्षकलाई हेला गर्ने, विद्यालयमा आएका सम्पूर्ण रुपैयाँ विद्यालयको आवश्यक काममा खर्च नगरी छात्रवृत्तिको रकमसहित आफैंले खाने, नक्कली विद्यार्थीको नामावली पेश गरी सरकारी रकमको दुरुपयोग गर्ने जस्ता काम गर्दा शिक्षकहरू आफैं अपहेलित हुन पुगेका हुन्।

यदि माथि उल्लिखित कामको बदलामा शिक्षकले लगनशील भएर पढाउने, सम्पूर्ण शिक्षकहरूले एकजुट भएर एकअर्काप्रति सम्मानको दृष्टिले हेर्ने, सम्पूर्ण शिक्षकहरूको एक बलियो युनियन गठन गर्ने, कुनै राजनीतिक पार्टीसँग आवद्ध नहुने, समाज र विद्यार्थीको अगाडि अथवा देखावटीमा कुनै किसिमको अम्मलपान सेवन नगर्ने, कुनै किसिमको नैतिक पतन हुने काम नगर्ने, समाजको विकास गर्ने काममा अग्रसर हुने, सबैको विश्वासिलो पात्र बन्ने, पक्षपात नगर्ने, पढाउने कामलाई मुख्य काम ठानेर दैनिक पाठयोजना बनाएर मिहिनेत साथ पढाउने, विद्यार्थीको बारेमा समय-समयमा अभिभावकलाई जानकारी गराउने गरेमा, अभिभावक एवम् विद्यार्थीको प्रिय पात्र बनेमा, परीक्षामा बिल्कुलै नक्कल नगराएमा, विद्यालयको शैक्षिक, आर्थिक, भौतिक लगायत सम्पूर्ण पक्षहरूको चौतर्फी विकासमा निरन्तर लगनशील भएर लागिरहेमा, समाजमा भइरहेका अनेकौं विसङ्गतिहरूलाई हटाएर निरन्तर समाजसेवामा लागिरहेमा शिक्षकहरू कतैबाट पनि अपहेलित हुनुपर्दैन। शिक्षकका जायज मागहरूलाई विद्यार्थी लगायत सम्पूर्ण समाजले सहयोग गरी पूरा गराइदिन सक्थ्यो। शिक्षकहरूको सम्मान हुनेथियो। देशमा शिक्षाको गुणस्तर सधैं अगाडि बढ्दै जानेथियो।

### अभिभावकको दोष

विद्यार्थी केवल ६ घण्टा मात्र शिक्षकको साथमा; बाँकी १८ घण्टा जति अभिभावककै साथमा हुन्छन्। अभिभावकले आफ्ना छोराछोरी समयमा विद्यालय जान्छन् कि जाँदैनन्, समयमै विद्यालयबाट घर फर्कन्छन् कि फर्कदैनन्, विद्यालयमा नियमित उपस्थित हुन्छन् कि हुँदैनन्, सङ्गतका साथीहरूको चालचलन कस्तो छ, बानीव्यहोरा कस्तो छ, खानपिन कस्तो छ, घरमा गृहकार्य गर्छ कि गर्दैन, सुत्ने र उठ्ने समय ठीक छ कि छैन, खाने समय ठीक छ कि छैन, विद्यालयमा प्रगति कस्तो छ, के-के कुरामा सुधार गर्नुपर्ने देखिन्छ आदि कुराहरू बुझ्नु अनिवार्य हुन्छ। माथि उल्लिखित केही कुराहरू त अभिभावकले कम्तीमा महिनाको एकचोटि विद्यालयमा गएर शिक्षकहरूसँग छलफल गर्ने एवम् सुझाव माग्ने गर्नुपर्दछ। तब मात्र विद्यार्थीको प्रगति हुन्छ। तर अहिले समाजमा यस्तो बिल्कुलै देखिँदैन। विद्यालयमा भर्ना गरिसकेपछि छोराछोरी के गर्दैछन्, त्यसको केही मतलब छैन। जब छोराछोरीहरू साथीहरूको लहैलहैमा लागेर विभिन्न कुलतमा फँसी समाजमा अनैतिक काम गरेको सुनिन थाल्छ र सरकारी नोकरी तथा अन्य प्रवेश परीक्षाको विभिन्न प्रतिस्पर्धामा असफल भएर कुनै पनि पेशा वा व्यवसाय समेत गर्न नसकी समाजको कलङ्कको रूपमा देखिन्छन्, तब सम्पूर्ण दोष शिक्षकहरूमाथि थुपार्छन्। तर यसमा शिक्षकको मात्र दोष छैन। अभिभावकहरू पनि उत्तिकै दोषी छन्। उनीहरूले आफ्ना छोराछोरीहरूको स्वास्थ्य र शिक्षामा पर्याप्त ध्यान पुऱ्याउनै पर्छ।

### निरीक्षण र परीक्षा प्रणालीको दोष

हामीकहाँ शिक्षा निरीक्षकहरू नियुक्त त भएका छन् तर तिनलाई सुगम र सदरमुकाममा कहिलेकाहीं मात्र फेला




# बहस शिक्षा र शिक्षकका समस्या

पार्न सकिन्छ। दुर्गमका स्कूलमा विनिहरू कहिल्यै पनि पुग्ने गरेको पाइँदैन। स्रोतव्यक्तिहरू पनि कहिलेकाहीं मात्र स्रोतकेन्द्रमा भेटिन्छन्। धेरै शिक्षकहरूले पाठयोजना अनुसार अथवा पाठको उद्देश्यलाई ध्यानमा नराखी, कक्षामा उपयुक्त शिक्षण क्रियाकलाप नगरी भाषण विधि प्रयोग गर्ने, मूल्याङ्कन नगर्ने तथा गृहकार्य नदिने गरेको पाइन्छ। मूल समस्या त यो छ कि विद्यार्थीहरूले किन पढ्ने, परीक्षामा नक्कल गर्न पाइहालिन्छ र शिक्षकले पनि किन मिहिनेत गरेर पढाउने परीक्षामा गएर चिटिङ गराउनै पर्छ। चिटिङ नगराइकन पास हुँदैनन्। यसकारण शिक्षकहरूले पनि खाली कोर्स सक्ने काम र विद्यार्थीले खाली विद्यालयमा औपचारिकता पुऱ्याउने काम मात्र गरेको पाइन्छ। यो एक विकराल समस्या भइसकेको छ। विद्यालयस्तरदेखि लिएर क्याम्पस तथा डिग्री तह यस्तै चिटिङ गर्ने र गराउने गरेको पाइन्छ। यसमा समयमै सरकार लगायत शिक्षासँग सरोकार राख्ने सम्पूर्ण व्यक्तिहरूले ध्यान पुऱ्याउनुपर्ने देखिन्छ। शिक्षाको स्तर यति न्यून भइसकेको छ कि कक्षा ६-१० सम्म अध्ययन गर्ने केही विद्यार्थीहरू राम्ररी लेख्न र पुस्तक समेत पढ्न नसक्ने छन्। यो कुरा विद्यालयहरूमा निरीक्षण गर्दा थाहा भइहाल्छ।

प्राथमिक तहमा कसैलाई फेल नगर्ने, सबैलाई उत्तीर्ण गर्नुपर्ने व्यवस्था पनि ठीक छैन। अहिले कक्षा १-१० सम्म विद्यालयमा भर्ना भइसकेपछि कोही पनि फेल हुँदैनन्। तर मेरो विचारमा शिक्षाको जग बलियो पार्न कक्षा १ मा विद्यार्थीलाई कम्तीमा दुई-तीन वर्ष रोकेर राम्ररी किताब पढ्न, लेख्न र गणित सम्बन्धी साधारण हिसाब गर्न सिपालु एवम् दक्ष भएपछि मात्र कक्षा २ मा चढाउने गरिनुपर्छ।

### समस्या समाधानका केही उपाय

१. विद्यालयहरूको सङ्ख्या कम गरेर भए पनि देशका सम्पूर्ण विद्यालयहरूमा आवश्यक शिक्षक दरबन्दी किटान गरी शिक्षकहरूलाई नियुक्त गर्ने।

२. विद्यालय खोल्नुअघि शिक्षक दरबन्दीको निकासा सुनिश्चित गर्ने।

३. अहिलेसम्म विद्यालयहरूमा कार्यरत अस्थायी, करार, राहत आदि सबै खालका शिक्षकहरूलाई समेत दरबन्दी कायम गरी स्थायी गर्ने।

४. स्रोत केन्द्र, जिल्ला क्षेत्र र केन्द्रहरूमा विद्यालय निरीक्षण टोली गठन गरी हप्तामा एक-दुई चोटि विद्यालय निरीक्षण गर्ने व्यवस्था मिलाउने।

५. प्रत्येक स्रोतकेन्द्रमा विषय विशेषज्ञ टोली गठन गरी आवश्यक छलफल गर्ने व्यवस्था मिलाउने।

*मालिकार्जुन मावि, तेलीगाउँ, दार्चुला*




# सार्वजनिक शिक्षा: समस्या अनेक, समाधान एक

■ तीर्थबहादुर नेउपाने

जबसम्म शिक्षाले मान्छेको पेट भर्दैन, मस्तिष्क र मुटुलाई बुद्धि र मानवताले सिञ्चित गर्न सक्दैन, जबसम्म शिक्षकले विद्यार्थीमा श्रमको गरिमालाई रोप्न सक्दैन, जबसम्म समाजका अगुवाहरू योग्य व्यक्तिलाई शिक्षक र नेता बनाउनुपर्छ भन्ने ठान्दैनन्, जबसम्म विद्यमान कानुन, शिक्षा नीति र ऐनअनुसार शिक्षा क्षेत्रमा आबद्ध व्यक्तिहरू चल्दैनन्, शिक्षकको आत्मसम्मान बढ्दैन, पेशागत इमानदारी विकसित हुँदैन- तबसम्म शिक्षा क्षेत्र कुहिरोको कागजस्तै रुमल्लिन विवश हुन्छ र शिक्षक समस्याग्रस्त र निरीह नै रहन्छ।

राष्ट्रको बजेटको सबभन्दा ठूलो हिस्सा ओगट्ने शिक्षा क्षेत्रले सरकार बनेको महिनौंसम्म शिक्षा मन्त्री पाउँदैन। त्यस्तै, शिक्षण पेशा पनि रोजीको पेशा नभएर छोडी पेशा बन्न पुगेको छ। बच्चाबच्चीलाई सानैदेखि डाक्टर, इन्जिनियर, पाइलट बन्ने लक्ष्यले पढाउँछन् उनीहरूका आफन्त र अभिभावकले। स्थायी मावि शिक्षक पनि पाएसम्म निजामतीतर्फको खरिदार र सुब्बा बन्नै हाम्फाल्छ। समाजका गन्यमान्य व्यक्तिहरू आफ्ना छोराछोरीलाई शिक्षक बन्न प्रेरित गर्नुको साटो भ्रष्टाचार गरेर अकुत सम्पत्ति कमाउन सक्ने पेशामा पठाउनै मरिहत्ते गर्छन्। जनताले तिरेको करबाट भत्ता खाने मन्त्री र सभासद्ले नै आफ्ना छोराछोरी र आफन्तलाई सार्वजनिक विद्यालय र कलेजमा नपठाएपछि सार्वजनिक शिक्षाको स्तर र सम्मान कसरी उँभो लागोस्? सार्वजनिक शिक्षा सुधार गर्छौं भन्ने तिनका कुरा हावादारी गफ मात्र किन नबनून्! मन्त्री भएको भोलिपल्ट शिक्षा क्षेत्रलाई राजनीति गर्ने थलो बनाउनुहुँदैन, बन्द गर्नुहुँदैन भन्ने आदर्शवादीहरूले अघिल्लो दिनसम्म शिक्षकसँग लेभी उठाएको र आफ्ना पक्षका विद्यार्थीलाई सडकमा टायर बाल्न लगाएको बिर्सिएपछि सार्वजनिक शिक्षा कसरी समस्या मुक्त हुन्? यथार्थमा यस्तै उभयचरका कारण शिक्षा क्षेत्र समस्याग्रस्त बनेको हो। त्यसैले कथनी र करणीमा 'ग्याप' पार्ने बुद्धिजीवी, नेता, समाज र शिक्षा क्षेत्रका अगुवा र शिक्षक स्वयं पनि सार्वजनिक शिक्षाका वैरी हौं भन्दा छुच्याइँ नहोला कि?

●●●

**किसानको आलस्यले खेती बिग्रिए जस्तो शिक्षकको बेइमानीको असर तत्काल देखा पर्दैन। तर; बेइमान र कमजोर नैतिक धरातल भएका त्यस्ता डाक्टर, इन्जिनियर, वकिल उत्पादन गर्ने शिक्षक, प्राध्यापकहरूको कामगराइ र क्षमतामा स्वत: प्रश्नचिह्न लागि नै हाल्छ।**

अब शिक्षा क्षेत्र भित्रैका वा शिक्षाकै कारण सिर्जित समस्या पनि हेरौं। वर्षौं शिक्षा आर्जनमा लागेर निकै वटा प्रमाण-पत्र बटुलेका शिक्षार्थीहरूलाई स्वरोजगार बनाउन नसक्ने, बाँच्ने सीप र प्रविधि दिन नसक्ने शिक्षा आफैं पनि समस्या हो। ३२ अङ्क ल्याउँदा पास ३१ ल्याउँदा फेल हुने (१ नम्बरले कति क्षमताको अन्तर देखाउँछ?) मूल्याङ्कन पद्धतिले कति विद्यार्थीलाई आत्महत्यासम्म पुऱ्याएको छ। यस्तो मूल्याङ्कन पद्धति पनि शिक्षा क्षेत्रभित्र समस्याकै रूपमा रहेको छ। एउटा/दुइटा विषयमा फेल हुँदा जीवनका अरू पक्षमै फेल भएको ठान्ने नकारात्मक आमधारणाले विद्यार्थीका अन्य सकारात्मक गुणलाई ओझेलमा पार्ने र पढाइबाट पाखा लाग्ने अवस्था ल्याउँछ। एकातिर शिक्षकलाई पेशागत मर्यादामा बस्न नदिने राजनीतिक दल समस्या हुन् भने अर्कोतर्फ त्यस्तै दलका लागि मरिहत्ते गर्ने हामी कतिपयको स्वभाव पनि समस्या नै हो। शिक्षकहरूमा लापरबाही देखिँदा त्यसलाई सच्याउन अनुगमन र निरीक्षण गर्ने र पेशाप्रति प्रतिबद्ध रहन प्रेरित गर्नुपर्ने शिक्षा प्रशासकहरूको कुम्भकर्णे निद्रा पनि शिक्षा क्षेत्रभित्रको कमजोरी नै हो। शिक्षक र सम्बन्धित क्षेत्रका विद्यालय हेर्ने स्रोतव्यक्ति र विनिहरूलाई विद्यार्थीको न्यून उपलब्धि र असफलताको जवाफदेही बनाउन नसक्ने शिक्षा प्रशासन पनि समस्याग्रस्त शिक्षाको कारक हो।

सफल नागरिकहरू आफ्नो प्रगतिको जस शिक्षकलाई दिन्छन्। राम्ररी पढाउने, इमानदार र लगनशील शिक्षकलाई त कसैले पनि बिर्सँदैनन्। त्यस्ता शिक्षकको पदचिह्न पछ्याउँदै आफ्नो जीवन-नौका चलाउँछन्। मैले पढ्दा को-को शिक्षामन्त्री भए, को-को सचिव, जि.शि.अ. र विनि भए मलाई थाहा छैन तर कपुरी 'क' देखि एम.एड पढ्दासम्म पढाउने शिक्षकहरू सबै थाहा छ र नियमित विद्यालय आउने, राम्ररी पढाउने शिक्षकहरू सदैव श्रद्धाका पात्र हुनुहुन्छ, अविस्मरणीय हुनुहुन्छ। दीर्घकालीन प्रभाव छाड्न सक्ने, विद्यार्थीको सोच, व्यवहार र जीवन बदल्न सक्ने, आफूले विद्यार्थीमा रोपेका लगनशीलता, प्रतिबद्धता र नैतिक गुणले समाज र राष्ट्रमा नै मगमगाउँदो बास्ना फिँजाउन सक्ने अर्थात् राष्ट्रलाई असल, इमानदार, नैतिक नागरिक दिन सक्ने हामी शिक्षकहरूभित्रै नालायक शिक्षकहरू पनि छौं र शिक्षा र असल शिक्षकलाई बद्नाम गराउँदैछौं भन्दा मभित्रको शिक्षकलाई पनि सिस्नो हाने जस्तो हुन्छ।

# **बहस** शिक्षा र शिक्षकका समस्या

त्यसैले सार्वजनिक शिक्षा र शिक्षकका समस्याको कुरा गर्दा हामी शिक्षकको कमजोरी उल्लेख नगर्नु र अन्य बाहिरी समस्या मात्र उठाउनु अढाइ रुपैयाँभन्दा डेढ रुपैयाँ धेरै भने जस्तो हो। आफ्नो आङको भैंसी नदेखे जस्तो हो।

उसोभए शिक्षक सिर्जित समस्याहरू अथवा हामी कतिपय शिक्षकका कमजोरीहरू के-के हुन् त?

**सार्वजनिक शिक्षालाई उँभो लाग्न नदिने शिक्षकका पेशागत कमजोरी:**

- आफ्नो जागिरभरिको (१०-४ को) समय पनि इमानदार भएर विद्यालयलाई नदिने, विद्यालयमा भरसक कम उपस्थिति हुने, उपस्थित भएका बेलामा पनि कक्षामा ढिलो जाने र छिटो निस्कने;
- गृहकार्य नदिने, दिए पनि भरसक नजाँच्ने, जाँचे पनि पृष्ठपोषण नदिने, पढाउनुपर्ने पाठको पूर्व तयारी नगर्ने, विद्यार्थीको मूल्याङ्कन कम गर्ने वा गर्दै नगर्ने, पढाउन आलटाल गर्ने र परीक्षामा चोराउने, चोराउन लगाउने, ठूलाठूला सैद्धान्तिक गफ गर्ने तर पढाउन साँच्चै इमानदार प्रयास चाहिने अवस्थामा यो भएन र त्यो भएन भनी समस्याको पहाड ठड्याएर कामबाट पन्छिने, कमजोर विद्यार्थीमा सिकाइकेन्द्रित गर्नुपर्छ भन्ने नठान्ने, आफू पनि राम्रो गर्न नखोज्ने, राम्रो गर्न खोज्ने सहकर्मीलाई पनि खिस्याउने;
- वर्षैपिच्छे तालिम लिने, तालिमका लागि तँछाडमछाड गर्ने, तालिमको भत्ता र तालिमका प्रमाण-पत्र बटुल्ने तर तालिमको सिकाइ तालिम हलमै छोडेर स्कूल फर्किने, तालिमबाट केही सिकेको भए पनि त्यो सिकाइ आफ्नो कक्षा अध्यापनमा प्रयोग नगर्ने;
- आफ्नो स्थानमा खेताला खटाउने, महिनाको अन्तिममा गई महिनाभरिको हाजिरी मिलाउने, आफ्ना कमजोरी सुधार्नुको सट्टा 'च्यासनलाइज' गर्ने।
- प्रअका लागि काम गरे जस्तो ठानी प्रअ नभएका दिन पढाउन अल्छी गर्ने, अतिरिक्त क्रियाकलापलाई अतिरिक्त काम जस्तो ठान्ने, परीक्षाका कापी जाँच्न हेलचेक्र्याइँ गर्ने;
- गर्मी अथवा जाडो, धेरै विद्यार्थी वा थोरै विद्यार्थी आदिको निहुँ झिकेर कक्षा कम लिने, आफ्नो पेशागत क्षमता बढाउन अध्ययन नगर्ने।
- आफूलाई समाजको महत्त्वपूर्ण मान्छे भन्ने ठान्ने तर असामाजिक बानीव्यवहार काखी च्यापिरहने (जस्तै: जाँडरक्सी सेवन, तासजुवा खेल्ने आदि)

शिक्षक बेइमान भइदिँदा मानवीय मूल्यमान्यता, नैतिकता र मानवीय गरिमा भत्काउने पुस्ता निर्माण हुन्छ। शिक्षकको अकर्मण्यताले देशको विकास वर्षौं पछाडि पर्छ। डाक्टरले अप्रेसन गर्दा पेटमै कैंची छोडे जस्तो, इन्जिनियरले पुल निर्माण गराउँदा तत्कालै पुल भत्किए जस्तो, वकिलको कुतर्कका कारण दोषी उम्किएको र निर्दोष दण्डित भए जस्तो, किसानको आलस्यले खेती बिग्रिए जस्तो शिक्षकको बेइमानीको असर तत्काल देखा पर्दैन। तर; बेइमान र कमजोर नैतिक धरातल भएका त्यस्ता डाक्टर, इन्जिनियर, वकिल उत्पादन गर्ने शिक्षक, प्राध्यापकहरूको कामगराइ र क्षमतामा स्वत: प्रश्नचिह्न लागि नै हाल्छ। अहिले हामी जे-जस्ता छौं (नेता, बुद्धिजीवी, कर्मचारी, नागरिक), हाम्रो नैतिक धरातल जे-जस्तो छ, त्यसको निर्माण आज भएको होइन। हामीले वर्षौं पहिले प्राप्त गरेको शिक्षा, हामीलाई कपुरी 'क' देखि स्नातक, स्नातकोत्तर आदि तहसम्म पढाउने हाम्रा शिक्षकको प्रभावको फलस्वरुप हाम्रो सोच, दक्षता, नैतिक धरातल निर्माण भएको हो। त्यसैले हामी शिक्षकमा रहेका कमजोरीहरूले शिक्षा क्षेत्र बढी समस्याग्रस्त बनेको हो भन्न हिचकिचाउनुपर्दैन।

समस्या धेरै छन्। अभिभावक, शिक्षक, शिक्षा प्रशासक, नेता धेरथोर दोषी छौं। तर समाधान एउटै छ, शिक्षाप्रति चासो र कर्म बढाउन आफ्ना बानीहरूमा सुधार। सबैले आ-आफ्नो दायित्व बोध गरी आफूलाई सच्याउँदै जानुको विकल्प छैन। हामी सबैले मनन गरौं– सुधार आफूबाट शुरु हुनुपर्छ र त्यही सुधार दिगो हुन्छ।

*जनसेवा उमावि, बयरवन, मोरङ*

## विजेतालाई बधाइ !

प्रबुद्ध पाठकहरू ! 'शिक्षक र शिक्षकका समस्या'को सेरोफेरोमा केन्द्रित रहेर *शिक्षक* को भदौ अङ्कदेखि जारी बहसलाई पूर्व सूचना अनुरुप यसै अङ्कबाट बिट मारिएको छ। आफ्ना महत्त्वपूर्ण विचार र अनुभव पठाएर बहसमा सहभागी हुनुहुने सबै लेखकहरूलाई हार्दिक धन्यवाद।

यस बहसका सहभागीमध्ये क्रमश: भदौ र मङ्सिर अङ्कमा प्रकाशित **किशोरदत्त बराल** (भद्रकाली उमावि, पोखरा) र **डम्बरबहादुर बोहरा** (गर्जेपानी उमावि, रायल, बझाङ)का विचार र प्रस्तुति हाम्रो मूल्याङ्कनमा उत्कृष्ट ठहरिए। त्यसैले बरालजी र बोहराजीलाई जनही **रु.१० हजार पुरस्कार** दिने निर्णय गरिएको छ। विजेतालाई हार्दिक बधाइ !



# कथा लेख्नुस् ल्यापटप जित्नुस् !

*शिक्षक* मासिकले आगामी चैत अङ्कमा विद्यार्थी (कक्षा १२ सम्म) ले लेखेका उत्कृष्ट कथा छाप्ने निर्णय गरेको छ। 'शिक्षकको पहिचान उसका शिष्य हुन्' भन्ने उक्तिलाई ध्यानमा राखी शिक्षक मित्रहरूले आफ्ना विद्यार्थीलाई कथा लेख्न र यो प्रतियोगितामा सहभागी हुन प्रेरित गर्नुहुने विश्वास राखेका छौं। भोलिका गौरवशाली कथाकारहरूको प्रेरणा-स्रोत बन्ने अवसर पनि हो यो।

**केही सामान्य नियम**

- कक्षा ६ देखि १२ सम्मका विद्यार्थीले मात्र प्रतियोगितामा भाग लिन पाउनेछन्।
- कथा स्पष्ट अक्षरमा, यथेष्ट मार्जिन छाडेर, पानाको एकातिर मात्र लेखिएको हुनुपर्छ। टाइप गरेर इमेलबाट पठाए झनै राम्रो।
- कथा बढीमा १५०० शब्दसम्मको हुनुपर्छ।
- कथा आइपुग्नुपर्ने अन्तिम मिति २०६८ फागुन १५। त्यस उप्रान्त प्राप्त कथाहरू प्रतियोगितामा समावेश गरिने छैनन्।

**थप**

- विद्यार्थीले कुनै पनि विषयमा आफ्नो भोगाइ, अनुभव वा सपनामा आधारित कथा लेख्न सक्नेछन्। उनीहरूको उमेर सुहाउँदो विषयवस्तु र प्रस्तुतिकरण भएका कथाले विशेष प्राथमिकता पाउनेछन्।
- लोककथा, दन्त्यकथा र नीतिकथाहरू प्रतियोगितामा सामेल गरिने छैनन्।
- कथालेखन सम्बन्धी सीप विकासका लागि हरेक शनिबार बिहान ८:१५ मा रेडियो नेपाल (FM 100MHz) मा हिमाल एशोसिएसनद्वारा सञ्चालित रेडियो कथा कार्यक्रम सुन्न सकिन्छ।
- **पुरस्कारः छानिएका उत्कृष्ट कथा लेखकलाई नोटबुक (ल्यापटप) प्रदान गरिनेछ।**

**शिक्षक** मासिक

पो.ब.नं. ३८१, मचागाः (मच्छिन्द्रमार्ग), जावलाखेल, ललितपुर
फोनः ५५४३२५२, ५५४८१४२, फ्याक्सः ५५४११८६
इमेलः mail@teacher.org.np, वेबः www.teacher.org.np



तेस्रो पक्ष

# बाल बयान



**बालबालिकाले घरमै धेरै कुरा सिकिरहेका हुन्छन्। त्यसरी नै उनीहरू घरमै धेरै अल्मलिइरहेका पनि हुनसक्छन्। उनीहरूलाई राम्रो शिक्षा दिएर असल नागरिक बनाउने ध्येयमा रहेका हामी अभिभावक र विद्यार्थीहरू उहीहरूका दृष्टिबाट हेर्न र उनीहरूका मनबाट सोच्न भने सक्दैनौं। प्रख्यात बाल शिक्षाशास्त्री गिजुभाई बधेकाले ४ देखि १२ वर्ष उमेर समूहका बालबालिकाका अभिभावकलाई ध्यानमा राखी लेखेको पुस्तक 'मातापिता के माथापच्ची' बाट साभार गरिएका केही प्रसङ्गहरू, जसमा लेखकले आफ्नो लामो अध्ययन र चिन्तनबाट प्राप्त ज्ञानलाई सरल शब्दमा व्यक्त गरेका छन्।**

## आमाले पिट्नुहुन्छ !

घरमा 'क-कसले पिटाइ खान्छ ?'
'मैले, मैले !' पचास हात एकैपटक उठे।
'चम्पक, तिमीलाई तिम्री आमाले किन पिट्नुहुन्छ ?'
'मैले ओछ्यानमा खेलें, खुँदें भनेर।'
'लीला, तिमीलाई आमाले किन पिट्नुहुन्छ ?'
'मैले उहाँको काइँयोले कपाल कोरें भनेर।'
'शिवजी, तिमीलाई तिम्रो बाबाले किन पिट्नुहुन्छ ?'
'मैले उहाँको कलमले लेखें भनेर।'
'राधा, तिमी चाहिँ किन पिटिएकी ?'
'मैले छिटोछिटो खान्छु है ! भनें भनेर।'
'किरीट, तिमीले किन पिटाइ खानुपर्छ ?'
'किनभने म घरमा उपद्रो गर्छु।'
'कस्तो उपद्रो गर्छौ ?'
'त्यो त मलाई थाहा छैन।'
'शैलेश, तिमी चाहिँ किन पिटिन्छौ नि ?'
'म आमाले सिनेमा हेर्न नलैजाँदा रुन्छु; अनि !'
'देवी, तिमी किन पिटिन्छ्यौ ?'
'किनभने, हामी घरमा रुगडा गरिरहन्छौं।'
'केका लागि रुगडा गर्छौ ?'
'त्यो त थाहा छैन !'

## हाम्रा बाबा

मीरा र विनोद लिस्नोमा बसेर बात मार्दैथिए– 'हाम्रा बाबालाई त कुचो लाउन, लुगा धुन, भाँडा माज्न, खाना बनाउन, अचार हाल्न, चामल निफन्न, साग केलाउन– केही गर्न पनि आउँदैन।'

'बाबालाई त खाली कुरा गर्न र बसी-बसी पत्रिका–किताब पढ्न मात्र आउँछ। अरु किशोर काका र नन्दलाल दाइ आए भने त बिहानभरी–दिनभरी गफ गरेरै बिताउनुहुन्छ। हामीले अलिक चर्को बोल्यौं भने, भनिहाल्नुहुन्छ– 'ए, केटाकेटी हो यहाँ हल्ला नगर !' कहिलेकाहीं हामी उहाँको कोठामा छिर्‍यौं भने भन्नुहुन्छ, 'भागिहाल यहाँबाट, किन कोठामा पसेको ?' उहाँलाई 'अह्राउन र हप्काउन मात्र आउँछ।'

'कहाँ त्यति मात्रै हो र ! हामीलाई स्कूल जान मन नलागेको दिनमा पनि हप्काई-हप्काई स्कूल पठाउन र स्कूलबाट फर्किने बित्तिकै गृहकार्य गर्न बस भन्न कहिल्यै छोड्नुहुन्न। अनि, कहिले पानी ल्याऊ, कहिले चिया ल्याऊ, यो ल्याऊ, त्यो ल्याऊ भनेर हामीलाई काम लगाउन पनि थाक्नुहुन्न। कहिलेकाहीं, अलिकति ढिलो भयो भने आमामाथि समेत रिस पोख्न थाल्नुहुन्छ। त्यत्ति त हो नि उहाँलाई गर्न आउने पनि !'

'बाबालाई केही गर्न नआउने भएर नै त हो नि; आमाले बाबालाई कहिल्यै पनि काम गर्न भन्नुहुन्न, सबै काम आमा आफैं गर्नुहुन्छ।'

## आमा ! धोइदिनुस् न !

'आमा ! दिसा गरेर आएको, धोइदिनुस् न !'

'ओहो ! मैले कहिलेसम्म धोइदिइरहनुपर्ने ? यत्रो भएर पनि दिसा धुन सिकिनस् !'

'तपाईंले हुन्छ भने त म आफैं धोइहाल्छु नि !'

'खूब धोइस् ! तँलाई धुन आउने भए त भइहाल्थ्यो नि !'

'तपाईं मलाई कहिल्यै धुनै दिनुहुन्न, अनि कसरी आउन् त ?'

'तँलाई धुन आउने भए न धुन दिनु ?'

आमा-बाबु र बच्चाबीच हुने यस्ता सम्वाद धेरै सुन्न पाइन्छन्। शुरुमा बाबु-आमा बालबालिकालाई कुनै काम गर्नै दिँदैनन्। परिणामतः बच्चा स्वयंले गर्न सक्ने काम पनि तिनले आफैं गर्नुपर्छ। ठूला भइसकेपछि पनि छोराछोरीले साना-मसिना काम समेत गर्न नसकेको देखेर त्यस्ता बाबुआमा आफैं हैरान पनि हुन्छन्।

## अब म कसैसँग केही सोद्धिनँ !

'आमा हेर्नुस् त यो गड्यौलो कसरी घस्रिएर हिँडेको ?'

'उता जा ! गड्यौलो छुनुहुँदैन।'

'बाबा यी हेर्नुस् त मैले लेखेका अङ्क।'

'खै कहाँ छन् अङ्क ? त्यहाँ त शून्यै शून्य मात्र छन्। तँ मूर्खलाई अङ्क लेख्नै कहाँ आउँछ र ?'

'दादा ! मैले सजाएका यी फूल हेर्नुस् त !'

'छ्या ! कस्तो कच्याककुचुक पारेर थोपरेको ? यसलाई पनि कसैले फूल सजाएको भन्छन् ?'

'दिदी हेर्नुस् त मैले कचौरा कति सफा पारेर माझेँ !'

'कचौरामा त्यत्रो दाग देखिरहेको छ। यस्तोलाई पनि राम्ररी माझेको भन्छन् कसैले ?'

'काकी यी हेर्नुस् त, आज मैले आफ्नो कपाल आफैं बाटेँ।'

'तँ यति ठूली भइसकिस्, तर आजसम्म पनि कपाल बाट्न आउँदैन, हगि तँलाई। एकपटक ऐनामा त हेर !'

'हैन; मैले जे गरे पनि सबैजना मलाई उस्तै जवाफ किन दिन्छन् ? अबदेखि म कसैसँग केही सोद्धै सोद्धिनँ !'

## बाल मनका प्रश्न लहरी !

- 'बाबा मसँग रिसाउनुभयो। तर किन रिसाउनुभएको ? म त उहाँलाई मैले बनाएको चित्र पो देखाउन गएको थिएँ ! के मैले बनाएका चित्र बाबालाई देखाउनुहुँदैन र ?
- 'आमाले मलाई पिट्नुभयो। किन पिटेको ? म त साबुनको फिँज बनाएर त्यसमा रातो-पहेंलो रंग हेरिरहेकी थिएँ। के मैले त्यसरी रातो-पहेंलो रंग हेर्नुहुँदैन ?'
- 'बाबाले मलाई पापी भन्नुभयो। उहाँले मलाई किन त्यस्तो भन्नुभयो ? त्यो पुतली कत्ति राम्रो थियो ! म त उहाँलाई त्यही पुतली देखाउन खोज्दैथिएँ। पापी कसलाई भनिन्छ ?'
- 'आमाले मलाई केटी भन्नुभयो। तर किन ? मैले हातमा चुरा लगाएको थिएँ। ती चुरा मलाई राम्रा लागेका थिए। तर चुरा लगाउँदैमा म कसरी केटी भएँ ?'
- 'बुबाले मलाई मूर्ख भन्नुभयो। उहाँले किन मलाई मूर्ख भन्नुभएको ? मलाई उहाँले भनेको बेलामा गीत गाउन मन लागेन, त्यसैले गाइनँ। के जबर्जस्ती गीत गाउनु राम्रो हो र ? अनि के गीत नगाउनेहरू जति मूर्ख कहलिन्छन् ?'
- 'दाजुले मलाई पेटीबाट धकेलिदियो। तर किन ? मैले उसलाई खेल्न जाऊँ त भनेको थिएँ नि ! उसलाई खेल्नु थिएन भने नखेलेको भए भइहाल्थ्यो, मलाई किन धकेल्नुपऱ्यो ?'
- 'दिदीले मलाई पर हट भनी। तर किन त्यसो भनी ? म त यहाँ बसेर कमिलाको ताँती हेरिरहेकी थिएँ। मलाई अन्त कहीं जानु नै थिएन। तैपनि उसले मलाई त्यहाँबाट किन हट्न भनी ?'

## केटाहरूका कुरा !

चन्दन: "हाम्रा बाबा जे भन्नुहुन्छ त्यो गरेरै छोड्नुहुन्छ। अस्ति उहाँले भन्नुभएको थियो, 'कथा आज होइन, भोलि भन्छु।' हिजो उहाँले आफैं बोलाएर कथा भन्नुभयो।"

रमेश: "मेरा बाबा हरेक पल्ट 'खेलौना भोलि ल्याइदिन्छु' भन्नुहुन्छ। तर ल्याउने चाहिँ कहिल्यै होइन। खाली गफ मात्रै गर्नु हुन्छ।"

विमल: "हाम्री आमा पनि त्यस्तै गर्नुहुन्छ। भन्नुहुन्छ, 'रंग भोलि किनिदिन्छु, भोलि किनिदिन्छु' तर किनिदिने चाहिँ होइन। कहिले पैसा पुगेन, कहिले बिर्सिएँ भन्नुहुन्छ।'

विश्वनाथ: "मेरी आमा पनि कहिलेकाहीं आफूले भनेको कुरा गर्नुहुन्न। तर त्यस्तो बेला काम किन हुन सकेन भनेर नढाँटी भन्नुहुन्छ। आफ्नो वचन पालना गर्न उहाँ सकेसम्म प्रयास गर्नुहुन्छ।"

चन्दन: "मेरो बुबाले पनि त्यसै गर्नुहुन्छ। उहाँ सधैं भन्नुहुन्छ, 'हेर चन्दन, म जे भन्छु त्यो कुरा निश्चित रूपमै गर्छु।' तर कहिलेकाहीं कुनै काम हुन सकेन भने त्यो कुरा तिमीले पनि बुझ्नुपर्छ।"

रमेश: "यसो गर्नु त राम्रै हो नि ! तर जब दिनैपिच्छे झुठा बहाना बनाउँछन्– त्यो राम्रो लाग्दैन। पहिल्यै 'हुन्छ' या 'हुन्न' भनेर कुरा टुङ्ग्याइदिए भइहाल्छ नि ! त्यसो भए फेरि फेरि उही कुराको सम्झना हुन पाउँदैन।"

विमल: "हो त नि ! 'हुन्छ' या 'हुँदैन' भनेर पहिल्यै कुरो स्पष्ट पारिदिए सधैंभरी त्यो कुराको निम्ति तड्पिनै पर्दैन। आज बुबा या आमाले यो ल्याइदिन्छु, त्यो ल्याइदिन्छु भन्नुभएको छ भनेर हामी दिनैपिच्छे कल्पिएर बस्छौं। तर, अन्त्यमा जब उहाँहरूले त्यस्तो कुरा दिनुहुन्न, त्यतिबेला एकदमै रिस उठ्छ। मन खिन्न हुन्छ। यस्तो हुँदा मलाई त भित्रैदेखि दिक्क लाग्छ। निराश पार्नेहरूसँग मलाई त बोल्न र तिनको मुख हेर्न पनि मन लाग्दैन।"

प्रस्तुतिः **राजेन्द्र दाहाल**



■ मधु राई

# हामी अभिभावक कति सफल, कति असफल !

अघिल्लो महिना काठमाडौं विश्वविद्यालयको सत्रौं दीक्षान्त समारोहमा छोरीले स्नातकतहको प्रमाणपत्र ग्रहण गरिन्। त्यस दिन हामीलाई आफू पनि 'सफल' भयौं भन्ने लाग्यो।

'मान्छेलाई पढाइले मात्र पुग्दैन, आफूले पाएको शिक्षाले व्यक्ति र समाज पढ्न सक्नुपर्छ' भन्ने स्वर्गीय आमाको अर्ति-उपदेशलाई मैले शिरोधार्य गर्दै आएकी छु। त्यसैले म अझै पनि व्यक्ति र समाज पढी नै रहेकी छु, जुन अथाह रहेछ। यसो गर्दा मलाई छोराछोरीले पनि मबाट केही जीवनोपयोगी सीप सिक्छन् कि भन्ने लागिरहन्छ।

जीवनोपयोगी सीप सिक्ने पहिलो थलो घर हो र पहिलो गुरु अभिभावक। जागिरे बुबा र कामकाजी आमा भए पनि हामी दुवैले हाम्रा छोराछोरीलाई भातभान्साको काम सिक्न सधैं प्रोत्साहित गऱ्यौं। दश बाह्र वर्षदेखि नै उनीहरू आफैं खाजा बनाएर खाने गर्थे। यसरी सिकेको भातभान्साको कामले उनीहरूलाई काठमाडौं जस्तो ठाउँमा डेरामा बसेर उच्च शिक्षा हासिल गर्न केही हदसम्म सहज बनायो। कतिपय अभिभावकहरू छोराछोरीलाई कलेज पढाउन बसाइँ नै सर्छन् भने गृहिणी आमाहरू 'मेरा छोराछोरीलाई त भातै पकाउन आउँदैन' भन्दै जीवनभरि भान्सेको भूमिका निर्वाह गर्छन्। यस्ता अभिभावकले आफ्ना छोराछोरीलाई आत्मनिर्भर हुनबाट वञ्चित गरिरहेका हुन्छन्।

छोराछोरीको चौतर्फी विकास विद्यालयले नै गरिदेयोस् भन्ने अभिभावक एकदमै धेरै छन्। उनीहरू छोराछोरीले हस्तलेखनदेखि पढाइमा समेत उत्कृष्ट अङ्क ल्याउन् भन्ने अपेक्षा त राख्छन् तर आफू भने न्यूनतम जिम्मेवारी समेत पूरा गर्दैनन्। हुन त, राम्रो हस्तलेखन र उत्कृष्ट पढाइका निम्ति विद्यार्थी र शिक्षकले मात्र मिहिनेत गरेर पुग्दैन; अभिभावकले पनि उत्तिकै ध्यान दिनुपर्छ भन्ने कुरा मैले हिजोभन्दा आज बढी बुझ्न थालेकी छु। अहिले मलाई अभिभावकका रूपमा पूरा गर्नुपर्ने जति जिम्मेवारी पूरा गर्न सकेकी रहेनछु भन्ने महसुस अहिले भइरहेको छ। छोरीले सधैं उत्कृष्ट अङ्क हासिल गर्न सके पनि हामीले छोराको औसत प्रगतिमै चित्त बुझाउनु पऱ्यो। चाहेर पनि हामीले उसको चौतर्फी विकासमा त्यतिबेला गर्नुपर्ने जति योगदान गर्न सकिएनछ भन्ने लाग्छ।

हामी शिक्षक र अभिभावकको व्यवहार बाल अनुकूल छ-छैन भन्ने विषयमा हामी घोत्लिने गर्दैनौं। अझ भनौं; हामीलाई यस्ता 'वाहियात' विषयमा सोच्ने फुर्सद हुँदैन। मेरो छोराले प्राथमिकतहमा हुँदा मलाई भन्ने गरेको कुरा आज पनि सम्झन्छु "मम्मी केटाहरूलाई मात्र किन सर-मिसहरूले कुटेको, केटीले जति नै बदमासी गरे पनि उनीहरूले कुट्दैनन् त !" छोराले यो प्रश्नमार्फत के भन्न खोजेको थियो भनेर त्यतिबेला मैले सोच्नु जरुरी ठानिनँ वा सकिनँ। अहिले लाग्छ, कतै त्यो प्रश्न पैदा गर्ने उसको कक्षाको तात्कालीन अवस्थाले नै उसलाई सधैं औसतमा चित्त बुझाउने बनाइदिएको पो हो कि ?

हामी छोराछोरीको चौतर्फी विकास गर्ने विषयमा विद्यालय र शिक्षकमा सकेसम्म कम भर पऱ्यौं र त्यसनिम्ति आफैं बढी अग्रसर भयौं। छोरीलाई सानैदेखि नाँच्न-गाउन मनपर्थ्यो, उनलाई त्यसमा सधैं प्रेरित गर्थ्यौं। किनभने नाँच्ने-गाउने सीपले व्यक्तित्व विकासको पहिलो ढोका खोल्न मद्दत गर्छ भन्ने हामीलाई थाहा थियो।

कक्षा चारमा हुँदा नेपाली शिक्षकले छोरीलाई चुल्ठो तान्दै ढाडमा हिर्काएको घटना म सधैं सम्झन्छु। त्यो घटनाबारे मैले तत्कालै प्रधानाध्यापकलाई जानकारी गराएँ र भोलिपल्ट सम्बन्धित शिक्षकसँग गुनासो गर्न पुगें। मैले गुनासो राख्ने बित्तिकै "तपाईंहरूले त छोराछोरीलाई पुल्पुल्याएर हुर्काउनुभएको रहेछ। हाम्रो पालामा त शिक्षकले रगताम्य हुने गरी पिट्थे" भन्दै ती शिक्षक उल्टै जङ्गिए। मैले पनि "उसो भए तपाईं आफूले पाएको सजायको भुक्तान हाम्रा छोराछोरीबाट लिनुहुँदैछ", भन्दै कडा प्रतिक्रिया जनाएँ।

त्यो घटनालाई आधार बनाएर 'शिक्षकका दुई विकल्प: व्यवहार परिवर्तन या पेशा' भन्ने लेख छपाएँ। लेख प्रकाशित भएको केही महिनापछि मेरो लेख पढेरै हो वा अन्य कारणले ती शिक्षक पेशा परिवर्तन गरी अन्यत्र गएछन्। तर आज पनि धेरै अभिभावकहरू गलत शिक्षकका गलत व्यवहारविरुद्ध मुख खोल्न अग्रसर हुने गर्दैनन्।

बदलिंदो परिवेशमा शिक्षकसँगै हामी अभिभावकहरूको भूमिका पनि चुनौतीपूर्ण बन्दै गएको छ। गाउँघरको कुरै छाडौं, शहरका कतिपय सम्पन्न र शिक्षित अभिभावकहरू अझ पनि छोरालाई मात्र 'डाक्टर या इन्जिनियर' बनाउन लागिपरेका छन्। छोरामाथि गरेको लगानीमा आफ्नो भविष्य सुरक्षित र सम्पन्न देख्ने अभिभावकहरू आज पनि सकेसम्म छोरीलाई चाँडोभन्दा चाँडो अन्माउन चाहन्छन्।

निजी विद्यालयबाट स्कूले शिक्षा हासिल गर्ने बहुसङ्ख्यक छोराछोरीको पहिलो रोजाइ विदेशी शिक्षा हो। यसले गर्दा एकातिर राष्ट्र र राष्ट्रियता भन्ने विषय ओझेलमा परेको छ भने अर्कातिर हामी अभिभावकहरू निरीह बन्दै गएका छौं। अङ्ग्रेजी भाषा नजान्ने कतिपय अभिभावकलाई आफ्नै छोराछोरीले 'पाखे' भन्ठान्छन् र कतिपय अभिभावकहरू आफ्ना अङ्ग्रेजीबाज छोराछोरीले जे भन्छन् त्यही गर्न बाध्य भइरहेका छन्। समग्रमा, बितेका वर्षलाई फर्केर हेर्दा, छोरीका लागि एउटा सफल अभिभावकको भूमिका निर्वाह गर्न सके पनि छोराका लागि कता-कता हामी असफल भयौं कि भन्ने लाग्छ।

*सरिता इन्द्र पूर्व प्राथमिक शिक्षण विद्यालय*
*विराटनगर-१५*




# SMS गर्नुस्, प्रतिक्रिया दिनुस्

अब तपाईंले आफ्ना सल्लाह, सुझाव वा प्रतिक्रिया कुनै पनि बेला, सजिलो, तत्काल र पक्का आइपुग्ने गरी SMS द्वारा *शिक्षक* लाई पठाउन सक्नुहुनेछ; हामीलाई निम्न कोडसहित SMS पठाउनुहोला:

**jj<space>5006**
**जिज्ञासा र जवाफ**

जिज्ञासा र जवाफबारे प्रतिक्रिया पठाउनु परेमा मोबाइलको मेसेज बक्समा गई सर्वप्रथम JJ टाइप गरी खाली ठाउँ छाड्नोस् । त्यसपछि जिज्ञासा लेखी 5006 मा SMS पठाउनुहोस् ।




**kk<space>5006**
**कक्षाकोठा**




कक्षाकोठाबारे कुनै प्रतिक्रिया भए मोबाइलको मेसेज बक्समा गई KK टाइप गरी खाली ठाउँ छाड्नुहोस् त्यसपछि प्रतिक्रिया लेखी 5006 मा SMS पठाउनुहोस् ।

**ltr<space>5006**
**प्रतिक्रिया र सुझाव**

*शिक्षक* मा छापिएका कुनै रिपोर्ट, लेख वा अन्य सामग्रीमा तपाईंको कुनै प्रतिक्रिया, सुझाव वा टिप्पणी भए मोबाइलको मेसेज बक्समा गई LTR टाइप गरी खाली ठाउँ छाड्नुहोस् । त्यसपछि आफ्नो प्रतिक्रिया/सुझाव लेखी 5006 मा SMS पठाउनुहोस् ।




**mk<space>5006**
**मनका कुरा**




मनका कुरा स्तम्भमा प्रतिक्रिया पठाउनु परे मोबाइलको मेसेज बक्समा गई MK टाइप गरी खाली ठाउँ छाड्ने र प्रतिक्रिया/सुझाव लेखी 5006 मा SMS पठाउनुहोस् ।

**na<space>5006**
**नेपाल-अध्ययन**

नेपाल अध्ययनमा प्रतिक्रिया पठाउनु परेमा मोबाइलको मेसेज बक्समा गई NA टाईप गरी खाली ठाउँ छाडेर आफ्नो प्रतिक्रिया/सुझाव लेखी 5006 मा SMS पठाउनुहोस् ।




**sg1<space>5006**
**सामान्य ज्ञान**




सामान्य ज्ञान, प्रश्न नं. १ को उत्तर पठाउनको लागि मोबाइलको मेसेज बक्समा गई SG1 टाइप गरी एउटा खाली ठाउँ छाडी सही उत्तर A, B, C वा D लेखी 5006 मा SMS पठाउनुहोस् ।

यसैगरी; प्रश्न नं. २ को उत्तर पठाउनको लागि SG2; ३ को लागि SG3; ४ को लागि SG4 र प्रश्न नं. ५ को लागि SG5 टाइप गरी एउटा खाली ठाउँ छाडी सही उत्तर A, B, C वा D लेखी 5006 मा SMS पठाउनुहोस् ।

**comp<space>5006**
**गुनासो**

समयमा पत्रिका पाउनुभएन भने मोबाइलको मेसेज बक्समा गई COMP टाइप गरी एउटा खाली ठाउँ छाडी आफ्नो नाम, ठेगाना र सम्पर्क नम्बर लेखी 5006 मा SMS पठाउनुहोस् ।




**शिक्षक** मासिक
मचागाः (मच्छिन्द्रमार्ग), जावलाखेल, ललितपुर,
पो.ब.नं. ३९१, ललितपुर, फोनः ५५४३२५२, ५५४८१४२
SMS: sk<space>message to 5006

SMS PARTNER
blackmyna
NEW MEDIA VAS



**चिन्तन**

जोन टेलर गाट्टो

# पाठशालाहरू किन शिक्षा प्रदान गर्दैनन् ?

**जुन समाजमा बालबालिकाहरू र वृद्धवृद्धाहरूको दिनचर्यामा आपसी भेटघाट र मेलजुलको अवस्था रहँदैन, त्यहाँ न कुनै भविष्य हुन्छ न त कुनै अतीत, मात्र एउटा तन्किएको वर्तमानको निरन्तरता हुन्छ।**

म, यो सम्मान मैले वर्षौंदेखि चिनेजानेका ती असल र राम्रा शिक्षकहरूका तर्फबाट स्वीकार्दैछु जसले बालबालिकासँगको आफ्नो अन्तरक्रियालाई सम्मानजनक तुल्याउन सङ्घर्ष गरेर 'शिक्षा' शब्दले कस्तो अर्थ बोक्नुपर्छ भनी परिभाषित गर्न अनन्त र अथक् प्रयत्न जारी राखे। एउटा 'वर्ष-शिक्षक' आफैंमा सर्वोत्कृष्ट शिक्षक नहुन पनि सक्छ। त्यस्ता व्यक्ति त प्राय: मौन स्वभावका हुने भएकाले सजिलै भेटिँदै भेटिँदैनन्। हो; एउटा 'वर्ष-शिक्षक'ले बालबालिकाको सेवामा जीवन समर्पण गर्ने सार्वजनिक व्यक्तित्वका केही गुणहरूको प्रतिनिधित्व भने गरेको हुन्छ। यो सम्मानलाई तिनै व्यक्तिहरू र आफ्नो समेत ठानी ग्रहण गर्दछु।

अहिले हाम्रा पाठशालाहरू ठूलो सङ्कटको घडीमा खडा छन्। पठनपाठन, लेखन र गणितका दृष्टिले अमेरिकी बालबालिका संसारका १९ वटा औद्योगिक राष्ट्रहरूमध्ये सबैभन्दा तल्लो पङ्क्तिमा पर्न आउँछन्, बिल्कुल पिँधमा। विश्वको लागूपदार्थमा आधारित अर्थतन्त्र हाम्रै उपभोग र खपतमा निर्भर छ। यदि हामीले यति ठूलो मात्रामा नशामा मस्त सपनाहरू (Powdered dreams) खरिद नगरेको भए त्यो व्यापार अवश्य पनि फस्टाउने थिएन; धरासायी हुनेथियो। तर, विडम्बना त के छ भने हाम्रा पाठशालाहरू नै यिनका मुख्य बिक्री केन्द्र बन्न पुगेका छन्। हाम्रा किशोरकिशोरीहरूमा (१३-१९ वर्ष उमेर) आत्महत्याको दर संसारभरमा सबैभन्दा माथि छ र तिनीहरू अधिकांश धनीमानीका सन्तान हुन्छन्, गरिब र विपन्न हैनन्। नवविवाहित जोडीमध्ये ५० प्रतिशतको दाम्पत्य जीवन पाँच वर्षभन्दा पनि कम अवधिसम्म मात्र टिक्न थालेको छ, न्यूयोर्कको म्यानहाटनमा।

हाम्रो विद्यालय–सङ्कट बृहत् सामाजिक सङ्कटको एक प्रतिविम्ब हो। हामीले हाम्रो आफ्नोपन (स्वत्व) हराइसकेका छौँ। बालबालिका र जेष्ठ नागरिकहरू आ-आफ्नै ठाउँमा थन्किएका छन्। ती सांसारिक क्रियाकलापबाट अभूतपूर्व रूपमा टाढा पारिएका छन्। उनीहरूसँग कोही बातचित गर्दैनन्। जुन समाजमा बालबालिकाहरू र वृद्धवृद्धाहरूको दिनचर्यामा आपसी भेटघाट र मेलजुलको अवस्था रहँदैन, त्यहाँ न कुनै भविष्य हुन्छ न त कुनै अतीत, मात्र एउटा तन्किएको वर्तमानको निरन्तरता मात्र हुन्छ। वास्तवमा जुन प्रकारले आजभोलि हामी पारस्परिक अन्तरसम्बन्ध कायम राख्दैछौं, त्यहाँ 'समुदाय' भन्ने शब्द र अर्थ लागू नै हुँदैन। हामी एक सञ्जालमा आवद्ध जीवन बिताउँदैछौँ, समुदायमा हैन। त्यसले गर्दा मैले चिनेजानेसम्मका सबै मानिस एक्लो भएका छन्, हरेक व्यक्ति अकेला छन्। यो दर्दनाक नाटकको मुख्य नायकको भूमिकामा नपत्याउँदो तरिकाले पाठशालाहरू देखा पर्दछन्। समाजका विभिन्न वर्गबीचको खाडल निर्माणमा विद्यालयहरूको प्रमुख भूमिका त छँदैछ, साथै छटनीको संयन्त्र (sorting mechanism) को रूपमा पनि विद्यालयलाई नै प्रयोग गरेर हामी त्यस्तो जातीय प्रणाली (caste system) बसाउँदैछौँ जहाँ सडकमै सुत्ने, भीख माग्ने र बरालिने अवधूतहरू मात्र दृष्टिगोचर हुन्छन्।

मैले आफ्नो २५ वर्षे शिक्षण जीवनमा एउटा चाखलाग्दो प्रवृत्ति अनुभव गरेको छु– संसारका ठूला र महत्त्वपूर्ण उद्योगधन्दा वा व्यवसायका लागि पाठशाला र पाठशालाको जीवनयापन पद्धति झन्झन् असान्दर्भिक बन्दै गइरहेको छ। आजका वैज्ञानिकहरू विज्ञान कक्षामा नै प्रशिक्षित भएका हुन्, राजनीतिज्ञहरू नागरिकशास्त्रका कक्षामा तथा कविहरू साहित्यको कक्षामा भन्ने कुरामा कोही पनि विश्वास गर्दैनन्। सत्य कुरा त के हो भने पाठशालाहरूले आदेश पालना कसरी गर्ने भन्ने बाहेक अरू केही सिकाउँदैनन्। यो एउटा ठूलै रहस्यको विषय हो जस्तो लाग्छ मलाई। किनभने हजारौँ कृपालु तथा सेवाभावमा निष्ठावान् व्यक्तिहरू शिक्षकका रूपमा; सहयोगीका रूपमा वा कर्मचारीका रूपमा कार्यरत हुन्छन् तर पनि उनीहरूको देन उनीहरूको संस्थाको अमूर्त सैद्धान्तिक तर्कका सामु गौण भइदिन्छ। शिक्षकहरू निश्चित रूपमा चासो राख्दछन् र कडा परिश्रम पनि गर्दछन् तर उनीहरूका संस्था मनोदशाका पीडामा हुन्छन् सद्विवेक शून्य अवस्थामा। जब पाठशालाको घन्टी बज्छ; एउटा कविता रच्न व्यस्त किशोर पनि त्यसलाई चटक्क छोडेर अन्तै कक्षाकोठामा जानुपर्ने हुन्छ जहाँ एउटा पृथक् विषय; जस्तै मानिस र बाँदर एउटै वंशवृक्षका हाँगा हुन् भन्ने विषय स्मरण गर्नुपर्ने हुन्छ।

यसप्रकारको अनिवार्य स्कूले जीवन पद्धति मासाचुसेट्स राज्यले सन् १८५० मा खडा गरेको व्यवस्था हो। त्यसको प्रतिकार पनि भएको थियो, बेलाबखत त बन्दुकै उठाउने काम पनि भयो। मासाचुसेट्सको जनसङ्ख्याको ८० प्रतिशतले प्रतिकार गरेको अवस्था थियो त्यो। अन्तिम प्रतिकारको पकड केप कडको वार्नस्टेवलमा (Barnstable on Cape Code)

देखापर्‍यो जहाँका जनताले आफ्ना बालबालिकालाई स्कूल पठाउन इन्कार गरे। १८८० मा त्यो क्षेत्र सैनिक कब्जामा परेपछि भने बालबालिकालाई सैनिक घेराबन्दीमा कवाज खेलाउँदै पाठशालासम्म लगिन थालियो।

अब यहाँनेर एउटा अचम्मलाग्दो विषयतिर विचार गर्नुपरेको छ। केही वर्षअघि, सिनेटर टेड केनेडीको कार्यालयले एउटा जानकारी पत्र सार्वजनिक गरेको थियो। त्यसमा दाबी गरिए अनुसार मासाचुसेट्समा प्राथमिक शिक्षा अनिवार्य गर्नुभन्दा पहिले साक्षरताको दर ९८ प्रतिशत थियो तर पछि आएर त्यो दर ९१ प्रतिशतबाट उँभो लागेन। सो अवस्था रुण्डै १०० वर्ष पछिसम्म; सन् १९९० सम्म पनि कायमै थियो। मलाई लाग्छ, यस्ता कुरा तपाईंको रुचिमा पनि पर्नेछन्।

यहाँनेर अर्को रहस्य पनि मननयोग्य छ। *पाठशालाको शिक्षा घरमै* अभियानले यताका दिनमा निकै गति लिएको छ। आज अमेरिकाका लाखौं किशोरकिशोरीहरू पूर्णरुपेण आफ्नै मातापिताबाट शिक्षित हुँदैछन्; घरै बसी-बसी। गत महिना एउटा अचम्मलाग्दो समाचार प्रसारण भएको थियो। त्यस अनुसार; घरमै विद्यालय शिक्षा हासिल गरेका बालबालिकाहरूको सोच्ने शक्ति औपचारिक तरिकाले सार्वजनिक स्कूलमा पढेका तिनका साथीहरू भन्दा ५ देखि १० वर्षले अगाडि छ।

त्यसो त 'हामी पाठशालाबाट छिट्टै मुक्त हुँदैछौं' भन्नेमा म विश्वास गर्न सक्दिनँ। मेरो जीवनकालमा त यस्तो हुँदै हुने छैन। तर यदि हामी अज्ञानताको बढ्दो प्रकोपलाई परिवर्तन गर्न वा उल्ट्याउन चाहन्छौं भने चाहिँ हामीले बुझ्नैपर्छ– पाठशालाहरू आफ्ना ठाउँमा त होलान् तर तिनले शिक्षा प्रदान गर्दैनन्। यो संरचनामा नै निहित कुरा हो। यसको दोष न त शिक्षकमा जान्छ न त लगानी नै कम भयो भन्ने गुनासोमा। शिक्षा र पाठशालाको जीवनपद्धति कहिल्यै पनि एकै वस्तु बन्दैन। यो असम्भव छ।

पाठशालाहरू (Schools) को रचना जनसङ्ख्याको ठूलो भेलालाई वैज्ञानिक तवरले व्यवस्थापन गर्ने साधनको रूपमा गरिएको हुन्छ। यस्तो संरचना तयार पार्ने कार्यमा शिकागो विश्वविद्यालयका होरास मान (Horace Mann) तथा बर्नार्ड सियर्स (Barnard Sears) तथा कोलम्बिया शिक्षक महाविद्यालयका थोर्नडाइक (Thorndyke) र अरू केही व्यक्ति पनि जिम्मेवार छन्। विभिन्न सूत्रहरूको प्रयोग गरेर पाठशालाहरूले यस्ता सूत्रधारी प्राणी उत्पादन गर्दछन् जसको बानीबेहोरा र आदत कस्तो हुन्छ भन्ने पूर्वानुमान गर्न सकिन्छ र तिनलाई नियन्त्रण पनि गर्न सकिन्छ।

यस कार्यमा पाठशालाहरू धेरै हदसम्म सफल पनि हुन्छन्। तर हाम्रो समाज आजभोलि विखण्डनतिर उन्मुख छ। यस्तो समाजमा त्यस्तो व्यक्ति मात्र सफल हुन्छ जो स्वावलम्बी छ, आत्मविश्वासी छ र आत्मपरक हुन्छ। किनभने समाजमा कमजोर वर्गको रक्षा गर्ने सामुदायिक जीवनपद्धति मरिसकेको छ। पाठशालाहरूबाट हुने उत्पादन मैले पहिल्यै भनिसकें, असान्दर्भिकै भइसकेको छ। पाठशालामा राम्रोसँग अभ्यस्त भएका मानिसहरू असान्दर्भिक बनिसकेको अवस्था छ। तिनीहरू फिल्म बेच्ने काम गर्न सक्छन्, रेजर ब्लेड बेच्न सक्छन्, अखबार/पत्रिका बेचिहिँड्न सक्छन्, टेलिफोनमा बात मार्छन् वा झिपझिपे कम्प्युटरको अगाडि ध्यान शून्य भएर ट्वाल्ल बस्दछन् तर एक मानव प्राणीका रूपमा उनीहरू बेकम्मा भइसकेका छन्। अरूका लागि पनि बेकम्मा र आफ्नै लागि पनि बेकम्मा।

**पाठशालाहरूबाट हुने उत्पादन असान्दर्भिक भइसकेको छ। पाठशालामा राम्रोसँग अभ्यस्त भएका मानिसहरू असान्दर्भिक बनिसकेको अवस्था छ। तिनीहरू फिल्म बेच्ने काम गर्न सक्छन्, रेजर ब्लेड बेच्न सक्छन्, अखबार/पत्रिका बेचिहिँड्न सक्छन्, टेलिफोनमा बात मार्छन् वा झिपझिपे कम्प्युटरको अगाडि ध्यान शून्य भएर ट्वाल्ल बस्दछन् तर एक मानव प्राणीका रूपमा उनीहरू बेकम्मा भइसकेका छन्। अरूका लागि पनि बेकम्मा र आफ्नै लागि पनि बेकम्मा।**

मेरो विचारमा हाम्रो दिन दिनको दुर्गतिको कारण भन्नु नै हामी हाम्रा बालबालिकालाई निरर्थक ढङ्गबाट हुर्कन बाध्य गराउँदैछौं। यही कुरा पअल गुडमेन (Paul Goodman) ले ३० वर्ष पहिले नै अघि सारेका थिए। विद्यालय र पाठशालाको सुधार गर्नुछ भने तिनका निरर्थक पक्षहरूमा ध्यान पुऱ्याउनु आवश्यक छ।

कुनै व्यवस्थाले तपाईंलाई एउटै उमेर समूह र एकैखाले आर्थिक एवं समाजिकस्तरका व्यक्तिहरूसँग पृथक् समूहमा बस्न बाध्य बनाउँछ भने त्यो वाहियात कुरा हो। त्यो जीवन प्रतिकूल कुरा पनि हो। त्यस व्यवस्थाले मानव जीवनको व्यापक विविधताबाट तपाईंलाई पृथक् राख्दछ। बहुलताको शक्तिबाट पनि टाढा राख्दछ। वास्तवमा त्यसले तपाईंको आफ्नै अतीत र भविष्यबाट तपाईंलाई अलग्याइदिन्छ। टेलिभिजनले जस्तै गरी तपाईंको वर्तमानलाई तन्काइरहन्छ।

त्यस्तो व्यवस्थाको भागी बन्नु वाहियात र जीवन प्रतिकूल पनि हुन्छ; जहाँ कुनै एक अपरिचित व्यक्तिको कवितावाचन सुन्न बाध्य हुनुपर्छ जुनबेला आफूमा भवन निर्माणका कुरा सिक्ने इच्छा खेलिरहेको हुन्छ। अथवा भनौं जुनबेला आफूलाई कविता पढ्ने चाहना हुन्छ त्यसबखत कुनै अपरिचित व्यक्तिसँग भवन निर्माणको छलफलमा बस्न बाध्य हुनुपर्छ।

यसैगरी तपाईंको स्वाभाविक जवानीका दिनहरू त्यस्ता संस्थामा व्यतीत हुन्छन् जहाँ बज्ने घण्टाको आवाजमा एक कक्षाबाट अर्को कक्षामा कुद्दै जाँदै गर्नुपर्ने हुन्छ। जहाँ निजी गोपनीयताको कुरै उठ्दैन र घरको आरामदायी निजी क्षणलाई पनि 'गृहकार्य'को बोझले पछ्याउँदै आउँछ।

"उनीहरूले पढ्नचाहिँ कसरी सिक्छन् त?" भनेर मलाई सोध्नुहुन्छ भने मेरो जवाफ हुन्छ, "मासाचुसेट्सले सिकाएको पाठलाई सम्झनुहोस्।" यदि बालबालिकाहरूलाई एकै उमेर समूहका झुण्डमा घेराबन्दी नगरी उनीहरूलाई जीवनको सम्पूर्णता प्रदान गरिन्छ भने तिनीहरूले पढ्न सिक्छन्, लेख्न सिक्छन् र गणित पनि सजिलै भ्याउँछन्। कुरा यत्ति मात्र हो कि, पठनपाठनका विषयवस्तु उनीहरूको जीवन प्रवाहसँग प्रत्यक्ष सरोकार राख्ने खालको हुनुपर्छ। *क्रमशः*

*शिक्षक एवं लेखक (John Taylor Gatto) ले संयुक्त राज्य अमेरिकाको 'वर्ष-शिक्षक' (Teacher of the Year) पुरस्कार ग्रहण गर्ने क्रममा ३१ जनवरी १९९० मा आयोजित समारोहमा गरेको भाषणबाट।*

*स्रोत: www.naturalchild.org*

अनुवादः **डा. तीर्थबहादुर श्रेष्ठ**


YOUR COMPLETE NEWS.
हरेक दृष्टि, आर्थिक कोण
आर्थिक
अभियान
अर्थ-राजनीतिक दैनिक
सेतीको डीपीआर
the Corporate weekly
Donors' Dilemma
UNDERSTANDING HEDGING
LALIT MANDIP
GORKHA TRAVELS
INTERVIEW
NEW Business Age
Nepal-China Trade
CHINA

भरत अधिकारी

# गान्धी, मिठाई र सरसफाई

गान्धीजीका बारेमा सुनिने थुप्रै प्रसङ्गहरूमध्ये एउटा यस्तो छः

गान्धीजीको आश्रमछेउको गाउँको एउटा बालक गुलियोमा मरिहत्ते गर्दो रहेछ। गुलियोकै कारण दाँत दुखेर रातभरि रुँदो रहेछ। उसकी आमा उसको यो बानीले हैरान भइछन्। अनि उनी महात्मा गान्धीसित छोरालाई सम्झाइमाग्ने विचारले छोरालाई डोऱ्याउँदै आश्रममा पुगिछन्।

उनको कुरा सुनेर गान्धीजीले एकछिन् सोचेछन् र उनलाई अर्को हप्ता आउन भनेछन्।

अर्को हप्ता ती आमा-छोरालाई आश्रममा देख्ने बित्तिकै गान्धीजीले भनेछन् "ए बाबु ! धेरै गुलियो नखाऊ है ! अनि खाए पनि खाइसकेपछि राम्रोसित कुल्ला गर्ने बानी गर।" उनले आफ्नो थोते मुख देखाउँदै भनेछन्, "मलाई पनि गुलियो मन पर्ने तर कुल्ला नगर्ने भएकाले बेलै नभई दाँत झरे। दाँत नभएपछि खाना राम्रो पच्दैन, खाना नपचेपछि तागत हुँदैन। तागत नभएपछि काम गर्न सकिन्न। खुसी लाग्दा मीठो गरी मुस्कुराउन पनि मिल्दैन। उमेरमै दाँत झरेको मान्छे राम्रो हुन्छ र ?"

गान्धीजीका कुराले एकै पटकमा जादु गरेछ। केटो ठिक्क मात्र गुलियो खान र खाएपछि कुल्ला गर्न थालेछ। आमा दङ्ग परिछन्। तर अर्को पटक आश्रम जाँदा उनले गान्धीजीलाई सोधिछन्, "बापू, त्यति सानो कुरा भन्न किन एकहप्ता समय लगाउनुभयो ?" गान्धीजीले भनेछन् "नानी, त्यतिञ्जेल त म आफैँ पनि अलि धेरै नै गुलियो खान्थेँ र कुल्ला पनि गर्दिनथेँ। अर्ति दिनका लागि त पहिले मैले आफूलाई सुधार्नु पऱ्यो नि ! एक हप्तामा म त्यसमा सफल भएँ, अनि मात्र तिम्रो छोरालाई गुलियो नखाऊ भन्न सकेँ।"

अर्थात्- ज्ञान मात्रले पुग्दैन, सिकाउनका लागि आफू नैतिक रूपले पनि योग्य हुनुपर्छ। यस्तै नैतिक बलले मोहनदास करमचन्द गान्धीलाई 'महात्मा' बनाएको हो।

कथनी र करनी बीचको यो अन्तर मानिसको दैनिक व्यवहार, स्वच्छता र सरसफाई सम्बन्धी बानी-व्यवहारसँग जोडेर हेर्दा रमाइला चित्र देखिन्छन्। आफू चुरोट र मादक पदार्थमा मरिहत्ते गर्नेले पनि आफ्ना सन्तान वा विद्यार्थी ती कुलतबाट बचून् भन्ने चाहन्छन्। चाहना राख्नु राम्रो हो, तर के त्यो चाहना राख्ने नैतिक अधिकार उनीहरूसित छ त ? दुई-चार अक्षर पढेका जोसुकैलाई पनि थाहा छ, खाना खानुअघि साबुनपानीले हात धुनुपर्छ भन्ने कुरा। तर खाने बेलामा 'आफ्नो हात जगन्नाथ' भन्दै हातै नधोई खानेहरू धेरै छन्। कतै हामीले घरमा चर्पी नभए पनि विद्यालयमा छात्रछात्रालाई स्वास्थ्य र सरसफाईका कुरा सिकाइरहेका त छैनौँ ?

## आफू उदाहरण बनौँ

विद्यालय नानीहरूलाई किताब पढाउने र पास गराउने ठाउँ मात्र नभई उनीहरूलाई स्वच्छता, सरसफाई र सदाचार जस्ता राम्रा आनीबानी सिकाएर व्यवहार कुशल बनाउने ठाउँ पनि हो। तर




हाम्रो देशका अधिकांश विद्यालयमा चर्पी, पानी जस्ता आधारभूत सुविधाको ठूलो अभाव छ। भएकै शौचालयमा पनि शिक्षकहरूले ताला लगाउने र आफूले मात्र प्रयोग गर्ने गरेको देखिन्छ। यसबाट किशोरी विद्यार्थीलाई, खासगरी महिनावारीका बेला निकै असुविधा हुन्छ। अधिकांश विद्यालयमा चर्पी हुँदैनन्, तर पढाइ भने चर्पीका प्रकार, व्यक्तिगत र वातावरणीय सरसफाईका बारेमा हुन्छ। त्यसैले हप्तामा एक दिन विद्यार्थीहरूको नङ र कपाल मात्र जाँच्नु भन्दा गान्धीजीले फुच्चेलाई सम्झाए जसरी उनीहरूको मन छुने गरी सिकाएर सरसफाईलाई उनीहरूको जीवनशैली बनाउनु आवश्यक छ।

विश्व स्वास्थ्य सङ्गठनका अनुसार आज सरसफाईका लागि गरिएको एक रुपैयाँ लगानीले भविष्यमा नौ रुपैयाँसम्म प्रतिफल दिन्छ। यसको अर्थ आज सरसफाई र स्वच्छता प्रवर्द्धनका लागि गरिएको चेतना विकासले भोलि गएर मानिसको स्वास्थ्यमा पुग्ने फाइदा, बिरामी हुनु नपर्दा बच्ने उत्पादनशील दिनहरू, औषधि उपचारमा लाग्ने खर्चको बचत जस्ता कुरा हुन्। तर योभन्दा पनि बहुमूल्य कुरा के हो भने सरसफाई र स्वच्छताले मानिसको इज्जत र आत्मसम्मान दुवै बढाउँछ। कतिपय स्कूलमा आफ्ना विद्यार्थी खुल्ला ठाउँमा दिसापिसाब गर्न गएको, विद्यालय परिसर वरपर फोहोर भएको कुरालाई त सामान्य ढङ्गले नै लिइएको देखिन्छ, तर विद्यालयमा आएका पाहुनाले चर्पी प्रयोग गर्न खोज्दा फोहोरी चर्पी देखाउनु पर्दा वा 'चर्पी त छैन' भन्नु पर्दा भने सम्बन्धित व्यक्तिहरूलाई लाज लागेको स्पष्टै देखिन्छ। चर्पीलाई सरसफाईको दृष्टिबाट भन्दा पनि इज्जत र प्रतिष्ठाको दृष्टिबाट हेर्दाको परिणाम हो यो।

विद्यार्थीमा सरसफाईको बानी बसाल्न कतिपय विद्यालयले विद्यार्थीले घरमा चर्पी बनाएर प्रयोग गरेका आधारमा स्वास्थ्य शिक्षामा अतिरिक्त अङ्क दिने नियम पनि बसाएका छन्। इज्जत र प्रतिष्ठाका कुराले हुर्किँदै गरेका बालबालिकाहरूको मन छुन सजिलो हुन्छ। तर फेरि पनि कुरा यस लेखको शुरुमा आएको कथामा नै पुग्छ, विद्यार्थीको रोल मोडल (आदर्श व्यक्तित्व) का रूपमा समेत रहेका शिक्षकहरूले गान्धीजीले जसरी नै सम्झाउन थाल्ने हो भने परिवर्तन ल्याउन धेरै सजिलो हुन्छ।



अनुभव विद्यसको गठन

धनञ्जय शर्मा अधिकारी

# सबै समझदार !

राधाकृष्ण शर्मा २५ वर्षदेखि हाम्रो विद्यालय व्यवस्थापन समितिको अध्यक्ष हुनुहुन्थ्यो। उहाँको कुशल नेतृत्वमा विद्यालयले प्राज्ञिक र भौतिक दुवै क्षेत्रमा आशातीत प्रगति गर्दै आएको थियो। शिक्षा नियमावलीको परिवर्तित अभिभावकीय परिभाषासँगै आफ्नो ढल्कँदो उमेर र बिग्रँदो स्वास्थ्यका कारण शर्माजी पदीय जिम्मेवारीबाट मुक्त हुन खोजिरहनुभएको थियो। यता; नयाँ व्यवस्थापन समितिमा को आउने हुन्? कस्ता मान्छे आउने हुन्? राजनीतिकरण पो हुने हो कि? यस्तो चिन्ताले पनि सताइरहेको थियो। मेरो चिन्ताप्रति सहानुभूति देखाउँदै स्कूलका कतिपय शुभचिन्तकहरूले "वर्तमान व्यवस्थापन समितिकै छोरानातिहरू जुन स्कूलमा पढिरहेको भए पनि आफ्नो स्कूलमा नाम दर्ता गराउनू भइहाल्छ नि! सबैले त्यसै गरिराखेका छन्" भन्ने सल्लाह पनि दिए। एकजना प्रबुद्ध छिमेकीले "तपाईंको स्कूल राम्रो छ, माओवादीहरूले हस्तक्षेपको तयारी गरिराखेका छन्। स्थानीय एमाले र काङ्ग्रेसहरू पनि किन चुप लागेर बस्लान् र? गाह्रो छ है!" भन्ने आशङ्का व्यक्त गरे। तर यस्ता सल्लाह र आशङ्काकै भरमा दिग्भ्रमित हुन सम्भव थिएन। विद्यालयमा छोराछोरी पढाइरहेका अभिभावकहरूमध्येबाटै व्यवस्थापन समिति गठन गर्नुको विकल्प थिएन।

मनमा दह्रो अठोट गरेर विद्यालय व्यवस्थापन समिति गठन प्रयोजनका लागि बनेको सहयोग समितिको बैठक डाकें। व्यवस्थापन समिति गठनको कार्यविधि विषयमा छलफल हुँदा "दुई दुई हजार विद्यार्थीका अभिभावकलाई एकैचोटि विद्यालयमा भेला पार्दा व्यवस्थापन गर्न गाह्रो हुन्छ, योग्य व्यक्ति पाखा पर्ने र अयोग्य व्यक्ति छानिने डर हुन्छ। त्यसैले एक-एकवटा कक्षाका अभिभावक डाकौं, व्यवस्थापन समिति र शिक्षक-अभिभावक संघको अधिकार र कर्तव्यबारे राम्ररी बताऔं। त्यसनिम्ति; कम्तीमा एकजना महिला पर्ने गरी एउटा कक्षाबाट पाँच जनाको दरले अभिभावक प्रतिनिधि छानौं। यसरी छानिएका प्रतिनिधिहरूबाट व्यवस्थापन समिति र शिक्षक-अभिभावक संघको चयन गरौं" भन्ने आशयको प्रस्ताव अघि सारें। केहीबेरको छलफलपछि यो प्रस्तावमा सबैको सहमति पनि जुट्यो।

प्रत्येक शनिबार बिहान कक्षागत रूपमा अभिभावकहरूलाई डाकी छोराछोरीलाई असल र जिम्मेवार नागरिक बनाउनका लागि आमाबाबुले निर्वाह गर्नुपर्ने भूमिकाबारे लामै प्रशिक्षण कक्षा सञ्चालन गरियो। त्यसको अन्त्यमा व्यवस्थापन समिति र शिक्षक-अभिभावक संघ गठन गर्ने प्रयोजनका लागि पाँच जना प्रतिनिधि छान्न भनियो। यसरी प्रतिनिधि छनोट गर्दा एक अभिभावकले अर्को अभिभावकलाई राम्रोसँग नचिन्ने समस्या देखिए पनि यसले हामीलाई धेरै अलमल्याएन, इच्छुकलाई प्राथमिकता दिइयो।

हामीले अभिभावक प्रतिनिधि छनोट गर्दा अभिभावकीय दायित्व बुझेका व्यक्ति हुन् कि होइनन् भन्ने कुरालाई बढी महत्त्व दिएका थियौं, न कि राजनीतिक आस्थालाई। प्रतिनिधि छनोट कार्य सम्पन्न भएपछि लगत्तै अर्को शनिबार अभिभावक प्रतिनिधि, निवर्तमान व्यवस्थापन समितिका पदाधिकारीहरू, विद्यालय प्रशासनको जिम्मेवारीमा रहेका शिक्षक साथीहरू, वि.नि., स्रोतव्यक्ति समेतको भेला डाकियो। भेलामा सर्वप्रथम निवर्तमान व्यवस्थापन समितिका पदाधिकारीहरूलाई आफ्नो धारणा राख्ने अवसर दिइयो। एउटा टहरोबाट आज यो विद्यालय प्रतिष्ठित विद्यालयका रूपमा कसरी स्थापित हुनसक्यो भन्ने बारेमा उहाँहरूले आफ्ना अनुभव सुनाउनुभयो। विद्यालयको विकासमा व्यवस्थापन समितिको र अभिभावकहरूको कस्तो भूमिका हुनुपर्छ भन्नेबारेमा समेत प्रकाश पार्नुभयो। सबैको विचारको सार एउटै थियो, "यो विद्यालयलाई अरु राम्रो बनाउनुपर्छ।"

अन्त्यमा विद्यालय व्यवस्थापन समिति चयन गर्न भेलामा प्रस्ताव प्रस्तुत गर्दै भनियो, "तपाईंहरूमध्येबाट व्यवस्थापन समितिमा प्रतिनिधित्व गर्न पाउने पद सङ्ख्या यति हो र शिक्षक अभिभावक संघमा प्रतिनिधित्व गर्न पाउने सङ्ख्या यति हो। आपसी समझदारी कायम गर्नुहोला। पढेलेखेका साथीहरूले मात्र चाहना राख्नुहोला, किनभने तपाईंहरूले एमए, एमफिल गरेका शिक्षकहरूको नेतृत्व लिनुपर्ने हुन्छ। व्यवस्थापन समितिमा जो आए पनि काम गर्न आउने हो। यहाँ आउनेले धन दिन सक्नुहुन्न भने पनि विद्यालयलाई समय चाहिँ अवश्य दिनुपर्छ। विद्यालयलाई योगदान दिन चाहने, समय दिन सक्ने, योजना निर्माण र कार्यान्वयन गराउन सक्ने, यो विद्यालयलाई अरु उचाइमा पुऱ्याउँछु भन्ने आँट र भिजन भएका साथीहरूले इच्छाएको पद र कारण समेत खोलेर नाम (उम्मेद्वारी) दिनुहोला।" अभिभावक प्रतिनिधिहरूले पद समेत खुलाएर दिएका नाम सङ्कलन गरियो। जति पद थिए, त्यति जनाको मात्र दाबा परेको थियो।

विद्यालयले आफ्ना सम्पूर्ण कामकारबाहीलाई पारदर्शी राख्न सक्यो र त्यसबारे आफ्ना अभिभावकलाई ढुक्क बनाउन सक्यो भने सबै स्कूलका अभिभावक यत्तिकै समझदार र जिम्मेवार हुन्छन् भन्ने मेरो विश्वास छ।

नयाँ व्यवस्थापन समितिको अध्यक्षमा नारायण पौडेल चयन हुनुभयो भने शिक्षक अभिभावक संघको अध्यक्षमा तारा भण्डारी। दुवै युवा जोश मात्र नभई परिपक्व होस पनि भएको हुनुहुन्छ। पहिलो बैठक निवर्तमान व्यवस्थापन समिति र पुनर्गठित समितिको संयुक्त थियो। पुरानोबाट नयाँले कार्यव्यापारको अनुभव र पुरानाले नयाँबाट अग्रगमनको विचार बटुल्यो। दोस्रो बैठक शिक्षक स्टाफ पी.टी.ए. र वि.व्य.स. सहितको त्रिपक्षीय रह्यो। जसमा आगामी पाँच वर्षभित्र विद्यालयलाई कहाँ पुऱ्याउने? लक्ष्य निर्धारण गरी योजना निर्माण गर्नेमा केन्द्रित रह्यो। सरोकारवालाहरूको सहभागितामा बालकेन्द्रित शिक्षण विधि अपनाई एक नमुना सामुदायिक विद्यालयको रूपमा विकसित गर्ने मूल ध्येय पुनर्गठित विद्यालय व्यवस्थापन समितिले लिएको छ।

'विद्यालय व्यवस्थापन समितिमा को-को आउने हुन्? कस्ता मान्छे आउने हुन्?' भन्ने मेरो केही महिनाअघिको चिन्ता अहिले 'अब केही गर्नुपर्छ। गर्न सकिन्छ' भन्ने ऊर्जामा रुपान्तरित भएको छ। मन सन्तुष्ट भएको छ।

*प्रअ, ज्ञानोदय मावि, बाफल, काठमाडौं*

## विद्यार्थीका घर-घरमा शिक्षक

**अमेरिकाका** केही राज्यहरूमा शिक्षकहरू विद्यार्थीका घरघर जान थालेका छन्। यसरी शिक्षकहरू विद्यार्थीका अभिभावकसित चिनजान गर्न र उनीहरूको परिस्थितिसित परिचित हुन थालेपछि विद्यार्थीको शैक्षिक स्थितिमा उल्लेखनीय सुधार भएको छ। यस्ता भ्रमणबाट विद्यार्थीको पढाइका बारेमा अभिभावकको चासो उल्लेखनीय रूपमा बढेको पाइएको छ। शिक्षकबाट आफ्ना बालबालिकाका राम्रा पक्षहरूका बारेमा जानकारी पाउनु अभिभावकका लागि महत्त्वपूर्ण उपलब्धि भएको देखिएको छ भने शिक्षकले विद्यार्थीका पारिवारिक र सामाजिक सीमा र सम्भावनाहरूका बारेमा थाहा पाउनाले विद्यार्थीलाई लाभ भएको छ। 'कुनै विद्यार्थीका घरमा होमवर्क गर्ने परिस्थिति नै छैन भन्ने थाहा पायौँ भने हामी वैकल्पिक उपायबाट उसको अध्ययनलाई अघि बढाउन सक्छौँ", यस कार्यक्रममा संलग्न एकजना शिक्षक भन्छन्। घरघरमा शिक्षक पुग्ने यस अभियानबाट मूलतः सुविधाविहीन बालबालिकाले बढी लाभ पाएका छन्।

**कुनै विद्यार्थीका घरमा होमवर्क गर्ने परिस्थिति नै छैन भन्ने थाहा पायौँ भने हामी वैकल्पिक उपायबाट उसको अध्ययनलाई अघि बढाउन सक्छौँ।**

सन् १९९८ मा क्यालिफोर्नियाबाट शुरु भएको यो अवधारणाका पछाडि अभिभावकहरू आफ्ना बालबालिकाको प्रगतिका बारेमा कागजबाट भन्दा जिम्मेवार व्यक्ति अर्थात् उनीहरूका शिक्षकबाट सुन्न रुचाउँछन् भन्ने एउटा सामान्य सिद्धान्त थियो। यस अनुसार दुईजना शिक्षकले पालैपालो एक शैक्षिक सत्रमा दुईपटक मात्र विद्यार्थीका घर जाँदा परिस्थितिमा उत्साहजनक अन्तर देखियो।

"विद्यार्थीका घरमा सूचनाको खानी नै पाइन्छ। शैक्षिक सत्रको शुरुमा पहिलो पटक विद्यार्थीको घर जाँदा अभिभावकसित परिचय हुन्छ, विद्यार्थीले शिक्षक साम् व्यक्त गर्न नसक्ने वा नसकेका अनेक कुरा थाहा पाइन्छ; जसले गर्दा हामीले स्कूलमा उनीहरूका लागि सजिलो वातावरण बनाउन सक्छौँ। उनीहरूबाट व्यावहारिक अपेक्षा राख्न सक्छौँ। सत्रको अन्त्यतिर शिक्षकले अभिभावकसित विद्यार्थीको पढाइको प्रगतिका बारेमा छलफल गर्छन्", मिसाउरी राज्यका कैयन् शैक्षिक क्षेत्रमा यो कार्यक्रम अघि बढाउन आर्थिक सहायता गर्ने व्यक्ति क्यारेन कालिश बताउँछन्।

यो 'शैक्षिक घरदैलो कार्यक्रम' विस्तारै अमेरिकाका विभिन्न राज्यमा फैलिइरहेको छ।

## नो बहानाबाजी !

'**हामी** बालबालिकालाई बहाना बनाउने छुट अलि बढी नै दिइरहेका त छैनौँ?' एउटा इन्टरनेट सम्वादमा अमेरिकी शिक्षक लाउरा क्लेइन यस्तो लेख्छिन्-

"म एउटा यस्तो स्कूलमा काम गर्छु जहाँ विभिन्न किसिमका समस्या भएका बालबालिका आउँछन्। विदेशबाट आएका अङ्ग्रेजी नजान्ने परिवारका अपाङ्गता भएका र विशेष शिक्षा चाहिने बालबालिकाहरूमा बहाना पार्ने बानी पनि अलि बढी नै हुन्छ र विभिन्न कारणवश हामी पनि उनीहरूका बहाना पत्याइदिन्छौँ। कोही बेला विद्यार्थी दिक्क लागेर बहाना पार्छन् कोही चाहिँ बिग्रेकै हुन्छन्। हामीले उनीहरूका बहाना पत्याइदिएनौँ भने उनीहरू जसरी भए पनि काम गर्न र पार लगाउन थाल्छन्; तर हामीले उनीहरूले बहाना पारेको जान्दाजान्दै पनि 'बिचरा सक्दैन, छाडिदिऊँ न त' भन्यौँ भने चाहिँ उनीहरू सधैँ बहाना मात्र पारिरहन्छन्; जीवनमा केही हासिल गर्ने लक्ष्यबाट नै विमुख हुन सक्छन्।

**पढाउनु भनेको बालबालिकालाई जीवनमा सफल हुने तालिम दिनु हो। साँच्चै बालबालिकाको हित गर्ने हो भने उनीहरूलाई बहानाबाजीको बानीबाट मुक्त हुन सिकाउनुपर्छ।**

कसैको पनि बहानाबाजी चल्नुहुँदैन। बहाना पार्दा हुने भए त हामी शिक्षकहरूले पनि त पारे भयो नि! "विद्यार्थीहरू पढ्दैनन्", "अभिभावकहरूलाई मतलबै छैन" आदि आदि। विशेष शिक्षा विद्यालयहरूमा त यस्ता बहाना गर्ने ठाउँ कति हुन्छन् कति! केटाकेटीहरू होमवर्क गर्दैनन्, हामी 'भोलि गरेर ल्याऊ है' भन्छौँ। तर हामी हाम्रो अनावश्यक लचिलोपनबाट उनीहरूको बानी बिग्रिइरहेको हुन्छ। मेरो कक्षामा एउटी बालिका छिन्, उनकी आमाबाबु छैनन्। हामी उनीप्रति सहानुभूतिशील छौँ तर सहानुभूतिको पनि ठाउँ हुन्छ। उनका अक्षर बिल्कुलै नबुझिने छन् र त्यसका बारेमा उनी भन्छिन्, "माया गरेर सिकाइदिने आमा हुनुभएको भए मेरा अक्षर यस्ता हुने थिएनन्।" कुरा संवेदनशील छ, नभएकी आमाको कुरा, ठाडै होइन भन्न पनि मिल्दैन। तर मलाई थाहा छ, त्यो उनको बहानाबाजी मात्र हो। हामीले उनको बहाना पत्याइदियौँ भने उनले बुझिने अक्षर लेख्न कहिल्यै पनि सक्दिनन्।

अल्छी गर्न पाउनु हो भने सबैलाई अल्छी लाग्छ र मान्छे अनेक बहाना पार्न थाल्छ। तर बहानाबाजी एउटा समस्या हो र त्यसले कहिल्यै पनि सफल हुन दिँदैन। बालबालिकालाई पढाउनु भनेको उनीहरूलाई जीवनमा सफल हुने तालिम दिनु हो। त्यसैले बालबालिकाहरूको साँच्चै हित गर्ने हो भने उनीहरूलाई बहानाबाजीको बानीबाट मुक्त हुन पनि सिकाउनुपर्छ।

दीपक अर्याल

# कम्प्युटर : उत्सुकता र उत्साह



कास्कीको उत्तरी क्षेत्र नामार्जुङ गाविसको ताङ्तिङ गाउँको हिमालय मिलन माविमा पढ्ने कक्षा ७ की छात्र केशकुमारी गुरुङ पहिलोपल्ट कम्प्युटरको किबोर्डमा औँला चलाउँदै अङ्ग्रेजी तथा नेपाली भाषामा आफ्नो नाम लेखिरहेकी। कक्षा ६ देखि ११ सम्मका धेरै छात्रछात्रा उनले जस्तै पहिलो पटक कम्प्युटर चलाउँदै थिए। कम्प्युटरबाट के-के काम, कसरी गर्न सकिन्छ भन्ने विषयमा धेरै विद्यार्थीमा उत्सुकता देखिन्थ्यो। तिनले कम्प्युटरका बारेमा अनेकौँ कुरा सुने पनि वास्तवमै कम्प्युटरले के गर्न सक्छ र के गर्न सक्दैन भन्नेमा चाहिँ अलमलमै परेका देखिन्थे। केशकुमारीले बालसुलभ जिज्ञासा राखिन्, "सर, ठूलो भएर म के बन्ने भन्ने कुरा पनि कम्प्युटरले जान्दछ?"

उनको प्रश्नको जवाफमा "कम्प्युटरले त्यो त थाहा पाउँदैन नानी" भनिहाल्न मन लागेन। उनले बुझ्ने भाषामा हामीले दिएको जवाफको सार थियो, "आफू के बन्ने भन्ने कुरा चाहिँ तिमीले आफैँ विचार गर्नुपर्छ। तर तिमीले चाहेको कुरा हासिल गर्न भने कम्प्युटरले सजिलो पार्छ।" तर त्यति भनेर मात्र पुग्ने थिएन, हामीले त्यसको प्रमाण पनि दिन सक्नुपर्थ्यो। त्यसैले हामी आफैँसित भएका विभिन्न सामग्री देखाउन थाल्यौँ। केही भिडियो र तस्बिरहरू देखायौँ, अडियो सुनायौँ र कम्प्युटरप्रति विद्यार्थीका चाख बढाउने प्रयास गर्‍यौँ। उनीहरूले पनि कम्प्युटरलाई कसरी प्रयोग गर्न सकिन्छ, कम्प्युटर सिकेर के फाइदा हुन्छ, यसबाट पढाइ बिग्रन्छ कि पढ्नलाई अझ सजिलो हुन्छ? जस्ता जिज्ञासाहरू राखे।

हामी एउटा अनुसन्धानमूलक तालिमका क्रममा त्यहाँ गएका थियौँ। हाम्रो उद्देश्य थियो, विद्यार्थीलाई कम्प्युटरको तालिम दिने र तालिमका क्रममा विद्यार्थीले के सिक्छन्? के कुरा मन पराउँछन्, के मन पराउँदैनन्? कस्ता विद्यार्थीले छिटो र कस्ताले ढिलो सिक्छन् र के कुरामा उनीहरूको रुचि हुन्छ? जस्ता विविध प्रश्नहरूमा आधारित मानव-प्रविधि सम्बन्धका विषयमा अनुसन्धान गर्ने। ल्याङ्ग्वेज टेक्नोलोजी केन्द्र काठमाडौँबाट गएका कम्प्युटर इन्जिनियर र समाजशास्त्रीहरूको हाम्रो टोलीलाई विद्यार्थीको प्रश्न र उत्सुकताले धेरै नयाँ कुराहरू सिकाउँदै पनि थियो। कतिपय विद्यार्थीहरू उत्सुकतासाथ प्रश्नहरू सोधिरहन्थे। कोही चाहिँ छलफललाई भन्दा पनि आफू अगाडिको कम्प्युटरमै बढी ध्यान दिन्थे। अनि कोही चाहिँ के गर्ने भन्ने कुरामा नै अलमलिए झैं देखिन्थे। यस्तो अलमललाई साम्य पार्न मानव-प्रविधि अन्तरक्रियामा अनुसन्धान गरिरहेका कम्प्युटर इन्जिनियर सगुन धाख्वाले कम्प्युटरलाई यसरी परिभाषित गरिदिए, "कम्प्युटरले तिमीहरूलाई पढाउने 'गुरा'ले भन्दा पनि धेरै कुराहरू जानेको हुन्छ, एउटा हातमा बोक्न सकिने कम्प्युटरमा तिमीहरूका स्कूलभरि नै नअट्ने किताब र सयौँ सीडी/डीभीडी बराबरका सङ्गीत वा फिल्म अट्छन्। आफूसित भएका ती कुरालाई अक्षर, अडियो, भिडियो, नक्सा वा चित्रका माध्यमबाट पढाउन, सिकाउन सक्ने मेसिन नै कम्प्युटर हो। उनले थपे, "तर यसले आफैँ चाहिँ केही काम गर्न सक्दैन नि! यसलाई 'यस्तो काम गर भनेर किबोर्ड वा माउसको सहायताले अह्राउनु' पर्छ। उसको क्षमता अनुसारको काम अह्राउन जान्यो भने चाहिँ यसले मान्छेले गरेको भन्दा कैयौं गुना छिटो र सजिलोसँग गर्न सक्छ।"

हामीले एकजना विद्यार्थीका आफन्तको बसोबास भएको बेलायतको सानो शहर ब्राइटनको नाम टाइप गरेर केही भिडियो, नक्सा र जानकारीहरू दियौँ। हामीले उनीहरूले विज्ञानमा पढेका एटम, मोलिक्युल, कम्पाउण्ड जस्ता सामान्य वा एस्ट्रोलोजी, मेट्रोलोजीसँग सम्बन्धित गाह्रा सैद्धान्तिक जानकारी, गणितमा पाइथागोरस साध्य र 'पाई'को मानका सन्दर्भलाई पनि देखाइदियौँ। हामीले विद्यार्थीलाई कम्प्युटरबाट कुनै पनि देशको भाषा, धर्म, संस्कृति, जनसङ्ख्या वा शहर र गाउँका विषयमा पनि जानकारी पाउन सकिने कुरा बतायौँ। उनीहरूलाई कम्प्युटरप्रति आकर्षित गराउन विभिन्न उपायहरू अपनायौँ।

"के यस्ता सामग्रीहरू इन्टरनेट विना पनि खोज्न सम्भव छ?" कम्प्युटर र इन्टरनेटका बारेमा केही जानकारी भएका १० कक्षाका एउटा छात्रको प्रश्न थियो। "हो त्यो पनि सम्भव छ, इनकार्टा, विकिपिडिया वा यस्तै खालका अन्य कैयौँ 'अफलाइन' सामग्रीहरूलाई कम्प्युटरमा राख्ने हो भने इन्टरनेट नभएको समयमा पनि जानकारीहरू हेर्न र पढ्न सकिन्छ" इन्जिनियर धाख्वाको उत्तर थियो। वास्तवमा हामी विद्यार्थीलाई अधिकांश कुरा 'अफलाइन' वा इन्टरनेटको प्रयोग नगरीकनै देखाइरहेका थियौँ।

प्रश्न र उत्तरहरूको सिलसिला चलिरह्यो। कम्प्युटर सिक्ने विद्यार्थीको चाहनाका बीच स्कूलमा भएका १० वटा कम्प्युटर थोरै हुने भए। त्यसपछि एउटा कम्प्युटरमा दुई जनाका दरले विद्यार्थी राखेर कम्प्युटर खोल्नदेखि त्यसमा भएका 'अफलाइन' नेपाली शब्दकोश हेर्न, विकिपिडियामा आफूलाई चाहिने विज्ञान, गणित, अङ्ग्रेजी, भूगोल, संस्कृतिसँग सम्बन्धित सामग्रीहरू खोज्न र पढ्न अनि ठीक किसिमले बन्द गर्न सिकाइयो। त्यति मात्र होइन, इमेल र इन्टरनेटका सैद्धान्तिक ज्ञान र त्यसको उपयोगिताका बारेमा चर्चा चल्यो र त्यो सिकाउने जिम्मा चाहिँ त्यहाँका शिक्षकले पाए।

स्कूलका शिक्षकलाई पनि यो अभ्यास उपयोगी लागेछ। उनीहरू 'युट्युब'बाट मिओसिस, माइटोसिस, डिएनए, अमिबा, शरीरका अङ्गहरू, बिरुवा र अन्य जनावरका बनोटका विषयमा जानकारी दिन भिडियो फाइलहरू डाउनलोड गरेर विद्यार्थीलाई सिकाउन सक्ने भए। 'बायोलोजी' पढाउँदा जीवजन्तु तथा 'बोटनी' पढाउँदा बिरुवाका तस्बिर, यसको बनोट, वर्गीकरणका बारेमा पाठ्यपुस्तकमा भएका भन्दा पनि प्रस्ट तस्बिर र भिडियोको प्रयोग गरेर विद्यार्थीलाई बुझाउन पाउने भए, शिक्षकहरू। हिमालय माविका विज्ञान शिक्षक सङ्गम भुषाल आफूलाई आवश्यक सामग्री र विद्यार्थीलाई बुझाउनका लागि आवश्यक पर्ने सामग्रीहरू राति इन्टरनेटबाट डाउनलोड गरेर अर्को दिन देखाउने र बुझाउने प्रयासमा खटिए।

बाटो-घाटोको सुविधालाई छाड्ने हो भने ताङतिङ गाउँ आफैँमा अविकसित गाउँ होइन। हाइड्रोपावर छ, हेल्थपोष्ट छ, बाल स्याहार केन्द्र छ, स्थानीय युवा क्लब सक्रिय छ। यसको पछाडि समग्र गाउँलेको सक्रियता त छँदैछ, त्योभन्दा बढी सक्रियता भने विद्यालयका प्रअ ओमप्रकाश गुरुङ र अन्य शिक्षक-शिक्षिकाको छ।

केही वर्ष अगाडिसम्म गाउँमा फोनको सुविधा नै थिएन। मोबाइलको टावरले काम नगर्दा मोबाइल सम्पर्कका लागि डाँडातिर उक्लिनुपर्थ्यो। तर अहिले सबै खाले प्रविधिहरू एकैसाथ भित्रिने क्रममा छन्। स्थानीय शिक्षक डिल्लीजङ्ग गुरुङ, जसबहादुर गुरुङ मात्र होइन गाउँ बाहिर घर भएर पनि यो स्कूललाई कर्मथलो बनाएका माधव आचार्य, खगराज कुँइकेल लगायतका शिक्षक पनि कम्प्युटर प्रविधिमा गहिरो चाख राखेर धेरै ज्ञान सिकिरहेका छन्। शिक्षकले नयाँ कुरामा चाख राख्न थालेमा विद्यार्थी पनि जिज्ञासु हुन्छन्। शिक्षक जान्ने भए भने विद्यार्थीले पनि जान्दछन् भन्ने दृष्टान्त ताङतिङमा प्रत्यक्ष देखिन्छ। ल्याङ्ग्वेज टेक्नोलोजी केन्द्रको यो अनुसन्धानमूलक कार्यक्रम हिमालय माविमा पुग्नुमा त्यहाँका प्रअ, अन्य शिक्षक र स्थानीय बासिन्दाको उत्सुकता र उत्साहकै भूमिका छ।

## लाभ लिन गाह्रो छैन

विद्यालयमा एउटा मात्र कम्प्युटर हुने हो भने पनि राम्रो सुरुआत हुन सक्छ। विभिन्न व्यक्ति वा संस्थाबाट पुस्तक सहयोग लिएर पुस्तकालय बनाए जस्तै कम्प्युटरमा पढ्ने सामग्रीहरूको सङ्कलन गर्न र त्यसको प्रयोग गर्न सकिन्छ। कतिपय सामग्रीहरू शहरमा बस्ने चिनजानका व्यक्तिलाई डाउनलोड गरि मागेर, डिजिटल पुस्तकालयमा काम गरिरहेकाहरूसँग डिजिटल पुस्तकहरू मागेर तथा इन्साइक्लोपेडिया, डिक्सनेरी र पाठ्यपुस्तकसँग सम्बन्धित सफ्टवेयरहरू राखेर इन्टरनेट नभए पनि कम्प्युटरबाट फाइदा उठाउन सकिन्छ। धेरै कम्प्युटर भएमा एउटालाई 'सर्भर' बनाएर यी सबै सामग्रीहरू एकैठाउँ राख्ने र नेटवर्कद्वारा अन्य कम्प्युटरबाट पनि एकैपटक हेर्न, पढ्न र सुन्न मिल्ने व्यवस्था गर्न धेरै समस्या पर्दैन।

इन्टरनेटको लागि आवश्यक खर्च जुटाउन सके नयाँ सामग्रीहरू पनि तुरुन्तै हेर्न र पढ्न सकिन्छ। तर 'अफलाइन'मा राखिएका सामग्रीहरू भने केही समयको अन्तरालमा फेर्दा हुन्छ। उदाहरणका लागि हाल सबैभन्दा धेरै सामग्री भएको वेबसाइट मध्येको एउटा साइट 'विकिपिडिया' इन्टरनेट हुने व्यक्ति वा संस्थाले डाउनलोड गरिदिएमा त्यही सामग्री इन्टरनेट नहुने कम्प्युटरमा राखेर पढ्न सकिन्छ। ६ महिना वा एक वर्षपछि ती सामग्रीमा पुनः थप्न सकिन्छ। यस बाहेक निःशुल्क उपलब्ध हुने थुप्रै पुस्तक तथा अन्य सामग्रीहरूको सङ्कलन र व्यवस्थापन गरेर पनि इन्टरनेट नहुने ठाउँमा उपयोग गर्न सकिन्छ।

आफ्नो विद्यायलमा कम्प्युटरको फाइदा लिन अब पहिले जति गाह्रो छैन। यसका लागि चाहिने तीन वटा प्रमुख कुरा हुन्, बिजुली बत्ती, कम्प्युटर र कम्प्युटरमा गहिरो रुचि भएका कम्तीमा एक जना शिक्षक। यसनिम्ति आवश्यक पर्ने अलिकति स्रोत/साधन अभिभावकबाट पनि जुट्न सक्छ। यदि उनीहरू आफैँले खर्च गरेको कुरा आफ्ना बालबालिकाको हितमा प्रयोग हुन्छ भन्ने कुरामा विश्वस्त भए भने। तर यो विश्वास प्रअ बाहेक अरू कसैले दिलाउन सक्दैन, ताङतिङमा गरिएको अनुसन्धानको एउटा अनौपचारिक निष्कर्ष यो पनि हो।






## नेपाल–अध्ययन

डा. तीर्थबहादुर श्रेष्ठ

# जुम्रा, उडुस र उपियाँका कुरा



*रोज् रोज् दर्शन पाउँछु चरणको, ताप् छैन मनमा कछु।*
*रात् भर नाच् पनि हेर्छु खर्च नगरी, ठूला चयनमा मछु॥*
*लामखुट्टे उपियाँ उडुस इ सँगी छन्, इन्कै लहडमा बसी।*
*लामखुट्टेहरू गाउँछन् इ उपियाँ नाच्छन्, म हेर्छु बसी॥*

*– आदिकवि भानुभक्त*

कारागारमा बन्दी जीवन बिताउँदा भानुभक्तका सँगी-साथी थिए- लामखुट्टे, उपियाँ र उडुस। भानुभक्तीय कालको कारागारको त्यो अवस्थामा कति सुधार आयो; त्यो आफ्नै ठाउँमा होला तर कीरा-फट्याङ्ग्राका यी होनहार सदस्य आज पनि मानिसलाई ज्यादै माया गर्छन्! मानिस विना बाँच्नै कठिन पर्छ यिनलाई। लामखुट्टे, उडुस र उपियाँभन्दा पनि मान्छेको अरु घनिष्ठ साथी त जुम्रा हो। मान्छेको साथ नभई जुम्रा बाँच्नै सक्दैन। उसको निम्ति मान्छेको विकल्प बाँदर मात्र हो। मान्छेको जीउबाट अलग भयो भने दुई दिनभित्रै मर्छन् हाम्रा टाउकामा सलबलाउने जुम्रा।

जुम्राका प्रिय वर्ग स्कूले या गोठाले उमेरका बालबालिका पनि हुन्। टाउकोका जुम्रा अत्यधिक चर्चाका विषय बन्ने गर्थे हाम्रो बाल्यावस्थामा। त्यो त ७० वर्षअघिको कुरा भयो। आजभोलि पनि संसारभरका आमाहरू आफ्ना नानीका टाउकोमा जुम्रा परेका छन्/छैनन् भनी चिन्ता गर्दछन्। अझै पनि स्कूले बालबालिकाहरूको साझा समस्या नै हो जुम्रा। गाउँघरमा आमाले छोरीको कपालमा जुम्रा हेर्ने, काँगियोले जुम्रा झारिदिने चलन अद्यापि छ। पुस-माघको जाडोमा घाममा बसेर एकले अर्काको टाउकोमा किटिक्क किटिक्क जुम्रा-लिखा-चम्कना मारी छरछिमेकको कुरा काट्दै गफिरहेका महिलाहरूले अनुभव गर्ने आनन्द आजभोलि प्राय: लोप भइसक्यो हाम्रो शहरी जीवनबाट।

जुम्राले केटालाई भन्दा केटीलाई बढी मन पराउँछ। तथ्याङ्कलाई नै मान्ने हो भने त्यसमा दोब्बर वा चौबरको हिसाब निस्कन्छ। केटीहरूको टाउकोमा विशेष गरेर कञ्चट र कानको माथिल्लो भागमा बढी जुम्रा पर्छन्। केटाहरूको भने टाउकोको मध्य भागलाई बढी रुचाउँछन् जुम्राले। यस्तो किन होला भनी वैज्ञानिकहरू पनि चकित छन्। तर उनीहरूको निर्क्योल छ– टाउकोमा पर्ने जुम्राले रोगव्याध भने सार्दैनन्। त्यस मानेमा यी निर्दोष छन्। जुम्रा परेको टाउको चिलाएको चिलायै हुन्छ। जुम्राले टोक्दा त्यहाँ उसले केही र्‍याल चुहाउँछ। त्यही र्‍यालले गर्दा हामीलाई चिलाउँछ। टोकेको त थाहा नै पाउँदैनौं। माउ जुम्राले टिलिक्क टल्कने फुल पार्छ। त्यसलाई हामी 'लिखा' भन्दछौं। प्रत्येक लिखा हाम्रो रौंमा जब्बरसँग (रसायनिक कारणले) टाँसिन्छ र त्यो पोटिलो हुन्छ। त्यसलाई बुढीऔंलाका दुई नङले च्यापेर पड्काउँदाको आनन्द जुम्रा हेर्ने आमाहरूले बढी अनुभव गरेका हुन्छन्।

प्रत्येक माउ जुम्राले एक दिनमा ३/४ वटा अण्डा पार्छ। ती अण्डाबाट सामान्यतया ५/६ दिनमा र बढीमा १० दिनभित्र शिशु जुम्रा जन्मन्छन्। शिशु जुम्राले २/३ पल्ट काँचुली फेर्छन् र वयस्क जीवन प्रारम्भ गर्दछन्। त्यसनिम्ति पनि लगभग १० दिन जति लाग्छ। जुम्राको आयु एक महिनाको हुन्छ। त्यसैले जुम्राबाट छुट्कारा पाउन कमसेकम एक महिनासम्म सरसफाईको मिहिनेत जुटाउनुपर्छ। जुम्राका पखेँटा हुँदैनन्। त्यसैले यो उड्न सक्दैन। आँखा पनि हुँदैनन्। त्यसैले देख्न सक्दैन। मानिसको मुसमुसे गन्ध र शरीरको न्यानोले यिनीहरूलाई कहाँ जाने र के गर्ने भन्ने कुराको निर्देश गर्दछ। एक व्यक्तिबाट अर्को व्यक्तिमा जुम्रा सर्न धेरै बेर लाग्दैन। टोपी साटासाट गर्नाले, सँगसँगै बस्नाले वा सुत्नाले, एउटै काँगियो धेरैले प्रयोग गर्नाले जुम्रा सर्ने गर्छ। टाउकोको जुम्राबाट बच्ने सबभन्दा राम्रो उपाय नियमित सरसफाई र नुहाई-धुवाई नै हो। बजारमा जुम्रा मार्ने औषधि पनि पाइन्छन्। तर ती विषालु हुन्छन्। त्यसैले जथाभावी तिनको प्रयोग गर्नुहुँदैन। जुम्रा मार्ने विष हामीलाई पनि लाग्न सक्छ। टाउकोमा अति धेरै जुम्रा परेमा पूरै कपाल खौरेर फाल्न पनि सकिन्छ तर त्यसपछि पनि सरसफाई कायम हुनु जरुरी हुन्छ। जुम्रा दुई दिन पनि भोकै बस्न सक्दैन; मरिहाल्छ। टाउकोमा पर्ने जुम्रा जीउको अरू भागमा बाँच्न सक्दैन।

जीउमा लाग्ने जुम्रा भिन्दै प्रकारको हुन्छ। अलि सानो कदको। यिनीहरूका लागि हामीले लगाउने लुगा कपडा नभई हुँदैन। जीउका जुम्रा टाउकोका जुम्राझैं रौंमा जकडिएर बस्न सक्दैनन्। जीउमा धेरै जुम्रा हुने जुम्म्राहाहरू राति लुगा फालेर सुत्छन्। किनभने जुम्राहरू मानिसको छालामा टाँसिएर बस्न सक्दैनन्। लुगाका सिलाई भएको ठाउँमा यिनीहरू आफ्ना अण्डा पार्दछन्। सुरुवालका इजारघर र त्यसमा मुजा परेका कापमा जुम्राका लिखा, चम्कना र माउ सपरिवारै भेट्टाइन्छन्। त्यस्तै पेटीकोटका इजारघर र चोलोका नेफा जुम्राका लागि

**मानिसमा तेस्रो प्रकारको विशेष जुम्रा गुप्ताङ्गका केशमा पर्ने गर्छ। यो टाउकोमा लाग्ने जुम्राभन्दा सानो हुन्छ र चेप्टो चक्काको आकारमा हुन्छ। यसले गुप्ताङ्गका केशलाई जकडेर समाती बस्छ र टिप्न सजिलो हुँदैन। कोरेर फ्याँक्न पनि गाह्रो हुन्छ। यसले थुप्रै लिखा पार्दछ।**



राम्रो बासस्थान हुन पुग्छन्। लुगाका तुना सिलाइ भएको ठाउँ जुम्रालाई असाध्यै मन पर्छ। ज्यादै फोहोरी मानिसको जनैमा पनि जुम्राले घर बनाएको हुन्छ। त्यसैले बराबर लुगा धोएर लगाउनुपर्छ। विशेष गरेर भित्री गन्जी या कट्टु, इजार, लँगौटी (कौपिन) सधैँ सफा राख्नुपर्छ। जीउमा लाग्ने जुम्राले रोग पनि सार्ने गर्छ। एक विशेष प्रकारको ज्वरो आउने, *टाइफस* रोग सार्ने काममा जीउका जुम्रा सक्रिय हुन्छन्। शरीरमा विभिन्न तेल वा लोसन घसेर पनि जुम्राबाट बच्न सकिन्छ तर सफाइको विकल्प अरू हुँदैन। मानिसमा लाग्ने जुम्रा अरू जनावरमा लाग्दैनन्; सिवाय बाँदरमा। बाँदरले जुम्रा केलाएर त्यसलाई मार्न दाँतले किटिक्क टोक्छन्। यस्तो बानी कहीं-कहीं मानिसमा पनि देखिन्छ।

मानिसमा तेस्रो प्रकारको विशेष जुम्रा गुप्ताङ्गका केशमा पर्ने गर्छ। लामो समय जेल जीवन बिताएका मानिसहरूमा यो जुम्रा देखिने गर्छ। यसप्रकारको जुम्रा लागेमा ठूलो दशा लाग्छ भन्ने आम भनाइ पनि रहेको छ। गुप्ताङ्गका यस्ता जुम्राको रुपरेखा गँगटाजस्तै देखिने हुनाले तिनलाई क्राब लाउस (Crab louse) भनिन्छ। यो टाउकोमा लाग्ने जुम्राभन्दा सानो हुन्छ र चेप्टो चक्काको आकारमा हुन्छ। यसले गुप्ताङ्गका केशलाई जकडेर समाती बस्छ र टिप्न सजिलो हुँदैन। कोरेर फ्याँक्न पनि गाह्रो हुन्छ। यसले पनि थुप्रै लिखा पार्दछ। यो जुम्रा यौनक्रिया र जथाभावी लुगा साटासाट गर्दा पनि सर्ने हुन्छ। सरसफाई र औषधि लगाएर यसबाट छुट्कारा पाउन सकिन्छ तर टाउकोको वा जीउको जुम्राभन्दा यो चाम्रो र हटाउन पनि गाह्रो हुन्छ।

मानिसलाई सताउने अर्को कीरा उडुस हो। यसको आहारा पनि मुख्यतया मानिसकै ताजा रगत हो। यो अरू पशुपन्छीमा पनि लाग्न सक्छ। जुम्रा जस्तो मान्छे वा बाँदरकै रगतमा मात्र भर पर्ने जीव होइन। यो निकै चेप्टो हुन्छ र काठको रङजस्तै खैरो हुन्छ। जुम्रा जस्तै ६ वटा खुट्टाले हिँडडुल गर्छ र पखेँटा हुँदैन। यसले मानिसलाई सुत्ने बेला बढी सताउँछ। दिउँसो ओछ्यानका कुनाकाप्चा वा खाट-पलङका काप, फर्निचर वा फल्याकका काप-जोर्नी आदि सुरक्षित ठाउँमा लुकेर बस्छ। घरको भित्ता चर्केको ठाउँ पनि यसको लागि उपयुक्त हुन्छ। जुम्राको जस्तो यसको आयु एक महिना होइन एक वर्षको हुन्छ र महिनौँसम्म भोको बस्न सक्छ। उडुसको टोकाइ जुम्राको भन्दा कष्टकर हुन्छ। यसले टोक्दा डाबर पनि बस्छ तर त्यसबाट रोग भने सर्दैन। उडुसले पनि अण्डा पार्छ। अण्डाबाट निस्कने शिशु उडुसले पाँच पल्ट जति आफ्नो काँचुली फेर्छ र वयस्क अवस्थामा प्रवेश गर्छ। मानिसहरू जुम्रा मार्न सजिलै अघि सर्छन् तर उडुससँग धेरै घिनाउँछन्; किनभने उडुसको गन्ध असाध्यै नराम्रो हुन्छ।

सफा र टिलिक्क देखिने कीरा त उपियाँ नै हो। यसको पनि पखेँटा हुँदैन तर तिलभन्दा सानो जीउ भएको यो प्राणी एक-दुई बित्तासम्म उफ्रन, छलाङ मार्न सक्छ। उपियाँ- जुम्रा र उडुस जस्तो लाटो र भद्दा हुँदैन। यो ज्यादै छिटो भाग्न सक्छ र रगडेर पनि यसलाई मार्न सकिँदैन। यो अति चाम्रो प्राणी हो। यसका पनि ६ वटा खुट्टा हुन्छन्। पछाडिका दुई वटा खुट्टा लामा र साह्रै दह्रा पनि हुन्छन्। यस्ता दह्रा खुट्टा पाएको भए, हामीलाई नदी तर्न पुल वा तुइन चाहिँदैनथ्यो ! उपियाँ झैँ उफ्रेरै वारपार गर्न सक्ने थियौं।

उपियाँले टोक्दा जीउ औधी चिलाउँछ। फोका समेत उठ्छ। उपियाँ पनि रातमै धेरै सक्रिय हुन्छ। यो कीरा पनि मान्छेको जीउमा लगाएको लुगाफाटाको सिलाइ र मुजामुजा परेको ठाउँमा लुकेर बस्ने गर्छ। यसले भुईंको कसिङ्गर र कुनाकाप्चामा अण्डा पार्छ। कुकुर, बिरालो आदि पाल्तु पशुमा यसले विशेष राज जमाउँछ र त्यहींबाट मानिसमा सरेर उधुम मच्चाउने गर्दछ। उपियाँका मूल वाहन चाहिँ मुसा हुन्। उपियाँ नलागेको मुसा हुँदैहुँदैन भने पनि हुन्छ। त्यसैले प्लेग रोग सार्न उपियाँले धेरै सहयोग गर्दछ। उपियाँ पनि उडुस जस्तै एक वर्ष बाँच्छ र यसले विभिन्न ठाउँमा अण्डा पार्छ। अण्डाबाट ज्यादै साना औंसा जस्ता लाभ्रे निस्कन्छन्। ती लाभ्रेले पनि रेशम कीराले झैं आफ्नो कोया निर्माण गर्छन्। कोयाबाट लगभग दुई हप्तापछि प्रौढ उपियाँको अवतरण हुन्छ। उपियाँ मार्ने विभिन्न कीटनाशक औषधि पाइन्छन् तर सरसफाई नै यसको मुख्य उपचार हो।

कीरा-फट्याङ्ग्राको संसार विशाल छ। त्यो विचित्रको पनि हुन्छ। यीमध्ये मानिसकै रगत चुसेर बाँच्न बाध्य प्राणीमध्ये जुम्रा, उडुस र उपियाँ हाम्रा बाल्यावस्थाका सँगिनी हुन्। फोहोरी र अल्छीका त घनिष्ठ मित्र नै ! जसले व्यक्तिगत सरसफाईमा ध्यान दिँदैन, जो नियमित नुहाउँदैन, कपाल कोर्दैन, बेलामा कपाल काट्दैन, नङ काट्दैन, लुगाफाटा धुँदैन र फेर्दैन, तिनलाई जुम्राले घनिष्ठ मित्र बनाइहाल्छन् !

त्यस्तै; जसले आफ्नो घर-आँगन, कोठा-चोटा, ओढ्ने-ओछ्याउने र आफ्ना दराज टेबुल तथा फर्निचरहरू बेलाबेलामा सफासुग्घर गर्दैनन् तिनलाई साथ दिन उडुस र उपियाँ अग्रसर हुन्छन्। यस्ता घरमा पाहुना लाग्न गयौं भने आफ्नै जीउभरि यी सँगिनी कीराहरू पाहुना लागेर आउँछन्। पखेँटा भएका अरू सँगिनी कीराफट्याङ्ग्रा जस्तै लामखुट्टे र झिँगाको कुरा त अझ बेग्लै छ।

दस्तावेज

# शिक्षक सेवा आयोगको खुला प्रतियोगितात्मक लिखित परीक्षाको पाठ्यक्रम

तहः प्राथमिक | श्रेणीः तृतीय | पूर्णाङ्कः १००

(१) **शिक्षासम्बन्धी आधारभूत ज्ञानः वस्तुगत प्रश्न (बहुवैकल्पिक– समानान्तर सेटहरू) – २० अङ्क**

(क) शिक्षासम्बन्धी आधारभूत जानकारी – १० अङ्क

(अ) नेपालको शिक्षाको राष्ट्रिय तथा तहगत उद्देश्यहरू

(आ) नेपालको विद्यालय तहको संरचना र पाठयक्रमको ढाँचा

(इ) पूर्वप्राथमिक शिक्षा तथा प्रारम्भिक बाल विकासको उद्देश्य र कार्यान्वयन

(ई) बाल अधिकार तथा लैङ्गिक समानता

(उ) शिक्षासम्बन्धी योजना तथा परियोजना:

- रा.शि.प.को योजना (२०२८-०३२) प्राथमिक शिक्षाको संरचना र शिक्षक व्यवस्थापन
- आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम दोस्रो (१९९९-२००४), लक्ष्य र कार्यक्रम
- सबैका लागि शिक्षा कार्यक्रम (२००४-२००९) उद्देश्य, लक्ष्य र कार्यक्रम
- चालु आवधिक योजनामा प्राथमिक शिक्षाको लक्ष्य तथा कार्यक्रम

(ऊ) शिक्षण सिकाइ तथा कक्षा व्यवस्थापन

- शिक्षण विधि र प्रक्रिया:
- शैक्षणिक व्यवस्था: विषयगत, कक्षागत र बहुकक्षा शिक्षण
- कक्षाकोठा व्यवस्थापन: भौतिक र विद्यार्थी
- शैक्षिक सामग्रीहरूको व्यवस्था र प्रयोग : स्थानीय तथा अन्य
- स्थानीय/मातृभाषाको पाठ्यक्रम निर्माण र प्रयोग
- बहुभाषा शिक्षणको महत्त्व र प्रयोग

(ए) शैक्षिक योजना निर्माण तथा मूल्याङ्कन

- वार्षिक तथा दैनिक शैक्षणिक योजना निर्माण र कार्यान्वयन
- विद्यालय सुधार योजना निर्माण र कार्यान्वयन
- निर्माणात्मक तथा निर्णयात्मक मूल्याङ्कन- विभिन्न तरिका र प्रयोग

(ऐ) वाल विकास तथा मनोविज्ञान: पूर्ववाल्यावस्था र वाल्यावस्थाका सिकाइसंग सम्वन्धित विशेषताहरू, विकासात्मक पक्षहरू

(ख) संविधान, शिक्षासम्वन्धी ऐन तथा नियमावलीहरू – १० अङ्क

(अ) नेपालको अन्तरिम संविधान २०६३: मौलिक हक, शिक्षासम्वन्धी हक

(आ) शिक्षा ऐन २०२८ (संशोधन सहित)

(इ) शिक्षा नियमावली २०५९ (संशोधन सहित) :

- विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार,
- शिक्षकको सेवा शर्त र सुविधाहरू,
- शिक्षक तथा विद्यार्थी आचारसंहिता

(ई) शिक्षक सेवा आयोग नियमावली २०५७ (संसोधन सहित)

(२) **प्राथमिक तहको विषयसम्वन्धी ज्ञान र सीप तथा आधुनिक शैक्षणिक प्रविधि – ८० अङ्क**

(क) विषयसम्वन्धी ज्ञान र सीप – ६० अङ्क
प्राथमिक तहको नेपाली, अंग्रेजी, गणित, सामाजिक, विज्ञान र वातावरण आदि विषयहरूसँग सम्वन्धित पाठ्यक्रमले तोकेको पाठ्यभारको आधारमा सकभर सवै विषय समेट्ने गरी विषयगत ज्ञान र सीपमा आधारित प्रश्नहरू तथा सोही विषयवस्तुमा आधारित शिक्षण विधि

(ख) आधुनिक शैक्षणिक प्रविधि तथा खोज – २० अङ्क

(अ) दूर तथा खुला शिक्षा

(आ) अनौपचारिक शिक्षा र साक्षरता, कार्यमूलक तथा लचिलो र बैकल्पिक विद्यालय

(इ) श्रव्य तथा दृश्य सामाग्रीको परिचय र यसको प्रयोग

(ई) समावेसी शिक्षा:- उद्देश्य, महत्व र आवश्यकता

(उ) सूचना तथा सञ्चार शिक्षाको महत्व र आवश्यकता तथा शिक्षण सिकाइमा यसको प्रयोग

तहः निम्नमाध्यमिक | श्रेणीः तृतीय | पूर्णाङ्क १००

(१) **शिक्षासम्वन्धी आधारभूत ज्ञानः वस्तुगत प्रश्न (बहुवैकल्पिक– समानान्तर सेटहरू) – २० अङ्क**

(क) शिक्षासम्बन्धी आधारभूत जानकारी – १० अङ्क

(अ) सार्क मुलुकहरूको शिक्षाका तहगत उद्देश्य तथा विद्यालयको संरचनासम्बन्धी आधारभूत जानकारी

(आ) नेपालको शिक्षाको राष्ट्रिय तथा तहगत उद्देश्यहरू
(इ) नेपालको शैक्षिक इतिहास (राणाकालदेखि हालसम्म)
(ई) नेपालका विद्यालयको तहगत संरचना
(उ) बाल अधिकार तथा लैङ्गिक समानता
(ऊ) शिक्षासम्बन्धी योजना तथा परियोजना:
- रा.शि.प.को योजना (२०२८-०३२): नि.मा. तहको तहगत संरचना र उद्देश्य
- सबैका लागि शिक्षा कार्यक्रम(२००४-२००९): उद्देश्य, लक्ष्य र कार्यक्रम
- माध्यमिक शिक्षा सहयोग कार्यक्रम(२००३-२००८) उद्देश्य, लक्ष्य र कार्यक्रम
- चालु आवधिक योजनामा निम्नमाध्यमिक शिक्षाको लक्ष्य तथा कार्यक्रम

(ए) शिक्षासम्बन्धी आयोगका प्रतिवेदन:
- राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९: नि.मा. तथा माध्यमिक शिक्षाका विकासका लागि सुझावहरू

(ऐ) शैक्षिक योजना, व्यवस्थापन तथा मूल्याङ्कन
- वार्षिक तथा दैनिक शैक्षणिक योजना निर्माण र कार्यान्वयन
- विद्यालय सुधार योजना निर्माण र कार्यान्वयन
- निर्माणात्मक तथा निर्णयात्मक मूल्याङ्कन:- विभिन्न तरिका र प्रयोग

(ओ) बाल विकास तथा मनोविज्ञान: उत्तरबाल्यावस्था तथा किशोर अवस्थाका सिकाइसँग सम्बन्धित विशेषताहरू र विकासात्मक पक्षहरू

(ख) संविधान, शिक्षासम्बन्धी ऐन तथा नियमावलीहरू - १० अङ्क

(अ) नेपालको अन्तरिम संविधान २०६३
- मौलिक हक
- शिक्षासम्वन्धी हक
- कार्यपालिकासम्बन्धी व्यवस्था

(आ) शिक्षा ऐन २०२८ (संशोधनसहित)
(इ) शिक्षा नियमावली २०५९ (संशोधनसहित):
- विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार,
- शिक्षकको सेवा, शर्त र सुविधाहरू,
- शिक्षक तथा विद्यार्थी आचारसंहिता

(ई) शिक्षक सेवा आयोग नियमावली २०५७ (संशोधनसहित)

**(२) निम्न माध्यमिक तहको विषयसम्बन्धी ज्ञान र सीप - ८० अङ्क**

(क) निम्नमाध्यमिक तहको सम्बन्धित विषयको पाठ्यक्रमले तोकेको पाठ्यभारको आधारमा विषयगत ज्ञान र सीपमा आधारित प्रश्नहरू तथा सोही विषयवस्तुमा आधारित शिक्षण विधि - ६० अङ्क

(ख) आधुनिक शैक्षणिक प्रविधि र खोज - २० अङ्क
(अ) दूर तथा खुला सिकाइको आवश्यकता र महत्त्व
(आ) श्रव्य तथा दृश्य सामग्रीको प्रयोग
(इ) कक्षा शिक्षण सिकाइसँग सम्बन्धित सूक्ष्म कार्यमूलक खोज तथा अनुसन्धान
(ई) समावेशी शिक्षाको महत्त्व र प्रयोग
(उ) सूचना तथा सञ्चार शिक्षाको महत्त्व, आवश्यकता तथा शिक्षण सिकाइमा यसको प्रयोग

**तह: माध्यमिक** **श्रेणी: तृतीय** **पूर्णाङ्क: १००**

**(१) शिक्षासम्बन्धी आधारभूत ज्ञान: वस्तुगत प्रश्न (बहुवैकल्पिक- समानान्तर सेटहरू) - २० अङ्क**

(क) शिक्षासम्बन्धी आधारभूत जानकारी - १० अङ्क
(अ) सार्क मुलुकहरूको शिक्षाको राष्ट्रिय उद्देश्य, विद्यालयको संरचना, तहगत उद्देश्य
(आ) नेपालको शिक्षाको राष्ट्रिय तथा तहगत उद्देश्यहरू
(इ) नेपालको शैक्षिक इतिहास (राणाकालदेखि हालसम्म)
(ई) बाल अधिकार तथा लैङ्गिक समानता
(उ) नेपालको विद्यालयको तहगत संरचना र माध्यमिक तहको शिक्षक व्यवस्थापन
(ऊ) शिक्षासम्बन्धी योजना तथा परियोजना:
- रा.शि.प.को योजना (२०२८-०३२) विद्यालयको संरचना, उद्देश्य र माध्यमिक तहको शिक्षक व्यवस्थापन
- नि.मा. तथा माध्यमिक शिक्षा विकासका लागि कार्यान्वयन भएका योजना तथा कार्यक्रमहरूको जानकारी :
- माध्यमिक शिक्षा विकास परियोजना (१९९३-१९९९)
- माध्यमिक शिक्षा सहयोग कार्यक्रम (२००३-२००८) : शिक्षक शिक्षाका उद्देश्य, लक्ष्य र कार्यक्रम
- शिक्षक शिक्षा परियोजना (२००२-२००७): लक्ष्य तथा कार्यक्रम
- माध्यमिक तहको पाठ्यक्रम, पाठ्यपुस्तक तथा सन्दर्भ सामग्रीहरूको विकास तथा प्रयोग
- राष्ट्रिय पाठ्यक्रमको प्रारुप २०६३:

विद्यालयको सङ्गठन, पाठ्यक्रमको ढाँचा
- चालु आवधिक योजनामा माध्यमिक शिक्षाको लक्ष्य तथा कार्यक्रम
- सबैका लागि शिक्षा कार्यक्रम (२००४-२००९) उद्देश्य, लक्ष्य र कार्यक्रम

(ए) शिक्षासम्बन्धी आयोगका प्रतिवेदन :
- राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९: माध्यमिक तहको शिक्षा विकाससम्बन्धी सुझावहरू र कार्यान्वयनको स्थिति
- उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०५५: माध्यमिक तहको शिक्षा विकाससम्बन्धी सुझावहरू र कार्यान्वयनको स्थिति

(ऐ) शैक्षिक योजना, व्यवस्थापन तथा मूल्याङ्कन
- वार्षिक तथा दैनिक शैक्षणिक योजना निर्माण र कार्यान्वयन
- गाउँ शिक्षा योजना, विद्यालय सुधार योजना र जिल्ला शिक्षा योजना: निर्माण र कार्यान्वयन
- निर्माणात्मक तथा निर्णयात्मक मूल्याङ्कन:- विभिन्न तरिका र प्रयोग
- लेटर ग्रेडिङ प्रणालीको परिचय र प्रयोग

(ओ) बाल विकास तथा मनोविज्ञान: किशोर अवस्थाका सिकाइसँग सम्बन्धित विशेषताहरू र विकासात्मक पक्षहरू

(ख) संविधान, शिक्षासम्बन्धी ऐन तथा नियमावलीहरू - १० अङ्क

(अ) नेपालको अन्तरिम संविधान २०६३
- मौलिक हक
- शिक्षासम्बन्धी हक
- व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकासम्बन्धी व्यवस्था

(आ) शिक्षा ऐन २०२८ (संशोधनसहित)

(इ) शिक्षा नियमावली २०५९ (संशोधनसहित) :
- विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार,
- जिल्ला शिक्षा समितिको गठन तथा काम, कर्तव्य र अधिकार,
- शिक्षकको सेवा शर्त र सुविधाहरू,
- शिक्षक तथा विद्यार्थी आचारसंहिता

(ई) शिक्षक सेवा आयोग नियमावली २०५७ (संशोधनसहित)

**(२) माध्यमिक तहको विषयसम्बन्धी ज्ञान र सीप– ८० अङ्क**

(क) आवेदन गरेको विषयको पाठ्यक्रममा उल्लिखित पाठ्यभारको आधारमा विषयवस्तुसम्वन्धी ज्ञान, सीप तथा सोही विषयवस्तुमा आधारित शिक्षण विधि - ६० अङ्क

(ख) आधुनिक शैक्षणिक प्रविधि तथा खोज - २० अङ्क

(अ) शैक्षणिक प्रविधिको अर्थ र महत्त्व

(आ) खुला शिक्षाको सान्दर्भिकता र खुला शिक्षा शिक्षणका तरिकाहरू

(इ) दूर शिक्षाको महत्त्व र आवश्यकता, नेपालमा यसको प्रयोग

(ई) कार्यमूलक अनुसन्धानको महत्त्व र शिक्षणमा यसको प्रयोग

(उ) समावेशी शिक्षाको महत्त्व र प्रयोग

(ऊ) शिक्षामा श्रव्य-दृश्य, दृश्य, श्रव्य र छपाइ सामग्रीको प्रयोग

(ए) कम्प्युटर सम्बन्धी आधारभूत जानकारी

(ऐ) सूचना तथा सञ्चार शिक्षाको महत्त्व र आवश्यकता तथा शिक्षणसिकाइमा यसको प्रयोग

*स्रोतः शिक्षक सेवा आयोग (www.tsc.gov.np)*


मकालु यातायात बस सेवा

हेड आफिस कलंकी काठमाडौं, फोन: ४२७७५५२/४२८१९७२

काठमाडौंबाट

| | |
|---|---|
| काकडभिट्टा | विहान ५ बजे |
| भद्रपुर | विहान ५:१५ बजे |
| मधुमल्ल | विहान ५:१५ बजे |
| धरान | विहान ५:५० बजे |
| विराटनगर | विहान ५:२०, ६:४५ |
| राजविराज | विहान ६ बजे |
| सिरहा/माडर | विहान ६:४५ बजे |
| मलंगवा | विहान १०:४५ बजे |
| जनकपुर | विहान ७:१५ बजे |
| कलैया | विहान १०:१५ बजे |
| वीरगञ्ज | विहान ८, १०:१५ ११, ११:४५ बजे बेलुकी ८:१५ बजे |
| भरतपुर | विहान ८:४५ बजे दिउँसो १२:१५ बजे |
| शिवनगर | दिउँसो १२:१५ बजे |
| टाँडी-पर्सा | दिउँसो १:४५ बजे |
| टाँडी-खोलासिमल | दिउँसो १:४५ बजे |
| पर्सा-कपिया | दिउँसो २:१० बजे |
| पर्साधाप-मेघौली | दिउँसो २:३० बजे |
| गीतानगर-जगतपुर | दिउँसो ३ बजे |

काठमाडौंतर्फ

| | |
|---|---|
| काकडभिट्टा | विहान ५ बजे |
| भद्रपुर | विहान ४:५० बजे |
| मधुमल्ल | विहान ४:५० बजे |
| धरान | विहान ४:२० बजे |
| विराटनगर | विहान ४:३० बजे |
| इटहरी | विहान ५, ५:२० ६:३०, ७ बजे |
| राजविराज | विहान ५:३० बजे |
| सिरहा/माडर | विहान ५:१५ बजे |
| लहान | ६:१५, ७ ७:१५, ९ बजे |
| मलंगवा | विहान ५:१५ बजे |
| कलैया | विहान ८ बजे |
| हेटौंडा | विहान ११ बजे |
| वीरगञ्ज | विहान ८, ९, ११:३० बेलुकी ८:३० बजे |
| शिवनगर | विहान ५:३० बजे |
| भरतपुर | विहान ५:३० बजे |
| पर्सा | विहान ५:४५ बजे |
| मेघौली | विहान ६:३० बजे |
| टाँडी-खोलासिमल | विहान ६:३० बजे |
| पर्सा-कपिया | विहान ६:३० बजे |
| जगतपुर | विहान ७:१५ बजे |
| नारायणघाट | विहान ६:१५, ६:४५ ७, ७:४०, ८, ८:१५ ८:४५, दिउँसो ३ बजे |

टिकट पाइने स्थानः कलंकीः ४२७७५५२/४२८१९७२ सुन्धाराः ४२५३१४२ गौशालाः ४४८०७९३ लगनखेलः ५५३४३५९ धरानः ०२५-२०३७२ विराटनगर ०२१-३०७२७ राजविराजः ०३१-२००९१ लहानः ०३३-६०३६६ सिरहाः ०३३-२०१३१, मलंगवाः ०४६-२००४२ वीरगञ्जः ०५१-२१५२६, हेटौडाः ०४७-२०५३५ ।

यात्रुहरुको सुविधाका लागि गौशाला र सुन्धाराबाट निशुल्क मीनीबस सेवा उपलब्ध




# बजारमा !

शिक्षा र शिक्षण कर्ममा चासो राख्नेहरूको मन छुने किताब ***दिवास्वप्न*** बिक्रीवितरण तथा प्राप्त गर्न चाहनेले निम्न ठेगानामा सम्पर्क राख्नुहोला ।

**शिक्षक** मासिक

**ज्ञान-विज्ञान शैक्षिक सहकारी संस्था लिमिटेड**
मचागाः (मच्छिन्द्रमार्ग), जावलाखेल, ललितपुर,
**पो.ब.नं. ३९१, ललितपुर,** फोनः ५५४३२५२, ५५४८१४२, फ्याक्सः ५५४११९६
इमेलः mail@teacher.org.np, वेबः www.teacher.org.np



# प्रस्तावित विद्युत् ऐन, २०६५ स्थापना गर्न बनेको विधेयक

विद्युत् ऐन, २०६५ को मस्यौदा, विद्युत् ऐन २०४९ लाई विस्थापित गर्ने उद्देश्यले तयार गरिएको हो। यो ऐनले विद्युत् सम्बन्धी कानुनको एकीकरण गर्ने उद्देश्य राखेको भन्ने कुरा प्रस्तावनामा उल्लेख गरिएको भए तापनि मस्यौदाको विषयवस्तुले भने त्यस्तो आभास दिँदैन। एकीकरणको तात्पर्य छरिएर रहेका विभिन्न कानुनहरूलाई विस्थापित गरी एउटै ऐन निर्माण गर्नु हुन्छ। तर यो विधेयकले हाल कायम रहेको विद्युत् ऐनलाई मात्र विस्थापित गर्ने कुरा उल्लेख गरेको छ।

अर्कोतर्फ; यो विधेयकले विद्युत् क्षेत्रको नियमनका लागि दफा २(ग) मा प्रचलित कानुन बमोजिम स्थापित विद्युत् नियमन आयोगको कल्पना गरेको छ। हालसम्म त्यस्तो नियमन आयोगको स्थापना गर्ने कानुन निर्माण भएको छैन। त्यसका लागि विधायिकाद्वारा निर्मित छुट्टै कानुनको अपरिहार्यता यस विधेकयले सिर्जना गरेको छ। प्रस्तुत विधेयकको दफा १६ (राष्ट्रिय ग्रिड); दफा १७ (ग्रिडमा आबद्धता); दफा १८ (विद्युत् खरिद बिक्री); दफा १९ (विद्युत् खरिद प्रक्रिया); दफा २२ (महसुल निर्धारण), दफा २४ (विद्युत्को गुणस्तर र आपूर्ति); दफा ६० (जाँचबुझ र निरीक्षण), दफा ६२ (आयव्ययको वार्षिक प्रतिवेदन), दफा ६४ (वितरण तोक्ने जिम्मेवारी) र अनुसूचीको द्रष्टव्य २ को (विद्युत् उत्पादन आम्दानी निर्धारण) सम्बन्धी व्यवस्थामा मुख्य भूमिका नियमन आयोगको नै रहेको छ। यसरी नियमन आयोगको अभावमा यो विधेयक प्रभावकारी रूपमा लागू नै हुन नसक्ने अवस्थामा त्यस्तो आयोग सम्बन्धी प्रावधान यसकै एउटा परिच्छेदमा नराखी छुट्टै कानुनको परिकल्पना गर्नुले यो विधेयकको तर्जुमा विद्युत्को विकास, सञ्चालन र नियमन सम्बन्धी व्यवस्थाको एकीकरणका लागि भएको भनी विश्वास गर्न मिल्दैन।

## विधेयक कानुनको रूपमा लागू भएको अवस्थामा देखिने सम्भाव्य परिणाम

यो विधेयक कानुनको रूपमा पारित भएको अवस्थामा यसले विद्युत् उत्पादन, प्रसारण, वितरण र व्यापारको क्षेत्रमा विद्यमान अवस्थामा खासै प्रभावकारी परिवर्तन ल्याउने देखिँदैन। यो विधेयक पारित भएको अवस्थामा त्यसले यथास्थितिको अनवरतता र समयले ल्याउने स्वाभाविक परिवर्तन बाहेक कुनै विशेष परिवर्तन ल्याउन सकिने अवस्था छैन। स्वयं नेपाल सरकारले विद्युत् ऊर्जा सङ्कट निवारण ऐन, २०६७ (प्रस्तावित) को मस्यौदा गरेर पनि यो निष्कर्षको पुष्टि गरेको छ। यसैगरी उक्त विधेयकले नियमन र एकीकरणको उल्लेख एकातिर गरेको छ भने अर्कोतिर बहुनियामकको व्यवस्था गरेको छ। दफा २ को (ग) मा नियामक आयोगको व्यवस्था गरेको छ। दफा ३, ४, ५, ६, १०, ११, १२, १३, ३८, ५२, मा तोकिएको अधिकारीको व्यवस्था छ जसले अनुमतिपत्र सम्बन्धी विभिन्न नियामक कामको साथसाथै दफा ५२ बमोजिम सजाय समेत दिने अधिकार राख्दछन्। त्यसैगरी दफा १६, १७, १८, १९, २२, २४, ६०, ६२, ६४, अनुसूची १ मा भने विभिन्न नियामक अधिकार दफा २ (ग) मा परिभाषित नियामक आयोगलाई दिएको छ।

मस्यौदा विधेयकको दफा ६ मा, नेपाल सरकारको विद्युत् विभाग र जलस्रोत मन्त्रालयले अनुमतिपत्र दिने व्यवस्था गरिएको छ। यसरी चारवटा नियामक अर्थात् बहुनियामकको व्यवस्था विधेयकले गरेको छ।

प्रस्तावित विधेयकमा प्रत्यायोजित विधायनको आवश्यकता सामयिक रूपमा निरन्तर परिवर्तन गरिरहनुपर्ने विषयमा बाहेक अन्य विषयहरूमा यथासम्भव ऐनले नै स्पष्ट पार्नु उपयुक्त हुन्छ। अझ प्रत्यायोजित विधायनहरूको संसदीय पुनरावलोकन र अनुगमनको प्रभावकारी इतिहास नभएको नेपाल जस्तो राष्ट्रको लागि यो झनै महत्त्वपूर्ण हुन्छ। तर यस विधेयकले क्रमशः दफा ३, ४, ४(७), ५, ६, ९, १०, ११, १२, १७, ४१, ४४, ४७, ४८ र दफा ६१ को सन्दर्भमा नियम नबनाई ऐनकै कार्यान्वयन हुन नसक्ने अवस्था सिर्जना गरेको छ।

**स्वविवेकीय अधिकारः** सुशासनको अभाव र प्रशासकीय मूल्य-मान्यताको ह्रास भएका राष्ट्रहरूमा विकास निर्माणका कार्यहरूको प्रसङ्गमा स्वविवेकीय अधिकारको खैरो क्षेत्र राख्नुभन्दा 'हुने' र 'नहुने' कुराको स्पष्ट मापदण्ड निर्धारण गर्नु उपयुक्त हुन्छ। विद्यमान विद्युत् ऐनको दफा ४ मा प्रक्रिया पुगेको आवेदकलाई 'अनुमतिपत्र दिनुपर्ने' व्यवस्था गरिनुपर्छ, 'दिन सक्ने होइन।' अनुमतिपत्र दिने कुरालाई स्वविवेकीय बनाउनुभन्दा अनुमतिपत्र पाउने र नपाउने स्पष्ट अवस्थाको निर्धारण गर्नु उपयुक्त हुन्छ। अन्यथा स्वविवेक प्रयोग गर्ने नाउँमा अपारदर्शिता र अख्तियारको दुरुपयोग र भ्रष्टाचारको सम्भावना झन् बढ्न सक्छ। त्यसैगरी दफा १० मा अनुमतिपत्रको अवधि थप गर्ने सम्बन्धमा, दफा ११ मा नवीकरण गर्ने सम्बन्धमा, दफा १३ बमोजिम अनुमतिपत्र खारेज गर्ने जस्ता विषयमा तोकिएको अधिकारीलाई स्वविवेक प्रदान गरिएको छ। यस्तो अस्पष्ट र आत्मगत आधारमा निर्णय गर्न सक्ने सम्भावना भन्दा स्पष्ट रूपमा निर्धारित मापदण्डको आधारमा कुन परिस्थितिमा हुने कुन परि स्थितिमा नहुने भन्ने कुराको स्पष्ट व्यवस्था गरिनु उपयुक्त हुन्छ।

## परिमार्जनका लागि टिप्पणी र सुझाव

१. प्रस्तुत विधेयकका विभिन्न दफा र प्रावधानहरूको कार्यान्वयनका निम्ति विद्युत् नियमन आयोगको अपरिहार्यता देखिएको र सोको अभावमा प्रस्तावित विधेयक आफैं अपूर्ण र प्रभावहीन हुने भएको हुनाले प्रस्तावित मस्यौदामा नै नियमन आयोग सम्बन्धी एउटा थप परिच्छेद समावेश गरी त्यसमा नै नियमन आयोगको स्थापना सम्बन्धी व्यवस्था गर्नु उचित हुने देखिन्छ। भारतकै सन्दर्भमा हेर्ने हो भने पनि केन्द्रीय विद्युत् प्राधिकरण, केन्द्रीय नियामक आयोग, प्रान्तीय नियामक आयोग र उपयुक्त आयोग (Appropriate Commission) को स्थापनाको व्यवस्था विद्युत् ऐन, २००३ को परिच्छेद ९ र १० मा गरिएको छ।

२. दफा ६ मा अनुमतिपत्र दिने व्यवस्थाको सम्बन्धमा जडित क्षमताको आधारमा वर्गीकरण गरी २५ मेगावाटसम्मको भए विद्युत् विकास विभागका महानिर्देशकले र सोभन्दा माथिको भए जलस्रोत मन्त्रालयका सचिवले अनुमति दिने व्यवस्था गरिएको छ। अन्तरिम संविधानले नेपाललाई

संघीय संरचनाको भएको उद्घोष गरिसकेको र आगामी संविधानमा समेत नेपालको शासकीय स्वरुप संघीय ढाँचाको हुने निश्चित भइसकेको अवस्थामा केन्द्र सरकार, राज्य सरकार र स्थानीय निकायको अधिकारको सीमा निर्धारण अनुमतिपत्रको सन्दर्भमा गरिनुपर्ने ।

३. दफा ७ को १ मा भएको बन्देजको औचित्य स्पष्ट छैन । अन्य कानुनले कुनै क्षेत्रको व्यवसाय कारोबारको एकाधिकारको सीमा निर्धारण गर्ने व्यवस्था गरेकोमा बाहेक एकै व्यक्तिलाई एकभन्दा बढी प्रकारको अनुमतिपत्रको इजाजत दिने व्यवस्थामा रोक लगाउनु उपयुक्त हुँदैन । राष्ट्रमा संरचनागत रूपमा देखिएको कुनै नीतिगत त्रुटिको कारणबाट ऐन नै त्रुटिपूर्ण बनाउनु उचित हुँदैन। प्रसारण, वितरण र व्यापार परस्पर जोडिएको विषय हुनाले प्रसारणको अनुमति हुनेले वितरणमा र वितरणको अनुमति हुनेले व्यापारको अनुमतिपत्रमा प्राथमिकता पाउने व्यवस्था उचित हुन्छ ।

४. दफा १० को उपदफा (१), (२) र (३) को व्यवस्थामा समायोजन छैन । उपदफा (१) ले १०० मेगावाटसम्मको आयोजनाको लागि सर्वेक्षण अनुमतिपत्रको शुरु अवधि १ वर्ष र उपदफा (२) ले थप गर्न सकिने अवधि ३ वर्ष राखेको छ। तर उपदफा (३) को प्रावधान हेर्दा ५ वर्षभन्दा बढी हुने छैन भनी उल्लेख गरिएको छ। अत: उपदफा (१) मा भएको 'सामान्यतया' भन्ने शब्दलाई हटाउनुपर्छ। उपदफा (३) लाई पूरै हटाउनुपर्छ।

५. दफा १२ को व्यवस्थाले विद्युत् उत्पादनभन्दा पनि अनुमतिपत्रको व्यापारलाई प्रोत्साहित गर्ने भएको हुनाले यो दफा बमोजिम कुनै अनुमतिपत्र बिक्री गर्नुपूर्व सो अनुमति बमोजिम गर्नुपर्ने कार्यको ५० प्रतिशत कार्य पूरा गरिसकेको अवस्थामा मात्र बिक्री गर्नका लागि पूर्व स्वीकृति दिन सकिने व्यवस्था हुनुपर्ने ।

६. दफा १५ को व्यवस्था BOOT (Build Own Operate and Transfer) को अवधारणामा आधारित रहेको छ। त्यसैले निश्चित प्रकृतिको परियोजनाको हकमा नेपाल सरकारले पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालनमा निजी क्षेत्रको लगानी सम्बन्धी ऐन, २०६३ लागू हुने व्यवस्था गर्नु उपयुक्त हुने ।

७. दफा ३१ मा भएको प्रावधानको अर्थ संरक्षित क्षेत्रमा प्रसारण लाइन स्थापना गर्दा र पचास मेगावाटसम्म क्षमताको विद्युत् विकास र सञ्चालन गर्दा अनुमतिपत्र प्राप्त व्यक्तिले प्रारम्भिक वातावरणीय परीक्षण गराउनुपर्ने तर सोभन्दा ठूलाले गर्नु नपर्ने र संरक्षित क्षेत्रमा विद्युत् प्रसारण लाइन स्थापना गर्नेले पनि त्यस्तो परीक्षण गर्नु नपर्ने भन्ने लाग्छ । यसबाट उन्मुक्ति दिन खोजिएकोमा बन्देज हुन पुगेको देखिन्छ ।

८. ३३(५) को व्यवस्थाले विस्थापित हुने व्यक्तिको हकमा घरजग्गाको मूल्य मात्र दिने व्यवस्था उपयुक्त नभएको; त्यस्तो व्यक्तिको पेशा, रोजगारीमा परेको प्रभावको साथै उसलाई विस्थापनबाट पर्ने अन्य असरको पनि मूल्याङ्कन हुने व्यवस्था हुनुपर्ने ।

९. ३५(३) को व्यवस्थाको खासै महत्त्व देखिँदैन ।

१०. दफा ४७ मा राष्ट्रिय ग्रिडमा पहुँच नपुगेको ग्रामीण क्षेत्रमा नेपाल सरकारको स्वामित्वमा रहेको जलविद्युत्‌को व्यवस्थापनको जिम्मेवारी प्रचलित कानुन बमोजिम गठन भएको स्थानीय सहकारी संस्थालाई दिन सकिने भन्ने व्यवस्थाको दुरुपयोग हुन सक्छ। सामुदायिक वन उपभोक्ता समूहहरूमा देखिएको विकृति जलविद्युत् क्षेत्रमा पनि हुनसक्छ। यदि त्यसको उद्देश्य स्थानीय सहभागिताका साथै स्थानीय जनताले लाभ पाउन भन्ने रहेको हो भने उपभोक्ताहरूमध्ये कम्तीमा .... (निश्चित) प्रतिशत शेयरवाला रहेको सहकारी संस्था भनी सहकारी संस्थाको न्यूनतम योग्यता निर्धारण हुनुपर्छ ।

११. दफा ५० मा उल्लेख गरिएको कसुर र दफा ५२ मा भएको सजायको बीचमा तार्किक सम्बन्ध छैन। दफा ५० को (क) को कसुरको तुलनामा (ख) को कसुरमा ठूलो कैदको सजाय राखिएको छ। अनुमतिपत्र प्राप्त नगरी विद्युत् सर्वेक्षण, उत्पादन, प्रसारण र वितरण गर्नेलाई आर्थिक दण्डको व्यवस्था मात्र गरिएको छ भने संरचनामा प्रतिकूल असर पर्ने कार्य गर्ने, त्यस्तो कार्य गर्न उक्साउने लगायतलाई १० वर्षसम्म कैदको व्यवस्था गरिएको छ। (क) र (ग) को कसुरलाई नियामकले नियमित पार्ने कसुरको रूपमा लिइएको छ भने (ख) को कसुरलाई सरकारवादी अपराधको रूपमा व्यवस्थित गरिएको देखिन्छ। कुनै परियोजनाको सम्बन्धमा स्थानीय विरोधलाई रोक्ने उद्देश्यले निर्माण गरिएको यो अनुचित व्यवस्थामा परिवर्तन हुनुपर्छ। पुग्न गएको क्षतिको बिगोमा आधारित गरी सजायको व्यवस्था गरिनु उपयुक्त हुन्छ ।

१२. दफा ५५ को व्यवस्था अपारदर्शी छ । अन्यत्र 'तोकिए बमोजिम' भन्ने लगायतका आधार निर्धारण गर्ने व्यवस्था रहेको छ भने यस दफामा सरकारको पूर्ण स्वविवेकमा सम्झौता गरी सरकारले विद्युत् विकास तथा सञ्चालन गर्न/गराउन सक्ने व्यवस्था गरेको छ। यसमा सार्वजनिक सूचनाको माध्यमबाट प्रस्ताव आह्वान गरी, सार्वजनिक खरिद ऐनको प्रक्रिया पूरा गरी भन्ने वस्तुगत आधार थप गर्नुपर्छ ।

१३. दफा ४८ मा जि.वि.स., नगरपालिका र गा.वि.स.लाई मात्र सहयोगको व्यवस्था गरिएको छ। विद्युत् विकासका कार्यबाट विस्थापित हुने प्राय: आदिवासी जनजातिहरू हुने गरेकोमा त्यस्तो प्रत्यक्ष प्रभाव परेको समुदायको हकमा कुनै सहयोगको व्यवस्था नगरी स्थानीय निकायलाई मात्र सहयोग गर्ने व्यवस्था उचित नभएको धारणा केही सहभागीहरूको थियो। प्रभावकारी सङ्ख्यामा आदिवासी जनजातिहरू विस्थापित भएको अवस्थामा केवल पुनर्वासको व्यवस्था मात्र नगरी निजहरूको समुदाय रहेको क्षेत्रमा शिक्षा, स्वास्थ्य, रोजगारी जस्ता विषयमा समेत नियमित सहयोग विद्युत् उत्पादकले दिनुपर्ने व्यवस्था हुनुपर्ने धारणा केही सहभागीको थियो ।

*अधिवक्ता सतीशकृष्ण खरेलद्वारा नेपाल कन्स्टिट्युसन फाउण्डेसनका लागि तयार गरिएको यो अनुसन्धान तथा सुझाव पत्रलाई महिला, जनजाति, मधेशी, युवा तथा अन्य क्षेत्रका दबाब समूहहरूको इनपुटका आधारमा अन्तिम रुप दिइएको छ। यस सम्बन्धमा यो फाउण्डेसन राजकुमार पोखरेल, रत्नसंसार श्रेष्ठ, अमृता थापामगर, अमर जिवी घिमिरे, अजयमणि दीक्षित, रामशरण थपलिया, डा. गोपाल शिवाकोटी, भरतराज गौतम, कुलमान घिसिङ, जीतमान शेर्पा, रमेशप्रसाद धमला, रमेशकुमार घिमिरे, डिल्ली घिमिरे, फूलमतीदेवी राय, दिलीप खवास, डा. डम्बरबहादुर नेपाल, प्रशान्त तामाङ, अजय राउत, सुष्मा चौधरीलगायत फुर्पा तामाङ तथा डा. विपिन अधिकारी समेतप्रति आभार व्यक्त गर्दछ।

यो अध्ययन एसिया फाउन्डेसनको सहयोगमा गरिएको हो तर यसमा व्यक्त विचारहरू सम्बद्ध लेखकका हुन् । तिनले फाउन्डेसनको विचार र दृष्टिकोणलाई प्रतिनिधित्व गर्दैनन् ।

# जिज्ञासा जवाफ

## अध्ययन बिदाको प्रक्रिया के हो ?

शिक्षा नियमावलीमा 'स्थायी सेवा पाँच वर्ष पुगेको शिक्षकलाई उच्च अध्ययनका लागि अध्ययन बिदा दिन सकिने छ' भनी उल्लेख गरिएको छ। यस्तो अध्ययन बिदा पाउने प्रक्रिया के-के हुन् र प्राथमिक, निम्नमाध्यमिक र माध्यमिक तहमा अध्यापन गरिरहेका शिक्षकले कुन-कुन तहसम्म अध्ययन गर्न पाउँछन् ?

**श्याम श्रेष्ठ (एम फिल)**
**शिक्षक बूढानीलकण्ठ उमावि.,नारायणस्थान, काठमाडौं**

*विद्यालय व्यवस्थापन समितिको सिफारिसमा जिशिअले अध्ययन बिदा स्वीकृत गर्नुपर्ने व्यवस्था छ। अध्ययन बिदा तीन वर्षसम्म लिन पाउने प्रावधान शिक्षा नियमावलीमा रहे पनि यसबारे थप व्याख्या गरिएको पाईदैन। तथापि शिक्षक कार्यरत रहेको पदको एक तह माथिल्लो पदका निम्ति योग्यता बढाउने गरी अध्ययन बिदा स्वीकृति दिने अभ्यास रहँदै आएको छ। शिक्षकको तह र शैक्षिक योग्यतामा स्पष्टता देखिने गरी अध्ययन बिदाको नयाँ मापदण्ड बनाउने तयारी हामीले गरिरहेका छौं।*

***कमलप्रसाद पोखरेल***
***निर्देशक, शिक्षा विभाग***

## अन्योलमा परियो

राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०६३ र विद्यालय क्षेत्र सुधार योजनाले विद्यालय शिक्षालाई आधारभूत तह (कक्षा १-८) र माध्यमिक तह (कक्षा ९-१२) मा रुपान्तर गरेको छ। त्यस अनुसार कक्षा ५ को परीक्षा स्रोत केन्द्र, कक्षा ८ को जिल्लास्तरमा, कक्षा १० को अञ्चलस्तरमा र कक्षा १२ को परीक्षा राष्ट्रिय स्तरमा लिइने उल्लेख छ। तर विद्यालयमा अझै पनि प्राथमिक(१-५), निम्नमाध्यमिक(६-८) र माध्यमिक(९-१०)कै संरचना रहेको देखिन्छ। यो अवस्थामा कुन संरचनालाई आधिकारिक मान्ने ?

**नरेन्द्र बोहरा**
**केदार मावि, बित्थड, बझाङ**

*राष्ट्रिय पाठ्यक्रम प्रारुप र विद्यालय क्षेत्र सुधार योजनाको दस्तावेजमा विद्यालय संरचनालाई आधारभूत र माध्यमिक तहमा रुपान्तर गरे तापनि उक्त व्यवस्थालाई शिक्षा ऐनमा समेटिएको छैन। त्यसैले हालसम्म प्राथमिक, निम्नमाध्यमिक र माध्यमिक तहलाई आधिकारिक मानिँदै आइएको छ। विद्यालय क्षेत्र सुधार योजनाको व्यवस्थालाई शिक्षा ऐनमा समेटिएपछि मात्र आधारभूत र माध्यमिक तहले आधिकारिकता पाउने छन्।*

***कमलप्रसाद पोखरेल***
***निर्देशक, शिक्षा विभाग***

## अस्थायी लाइसेन्सधारीले पाउँदैनन् !

शिक्षक सेवा आयोगले गत वर्ष कार्यरत शिक्षकहरूलाई शिक्षण लाइसेन्स त दियो तर त्यसमा २२ कात्तिक २०६९ भित्र शिक्षाशास्त्र अध्ययन वा शिक्षण तालिम पूरा नगरे लाइसेन्स स्वतः रद्द हुने लेखिएको छ। त्यो प्रक्रिया पूरा गर्न नभ्याएका शिक्षकले लाइसेन्स रद्द हुनुअघि स्थायी, अस्थायी वा राहत शिक्षकका निम्ति आवेदन दिन पाउँछन् कि पाउँदैनन् ?

**कल्याण केसी**
**मावि मन्दरमेलचौर, दिभिपोखरी, रामेछाप**

*गत वर्ष 'कार्यरत शिक्षक' भएकै आधारमा अस्थायी लाइसेन्स दिइएको हो। त्यसरी अस्थायी लाइसेन्स लिएका व्यक्तिले स्थायी, अस्थायी वा राहत अनुदानका शिक्षक कोटामा आवेदन दिन पाउँदैनन्। त्यसका निम्ति त स्थायी लाइसेन्स नै लिएको हुनुपर्छ।*

***विष्णुप्रसाद नेपाल***
***सहसचिव, शिक्षक सेवा आयोग***

## म तालिमप्राप्त कि अप्राप्त ?

मैले कक्षा ११ मा १०० पूर्णाङ्कको 'शिक्षाको परिचय' र कक्षा १२ मा १०० कै 'बालविकास र सिकाइ' विषय उत्तीर्ण गरेको छु। अब मैले शिक्षक सेवा आयोग नियमावली बमोजिम 'तालिमप्राप्त शिक्षक'को मान्यता पाउँछु कि पाउँदिनँ ?

**दीपक राना**
**किचनास निमावि, किचनास-३, नागस्थान, स्याङ्जा**

*नियमावलीमै २०० पूर्णाङ्कको शिक्षा विषय लिई प्रवीणता प्रमाणपत्र तह वा सो सरहको उत्तीर्ण गरेको अवस्थामा छुट्टै तालिम आवश्यक नपर्ने लेखिएको छ। यसर्थ; तपाईं तालिमप्राप्त नै ठहर्नुहुन्छ।*

***पदमप्रसाद खरेल***
***उपसचिव, शिक्षक सेवा आयोग***

## कुन बिदा लिने ?

सामुदायिक विद्यालयमा कार्यरत कतिपय शिक्षकहरू शैक्षिक योग्यता र पेशागत दक्षता बढाउनका निम्ति अहिले विभिन्न तहमा शिक्षाशास्त्र विषय पढ्दैछन्। शिक्षाशास्त्रको प्रयोगात्मक परीक्षा (सूक्ष्म शिक्षण र अभ्यास शिक्षण) मा अनिवार्य उपस्थित हुनैपर्छ, जुन १-२ महिनाको हुन्छ। उक्त परीक्षाको निम्ति शिक्षकले विद्यालयबाट कुन किसिमको बिदाको सुविधा पाउँछन् र त्यस्तो बिदा कसले स्वीकृत गर्छ ?

**युवराज काफ्ले**
**जनमार्ग उमावि, सिलुवा-१, मस्लाङ, पाल्पा**

*शिक्षकलाई प्रयोगात्मक परीक्षाको लागि छुट्टै बिदा दिने व्यवस्था छैन। त्यस निम्ति शिक्षकले आफूले पाउने अध्ययन बिदा वा आफ्नो सञ्चित बिदा प्रयोग गर्न सक्छन्। अध्ययन बिदा विद्यालय व्यवस्थापन समितिको सिफारिसमा जिशिअ र सञ्चित बिदाको निर्णय प्रअबाटै स्वीकृत गर्ने व्यवस्था छ।*

***विदुरराज गिरी***
***उपसचिव, शिक्षा मन्त्रालय***

## लेखापरीक्षकले हैरान पारे

विद्यालयको लेखापरीक्षण गर्दा देखिने वास्तविक खर्चको ०.०३० पैसाका दरले लेखापरीक्षकलाई पारिश्रमिक दिनु भनी जिशिकाको पत्रमा उल्लेख छ। तथापि केही लेखापरीक्षकले धरौटी मुद्दती खाता, बाल विकास धरौटी, ब्याङ्क मौज्दातको रकम समेत पारिश्रमिक माग्नुका साथै आतेजाते भाडाका निम्ति हैरान पार्छन्। वास्तवमा लेखापरीक्षकलाई कुन स्रोतबाट कति रकम दिनुपर्ने हो ?

**नारायणप्रसाद पौडेल**
**प्रअ, ज्ञानोदय निमावि, सत्यवती-७, पाल्पा**

*जिल्ला शिक्षा समितिले स्वीकृत*

*गरेको मापदण्ड अनुसार विद्यालयको यथार्थ खर्चको ०.०३० पैसाका दरले लेखापरीक्षकलाई पारिश्रमिक दिनुपर्ने हुन्छ । जिशिकाबाट विद्यालयलाई दिइने प्रशासनिक खर्चबाटै सो रकम दिने समितिको निर्णय छ । लेखापरीक्षकलाई आतेजाते खर्च दिनुपर्दैन ।*

***लीलाधर अर्याल***
***लेखा अधिकृत, जिशिका, पाल्पा***

## एक प्रतिशत तिर्नुपर्ने हो ?

स्थायी/अस्थायी दरबन्दी, राहत र पीसीएफ अनुदानमा कार्यरत शिक्षकले दशैं पेश्की बापत पाउने एक महिनाको तलबमा एक प्रतिशत आयकर तिर्नुपर्छ कि पर्दैन? साथै, निजी स्रोतका शिक्षकले हरेक महिनाको तलबमा यस्तो कर तिर्नुपर्छ कि पर्दैन ?

**गीताकुमारी रायमाझी**
**भुवनेश्वरी प्रावि, भीमखोरी–९, काभ्रे**

